

हरिराज भट्टराई

शार्दूलनी

शार्दूली

Shardooli

शार्दूली

(उपन्यास)

हरिराज भट्टराई

असीम सौरभ प्रकाशन माला
२०७८/२०२२

प्रकाशक : असीम सौरभ प्रकाशन माला-७
साँगु, मैवाखोला, ताप्लेजुङ, मेची, नेपाल
संस्करण : पहिलो
सर्वाधिकार : लेखकमा
आवरण/लेआउट : आनन्द राउत
प्रकाशन : वैशाख, शंकराचार्य जयन्ती २०७९/२०२२
मूल्य : रू. २५०/-
मुद्रण : ड्रिमवर्क्स प्रिन्टर्स
काठमाडौँ, ९८५१००५१७७
ISBN : 978-9937-1-1851-4

Shardooli (Novel)

by ***Hariraj Bhattarai***

विशेष *: भाषिक-सांस्कृतिक समृद्धिका लागि हरेक व्यक्तिले यस उपन्यासका अनुच्छेद र पंक्तिहरू यथेच्छ उपयोग गर्न सक्नेछ ।*

समर्पण

ग्यालेक्सी बोर्डिङ स्कूलका विद्यार्थीहरूप्रति
तथा
छापामार आततायीबाट
अपाङ्ग पारिएका
बेपत्ता बनाइएका
परिवार भाँडिएका
तरिका तरिकाले मारिएका
सम्पत्ति लुटिएका र कब्जा गरिएका
शिक्षाबाट विमुख पारिएका
सांस्कृतिक अपमान सहेर बाँचेका
र
बेचिएका, बलात्कारमा परेकाहरूप्रति

औपन्यासिक कलाको नयाँ बान्की शार्दूली

डा. दुर्गाबहादुर घर्ती
त्रिभुवन विश्वविद्यालय

हरिराज भट्टराईद्वारा लिखित *शार्दूली* उपन्यास प्रकाशनको उज्यालोमा प्रवेश गर्दै छ । साहित्यको लेखन र प्रकाशन लेखक र पाठकबीचको सेतुनिर्माण हो नै, त्यो अक्षरको आराधना पनि हो । साहित्यले क्षण क्षणमा परिर्वतन भइरहने, नित्य प्रवाहशील एवं विशृत्तलित भाव, विचार र अनुभूतिलाई स्थिर तुल्याउँछ, सङ्गति प्रदान गर्दछ र पाठकमा विशिष्ट प्रभावको सिर्जना गर्दछ । साहित्य लेखकको वैयक्तिक अनुभूतिको प्रकटन भए पनि पाठकहरूको मनोभावलाई अभिव्यक्त गर्न सक्नु त्यसको सफलता हो । वास्तवमा साहित्य लेखकको पाठकसँग सोझो संवादको प्रक्रिया हो, सङ्कथन हो । हरिराज भट्टराईले आफ्नो अनुभूति र विचारलाई पाठकसामु प्रत्यक्षीकरण गर्ने क्रममा त्यसले शार्दूली उपन्यासको रूप धारण गरेको छ ।

प्रस्तुत उपन्यासको नामकरण 'शार्दूली' शब्दद्वारा गरिएको छ । यो उपन्यासकारद्वारा निर्माण गरिएको नौलो शब्द हो । संस्कृतमा बाघ भन्ने अर्थ बुझाउने 'शार्दूल' शब्द छ, त्यसमा नेपाली प्रत्यय लगाएर स्त्रीलिङ्गी बुझाउने 'शार्दूली' शब्द बनाइएको छ । यसबाट उपन्यासकारले विविध प्रयोजन सिद्ध गर्न खोजेको देखिन्छ । यसले पौराणिक चेतना, रहस्यको सिर्जना, विचारको स्थापना आदि कुरातर्फ सङ्केतन गर्दछ । उपन्यासले व्याघ्रवाहिनी दुर्गाको सन्दर्भलाई कता कताबाट जोडेर ल्याउन खोज्छ, तर यो मिथकीय उपन्यास होइन, सामाजिक समस्याको कथा हो । समाजमा देखापरेका छरपस्ट विकृति र विसङ्गतिलाई चिर्दै उपन्यास मिथकीय रहस्यतर्फ विचरण गर्दछ ।

कथाकथन नै औपन्यासिक कलाको मूल आधार हो । त्यसैसँग जोडिएर अन्य पक्षहरू आउने हुन् । पाठकलाई आरम्भदेखि अन्त्यसम्म उपन्यासमा बाँधिराख्न घटनावर्णनले कौतूहल उत्पन्न गर्न सक्नुपर्छ । त्यसका लागि रहस्यको सिर्जना, कथाकथनको युक्ति, गति र लय, स्थिति विपर्यय, अभिज्ञान

जस्ता विभिन्न कुराको भूमिका हुन्छ । त्यसतर्फ उपन्यासकार सचेत देखा पर्दछन् । उपन्यासको आरम्भमा नै रहस्य उत्पन्न हुन्छ र अन्त्य पनि रहस्यपूर्ण ढङ्गले भएको छ । मानव पात्र अतिमानव जस्ता र पशुपक्षी मानव जस्ता लाग्छन् । विचार र बहसले कथानकको गतिलाई कतै कतै अल्झाउन खोजे पनि छिटो छिटो घटनाको विकास हुनाले कथानक गतिशील भइरहन्छ, तर त्यो पहाडी नदी जस्तो सोझो ढङ्गमा प्रवाहित हुँदैन, ठाउँ ठाउँ पुराना प्रसङ्गहरू चियाउन आइरहन्छन् । त्यसले एकरसता हुनबाट जोगाउँछ ।

विचारको प्रस्तुति नै प्रस्तुत उपन्यासको ध्येय हो । यसमा सामाजिक, सांस्कृतिक, राजनीतिक एवं आध्यात्मिक दृष्टिले समाजमा देखापरेका विकृति र विसङ्गतिप्रति चिन्ता प्रकट गरिएको छ । सुव्यवस्थित र शान्त रूपमा चलिरहेको सामाजिक जीवनमा देशीविदेशी तत्वले उत्पन्न गरेको अशान्ति, त्रास र आतङ्कलाई देखाउँदै तिनको अभीष्ट, संलग्नता र रणनीतिलाई उपन्यासकारले निर्धक्क रूपमा नङ्ग्याएका छन् । राष्ट्रप्रतिको माया उपन्यासभरि छताछुल्ल छ । तराई संस्कृतिको महिमागाथा उपन्यासकारले मुक्त कण्ठले गाएका छन् । कतै कतै रूमानी प्रेमले शिर उचाल्न खोजे पनि विचारले ठाउँ ओगटिहाल्छ । आफ्नो देशमाथि घात गर्ने नेपाली र नेपालमाथि गिद्धे दृष्टि लगाउने विदेशीप्रति आक्रोश पनि उत्तिकै छ उपन्यासमा ।

साहित्य भाषिक कला हो, भाषाका माध्यमबाट मुखरित हुने कला । भाषाको काम सम्प्रेषण गर्ने भए पनि त्यसमा हरेक व्यक्तिको आआफ्नो ढङ्ग हुन्छ, शैली हुन्छ । प्रस्तुत उपन्यासको सर्वाधिक सुन्दर पक्ष भनेको भाषाशैली नै हो । संस्कृत शब्दको बाहुल्य भए पनि सरल र सुकुमार पदावली, काव्यात्मक वाक्य गठन एवं स्पष्ट कथनढाँचाले यस उपन्यासको भाषा विशिष्ट बनेको छ । निश्चय नै धेरैजसो पात्रका नाम प्रतीकात्मक छन्, कतै कतै दार्शनिक छनक देखार्दछ, बौद्धिक तर्कवितर्क पनि प्रशस्त रहेका छन्, तर तिनले उपन्यासलाई दुरूह र दुर्बोध्य बनाएका छैनन् । नाटकीय संवादले एकातिर समाख्यानलाई छरितो बनाएको छ भने अर्कातिर थोरैमा धेरै भन्ने कौशलको परिचय पनि दिएको छ ।

अन्त्यमा, नेपाली भाषासाहित्यको उपासनामा निरन्तर लागिरहेका हरिराज भट्टराईको यो पछिल्लो कृति नौलो विचार र नौलो शैलीमा प्रस्तुत छ । उपन्यासको कथ्यमा देशको चिन्ता नै छ, सुन्दर र शान्त नेपालको चाहना नै छ । पाठकका लागि यो उपन्यास अवश्य रूचिकर हुने छ । हार्दिक शुभकामना !

❑❑

durgagharti.blogspot.com

अभिषेक

शार्दूली !

उपन्यास हुनसक्यो कि सकेन शार्दूली ? मन्थनको जिम्मा पाठकमा पुगोस् । विज्ञले मीमांसा गरोस् । प्रकाशित भएपछि अरूकै सम्पत्ति हुन्छ क्यार रचना ! बिसौनी पाइयो भन्नुपर्ला !

डा. दुर्गाबहादुर घर्तीप्रति शतशः धन्यवाद ज्ञापन गर्दछु, यसलाई सुम्सुम्याएर खेलाएर आफ्नो मन्तव्य दिनुभयो । सांकेतिक पद्धतिबाट व्यक्त गरिएका झिल्काले अनेक द्वार वा गन्तव्यतर्फ आलोक छरेका छन् । पाठक आफ्नो रूचि र योग्यताका आधारमा कथा-यात्रा सिद्ध गर्न सक्ने छ । मार्ग प्रशस्त देखिएलान् ।

शार्दूलीभित्रको समय, प्राङ्गण र परिवेश आततायीले नै दिएका हुन् । उनीहरू पनि धन्यवादका पात्र हुन् र अधिकारी पनि । गुनासो आफैंसँग यति मात्र हो- आततायीलाई आतङ्ककारी भनेर उनीहरूको शक्ति र कर्मलाई सानु र साँगुरो बनाउन समीचीन हैन, हुने छैन । आफैंमा असन्तोष भो र छट्पटी बढ्यो । आततायी नभनेर आतङ्ककारी भन्नु आज पनि अन्याय नै लाग्दछ । हो, ठूलै फेटा गुताउनु राम्रो नि ! बाघलाई बिरालो ठान्नुको औचित्य के ?

इतिहासले बिर्सन खोजेका स्वनामधन्य कयौं स्तम्भपुरुषलाई यथास्थानमा स्मरण गर्ने धृष्टता गरिएको छ । उनीहरूको शीतल तथा गरिमामय व्यक्तित्वलाई पुरस्सर गर्ने यत्नसम्म गरिएको हो- बाटो नछलेर । यो श्रद्धा-अर्पणको श्रृंखला पनि त हो ।

ध्वनि र सङ्केतको कथा भो कि न शार्दूली !

सुम्निमा र नरेन्द्रदाइमा कोशी र वरपरको भूमि गृहीत छ । याङ्सिला त्यहींबाट शुरू हुन्छ । शार्दूलीले मिथिलाञ्चलले भोगेका वर्तमानका पीडा र अतीतको गरिमालाई बृहत्तर क्यानभासमा हेर्ने यत्न गरेको देखिएला । यसको कथा-भूमि पनि कोशीको तटवर्ती क्षेत्र नै रहेको छ । अन्य दिशामा पुगेका तरङ्गहरू मुख्य प्रवाहमा नै समाहित हुन आउँछन् । विच्छिन्न रहन सक्तैनन् ।

त्यसैले पनि परिवेश, चरित्र र उद्देश्यमा विविधता आउनु स्वाभाविक देखिएला कि भन्छु । फूलबारी एउटै रङ्ग र सुवासमा भन्दा विविधतामा भेटिनु सुरूचिपूर्ण नहोला र !

मानवेतर चरित्रले मेरो लेखनमा ठाउँ लिन छोडेन । यसको औचित्य विधानलाई हेर्न प्राचीन भारतीय संस्कृति वा वाङ्मयभित्र पसेर आजसम्म आइपुग्नुपर्छ कि लोकविश्वास पर्यन्त ! योग, साधना, ज्योतिष र तन्त्र-विद्याको शक्तिलाई अग्रसर गर्दा प्रतिगामी मानिने भय पनि त छ । तर्कबुद्धि प्रगतिशील ऋषिको शक्तिशाली औजार होइन र निष्फल भए पनि ! तैपनि प्रश्न गर्न मनलाग्छ : जीवन-जगत् र प्रकृति-तत्वमा पाइने रहस्य कहिले ग्राह्य भएन र ? अनि मिथिलाको गौरवपूर्ण ज्ञान-परम्परा विच्छिन्न कहाँ थियो र ?

डर छ, अघिल्लो पटक माओवादीको नाम टाँसेर गान्धीवादी आततायी जंगली सेना पसे इंडियाबाट, अबको पटक साँच्चै माओवादी सेना पस्नेहुन् कि न गान्धीवादी बिल्ला लाएर महाचीनबाट ? त्यसैले डर टुँगिएको छैन । शायद अबको पटक यो धरती युद्ध-मैदान हुने छैन । जहाँ महाभारत भयो त्यहीं महाभारत हुन्छ, ज्ञानसागरहरू यसै भन्छन्, लामाहरू यस्तै देख्छन् । तदा भिक्षुः भवाम्यहम् ।'

आज आएर पुनर्पठन गर्दा नरसंहारको खेल राजनीतिक थियो भन्ने लाग्दैन, अपराधिक र पारिवारिक सुविधाका लागि देखाइएको छापामार खेल थियो भन्ने यकिन हुन्छ । अझै पर्दा खुल्दै जालान् । मान्छे मारेर त्यसैको रगतमा हिडेका पद-चिन्हले पछ्याउन छोडेन, खूब त्राटन दियो, बिसन्चो गरायो । अब पीडा रेचन होला कि भन्छु ।

थुप्रै कुरा भए होला । पठन-यात्राको क्रममा कयौं कुरा चिनेर पाठकले टिप्ला । कयौं कुरा कुल्चिएर हिंड्ला । कयौंलाई बेवास्ता गर्ला अनि फाँडेर मिचेर पनि जाला । स्वाभाविक पनि हो- बजारका सबै कुरा सबैलाई उत्तिकै प्रिय लाग्छन् भन्ने छैन । रूचि र योग्यता अनुसार ग्राहक अग्रसर रहन्छ । दाँत हुनेलाई स्वाद मिल्छ, दृष्टि हुनेलाई तमासा निको ।

रचनामा सान्ध्य भाषाको प्रभाव देखिएला । विज्ञले भाषाको पर्खाल चर्काइसकेका छन् । दोष फेरि सुधारौंला । मुलुक बाहिरको बसाइमा शब्दकोश घट्नु र कनेर लेख्नु स्वाभाविक विवशता जस्तै भएको छ । कोमल, सरस तथा ध्वनिपूर्ण पदावलिको चयन अर्को अवतारमा गरौंला । जीवनले चौथो आश्रम टेक्तै छ ।

गुरू, शब्दकोश र इतिहासको रूपमा मैले प्राज्ञ-आचार्यहरूलाई स्वीकार गरेको छु । उहाँहरूको ज्ञानदोहनको परिणाम हो शार्दूलीको श्रृङ्गार । त्यसैले आचार्य श्रीधर ज्ञवाली, आचार्य रघुनाथ अर्याल (डा.)प्रति कृतज्ञ छु । लेखनाथ भण्डारी, नसिब पौडेल र आनन्द राउतप्रति शतशः साधुवाद !

डा. किशोर उप्रेतीप्रति धन्यवाद !

आचार्य शरच्चन्द्र वस्तीप्रति आभार व्यक्त गर्दछु ।

❑ ❑

विद्रोही हरि

महाशिवरात्रि-२०७८

bhattarais1@gmail.com

प्रवेश

'मधुपुरा !'

सप्तकोशीको पश्चिमी तटवर्ती क्षेत्रको गाउँ हो यो मधुपुरा (मधुपुर) । सुवास र सौन्दर्यमा बिल्कुल फरक । गाउँ भएर पनि गाउँजस्तो छैन, नगर भनौं त्यो पनि होइन । छुट्टै अस्तित्व, छुट्टै पहिचान दिएर बढेको यो गाउँ अनेक विशेषताले उन्नत लाग्दथ्यो ।

ऋतु-ऋतुका पुष्प वनस्पतिबाट सार-तत्व संचित गरेर मौरीले मधु निर्माण गरेजस्तै त्यहाँका बासिन्दाले आफ्नो श्रम र समयले सिंगारेको, एकता र विवेकले सिंचेको, संकल्प र समर्पणले जोगाएको यो मधुपुरा नन्दन वनसँग दाँजिन खोज्थ्यो वेला-वेला । माटोसँग मौरी र मधुको सम्बन्ध जोड्ने आलंकारिक सोचभित्र अर्थसंगति खोज्न नमिल्ने स्थितिमा थिएन मधुपुरा । त्यसैले होला, शान्त, सुखी र पूर्ण लाग्दथ्यो मधुपुरा । शायद आदर्श गाउँ !

मैथिल संस्कृतिको घेराभित्र देखिने यो भूभाग मानव वंशले भोग गर्न थालेदेखि नै शान्त थियो । कम्पन हुन्थ्यो रूख-बुट्टाका पातहरूमा, सुकाएका वस्त्रहरूमा, जलतरंगहरूमा र कोशी तटका झारपात र कुश-काँसहरूमा, अन्नबालीमा । या त मन काम्थ्यो आत्मीय जनको निधनमा । नत्र यहाँको जीवनमा कहिल्यै कम्पन आएन, थिएन ।

भन्छन्, नदी किनाराका नगर-बस्तीहरू सभ्यता र संस्कृतिका वाहक हुन्छन्, पोषक हुन्छन् अनि शताब्दी-शताब्दी पर्यन्त, आफ्नो पहिचान वा चिनारीलाई अक्षुण्ण राख्तछन् । हो पनि, सांस्कृतिक शालीनता र मानवीय सद्भावलाई यस भूभागले कहिले ओइलाउन दिएन ।

यो गाउँ यो ठाउँ अर्थात् मधुपुराको भू-क्षेत्रलाई जसरी हेरे पनि हुन्छ, किनभने यो स्वयं एउटा नमूना वा आदर्श ग्राम मानिन्थ्यो । यस भू-भागको चिनारी केही भिन्न थियो ।

शान्ति, समृद्धि, सद्भाव र एकताको दुर्गभित्र पूर्णतः सुरक्षित थियो मधुपुरा । मिथिलाको संस्कृतिले परिपोषित थियो समाज, त्यसैले सभ्य र शालीन थियो यहाँको जीवनशैली । र यी कुरा साकार र सुदृढ पार्न शिक्षाको अहम् भूमिका थियो ।

हो, शिक्षाको पहिलो र प्रत्यक्ष प्रतिफल हो चेतना, जसले शान्ति, समृद्धि अनि सद्भाव र शालीनतालाई अत्यन्तै महत्वका साथ स्वीकार गरेको थियो । त्यसैले यस भू-भागका निमित्त शिक्षा नै कवच र धुरी भएको थियो । हो पनि, यस ठाउँमा प्रबुद्ध र सुशिक्षित नागरिकको श्रृंखला कम लामो र कम महत्वपूर्ण थिएन ।

मधुपुरा वन-बगैंचाकै गाउँ हो । टाढाबाट वा माथिबाट हेर्दा उपवनभित्र नै देखिन्थ्यो । त्यहीं पुगेर हेर्दा व्यवस्थित ढंगले विकसित उपवन-ग्रामजस्तो लाग्थ्यो । राजविराज, सुर्खेत, कंचनपुर-महेन्द्रनगरजस्ता नगरको विकास यसै गाउँको अनुकरणमा गरिएको हो कि भन्ने भान हुन्थ्यो । कुनै विश्वयात्री त्यहाँ पुग्यो भने ऊ यस ग्रामीण बस्तीलाई अत्यन्त सुन्दर र व्यवस्थित ढंगले विकास गरेर जोगाइएको नन्दन गाउँ ठान्दो हो ।

मानवले यदि भूमिको स्याहार गऱ्यो भने अर्थात् भूमिलाई अलंकृत पाऱ्यो भने भूमिले पनि मानवलाई आफ्नै काखमा हुर्काएर स्वस्थ, समृद्ध र कीर्तिमान बनाउँछ, ऊर्जा प्रदान गर्छ । माटोमा विचित्र शक्ति हुन्छ किन्तु प्रच्छन्न । बाहिरी आँखाले त्यो देखिन्न । यस्तो लाग्छ माटो उदात्त पितृतत्व हो जो आफूमा आश्रित जीवनलाई कृपा र ममताले जोगाउँदै र पोषण गर्दै रहन्छ ।

हो, प्रशंसा मधुपुरा गाउँका बासिन्दाको हो, अनि उनीहरूको दृष्टि र रूचिको । पाएसम्म र त्यहाँको पर्यावरणमा मौलाउन सक्ने वृक्ष-वनस्पतिका नमूनाले अलंकृत पारेका थिए यिनले आफ्नो ठाउँलाई । भिन्न-भिन्न क्षेत्रमा हुर्काएका थिए वर्गीकृत गरेर । काठ उत्पादन गर्ने वृक्षहरूलाई एकातिर, फल दिने वृक्षहरूको लस्कर अर्कातिर, शीतल छहारी, स्वास्थ्यवर्द्धक वायु र पातका लागि हुर्काएका वृक्ष र लतावल्लीको श्रेणी अर्कातिर । अझ अर्कातिर जडीबुटी वा औषधि तत्वका बुटा-पोथ्रा अनि शोभा र सुवासपूर्ण फूलहरूको विन्यास सडकछेउ घर-परिसरमा सबैतिर । यसरी वन्य सम्पदालाई औषधि र अलंकारका रूपमा जीवनोपयोगी ढंगले ग्रहण गरेर संरक्षण दिन मधुपुरा गाउँ निरन्तर जागरूक थियो ।

वनस्पतिको चयन र विन्यासमा देखिने औचित्य विधानले मधुपुरा गाउँमा जन्मे-हुर्केको मानवको जीवन-शैली र रूचिलाई स्वभावैले प्रकट गर्दथ्यो । वस्तुतः सुरूचिपूर्ण जीवन पद्धतिलाई मधुपुरा गाउँले आफ्नो परिचय बनाउन कहिले बिर्सेन ।

यथार्थ पनि हो, त्रिपुराको भूमि सधैं जवान र उर्वर थियो । जहाँको भूमि उर्वर रहन्छ त्यहाँको मस्तिष्क वा चिन्तन पनि उच्च र उदात्त देखापर्छ । त्यसैले होला मधुपुराको भूमि अब्बल दर्जाको मानव चिन्तन उत्पादन गर्न कहिले अनुदार रहेन । मुलुकमा कैयौं भू-भागहरू यस दिशाका अन्यतम दृष्टान्त थिए ।

भौतिक वैज्ञानिक उन्नति र आधुनिक जीवन पद्धतिबीच पनि मिथिलाको संस्कृतिमा किंचित् विचलन आएन । अपितु अझ आदरणीय र अझ अनुकरणीय हुँदै गयो र अझ जीवनको शालीनता र उच्चतालाई सर्वोपरि महत्व दिँदै रह्यो । भन्नुपर्छ, मधुपुरा सधैं यस भावको उच्च केन्द्र भएर रह्यो ।

मधुपुरा गाउँको परिधि विस्तीर्ण भए पनि बस्ती बाक्लो थिएन । जाति र वर्ग, लिङ्ग र धर्म, अनि शक्ति र भूमिको तुजुक र अहम्भाव कहिले कतैबाट प्रकट हुन पाएन । शिवपार्वतीको निवासमा विरोधी जीवतत्वले शौर्य र भय बिर्से-त्यागे झैं यस गाउँका सदस्यहरूले सामाजिक पारिवारिक जीवनमा असजिलोपन ल्याउन सक्ने विकार-तत्वलाई पूर्णतः परित्याग गरेका थिए ।

लाग्थ्यो, मधुपुरा ज्ञानीजनको साधना भूमि हो । कुलपतिहरूको गुरूकुल हो, गृहस्थ योगीको कर्मभूमि हो । वस्तुतः समभाव र सह-अस्तित्वको लागि सेवा र सहयोगका हात बढ्थे अनि संकल्प-यात्राका साथ लक्ष्यमा पाउ अघि सर्थे । त्यसैले यहाँको जीवन न कसैको लागि आँखाको कसिंगर बन्यो न नानी । हाः र छीः दुवै थिएन । मात्र एउटा भाव थियो सद्भाव, समभाव ।

बुझ्नेहरू भन्थे- मधुपुराको जीवन पद्धति अरूका लागि आदर्श बन्न सक्छ । सह-अस्तित्व र एकता भावमा दीपक र अपह्नुतिबाट होइन अनन्वयबाट चिनाइन्थ्यो मधुपुरा ।

युगीन आवश्यकतालाई आत्मसात् गर्दै आएको यो गाउँ स्थानीय तहमा सुहाउने र सम्भव देखिने भौतिक वैज्ञानिक सुविधाहरूको उपयोग गर्न कहिले पछि रहेन । यति हुँदा-हुँदै पनि एउटा उल्लेखनीय सन्दर्भ के थियो भने कृषि-भूमि र नागरिक वन सुरक्षित गर्दै रहने संकल्पमा मधुपुराले कहिले विकल्प सोचेन ।

तर जब आततायीको आँखामा मधुपुराको जीवन बिझायो, बस्, लुटियो । हत्या, आगजनी, बलात्कार, कब्जा, पशुदहन, शिशुहत्या, नारीहत्या, बेपत्ता कुन चाहिं अकर्म गरेनन् । मधुपुराका जनताले के चाहिं सहेनन् ?

केही बचेन ! चोखो रहेन ।

ध्वस्त भो, नष्ट भो ।

कंस र जरासन्धका रक्तबीजले बारम्बार हमला गरे । ❑

२

पूर्व फर्केको घर । उत्तर-दक्षिण फैलिएको धुरी । ठूलो आँगन र त्यसको पूर्वोत्तर कुनामा रहरैलाग्दो तुलसीको मोठ ।

अलिक पर अमलाको बोट । केही वर्ष पहिले चित्रकूटबाट बिरूवा ल्याएर हुर्काएको ठूला दाना दिने अमला । अनि त्यसै बसिरहुँ जस्तो लाग्ने त्यसको वेदी । आज सधैं झैं खाली थिएन । योगी कुन वेला त्यहाँ आएर बसे कसैलाई थाहा भएन ।

पूर्वतर्फको बार्दलीको ढोका खुल्यो । आकाशमा अरूणिमा फैलिंदै थियो । चराचुरूङ्गी जगच्चक्षु सूर्यको आगमनको स्वागत गान गर्दै थिए । किन्तु भुइँमा अझै उज्यालो झरिसकेको थिएन ।

घरको मुख्यद्वार खुल्यो । एउटा नारी व्यक्तित्व आएर तुलसीलाई जल चढायो । सूर्य दर्शन गऱ्यो र अर्घ्य चढायो । मुहूर्त यस्तै थियो ।

'आमा म यता छु ।' अमलाको वेदीबाट एउटा गम्भीर तर मधुर वाणी आयो ।

गृहस्वाभिनी त्रिपुरा वृक्षवेदीनिर पुगिन् । तामाको लोहोटी एउटा पाखुराले च्यापिन्, अर्को हातले घुम्टी गरिन् र दुवै हात जोडेर नमनको भावले भनिन् 'बाबा !'

'कल्याण होस् ।' योगीले हात उठाएर भने ।

'बाबा, हजुर आएको थाहा भएन ।' अनि मनमन भनिन् 'कुकुरले त थाहा पाउनुपर्ने हो । एउटा पनि कुकुर नभुकेको यत्रो गाउँमा, कस्तो अचम्म !'

'आमा, महादेवी आइन् हैन ?' योगीले सरल प्रश्न गरे ।

त्रिपुरा एक छिन अक्मकाइन् । 'महादेवी' भन्ने शब्दले झट्ट उनलाई २२ वर्ष अघिको एउटा पुरानो दृश्य स्मरण गरायो । अनि सहज भावमा आएर भनिन्, 'जी बाबा, आइन् ।'

'मलाई लागेको थियो आउँछिन् । बस्, अब सब ठीक भैहाल्छ ।'

तर २२ वर्ष अघिको स्मृति-चित्रले त्रिपुरालाई पछ्याउन छोडेन । उनका अगाडि त्यो भन् सशक्त भएर आयो ।

घर यही हो र आँगन पनि । पास्नीको दिन थियो त्यो । अन्नप्राशनको विधि पूरा भयो, खानपिनपछि आमन्त्रित बन्धुवर्ग फर्कंदै थिए । आँगन खुकुलो हुँदै गयो । एक जना योगी झट्ट देखा परे ।

'ए, बाबा आउनुभयो । उहाँको लागि आसन तयार गर ।'

'बाबा ! प्रणाम', आतिथ्यका लागि सामग्री तयार गर ।

'बाबा ! नमन जल ल्याऊ ।'

'बाबा आशीर्वाद पाऊँ ।'

'बाबा ! कृपा रहोस् !'

'सूर्यास्त हुन लागेको छ । म जान्छु । तपाईंहरू घर-गृहस्थीको कर्ममा रमाउनुहोस् । मेरो आशीर्वाद छ । भलो होस् ।'

'बाबा, एकैछिन । हजुरको आगमन एउटा सुयोग हो बाबा !' अनि पत्नीलाई भने 'अपर्णा, छोरी लिएर आऊ, बाबाको दर्शन गराऊ र आशीर्वाद माग ।'

अर्पणा छोरी लिएर बाबाका छेउमा पुगिन् । बालिकालाई देख्नासाथ प्रफुल्ल भएर बाबाले हात जोडेर मनमनै भने, 'महादेवी, प्रणाम !' अनि परिवारजनलाई सोधे, 'के नाम राख्नुभयो ?'

'शैवाला... शैलवाली'

'शैवाली'

'शिवाली'

'शैलवा'

स-साना छोरीहरूले उछिनपाछिन गर्दै नाम भने तर सही नाम उच्चारण गर्न कसैले सकेनन् । अनि अलिक ठूली छोरीले भनिन्,

'बाबा म रोमनमा लेखेर देखाऊँ हजुरलाई !'

'एस् प्लीज !'

'शैलबाला ।'

'यो त बडो अर्थपूर्ण नाम छ । शैलबाला भने पनि महादेवी भने पनि एउटै हो ।' अनि हात जोडेर भने- 'प्रणाम महादेवी, आज्ञा पाऊँ, दर्शन पाएँ, अब जानुपर्छ ।' यसपटक योगीले दृष्टि स्थिर गरेर हेरे ।

बालिका तर्सेजस्तो गरेर झस्केर बिउँझिन् र योगीलाई देखेर हुत्तिन थालिन्, हो न हो उनैलाई समाउन खोजेकी हुन् ।

योगीले आफ्नो एउटा औला दिए, बालिकाले समाइन् र छोड्नै मानिनन् । अपर्णालाई छोरी थाम्न मुश्किल हुँदै गयो । त्रिपुरा (सासू बज्यै) ले आएर छोरी लिइन् । बाबाले बालिकाका शिरमा हात राखेर आशीर्वाद दिएर भने, 'कसले जुरायो यो नाम ?'

'एकजना सिद्ध ज्योतिषी हुनुहुन्छ । उहाँ गोरखकालीका पुजारी रे पहिले । यो सुनेको कुरा हो । उहाँ कता बस्नुहुन्छ केही थाहा छैन । फेरि भेटेको पनि छैन । यता आएको थाहा पनि छैन बाबा !'

'उहाँ सिद्ध हुनुहुन्छ क्यार ! मलाई पनि भेट्न रहर लाग्यो । मौका पर्ला नि !'

'भेट भयो भने अनुरोध गर्छौं नि बाबा !'

'कल्याण होस् । ल, म हिंड्छु ।'

त्रिपुराले अतीतको यो दृश्य तुरून्तै साक्षात्कार गरिन् र मनमन गुनिन् हो, अहिले वृक्षवेदीमा बस्ने यी बाबा तिनै हुनुपर्छ जो २२ वर्ष अघि पास्नीको दिन आएका थिए ।

र, उनले यो दृश्य पनि संझिन्- उनका पति पुरुषोत्तम सिंह र छोरा योगेश्वर सिंह योगीलाई दुई पाइला परसम्म पुऱ्याउन गए र फर्किए । किन्तु त्यसपछि दस-बीस पाइला हिंडिनसक्तै बाबा अलप भएका थिए । उनीहरूले यो रहस्य थाहा पाएनन् ।

नजिकै आइसकेपछि आएको देखिने र जाँदा पनि अलिकति हिंड्ने बित्तिकै हराइहाल्ने खालको बाबाको हिंड्ने शैलीले गाउँलेहरूको मनमा आश्चर्यको भाव र कुतूहल जन्माइसकेको थियो । यो कुरा पनि उनी गुन्दै रहिन् ।

योगीले प्रसन्नता व्यक्त गर्दै भने 'म महादेवीलाई भेटेर फर्कन्छु ।' उनले आफ्नो आगमनको उद्देश्य स्पष्ट पारे ।

'जी, म खबर गर्छु' भनेर त्रिपुरा त्यहाँबाट सरिन् । 'महादेवी' भन्ने शब्द यही आँगनमा २२ वर्ष पहिले पहिलोपटक यिनै बाबाले भनेका थिए । कोनि, यो कुरा पुरुषोत्तमलाई थाहा छैन कि ! यस्तै कुरा केलाउँदै त्रिपुरा आफैंमा हराइन् । अनि शैलबालाको कक्षको द्वारमा पुगेर भनिन् 'शै, तिमीलाई भेट्न एक बाबा आउनु भएको छ । ढिलो नगर है ।'

'कुन बाबा ।'

'कुन बाबा, त्यो त म जान्दिनँ तर उहाँको हेराइ सामान्य छैन । उहाँका आँखाले अलिक अर्के अलिक बेग्लै देख्छन् क्यार !' अनि पुरुषोत्तम सिंहलाई बाबा आएको जानकारी गराइन् ।

'नानी यहाँ फर्केकी पनि भर्खरै हो । अघि त केटाकेटी नै थिई । सांसारिक व्यूहतन्त्रसँग ऊ परिचित हुनसकेकी छैन । त्यसैले बाबासँग उसको भेट भएको थियो भन्ने लाग्दैन । यो केटाकेटी विद्यार्थी; उहाँ एकान्तवासी साधक; कसरी भेट भयो होला र !' मनको अर्को आयामबाट गुने, 'होला पनि कुनै अदृश्य शक्ति वा रहस्य ! हामी जस्तो सांसारिक प्राणीलाई के थाहा हुन्छ र सबै कुरा, गहिरा कुरा !' पुरुषोत्तम सिंहले सरल भावले आत्मसंवाद गरे !

एकछिनपछि, सूर्यको सुनौला प्रकाशसँगै पुरुषोत्तम सिंह र मनस्विनी त्रिपुरा योगीका अगाडि प्रस्तुत भएर उनलाई आतिथ्य प्रदान गरे ।

गाईले बाँऽऽ गऱ्यो, अर्कातिर बाच्छोले ङ्या गऱ्यो ।

बाबाले भने, 'तपाईं गोसेवामा लाग्नुहोस् ।'

शैलबालाले बार्दलीतर्फको झ्याल खोली र आँगनमा दृष्टि घुमाई । घामको बुट्टे छायामा अमलाको बोटको वेदीमा योगी बसेको देखी ।

उसले झ्याल खोल्दा योगीले उसको शिरको पृष्ठभागमा एउटा प्रकाश मण्डलको झल्को देखे । अनि दृष्टि फर्काएर पलक बन्द गरे ।

उसले योगीका छेउमा दुइटा बाघका डमरू (बच्चा) देखी दायाँ र बायाँ । भय र शंकालाई उसले मनभित्रै नियन्त्रण गरी अनि सकारात्मक भावले आत्मसंवाद गरी, 'बाबासँग यी रत्तिएका रहेछन्, नत्र बाबासँग किन हुन्थे ?'

ऊ तुरून्तै योगीसमक्ष प्रस्तुत भई 'बाबा, नमन, मेरो अभिवादन । आशीर्वाद माग्छु ।' ऊ प्रफुल्ल मुद्रामा थिई । अनि आँखामा उत्सुकता भरेर यताउता हेरी, बाघका डमरू त्यहाँ थिएनन् । उसले गुनी 'मेरा आँखाले धोका दिदैनन् । बाघ त मैले देखेकी हुँ !'

शैलबालाको मनमा संशय जन्मेको बाबाले बुझे ।

दुइटा बिराला खेल्दै-खेल्दै त्यहाँ देखा परे ।

'अघि मैले बिरालालाई बाघ ठानेंछु, कस्तो !' उसले संशय र भय निवारण भएको अनुभव गरी । योगीले केही भन्नु अघि नै उसले यत्तिका कुरा गुनी । अनि हात जोडेर बसी र आशीर्वचनको कामना राखेर दृष्टि झुकाई ।

'महादेवी ! यशस्वी भएस्, दुःखीहरूको पीडा मोचन गरेस् । यसैका लागि तिम्रो आगमन भएको हो भन्ने देख्दै छु ।' योगीले आशीर्वाद दिन उठाएको हात नराखी थपे, 'गन्तव्य निश्चित छ किन्तु मार्ग तयार हुँदैरहन्छ ।'

'जी, बाबा, मैले राम्रो बुझ्न सकिनँ ।'

'यहाँको परिवेशले तिमीलाई सबै कुरा पढाउँछ, सिकाउँछ अनि तिम्रो यात्रा स्वयं थालिने छ । गन्तव्य निश्चित छ ।'

'त्यो त पछि हुँदै जाला । आज मेरा लागि के आज्ञा छ बाबा हजूरको ?'

'गुरूपूर्णिमाको दिन हो आज, माग्न आएको छु तिमीसँग ।'

'के माग्नुहुन्छ बाबा ? के दिनसक्छु र ? म स्वयं अनाथ छु ।'

'तिमी वचन देऊ महादेवी ! त्यति भए पुग्छ ।'

शैलबाला अकमकाई । बाँधिने भय भो उसलाई । मिथकका कैयौं कथाले ऊ तर्सिएकी थिई । गतिशील मान्छे जड भएका, खरानी भएका, विरूप भएका र धनीमानीहरू कंगाल वा भिखारी भएका घटना पढेकी-सुनेकी थिई । त्यसैले ऊ केही बोलिहाल्न सकिन ।

बाबाले भने, 'देवीको प्रतिमा प्रतिष्ठापित गर्नुछ । यो मंगलकार्य तिम्रो हातबाट पूर्ण होस् भन्ने कामना छ ।'

एकछिन ऊ अन्यमनस्क जस्तै थिई । अब सामान्य स्थितिमा फर्केर भनी, 'हस् बाबा म गर्छु । यो त मेरा लागि अपूर्व सुयोग हो । यसलाई म बाबाको कृपा र आशीर्वाद ठान्नेछु ।'

'पहिले मन्दिरको स्वरूप खडा हुन्छ । त्यसका लागि निर्माण सामग्रीको जोहो भइसकेको छ । वनमा बुट्टा-वृक्ष, झार-पात, घाँस-फुसको कमी छैन ।' बाबा बोल्दै गए, 'जनको कमी छ । हामी वनवासी, जनको व्यवस्था गर्न सक्तैनौं तर पारिश्रमिक नदिई श्रम गराउन चाहदैनौं । त्यसको पनि व्यवस्था छ ।'

'जी बाबा ।'

'यो यज्ञको आरम्भ हो । यसैबाट गन्तव्य निश्चित हुनेछ ।'

'हस् बाबा, कहिले थाल्ने जानकारी पाऊँ । जन लिएर उपस्थित हुनेछु ।'

'प्रसन्नता भो !'

'निर्माण क्षेत्र कहाँ होला ? पुग्ने बाटो... ?'

अमलाको वेदीबाट योगीले उठ्तै भने, 'यहाँ यसै चौतारीमा मेरो प्रतिनिधि आउँछ, नर-वानर कुन्जर जे जुन हुन्छन् तिनैले तिमीलाई डोऱ्याएर पुऱ्याउँछन् ।' दुई पाइला हिंडेर अडिए अनि थपे, 'शंका, द्विविधा, भय र प्रश्न यतै छोडेर आउनू, सजिलै पुगिन्छ ।'

'जी, बाबा !'

'मुहूर्त हेरेर मार्गदर्शक पठाउँछु, अब चिन्ता नगर !'

'जी बाबा !'

'भोले ! बम भोले !' बाबा हिंडे । र बीस पाइला नहिंड्दै अदृश्य भए ।

योगी अकस्मात् अलप भएको देखेर शैलबाला छक्क परी । ❑

३

आफ्नै गाउँ नौलो जस्तो लाग्थ्यो शैलबालालाई । सँगैका साथी गाउँमा थिएनन् । कोही जागिरमा संलग्न भइसकेका थिए । केही विवाह भएर टाढा पुगेका थिए । जो साँच्चैका साथी थिए ती पनि गाउँका अरू सदस्य सरह आततायी माओवादी युद्धको ज्वालामा भुटिएर खरानी भइसकेका थिए । उमेर मिल्दो, विचार मिल्दो साथी उसको यो गाउँमा थिएन । केही माओवादी भएका पनि थिए, केही माओवादीले टिपेका र भिन्न-भिन्न ढंगले मारिएका पनि थिए । बाँकी नाता सम्बन्धका व्यक्तिसँग भेटघाट र थोरै संवादपछि नवीकरणको औपचारिकता विधिवत् पूर्ण हुन्थ्यो । फेरि उही अव्यस्तता !

त्यसैले छरछिमेकका केटा-केटी, भाइ-बहिनीहरू अपरान्हतिर जब स्कूलबाट फर्कन्थे, केहीवेर विश्राम गर्थे र खाजा खान्थे, त्यसपछि ऊ दुई-चार जनाका साथमा घुम्ने गर्थी । घुम्न निस्किंदै गर्दा अभिभावकहरूका भावना मुखर हुन्थे-

'घाम नडुब्दै फर्कनू है !'

'साँझ नपारी आउनू नि !'

'बाहिर धेरै नअल्मलिनू है !'

'क्यै भैहाल्यो भने, फर्कन पाइएन भने छेउमा जसको घर छ त्यहीं बस्नू ।'

'दिउँसै तस्कर लाग्छन् भने साँझ परेपछि हिंड्ने कुरै आउँदैन ।'

'हो, घुमफिर गर्दा आँखा खोलेर हिंड्नू र कान पनि ठाडा पारेर घुम्नू ।'

'हो नि, समय पहिलेजस्तो रहेन ।'

स्थानीय अभिभावकका अभिप्रायमा समय-सीमा पनि निर्दिष्ट थियो र स्थितिबोध गर्दैरहने संकेत पनि । हो पनि, केही वर्षदेखि परिवेशले सबैलाई सतर्क रहन र डरले छाती थिचेर बस्न विवश पारेको थियो ।

'शैवाली दिदी, अमेरिकाबाट फर्कनुभएको होइन ? त्यहाँ त कसैले तपाईंलाई घाम अस्तापछि न घुम्नू भनेन होला नि ! किनभने त्यहाँ तपाईंका अभिभावक थिएनन्, सबै यहीं थिए । हैन त ?'

'त्यहाँ त्यसो भन्ने चलन छैन । यताबाट गएकाहरू स्नेहले त्यसो भन्छन् पनि, अधिकारले होइन ।'

'दिदी, अधिकारको कुरा मात्र होइन यहाँ त डरको कुरा छ, सतर्कताको कुरा छ, लुटिने र मारिने कुरा छ । त्यसैले हाम्रा गुरूजन साँझ परेपछि न घुम्नू, बेलैमा घर फर्कनू भन्छन् ।'

'हो शिवाली दिदी, अमेरिकामा पनि यसै गरी डराएर बाँच्नु पर्छ त ?' अर्काले सोध्यो ।

'पर्दैन, बिल्कुल डराउनु पर्दैन, आफैले गरेको गल्तीले डराउनु पर्छ । तर अर्कोले डर दिन सक्तैन । कसैले तिमीलाई धम्क्यायो, डर देखायो या नोक्सान पुऱ्याउन खोज्यो भने पुलिसलाई फोन गर, तीन मिनेटभित्र पुलिस तिम्रो सुरक्षाका लागि पुग्छ ।'

'त्यसो भए त्यहाँका पुलिस हरामी छैनन् त शैवाली दिदी ?' एउटी बालिकाले जिज्ञासा राखी ।

'हरेक देशको आ-आफ्नै नीति, शक्ति, सीमा र दायित्व हुन्छ । धेरै कुरा छन् । फेरि गफ गरौंला नि, हुन्न ?'

'शिवली दिदी, म पनि सुन्छु है अमेरिकाका कुरा ।'

'मलाई पनि सुनाउनुस् है शेफाली दिदी !'

मुसुक्क मुस्कुराएर शैलबालाले मनमा गुनी, 'बिचराहरू ! मेरो नाम कति असजिलो भएछ ।' अनि उनीहरूको भावनाको कदर गर्दै भनी, 'अवश्य, जसलाई जे सुन्न मन छ म सुनाउँछु ।'

केही गरिहाल्नु पर्ने, कतै पुगिहाल्नु पर्ने र हेरिहाल्नु पर्ने स्थिति थिएन । स्वतन्त्र र उन्मुक्त विचरणमा उसले केही समय बिताउने सोच राखी । परिणामस्वरूप नयाँ बालसखाहरूसँग घुम्दै उसले कोशी किनारको गौचरन हेरी, घोडा कुदाउने मैदानमा पुगी, सुरक्षित उपवन घुमी, खेल मैदान पुगेर रमाई । यिनै ठाउँमा उसले आफ्नो बाल्यकाल बिताएकी थिई ।

केही अरू बालसखासँग घुम्दै ऊ आफूले पढेको स्कूलमा पुगी । शिक्षकहरूसँग भेट गरी । उसका प्रिय शिक्षकहरू माल्यार्पणका साथ फोटोमा टाँगिएका थिए- बैठक कोठामा; श्रद्धाभावले मनमनै उसले अश्रुतर्पण गरी ।

माओवादीहरूको आततायी क्रियाकलापको ज्वलन्त उदाहरण थियो शिक्षकहरूको हत्या । आँखाभरि आँसु र मुटुमा तूफान बोकेर ऊ त्यहाँबाट निस्की । फेरि ऊ रिटायर प्रिन्सिपललाई भेट्न पुगी । हर्षका आँसु चुहाएर स्नेहभावले उनले शैलबालाको स्वागत गरे ।

मधुपुरा गाउँमा आततायीहरूको क्रियाकलाप बारे अथदेखि इतिसम्म उनले शैलबालालाई सुनाए । साथमा गएका केटाकेटीहरू ती हृदय विदारक घटना श्रृंखला सुनेपछि घुँक्का छोडेर रून थाले ।

कसले कति बुझ्यो, संझ्यो, भन्न सकिन किनभने अवकाश प्राप्त प्रिन्सिपल अलिकति थोते वाणीमा बोल्थे- अगाडिका दाँतहरूमध्ये माथिका दुई दाँत मात्र शेष थिए । उच्चारणमा श्वासको संघर्षण बढी सुनिन्थ्यो । तैपनि उनले जे भने त्यसबाट आततायी माओवादीले गरेका नरमेध यज्ञका अनेक विधि मुद्राहरू साकार उपस्थित भएका थिए । त्यसैले त्यहाँ कसैले रून बिर्सेन ।

'मान्यजनकहाँ जाँदा खाली हात नजानू' भन्ने सामाजिक नीति निर्वाह गरेर ऊ त्यहाँबाट आफ्नो बटालियनका साथ निस्की ।

❑❑

४

त्रिपुराले आफ्नो घर-आँगनमा भोजको आयोजना गरिन् । छर-छिमेकी-इष्टमित्र र नाता सम्बन्धका व्यक्तिहरू आमन्त्रित थिए । जमघट राम्रो थियो ।

आजको भोज योगेश्वर सिंहको शैलीमा गरिएको थियो । त्रिपुराले आफ्नो छोराको दृष्टि र रूचिलाई निरन्तरता दिँदैरहने सोचाइले मात्र भोजको आयोजना गरेकी थिइनन्, अपितु नातिनी फर्केर आएको खुशी पनि इष्टमित्रबीच बाँड्न चाहन्थिन्; उसको परिचय गराउन चाहन्थिन् र पहिले जस्तै परस्पर सद्भाव र सहयोगको व्यवहारलाई निरन्तरता दिन चाहन्थिन् ।

इष्टमित्रहरू जान्दथे, त्रिपुराको परिवारमा जुन घटना घट्यो त्यो बिर्सन सकिने थिएन । किन्तु यस्तो घटना त्रिपुराकै घरमा मात्र घटेको थिएन, भन्नै साठी प्रतिशत घरमा यसैगरी उग्र-प्रचण्डकाल पल्केको थियो । कति ज्यान मासिए त्यसको तथ्याङ्क थिएन । गणित अझै अपूर्ण थियो । फेरि पनि खाटो बसेको घाउ नकोट्याउनु नै उचित हुन्छ भन्ने समझदारी राखेर ग्रामबन्धुहरू भोज-भतेरमा र पर्व-उत्सवमा जम्मा हुँदा प्रसन्नता बाँड्थे अनि पीडा बिर्सने यत्न गर्थे ।

योगेश्वर सिंहले गर्ने गरेको भोजको शैली निकै रमाइलो हुन्थ्यो । आमन्त्रित घरका सबै सदस्य भोजमा आउनु पर्थ्यो र आउँदा धेरै एकथोक परिकार वा अचार तैयार गरेर ल्याउनु पर्थ्यो तर थोरै जति सकिन्छ र जे सकिन्छ ।

वास्तवमा यस पद्धतिको भोजमा आयोजकलाई पनि हलुका, आमन्त्रितहरूको तर्फबाट पनि परिकारमा सहयोग र प्रत्येक घरका परिकार हरेकले खाने र खाने कुराको सम्मान गर्ने एउटा नीति जस्तै थियो । यस किसिमको भोजको महिमा के थियो भने जाति, वर्ग, धर्म, समुदायको भेदक रङ्ग बिर्सेर त्यहाँ परस्पर सहयोग र सद्भाव आदान-प्रदान गरिन्थ्यो, सामूहिक भाव र एकता बनाइराख्ने सोचमा अझ शक्ति थपिन्थ्यो ।

यति चाहिं मान्नैपर्छ : यो समाजमा ठूलो, सानो, होचो, अग्लो, धनी-गरीब छूत-अछूत अँध्यारो उज्यालोको भेदक चिन्तन र व्यवहार योगेश्वर सिंहको भोजको शैलीमार्फत शनैः शनैः पन्सिंदै थियो ।

भोजकै क्रममा मौसम वा ऋतु अनुसार पेय तयार हुन्थे । उखुको रस, नरिवल-पानी, बेलको सर्वत, दही, आँप, केरा, लिचीको लस्सीमा आमन्त्रितहरूको लाइन लाग्थ्यो । अनि पान-सुपारी, चिया-कफी र मिष्ठान्नपछि भोजको कार्यक्रम सकिन्थ्यो । आयोजक र आमन्त्रितजन प्रसन्नता र सद्भाव आदान-प्रदान गरेर कार्यक्रम सफल पार्थे ।

केटाकेटीहरूका लागि यस्ता दिनहरू उत्सव-पर्व झैं भइदिन्थे ।

त्रिपुराले त्यही परम्परालाई निरन्तरता दिंदै भोजको आयोजना गरिन् र आजको भोजमा शैलबाला केन्द्रीय व्यक्तित्व भएर देखा परी । उसको पुनः परिचयका लागि त्रिपुराले भोजको आयोजना गरेकी थिइन् भन्ने कुरा आमन्त्रितजन बुझ्दथे । त्यसैले आजको भोज उनीहरूले चाहेको वा प्रतीक्षा गरेजस्तै थियो ।

मधुपुरा गाउँमा देखिएका घटना र यहाँका नागरिकले भोग्नुपरेका दुर्दिनहरू कसैले कुनै पनि सन्दर्भबाट नसम्झोस् र वर्तमानको भेटघाट र सौहार्दलाई खुशीसाथ निरन्तरता देओस् भन्ने कामना राखेर यहाँ कहिल्यै केही भएको थिएन भन्ने किसिमको भावमुद्राले आमन्त्रित बन्धुहरूको उपस्थितिलाई त्रिपुराले स्वागत गरिन् र यथोचित संवाद र औपचारिकता निर्वाह गरिन् । त्रिपुरामा उत्साह, तत्परता र प्रसन्नता देख्ता यस्तो लाग्थ्यो, मानौं उनलाई प्रौढताले छोएकै छैन र उनको व्यक्तित्वमा बुढ्याइँ आउनै सक्तैन, न ग्रहण लाग्नसक्छ ।

सबै घरका, सबै ठाउँका, सबै दर्जाका र सबै उमेरका नागरिकहरूको उपस्थिति त्रिपुराले चाहेजस्तै सोचेजस्तै थियो । हजुरआमाको उदारता र सामर्थ्य देखेर शैलबाला चकित थिई ।

नातिनी फर्केर आएको खुशीमा ग्रामबन्धुहरूलाई परिचय आदानप्रदान गर्न त्रिपुराले जुन युक्ति गरिन् र कार्यक्रम सफल पारिन्, त्यो देखेर उनका पति पुरुषोत्तम सिंह स्वयं भावविभोर भए । त्रिपुराप्रति उनी कृतज्ञ देखिए ।

योगेश्वर सिंहले मधुपुराको समाजमा एउटा विचारको बीज रोपेको थियो । त्यो के हो भने ऊ आदिवासी, जनजाति, दलित, आर्य जस्ता शब्द प्रयोग गरेको मन पराउँदैनथ्यो । ऊ कसैलाई यस्तो शब्दले नचिनाउनु भन्थ्यो । भन्थ्यो, यस्ता शब्दले मानवको अवमूल्यन हुन्छ । यसरी चिनिनेहरू

समाजमा हेपिन्छन् । उपेक्षित हुन्छन् । हाम्रो समाजका नागरिकलाई यसरी चिनाउन मिल्दैन । यस्ता शब्दले सम्बोधन गर्नु र चिनाउनु अपराध हो । अबदेखि त्रिपुरा गाउँ यस्ता अप्रिय र विभाजक शब्दहरूको प्रयोग गर्ने छैन । सबैलाई समभावले हेर्नुपर्छ र उत्तिकै सम्मान दिनुपर्छ । जन्म र सम्पत्तिबाट व्यक्ति वा जातिको परिचय हुनसक्तैन । पुरुषार्थ वा कार्य (कर्म) वा योगदानबाट उसको परिचय हुनेगर्छ । यहाँ यस्ता शब्द टाँसेर समाजलाई वर्ग-वर्गमा बाँड्ने र द्वन्द्व निम्त्याउने, मानिसको हत्या गराउने र सम्पत्ति जोर्ने योजनामा मान्छे जुट्न थाले । फेरि धर्मको अफीम चढाएर धूम मचाएको उसलाई प्रिय लागेको थिएन । जनताको चल सम्पत्ति लुटिन र अचल सम्पत्ति कब्जा हुन थालेपछि ऊ एक्लो अभिमन्यु भएर प्रतिकार गर्न अग्रसर भयो ।

शायद राजनीतिक खेती गर्ने आपराधिक मनोवृत्तिका अराजनीतिक तत्वलाई योगेश्वर सिंहका विचारका झिल्काले पोल्यो र उनीहरू आक्रामक भएर उठे । परिणामतः योगेश्वर सिंहको फोटोमा माला चढ्यो ।

अपर्णा अझै बेपत्ता छन् ।

यो यथार्थ त्रिपुराको निमन्त्रणामा उपस्थित व्यक्तिहरू बुझ्दथे । त्यसैले योगेश्वर सिंहको दृष्टि र सामर्थ्यप्रति उनीहरू गर्व गर्थे, अनि सोच र संकल्पको सम्मान गर्थे ।

भोजपछि केही शिक्षक, केही स्थानीय कर्मचारी, केही राजनीतिक कार्यकर्ता, केही बुद्धिजीवी र आफन्तजन विदाइको पर्खाइमा थिए ।

यत्तिकैमा केटाकेटीले घेरेर एउटा बाल लोकगायकलाई त्यहाँ पुऱ्याए ।

'ए गाइने गा न गा, एउटा गा ।'

'यो त भाका नौलो पारेर गाउँछ ।'

'ए, पहिले केही खान त देऊ ।'

केटाकेटीहरूले खाने कुराको घेरा लगाइ दिए । उसले बेलको सर्बत पियो र भन्यो, 'यति भए पुग्यो अहिले । गाइसकेर फेरि खान्छु ।'

उसले सारंगी रेट्यो र गायो :

'पहाड जाने पनि छैन बाटो
मैदानवासी जनले थुनेछन्
मैदान जाने पनि छैन बाटो
पहाडवासी जनले थुनेछन् ।

भन्छः

म दिन्न बाटो अधिकार मेरो
यो देश मेरो सरकार मेरो
अनि के भो ?
भोको छ पाल्पा अनिकाल भारी
उपत्यका भो टुहुरो भिखारी ।

'ए, पख-पख ! यसलाई अब खान देओ, खाओस् ।' वक्ताले विचार पुऱ्याएर भने- 'भोलि तिम्रो गीत सुन्ने । अरू पनि सुन्ने ।'

'हैन, अब एउटा सुन्ने अनि खान दिने ।'

उसले थप्यो अर्को प्रसंगः

छोरी-बुहारी छिनमै बिलाए
राम्रा निरोगी तरूणी हराए...
आतंककारीजनले टिपेछन्
बुझेर ग्रामीण अझै डराए ।

के के भने के नभनेर बाँचे
के के गरे के नगरेर साँचे
रोक्तैन हा ! दैव कतै पुगेर
अकर्म हो पाप कुरा भनेर !

'थाह पाउनु भो तपाईंहरूले ? यसले पहिले हामीले, हाम्रा मान्छेले गरेका अकर्म औल्यायो गीतमा । अनि अहिले आततायीहरूले गरेका पाप कर्मलाई सारंगीमा रोयो ।'

'रून त म पनि रोएँ ।'

'हामी पनि रोयौं ।'

'ल भैगो, भोलि आऊ, भोलि गाउनू । बरू भन तिमी कहाँ बस्छौ बाबु ?'

'यतैतिर हुन्छु ।' खान पाएपछि टाढा जानै पर्दैन नि हजुर !

'ठीक छ खोजौंला । ल खाइहाल ।' वक्ता परिपक्व देखिन्थे ।

गाइनेको गीत सुन्ने वेलासम्म एउटा पाल खाली भइसकेको थियो । अर्को पालमा केटाकेटी, विद्यार्थीहरू थिए जो आफ्नै संसारमा रमाउँदै थिए ।

तेस्रो पालमा केही अभिभावक आफन्तजन अझै थिए जो घर-गृहस्थीको औपचारिक दायित्वबाट पन्सिए पनि समाजको परिष्कार र राष्ट्रको निर्माणका

निमित्त अथक चिन्तन गर्ने विवेकशील र अनुभवी सदस्यहरूको रूपमा चिनिन्थे । वस्तुतः यस जमघटमा रहेका आदरणीय सदस्यहरू त्रिपुरा गाउँका मात्र होइन मिथिलाकै अलंकार र स्वाभिमान थिए । त्यसैले पनि लाग्थ्यो, यहाँ अझै कुनै काम शेष छ ।

नभन्दै पुरुषोत्तम सिंह हात जोडेर उपस्थित भए । उनको उपस्थिति र भावमुद्राले आमन्त्रित पाहुनाहरूप्रति आभार र कृतज्ञता ज्ञापन गर्दथ्यो ।

उनकी पत्नी त्रिपुरा पानको थाली लिएर सँगै उभिइन् । मुखशुद्धिको मसलाको थाली अघि सार्दै नातिनी शैलबाला त्यहाँ पनि पुगी ।

लाग्थ्यो, यसै मुहूर्तको पर्खाइ थियो- सांस्कृतिक निर्वाहको ।

त्रिपुराले गुरूजन र त्यहाँ रहेका सबै महानुभावसँग शैलबालाको परिचय गराइन् । शैलबालाले पनि चेली र संस्कृतिको मर्यादाभित्र रहेर नमन-अभिवादनसँगै सबैबाट आशीर्वाद र शुभेच्छा संचित गरी ।

यस पटक घरका तीनै सदस्य करबद्ध रहेर उभिए र आमन्त्रित पाहुनाहरूलाई भावपूर्ण शैलीमा विदा गरे । उनीहरू पनि तेस्रो आँखो खुलेको र आत्मविश्वास बढेको अनुभव गर्दै त्रिपुराको आँगनबाट विदा भएर आ-आफ्नो गन्तव्यतर्फ लागे ।

❑❑

५

बादल पन्सिदै रहँदा सूर्य-प्रकाशको गति धरतीमा फैलँदै गएजस्तो शैलीमा शैलबाला गहिरो निद्राबाट बिस्तारै मुक्त हुँदै गई । हो न हो, पानीको गहिराइबाट बिस्तारै सतहको आलोकतर्फ निस्कँदै-बढ्दै गरेकी हो । उसले आफ्नो शरीर हलुको-फुर्तिलो भएको अनुभव गरी अनि श्रमपछिको निद्रा मीठो हुने विश्वास लिई ।

उसले जिउ तन्काई, हाई गरी । बार्दलीको झ्याल खोली । फूलबारी र तुलसाको मोठमा घाम पोतिएको थियो । त्यसबाट अझ प्रसन्नता संचित गरी । 'लामो, गहिरो र निर्बाध निद्रा पूरा गरेर ब्यूँझदाको आनन्द अर्कै हुँदोरहेछ ।' उसले प्रकृत सुखको अनुभव गरी ।

उसले एक झलक अमेरिकाको सुताइ र निद्रा सम्झी । समय उल्टो र झन्नै जीवनशैली पनि । सधैंको हतार पढाइमा जोतिएर, पुस्तकालयमा घोरिएर, कर्णभेदी विरसिलो संगीत सुनेर, अरूचिको नाचमा भाग लिएर अनि केहीसँग विना औचित्य दूरी र दोस्ती बढाएर अनि विना उद्देश्य र विना रहर बस, मेट्रो र मल घुमेर मस्तिष्क थाक्थ्यो । फेरि करैले निदाउने चेष्टा गर्नुपर्थ्यो । निद्रा पुगोस् या नपुगोस्, पुगेको ठान्नुपर्थ्यो र त्यतिमै सन्तोष लिनुपर्थ्यो । मौका मिल्दा यसरी सुतिन्थ्यो, मानों यसअघि सुत्नै पाएको थिएन; या फेरि सुत्नै पाइँदैन ।

ओछ्यानभित्र पसेर पनि ल्यापटप र आइफोनसँग अन्तरंग क्रीडा वा मनोरंजनको समय जुराउनै पर्थ्यो । मेल-ईमेल, कैयौं एकाउन्ट र नम्बरहरू, यी सबैसँग जुध्नैपर्थ्यो- केही बाध्यताले केही आवश्यकताले र थोरै रहरले । यस्तै अनुभव लिएकी थिई उसले । अनि प्रतिक्रियाको अनुभव बोली 'आऽऽ कत्रो उत्पीडन खपेको रहेछ मैले पातालको धर्तीमा । शरीर, मन र मथिंगल त्यसै झन्झाउँथ्यो । असमयमा नै झन्नै मैले वृद्ध तुल्याइन छु आफैंलाई । जोगिएकै हुँ क्यार !'

'तर यहाँ, वर्तमानमा कुनै व्यस्तता छैन, अब कुनै बाध्यता छैन । केही बित्ने पनि छैन, शायद खाँचो पनि छैन । जसरी चल्दैछ त्यसैमा गतिमान हुनसके

राम्रो । फेरि जल-वायुको प्रवाह-विपरीत नगए शायद असजिलो पनि नहोला नि !' ऊ यस्तै ठान्दै गई ।

ऊ चाहन्नथी पुराना घटना र सन्दर्भहरू सुन्न र कोट्याउन । त्यसैले ऊ चमेना गरेर निस्कन्थी र सूर्यास्तसँगै घर फर्कन्थी । उसको दिनचर्या प्रायः यस्तै हुन्थ्यो । यदि ग्रामीण क्षेत्रमा घुलमिल गऱ्यो भने हिजोका कुरा सुन्नुपर्ने हुन्छ, यो कुरा ऊ बुझ्दथी । त्यसैले ऊ यस्तो स्थितिबाट विरत रहने यत्नमा लाग्थी । र यसका लागि ऊ आफूलाई व्यस्त राखेर प्रसन्न रहने कार्यतालिका बनाउँदै रहन्थी ।

केटाकेटी हुँदै घोडा चढ्ने रहर पूरा गर्दै आएकी थिई शैलबालाले । त्यसैले अश्वशाला र घोडा मैदानमा पनि समय बिताउने गर्थी । अरबी घोडा पाल्ने घर भएको हुनाले घोडाको परख र उपयोग गर्न उसलाई असजिलो थिएन ।

गौशालामा पनि पुग्थी । गाईका गुणको व्याख्या र गोतत्वको गरिमा गायनमा उसलाई संकोच भएन उसलाई ।

कृषिबालीमा पुग्थी । सर्सिउँ र तोरीबारीमा घुम्थी । पाटाबारीमा रमाउँथी । यी सबै विचरण र क्रीडाहरू बाल्यकाल र वयःसन्धिका वेलासम्म रसमय र सुलभ थिए उसलाई । र आज पनि मानसिक रूपले आफूलाई सर्वत्र तत्पर राखी र यथेच्छ विचरण गरी मधुपुराभरि ।

आँप, लिची, अम्बा, केरा, नरिवल, सुपारी, पान, भुइँकटहर, उखु, मेवा, तित्री, फडिर, जामुन, कुसुम घुरमीसंगको जन्मजात मोह र आकर्षणलाई आमा-बाबुको साथमा रहँदै गर्दा हुर्काएर पोषण गरेकी थिई शैलबालाले ।

जब गाउँमा आततायी क्रियाकलाप चल्न बढ्न थाल्यो पुरुषोत्तम सिंहले शैलबाला र रघुवरलाई काठमाडौँ राखेर पढाउने इच्छा गरे । त्यसपछि प्रकृतिका उपादान र अलंकरणलाई यथेच्छ भोग्न नपाई शहरको साँगुरो जीवनमा हुर्किनुपरेकोमा उसलाई केही दिन बिरसिलो लाग्यो ।

योगेश्वर सिंहले बाबुका कामनालाई समर्थन दिए । शैलबाला र रघुवर ग्यालेक्सी बोर्डिङ्ग स्कूलमा भर्ना भएर पढ्न थाले ।

प्लस-टुको पढाइपछि शैलबाला संयुक्त राज्य अमेरिकातर्फ लागी । रघुवर आईटीको पढाइमा केन्द्रित रह्यो ।

जब आतंककारी चण्ड-मुण्डले आफ्ना जंगली सेना मधुपुरा गाउँमा परिचालन गरे बस गाउँ रित्तिंदै गयो उजाडियो र मृत्युघाटमा परिणत भयो ।

कसले कुन उद्देश्यपूर्तिका लागि आततायी योजना जन्मायो, परिचालन गऱ्यो र राष्ट्रभरि उथल-पुथल पाऱ्यो र विप्लव मचायो भन्ने कुरा केही दिनसम्म अज्ञात जस्तै रह्यो । तर पछि प्रकट भएरै छोड्यो ।

यस श्रृंखलाको एउटा आश्चर्यजनक घटना हो - एउटा खाते सडकबाट उठेर श्रेष्ठ र सर्वशक्तिमान पदमा आसीन हुन पुग्नु फेरि आफ्ना समकक्षीहरूसँग कुम जोरेर गफ छाँट्नु र रातो कार्पेटमा हिँडेर स्वागत खानु । यो खुला नाटकका दृश्यहरू सर्दै जाने, बदलिँदै जाने, दुर्घटित र दुःखान्तक बन्दै जाने क्रम र विक्रमका पछाडि नेपथ्यमा को थिए र सूत्रधार को थियो भन्ने कुरा रहस्य भइरहन सकेन । विदेशका मिडियाले नेपथ्य र सूत्रधारलाई प्रत्यक्ष नऔल्याए पनि पारदर्शी शुभ्र यवनिकाबाट तिनको स्वरूप र शक्ति परिचालन श्रृंखलालाई सर्वसंवेद्य ढंगले देखाइसकेको थियो ।

अन्तर्राष्ट्रिय स्तरको उँचाइबाट देखाइएको दिग्दर्शनले धेरै कुरा नभनेर पनि धेरै कुरा भनिरहेको हुन्थ्यो । वस्तुतः घटनाको ऐतिहासिक श्रृंखला र त्यसको सामयिक मीमांसामा अन्तर्राष्ट्रिय मिडिया कनाहा थिएन भन्न चाहिँ मिल्दैनथ्यो ।

'ओरालो लागेको मृगलाई बाच्छाले पनि लखेट्छ', 'जो होचो उसैका मुखमा घोचो', 'भीरबाट लड्ने गाईलाई राम भन्न सकिन्छ काँध थाप्न सकिन्न' भन्ने किसिमका लोकोक्तिलाई विज्ञ, प्राज्ञ र बुद्धिजीवीहरू मनको औषधि मान्थे र शिव-शिवको जपमाला घुमाउने गर्थे ।

आफ्नो देशमा विप्लव ल्याउनका लागि आतङ्ककारी जमातको निर्माण कसले गऱ्यो, कहाँ गऱ्यो, कस्तो तालिम दियो, योजना के थियो र रोडम्याप कस्तो दियो अनि गन्तव्य र प्राप्ति के हो भन्ने कुरा बारे मानव अधिकार, प्रजातन्त्र, व्यक्तिगत स्वतन्त्रता र एम्नेस्टी इन्टरनेशनलका मञ्चबाट बारम्बार चण्ड-मुण्ड कालमा भएका डरलाग्दा अपराध र अमानवीय कर्मको अध्ययन-अनुसन्धान र विश्लेषणपछि तयार पारिएका उच्चस्तरीय प्रतिवेदनहरू पढेर उसले केही जानकारी लिइसकेकी थिई ।

आततायी गतिविधिमाथि वस्तुगत अध्ययन गर्ने पत्रकार साथीहरूले पनि उसलाई अमेरिकामा हुँदै यहाँको स्थितिबोध गराइसकेका थिए । त्यसैले ऊ त्यति अनभिज्ञ थिइन । किन्तु आफूभित्र हुर्किएको अग्निज्वाला र समुद्री तूफानलाई कुनै यत्नले शमन गरेर राखेकी थिई र ऊ यो नभड्कियोस् भन्ने चाहन्थी ।

जंगली भालुलाई घरेलु सत्वसँगसँगै राख्न मिल्छ कि मिल्दैन ? अब यो प्रश्न उठाउन पनि मिल्दैन ? किनभने गाउँ-घर पशुखाना हुने गर्दैन । अब चिन्तन-विश्लेषणपछि निष्कर्ष निकाल्नु आवश्यक हुन्छ कि ? शैलबाला गम्भीर देखिई ।

६

'शैली, आऊ म तिमीलाई मनको जंगलबाट गाउँको लाइब्रेरीमा लिएर जान्छु । आऊ न प्लीज ।' रघुवरले हात समाएर शैलबालालाई उठायो ।

'कहाँ ?'

'प्रश्न गर्नु आवश्यक हुँदैन क्या सबै वेला । मैले लगेको ठाउँमा ऊर्जा पनि मिल्छ, आँखा पनि मिल्छ तर बाटो र हिड्ने उपाय आफैं खोज्नुपर्छ - लक्ष्य सुनिश्चित छ भने ।' अनि कथन शैलीमा विनयभाव भरेर भन्यो, 'आऊ, बस, शायद सही ठाउँमा जाँदैछौं ।'

शैलबाला रघुवरसँग मोटर साइकलमा बसी ।

केहीबेरपछि एउटा लस्सी पसलमा पुगेर भन्यो, 'आऊ, एक पटक लस्सी पिऊँ । दिल खुश हुन्छ । अनि जाउँला ।'

लस्सी पसलको अगाडि मोटरसाइकल रोकेर हेलमेट उतार्दै रघुवरले भन्यो, यहाँको लस्सी तिमी बिर्सन सक्तिनौ । यताबाट आउँदा म लस्सी पिएरै जान्छु ।'

'छबिला, तिमी मेरी दिदीलाई संझन्छौ ?' रघुवरले परिचय दिन खोज्यो ।

एकछिन निधार गाँठो पारेर सोच्यो र कन्दै भन्यो, शै शै...

'भैगो सब चिनैछी; अब उनका लागि खासा लस्सी बनाऊ ।'

लस्सीसँगै दिदी-भाइबीच संवाद चल्यो :

'हाम्रो मिथिलामा उद्भट विद्वान्हरूको लामो श्रृंखला थियो रे, तिमीलाई त थाहा होला नि !'

'थोरै सुनेको हो, अब त बिर्सिसकें । यू-ट्यूबमा जानुपर्ला फेरि ।'

'प्रो. हरदेव मिश्र, प्रो. हितनारायण झा, प्रो. श्रीकृष्ण मिश्र, प्रो. तीर्थराम झा, धीरेश्वर 'धीरेश', यी त देश-विदेशसम्म चिनिएका विद्वान् हुन् नि । यी चाहिं हजुरबा र बाबाकै समकालीन मित्र हुन् क्यार, मैले यस्तै सुनेको छु । पुरानो इतिहास त मलाई पनि थाहा छैन । विद्यापति ठाकुर नै अब्बल कोटिका हुन रे ।'

'हो, यो त गौरवको कुरा हो । आफ्नो समाजलाई, राष्ट्रलाई चिनाउने र अलंकृत पार्ने यस्तै विद्वान त हुन् नि !'

'आज म त्यस्तै दिगम्बर विद्वानसँग तिम्रो भेट गराउँछु ।'

'त्यसो भए केही लिएर जाऊँ, खाली हात जानु हुँदैन मान्यजन कहाँ जाँदा ।'

आवास आवासजस्तो थिएन । फरक थियो । वर्णशाला भनौं कि कुटी, यस्तै-यस्तै थियो । स्वच्छता र पवित्रता यसको खास गुण थियो । त्यसैले होला, परिसरभित्र प्रवेश गर्नासाथ अपूर्व आनन्द र शान्तिको अनुभव हुन्थ्यो र छिन मात्र भए पनि बिसाइहालौं, बसिहालौं जस्तो लाग्थ्यो ।

उपवनभित्रको यो कुटी-घर साँच्चै मनोहर थियो । छायादार आँगनमा नीमका दुई-चार पात खसेकै हुन्थे पहेंलिएर । घर-परिसरको शोभा अझ अर्कै हुन्थ्यो ।

वाधा-व्यधान नहोस् भन्ने कामना राखेर दिदी-भाइ सतर्कतापूर्वक पाइला सार्दै गए ।

प्रवेशद्वार उत्तरतर्फ थियो ।

भित्तामा टाँगिएको चित्रका अगाडि उभिएको लँगौटीधारी पाको शरीर, कम्मर गम्छाले परिवेष्ठित थियो । त्यस्तै अर्को गम्छाले काँधको शोभा बढाएको देखिन्थ्यो ।

चित्र हेर्न एकाग्र जस्तो देखिने त्यो साधक मानव शरीर अब उनीहरूतर्फ फर्क्यो । व्यक्तित्व साधारण नै देखिन्थ्यो सधैं जस्तो, सबैको जस्तो ।

नमन अभिवादनपछि उनले डोरीको खटियामा बस्न संकेत गरे र आफू पनि अर्को खटियामा बसे । अनि बोले, 'म सम्झँदै थिएँ, आइपुगिछौ, मलाई प्रसन्नता भो ।'

'जी आचार्य ।'

'लेऊ, त्यहाँ टोकरीमा फलफूल होलान् । उता कल छ, साबुन र गम्छा पनि छ । चिया वा लस्सी खाने भए त्यसको पनि व्यवस्था छ । तर आफैं बनाउनुपर्छ । ग्याँस छँदै छ । दाउरा बाल्नु पर्दैन, पाइँदैन पनि ।'

अनि आफूपट्टि फर्केर भने, 'हिजो आज म पनि परजीवी कि पराश्रित जस्तै भएको छु । एक्लै हुँदा मलाई भोकै लाग्दैन । पाहुनाहरूसँगै बसेर खाने बानी परिसकेजस्तो छ ।'

'जी ।' शैलबालाले मुख खोली ।

'आचार्य, यो चित्र मिथिलाकै कलाविधिबाट निर्माण गरिएको हो क्यार !' रघुवरले जिज्ञासा बढायो ।

'हाँ, मिथिलाको कलाले अलंकृत छ यो चित्र ।'

'चित्र हेर्न एकाग्र हुनुहुन्थ्यो, चित्रको विधि वा शैली हेर्दै हुनुहुन्थ्यो ? कि चित्रभित्र समेटिएका सत्व-तत्वको गुणधर्मबारे चिन्तन गर्दै हुनुहुन्थ्यो आचार्य ? हजुरलाई केले आकर्षित गऱ्यो ?'

थोरै मुस्कुराएर उनले भने, 'सर्जकको प्रतिभा र निर्माण-कौशल देखेर उसको प्रशस्ति गाउन मनलाग्छ । ईश्वर र ईश्वरका क्रियाकलाप त लेखक-सर्जकका सिर्जना हुन् नि, हैन र ! ईश्वर चिनाउने र ईश्वरतर्फ डोऱ्याउने गुरू सर्जक नै त हो । यो चित्रमा म स्रष्टाको जेहेन हेर्दै थिएँ- प्रतिभा ।'

अर्को चित्र औल्याउँदै उनले थपे, 'शिव परिवारको चित्र हो । अब यसमा हेरौं ।'

'यी महादेव, यी महादेवी अर्थात् शिवपार्वती, हैन त ?'

'जी ।'

'यी ज्येष्ठ पुत्र कार्तिकेय र यी कनिष्ठपुत्र गजानन अर्थात् सेनापति ।'

'जी ।'

'तर यो प्रश्न नगर- शिव र पार्वतीको युग्मकेलिबाट यिनको जन्म भएको हो या हैन ?'

'जी ।'

'अनि बाघ र नन्दी, सर्प र मूसो, मयूर र सर्प यी सबै शिव-परिवारकै अनन्य सदस्य हुन् जो सुसंगठित छन् । तर अर्काका महान् दुश्मन पनि ! चाह्यो भने बलवान्ले दुर्बललाई निमेषभरमा स्वाहा पार्न सक्छ किन्तु त्यस्तो कहिल्यै भएन र हुन पनि सक्तैन । न बलियोले शक्ति देखाउँछ न दुर्बल डराएर बस्छ । त्यस्तो क्यै हुँदैन । संझ सधैं सन्तुलन !'

'जी आचार्य ।'

'बस्, हाम्रो समाजको आदर्श यही हो । त्यसैले टिकेको थियो । कसैले मर्यादाको सीमा नाघेन । हिजोले यस्तै पाठ पढायो ।'

'जी आचार्य ।'

तर अहिले त्यो मर्यादा वा आदर्श तोड्न थालिएको छ । त्यो पनि मिथिला क्षेत्रमा । अझ मधुपुरामा !'

शैलबाला र रघुवर एकाग्रभावले सुन्दै रहे ।

'महादेवी, तिमी ठीक समयमा आयौ । सम्हाल तिमी नै । धेरै कुरा तिम्रा हातमा छ ।'

'आचार्य, मेरो नाम शैलबाला ।'

'शैलबाला भन, महादेवी भन फरक देखिनँ । बाबा धूर्जटीसँग तिम्रो भेट भो हैन ? बस्, अब बाटो सोझियो ।'

शैलबालाले सन्दर्भ बुझ्न सकिन । त्यसैले मनमनै गुनी, 'धूर्जटी, धूर्जटी, धूर्जटी, को धूर्जटी ? कि उनै बाबा हुन् जसले मलाई देवीको प्रतिमा प्रतिष्ठापन कार्य सुम्पेका छन् ।'

'हो मैया, उनै बाबा । बाबा धूर्जटी, जो कुम्भोदर र निकुम्भको संरक्षक पनि बन्नु भएको छ ।' आचार्यले शैलबालाको मनको कुरा पढेर भने ।

शैलबालाले मनमनै गुनी 'यी आचार्य पनि सिद्ध नै रहेछन् नत्र मेरो मनको कुरा कसरी बुझ्थे ? अनि प्रश्न गरी, 'आचार्य, को हुन् हजुर यी कुम्भ-निकुम्भ !'

'उहाँकै शार्दूल मित्र हुन् ।' आचार्यले संकेत बोले ।

शैलबाला शब्द र अर्थको खोजमा चिन्तनशील भएर भाइ रघुवरसंगै घर फर्की ।

❑❑

७

प्रजातन्त्रका महान् सेनानी शेख इद्रिसको नाम नेपालको राजनीतिक इतिहासमा बडो गर्व र सम्मानले लिइन्छ । उनी व्यवहारकुशल, उदात्त प्रकृतिका, दूरदर्शी र करूणापूर्ण थिए भन्ने कुरा निधनपछि अझ खुलेर आयो । नेपाली स्वाभिमान र राष्ट्रबोधी चेतनाले उनी विश्वेश्वरप्रसाद कोइरालासँगै पङ्क्तिबद्ध हुनपुग्छन् भन्ने जनविश्वास आजपर्यन्त जीवित छ । पारिवारिक सद्भाव र मैत्री-सहयोगमा उनी सधैं स्मरणीय रहेका छन् ।

शेख परिवारकै अर्का सदस्य हुन् कबीर । उनले आफूलाई 'शेख' भन्न र भनाउन चाहेनन्, बरू केही दिन चौधरी भनेर चिनिए- खेतीवाल भएको हैसियतले । पछि उनी संगीतप्रेमी भएर निस्के र सूफी संगीतमा डुब्दै गए । सांगीतिक कार्यक्रमको आयोजना गर्ने, संगीतकार र गायकलाई प्रसन्न बनाएर विदा गर्ने र यस्तैमा आफ्नो जीवन सफल भएको ठान्ने गर्दथे । त्योभन्दा पनि बढी उनी अरूको गला र कलाको वा गायन विधि र शैलीको कदर गर्थे, अनुसरण पनि गर्थे । अनि आफू पनि गाउने रहर पूरा गर्दै रहन्थे ।

एकपटक, शायद अन्तिम पटक थियो- शेख इद्रिस, बूढो शरीर लट्ठीको सहाराले थाम्दै कबीरका घरमा पुगे । साथमा दुइटी किशोरी छोरी थिए ।

'चाचा, चाचा, बाबा आउनु भएको छ ।' कबीरको छेउमा पुगेर एउटी किशोरीले भनी र कबीरको हात समाएर डोऱ्याउँदै बाहिर बरण्डामा ल्याई ।

अभिवादन गर्दै कबीरले अग्रज इद्रिसलाई बसाए र आफू पनि बसे ।

एउटी किशोरीतर्फ संकेत गरे कबीरले भने, 'भाइसाहब, यी अर्की मैयालाई चिनिनँ, बिर्से कि मैले !'

'नचिनेकै होला । चिनिहाल्छौ अजयसिंहलाई, शेख इद्रिसले भने, 'उनै पत्रकार तथा प्रजातन्त्रका सेनानी जसलाई पंचायतले सधैं खोज्यो र लुकेरै हिंडे । प्रजातन्त्रको पुनर्बहालीपछि न सरकारले चिन्यो न पार्टीले आफ्नो ठान्यो, न नेताले

नजिक आउन दिए । नाङ्गो शरीर र खाली खुट्टा, आधापेट खान्की र रोगको शिकार भएरै जीवन बित्यो । उनको स्थिति जान्ने र संझने धेरै छन् तर अहिले कोही छैनन् । कमाउ र शक्तिको नीतिमा सबै लागेका छन् । राजनीति गर्दैनन्, अराजनीतिक हुँदै गएका छन् । यी मैयाँ तिनै बाबुसाहेब अजयसिंहकी छोरी हुन् ।'

'जी । मैले बुझें । पृष्ठभूमि भन्नासाथ थाहा पाइहालें ।'

'अँ, प्रसंग फेरौं । तिमी सूफी भैहाल्यौ । कबीर सूफी साहब भनेको सुन्छु तिमीलाई ।'

'जी, के भन्छन्, ख्याल रहेन ।'

'शेखबाट चौधरी र फेरि सूफी । वाह ! भाइ मलाई पनि तिम्रो बाटोमा हिंडाऊ ।' शेख सहजभावले हाँसे ।

'जी ।' भन्दै कबीर पनि हाँसे ।

शेखले भने, 'भाइ, म तिमीसँग वचन माग्न आएको छु । तिमीले परदेशमा छाता भइदिनुपऱ्यो, संरक्षक रहिदिनुपऱ्यो ।'

'जी ।'

'जुन बाटोमा तिमी हिड्दै छौ, अपर्णा त्यही बाटोकी सफल यात्री हुन सक्छे । मैले यसको गायन सुनेको छु । थोरै मौका र सहयोगको खाँचो छ । व्ययभार तिमीलाई पर्दैन । गुरू भइदेऊ र छहारी बनिदेऊ, बस् । त्यति भए पुग्छ ।'

'त्यो कसरी ?'

शेखले थपे, 'करीम लखनौमा पढ्छ नि हैन ?'

'लखनौ हो कि इलाहाबाद एड्मिशन लिएर आयो क्यार ! होस्टल मिलेन भने साथी मिलेर घर भाडामा लिने भन्दैथ्यो । हेरौं के गर्छ ।'

'ल कुरा बन्यो, करीमलाई मैले भेट्न खोजेको छु भनिदेऊ । लखनौमा कसरी बस्नुपर्छ म सल्लाह दिन्छु । इलाहाबादतिर हो भने उनीहरू नै बढी जान्लान् ।'

'जी, म भन्छु । भेट्न आउँछन् ।'

'अपरा हैन ?'

'अपर्णा हो क्यार ! एउटा अक्षरले के फरक पर्छ र ! मलाई पनि अपरा नै हो कि जस्तो लाग्दै छ ।'

❑❑

८

लखनौको परिवेश अर्कै थियो । त्यो हिजोकै कुरा थियो, बिल्कुल संझनै लायकको ।

कबीर-पुत्र करीम अर्कै पन्थको यात्री थियो । ऊ मुट्ठी कस्न सक्तैनथ्यो । असल मित्र मात्र होइन, ऊ एक दिलदार, शौकीन र रसिकका रूपमा पनि चिनिन्थ्यो । त्यसैले पनि होला मुशायरा, कब्बाली र मुजराहरूमा उसको उपस्थिति पोषक भइदिन्थ्यो । कलाप्रेमी वा संगीतप्रेमीभन्दा रोमांटिक र सेवाग्राहीहरूको पंक्तिमा बढी आदरणीय मानिन्थ्यो ।

एउटा सच्चा मुसलमान, जो आफ्नो वचन र दृढतामा कहिले चुकेन । बडेबाबा शेख इद्रिस र बाबा शेख कबीरको इच्छा र निर्देशनलाई उसले कहिले व्यर्थ हुन दिएन । आफू बरालियो होला, बदलियो होला, पढाइको समय लम्बियो होला, अनि संगत र परिवेशले पनि उसलाई प्रभाव पार्‍यो होला । त्यो आफ्नै ठाउँमा छ । अझ महत्वपूर्ण कुरा त के हो भने उमेरमा चढेको रङ्ग र हजारौं-हजार अश्वशक्तिमा आरूढ भएको उत्साह र विजिगीषा अदम्य रूपले मुखर भएको प्रतीति थियो - करीमको व्यक्तित्वमा । हो, कुनै कार्य उसका लागि दुष्कर पनि भएन, न त ऊ स्वयं कसैका लागि भारी र असजिलो नै भयो । आफूसँग सम्बन्धित प्रत्येक कार्यमा ऊ अर्काका लागि सीमाबद्ध र मर्यादित नै भएर रह्यो । र, आफू चिप्लिएर पनि अरूसँग गरेको वचन-बद्धतामा ऊ न कहिले उदासीन रह्यो न ढिलो । अपितु सचेत रहेर तत्परताका साथ आफ्नो दायित्व पूरा गर्दै रह्यो ।

छल र अविश्वास यी दुवै शब्द प्रिय लाग्दैनन् र प्रयोग पनि सुखकर हुँदैन क्यार ! किन्तु यो पुरानो धारणा हो । छल र अविश्वास (धोखा) उपकारक र पोषक पनि भइदिन्छन् भन्ने कुरा करीमले प्रमाणित गरेर देखाइदियो । सन्दर्भ लामो हैन र घटना पनि ठूलो हैन । तर परिणाम यति मिठो र यति आदर्श

भइदियो कि यो एउटा उदाहरणीय/नजीर भएर रह्यो । शायद तुलना पनि छैन :

'योगेश, बाबाले र बडेबाबाले भनेका कुरा मैले केही पूरा गरें भन्ने लाग्छ । आफूलाई पछि राखें हुँला, त्यो अर्कै पक्ष हो ।' पढाइ लेखाइको औपचारिक रफ्तारलाई विधिवत् विश्राम दिएर उनीहरू घरको फूलबारीमा बेन्चमा बसेर संवाद शुरू गर्दै थिए ।

करीमको वाक्य नटुँगिँदै अपर्णाले आएर भनी, 'जी, चमेना तयार भयो, उतै जाऊँ कि ! उसको भनाइमा अनुरोध थियो, प्रस्ताव थियो ।'

फूलबारीको बसाइबाट उनीहरू भित्र सरे ।

'अपर्णा तिमी पनि बस, तिम्रा पनि कुरा सुनौं । जरूरी छ ।' करीमले भूमिकाबाट संवाद अघि सार्‍यो, 'योगेश, तिमीले पनि पढाइ पूरा गर्‍यौ । परीक्षा दिएपछि पूरा भएझैं भन्नुपर्छ । परिणाम बेसै होला ।'

डाइनिङ टेबिलमा आमने-सामने बसेका योगेश्वर सिंह र अपर्णाले अनायास आँखा जुधाए । करीमले अब के भन्ने हो भनेर उनीहरू उत्सुक भए ।

'मेरो पनि पढाइ पूरा भयो । अगाडि पढ्नु छैन । हाललाई यति नै काफी छ । तर म नेपालमा पसेर आफ्नो ज्ञानको दुरूपयोग गर्न सक्तिनँ । भनौं भने मेरो ज्ञानको प्रयोग आफ्नै देशका लागि घातक हुनसक्छ । बरू यतै बसेर म आफ्नो लाइनमा केही न केही गर्दै रहन्छु । तर यो घरमा चाहिं बस्तिनँ । सर्छु अथवा अन्तै जान्छु ।' करीमले आफ्नो सोच खुलस्त पार्‍यो ।

डाइनिङ टेबिलको उत्तर र दक्षिण कोणमा बसेर अपर्णा र योगेश्वर सिंहले हेराहेर गरे तर कुनै भाव संप्रेषण गर्न सकेनन् । उनीहरू करीमका विचार सुन्न एकाग्र हुँदै रहे ।

'मैले आफ्नो योजना भनिहालें । कुनै योजना विकल्पविहीन हुँदैन । त्यो पनि म जान्दछु । तैपनि...।'

'तैपनि के ? तिमी छोटे नबाबकी छोरीको प्रेमपाशबाट मुक्त हुन सक्तैनौ । यही भन्न खोज्दै छौ हैन त ?' योगेश्वर सिंहले, थोरै पर्दा उठायो ।

अपर्णाका आँखामा उत्सुकता भरियो ।

'त्यो मात्र होइन ।' करीमले यति मात्र भन्यो ।

'ए, अरू पनि ?' योगेश्वर सिंहले अलिकति हाँसो र थोरै व्यंग्यको छोप हाल्यो ।

करीमले योगेश्वर सिंहको भनाइलाई सरलताले लियो र यति मात्रै भन्यो, 'खै परम्पराले दिएको - लिएको कुरा ! पूरै गलत भनिहाल्न त मिल्दैन होला नि !'

'त्यो त हो । तर अर्द्धसत्य ! एकजना नारीलाई एउटा पुरुषको वीर्यशक्ति पर्याप्त हुँदैन । पूर्णताका लागि अनेक पटक आरोहणको आवृत्ति गरेर ज्वाला प्रशमन गर्नुपर्ने हुन्छ । शायद यो औपचारिक विधान हो । यदि यस्तो सावधानी राखिएन भने उनीहरू सजिलै पार्श्वद्वार खोल्न बाध्य हुन्छन् या चौर्यरतमा प्रवृत्त हुन्छन् । र, कुशल गृहिणीहरू बारम्बार आफ्नैबाट गैरीखेत जोताउन सक्छन्, कलापूर्ण अभिसार र प्रस्तुति दिएर । मेरो गुरू ठट्टामा यस्तै दीक्षा दिनुहुन्थ्यो ।' योगेश्वर सिंहले वाक्य टुंग्यायो ।

रातो मुख पारेर अपर्णा त्यहाँबाट उठी ।

'यो कुरा यहाँ भन्नु हुने थिएन ! मैले नकाम गरेंछु' भनेर उसले पश्चात्ताप लियो ।

स्वास्थ्य र जवानीको रङ्गमा करीमले समय र सम्पत्तिको सदुपयोग राम्रै गऱ्यो । बिल्कुल नबाबी शैलीमा यौवनकालका रसमय र ऊर्जावान् क्षण बितायो उसले लखनौमा । व्यक्तिगत रूचि र स्वतन्त्रतालाई उसले निर्बाध ढंगले निरन्तरता दिए तापनि आफूले वहन गरेको दायित्वलाई निर्वाह गर्न ऊ कहिल्यै चुकेन । घडीको सुई झैं ऊ आफ्नो समय तालिकामा सधैं अग्रगामी हुँदैरह्यो ।

मित्रता गाँस्न सजिलो छ किन्तु निर्वाह गर्न कठिन । करीम मित्रताको पक्षमा सदैव सहिष्णु, उदात्त र सहयोगी भएर रह्यो । त्यसैले पनि होला अपर्णा र योगेश्वर सिंह भिन्नभिन्न परिवार र भिन्नभिन्न संस्कृतिका उपजजस्ता नदेखिए तापनि तिल र चामल जस्तै स्वतन्त्र र भिन्न व्यक्तित्वका देखिन्थे छर्लङ्ग पूर्ण । र, दूध र पानीजस्तै मिलेर विद्यार्थी जीवन बिताउँथे सहर्ष ।

वस्तुतः यी तीन प्राणीको एउटा घर, सिंगो होस्टल, आफ्नै कम्पाउण्ड, ग्यारेज र आफ्नै फूलबारी । स्वतन्त्रता र सुरक्षामा चिन्ता थिएन । भन्नु मात्र थियो- किरायाको घर । स्वयं गृहस्वामीको शैलीमा बसेका यी तीन विद्यार्थी परस्पर मित्रता र एक अर्काको सम्मानलाई संविधान र आचारसंहिताको भावले पालना गर्थे ।

महानगरको बसाइमा संस्कृतिको उल्लंघन वा उपेक्षा पनि हुनसक्ला, एकान्त र अदृश्यमा अतिक्रमण पनि हुनसक्ला । अभेद्य दुर्ग त नैतिक सीमा र सामाजिक मर्यादा नै हुनसक्छ; कसैको निर्देशनबाट होइन अपितु आत्मविश्वास र स्वशासनले यस घरका प्रत्येक सदस्यलाई परिधिबद्ध गरेको थियो, नबाबहरूको महानगरीमा पनि ।

यसपटक अपर्णा फलफूलका प्लेट लिएर आई ।

करीमले भूमिका बाँध्नुको उद्देश्य उसले लखनौको बसाइ टुंग्याउन थियो र बिल्कुल स्वतन्त्र रहेर निरपेक्ष भावले बस्नु थियो । त्यसैले होला योगेश्वर सिंहप्रति लक्ष्य गरेर उसले सोध्यो 'तिम्रो पनि पढाइ पूरा भयो, अब के योजना छ योगेश ?'

'योजना त छ, तर अनिवार्य होइन, त्यो ऐच्छिक मात्र हो, एउटा शौक !' उसले सहज ढंगले थप्यो 'पहिलेदेखि नै मनमा पालेको लहड पूरा गर्ने रहर छ, मौका मिल्यो भने पूरा होला, हेरौं के हुन्छ ?' एक छिन रोकिएर फेरि भन्यो, 'तर अपराको पढाइको विषयमा हामीले चर्चा गरेनौं । उनी मौन छन् उनका पनि धारणा होलान् । यसबारे के सोचेका छौ तिमीले करीम ?'

अपर्णाले ओठ दोब्र्याएर टोकी र धारिला नजरले योगेश्वर सिंहलाई हेरेर चोट पुऱ्याउन खोजी अनि बिस्तारै दृष्टि फर्काई ।

'लठुवा योगी, अझै अपर्णाको नाम लिन जान्दैन ।' करीमले मनमन भन्यो ।

अपर्णा करीमको विचार सुन्न उत्सुक भई ।

'योगेश, आफ्नो ऐच्छिक योजना सुनाऊ न त, सुनौं । अनि अपर्णाको आगामी कार्यक्रम कस्तो हुन्छ यसबारे म पनि आफ्ना विचार राख्छु । बाँकी उनकै विचार हो ।'

'म चाहिं उनको योजनामा बल पुऱ्याउने मात्र हुँ । मेरो विचार उनकै पक्षमा हुनेछ । म बाधक बन्दिनँ । सम्झ यो मेरो वचन भो ।'

यस पटक अपर्णाले योगेश्वर सिंहलाई त्राटन संचार गर्ने शैलीले आँखा जुधाएर हेरी र कुर्सीबाट उठी ।

करीमले प्रसंग जोडेर थप्यो, 'त्यसो भए मलाई थाहा भो, या त तिमी ल गर्छौ, या पी-एच्.डी. । यदि पी-एच्.डी. गर्छौ भने शीर्षक मै दिन्छु तिमीलाई । यसबारे छलफल गरौंला । यदि लखनौबाट पी-एच्.डी. गर्ने हो भने यही घरमा बस, अपर्णा आफ्नो संगीतको पढाइलाई निरन्तरता दिन पाउँछिन् । यदि हैन, अर्के योजना भए उनको संगीत साधनामा रोकावट आउला कि ? यदि रोकावट आयो भने त्यो मेरा लागि पनि चिन्ताको विषय हुनेछ । सय कदम हिंडेर बित्तामा हारौं किन ?'

अपर्णा गुन्दै गई : करीम अब पहिले भैं धुरी र छाता बन्ने पक्षमा रहेन । योगी यहीं बस्छ भने यहीं बसेर संगीत-साधनामा अग्रसर हुँदै रहने मौका मिल्छ । र यो निर्णय उसका लागि पनि पोषक नै हुनेछ । किन पनि भने योगी अब उसका लागि त्यति भारी र असजिलो हुने थिएन ।

साँच्चै भन्ने हो भने योगी त्यहाँ थिएन भन्ने भावमा योगी हुने गर्थ्यो । अहंबोधले हो, व्यस्तताले हो अथवा अपर्णासँग संकोच मानेर हो, बढी देखियो भने उसलाई असजिलो होला र रियाजमा बाधा पर्ला भनेर हो, ऊ पातलो-पातलो देखिन्थ्यो । त्यसैले पनि अपर्णाको दिनचर्यामा अनुपस्थित रहेरै ऊ योग पुऱ्याउने गर्थ्यो रियाज-साधनामा । अपर्णा यो कुरा राम्ररी बुझ्थी, संझन्थी । त्यसैले होला उसले सहजै गुनी, 'आखिर अनुपस्थित रहेर पनि योग पुऱ्याउन सकिनेरहेछ नि होइन र !'

अपर्णा उच्च मनोबल र प्रचुर आत्मविश्वास भएकी बाला थिई । आफ्नो लक्ष्यमा केन्द्रित रहने र सानातिना असजिला र असंगत कुरालाई सहज बनाउने तथा उज्यालो पक्षको यात्रा गर्न रूचाउने प्रकृतिकी बाला थिई ऊ । लखनौको बसाइ र विद्यार्थी जीवन अस्थायी भए पनि आफ्नो घर-परिवेशलाई सरल, रसमय वा आनन्दमय बनाइराख्ने प्रमुख भूमिका उसैको थियो भन्ने कुरा करीम र योगेश्वर सिंहले बुझ्नेका थिए । वास्तवमा नारीतत्वको उपस्थितिले त्यो डेरा, त्यो होस्टल एउटा सुखद घरमा परिणत भएको बुझिन्थ्यो ।

❑❑

९

शेख बन्धु लखनौ पुगे ।

एकदिन, प्रसंगवश कबीरले अपर्णाको सूफी गायन सुन्ने रहर प्रकट गरे । नभन्दै शुक्रबार साँझ अपर्णाको एकल गायनको सांगीतिक कार्यक्रम हुने निश्चित भयो ।

करीमले यसलाई आफ्नो लखनौ बसाइको सुखद उपसंहार ठान्यो र सांगीतिक कार्यक्रम आयोजना हुने कक्षको सौन्दर्य-सजावटको जिम्मा आफूले लियो । स्वयं आयोजकको हैसियतले उसले आफ्नो उत्तरदायित्व ठान्यो र रूचिले, एकाग्रताले कार्यक्रम स्थलको सजावट पूर्ण गराउन अथक रूपले खट्टै गयो ।

यस कार्यक्रमलाई घरकै आयोजना ठानेर योगेश्वर सिंहले पनि तन्मयताले बल पुऱ्यायो र कार्यक्रममा चाहिने खाने-पिउने, मरमसाला र यावत् फर्माइसलाई उसले आफ्नो तर्फबाट व्यवस्था मिलायो- करीमको अनुमति र स्वीकृतिमा । परन्तु यो कुरा योगेश्वर सिंह र करीमभित्रै केन्द्रित थियो मित्रताको शर्तमा । त्यसैले अरूले थाहा पाउनु सम्भव थिएन ।

उचित अवसर हेरेर अपर्णा शेख इद्रिस समक्ष पुगी र अनुनयको भावमा भनी, 'बाबा, मेरो गायनलाई कबीर बाबा त राम्रैसँग संझनुहुन्छ र हजुर पनि यहीं हुनुहुन्छ । यो त मेरा लागि ठूलो सुयोग हो । म कृतज्ञ छु ।' एक छिन रोकिएर थपी, 'यस अवसरमा मेरो संगीत गुरू पनि आइदिनुभए मेरो गायकीलाई अझ हौसला मिल्ने थियो भन्ने आशा गरेकी छु । हजुरहरू के भन्नुहुन्छ ? उहाँलाई निम्ता गर्न मिल्छ ?'

'यो त उत्तम सोच हो । म तिम्रो भावनाको सम्मान गर्छु । र तिम्रो उदात्ततामाथि मलाई नाज छ बेटी । तिम्रो गायनप्रति उस्तादहरू गर्व गर्नेछन्, कमी कमजोरीलाई सुधार्ने सल्लाह दिनेछन् । बोलाउनै पर्छ, बोलाऊ । उहाँहरूलाई निमन्त्रणा पुऱ्याउन करीमलाई भन । हामी पनि भन्छौं ।'

कबीरले थपे, 'हो, उस्तादहरूको गायन पनि सुनौं । यो त राम्रो सुयोग हो हाम्रो लागि ।'

सांगीतिक कार्यक्रम शुरू भयो :

स्वागत भाषण योगेश्वर सिंहले गऱ्यो र कार्यक्रम बारे औपचारिक संबोधन करीमले । उस्ताद र उनको मण्डली एकातिर मस्त देखिन्थ्यो भने अर्कातिर शेख परिवार प्रसन्नताले उत्फुल्ल ।

अपर्णा अगि सरी । उस्ताद र आफ्ना गुरूजन अर्थात् शेख परिवारप्रति नमन भावले नजर र शिर झुकाएर गायनका निमित्त ऊ तत्पर देखिई ।

थोरै कर्ण-संवाद चल्यो र त्यसपछि वाद्यधुन काकलीबाट सुस्पष्ट रूपले संचारित हुँदै गयो ।

अपर्णाले सूफी गीत गाई र गायनलाई पूर्णता दिई ।

अपर्णाको गायनलाई सबैले तारीफ गरे । करीम केही अनुमान मात्र गर्थ्यो, आज प्रत्यक्ष ज्ञान भो उसलाई । अपर्णाको गायन, उसले पाएको ताली र स्याबासी देखेर करीमले आफ्नो संरक्षकत्व र दायित्व सार्थक भएको ठान्यो र हर्षविभोर भयो ।

शेखबन्धु गद्‌गद भए ।

योगेश्वर सिंह किंचित् फरक कोणमा थियो । ऊ संगीतलाई एउटा विशिष्ट कला मान्थ्यो । यसको प्राचीनता र व्याप्तिलाई अनि आधुनिक रूप र शक्तिलाई पनि बुझ्थ्यो, बजार र मूल्यलाई पनि संझन्थ्यो । सम्मान पनि गर्थ्यो । अनि संगीत आफैंमा पूर्ण र सबल विधा हो भन्ने पनि स्वीकार गर्थ्यो । फेरि पनि ऊ समर्पित थिएन, सामान्य रूपले लिन्थ्यो ।

यति जान्दाजान्दै पनि उसले आफूभित्र एउटा जिज्ञासा र कुतूहल हुर्काएको थियो : संगीत-तत्व आफैंमा पूर्ण छ । पूर्णताका लागि सप्तस्वर पर्याप्त छन् । अंकशास्त्रमा शून्यदेखि नौ (०-९) सम्मका संख्याले संसारको कुनै पनि गणनालाई पूर्णता दिन सक्छन् भने संगीत-तत्वले आफ्नो जादुई शक्ति र चमत्कार देखाउन काव्यमा आरूढ्ध हुनैपर्छ र ? गीतको आश्रय लिनैपर्छ र ? फेरि किन संगीतको स्वरूप र शक्ति आफैंमा पूर्ण छैन ? के नूनले आफ्नो आस्वाद्यतालाई व्यञ्जनमा पसेर स्वादु र चमत्कारपूर्ण देखाए जस्तो मात्र हो त ? संगीतलाई पराश्रित विधा भन्नैपर्छ त ?

ऊ गुन्दै गयो : जलको आस्वाद्यता अनुभव सिद्ध छ । किन्तु फलद्वारा प्राप्त गरिने जल तत्व र सुवास स्थान, समय, पर्यावरण र प्रौढता/परिपक्वताका आधारबाट पृथक्-पृथक् स्वादमा भोगिन्छ नि हैन र !

खास आयुमा सुनिश्चित ठाउँमा, पोषक परिवेशमा तथा सुस्थिर-एकाग्र मनोयोगले ऐजन मौकामा सत्पात्रमाथि गरेको वीर्यप्रहार कति स्वस्थकर र कति आनन्दकर हुन्छ, त्यो पनि अनिर्वचनीय नै हुन्छ नि हैन र ! शायद संगीत प्रक्षेपण र ग्रहण पनि त्यत्तिकै आनन्दकर मानिन्छ चौर्यरत जस्तै कि ! पारखीहरू नै संगीतको स्वाद सम्झेलान् त ? मनमन यस्तै कुराको गणित गर्दै थियो योगेश्वर सिंह । अपर्णाले आएर उसको पाखुरा समाई । ऊ झस्क्यो ।

'ठाकुर सा'ब, कहाँ पुग्नु भा'छ हजुर ? अब मेरो उस्ताद गाउँदै हुनुहुन्छ । सुन्नुहोस् है ।'

योगेश्वर सिंहले एक पटक मन्चमा दृष्टि घुमायो । उस्तादको टोली साजका साथ मुखर हुँदै थियो ।

उसको आत्मचिन्तन रोकिएन । ऊ फेरि आफैंभित्र हराउँदै गयो : पृथक्-पृथक् माध्यमले अनेक स्वाद र सुगन्धमा परिणत भएर व्यक्त हुने जलको आस्वाद्यतालाई म कसरी तुलना गरौं संगीत र सम्भोगसँग ? एकातिर सरस्वती छन्, अर्कातिर कामदेव । के सरस्वतीको पथबाट कामदेवको उपासना वर्जित छ ? प्रेमार्थीहरू प्रणयसिद्धिका लागि वाग्देवीको उपासना-आराधना नगरी आफ्नो लक्ष्यमा पुग्लान् त ? असम्भव ! नत्र प्रणय गीत, कथा र प्रेमपत्रहरू इतिहास बनेर रहने नै थिएनन् कि ?

उता माइकिङ भयो । अपर्णाले योगेश्वर सिंहलाई आफ्ना गुरूको गायन शुरू हुन लागेको छ भनेर संकेत गरी । फेरि उसका पाखुरा समाएर हल्लाई । उसले सतर्क रहेको अभिनय देखायो ।

अपर्णा त्यहाँबाट सरी ।

अपर्णाका उस्तादले (गुरूले) माइक समाए :

'म अपर्णाका लागि थोरै शब्द भन्न चाहन्छु । यो गला हजारौंमा एक कतै पाइएला, त्यो पनि मुश्किलले । गलाले देखाएको त्यो कला अर्थात् गायन शैली वा विधि-पद्धति भनौं त्यो आफैंमा भिन्न छ, बिल्कुल अतुलनीय । मूल गायकले यसलाई जुन उँचाइमा पुऱ्याएर स्थापित गरेका थिए, त्यसलाई प्रकारान्तर गायन पद्धतिबाट अन्यतम उँचाइमा अपर्णाले पुऱ्याएकी छन्, म दावाका साथ भन्दैछु ।'

उनले अपर्णातिर लक्ष्य गरेर थपे, 'तिम्रो गायन सूफी गायनको इतिहासमा उदाहरणीय रहेको छ, अब्बल छ ।' उनले आँखाभरि आँसु पारेर भने, 'मलाई भन्न संकोच छैन, र माग्न पनि ग्लानि छैन, आजको तिम्रो गायन गुरूदक्षिणाको

रूपमा तिमी मलाई देऊ, म आफैंमा पूर्ण र सन्तुष्ट रहनेछु । तिमीजस्ती संगतिकी देवीको गुरू हुन पाउनु मेरो पनि सौभाग्य हो !'

दर्शक दीर्घामा रहेका संगीतप्रेमीहरू स्तब्ध थिए, भाव-विभोर थिए, अश्रुसिक्त थिए । उस्तादका प्रत्येक शब्दको भाव र मर्म बुझ्दथे । परस्पर मुखामुख गरे ।

अब ताली बजे ।

शेख बन्धु मौनभावले कार्यक्रम र परिवेशभित्र आफैंलाई हराउँदै थिए । करीम कार्यक्रमको सूत्रधार जस्तो वरपर, यता-उता निरन्तर गतिमान् देखिन्थ्यो मानों घडीको सेकेण्ड सुई हो ।

योगेश्वर सिंह संगीतको माध्यमले प्रेम र कामदेवलाई आनन्दतत्व/ईश्वरतत्वसँग मिलाउने शक्ति ठानेर आफैंभित्र मन्थन गर्दै थियो । छेउमा पुगेर अपर्णाले भनी, 'हजुर कहाँ पुग्नुभएको छ ठाकुर सा'ब ? म फर्काउन आएकी छु फेरि ।'

ऊ झस्क्यो र यथार्थमा फर्कियो ।

'कार्यक्रमको अन्त्यतिर छौं । अब मेरा गुरू गाउँदै हुनुहुन्छ । म हजुरलाई अनुरोध गर्न आएकी छु । अब ब्युँझनुपर्छ ।' अपर्णाले औचित्य जनाई र ऊ आफ्नो ठाउँमा पुगी अनि सितारमा झन्कार भर्न थाली ।

सितारको तारमा अपर्णाका औंलाले तलमाथि गरेर नृत्य-झन्कार भर्न थालेपछि योगेश्वर सिंह कार्यक्रमतर्फ उन्मुख देखियो ।

अपर्णाले फेरि आँखीभौं नचाएर उसलाई सचेष्ट रहने संकेत गरी । यस पटक उसले संकेतको पालना गऱ्यो ।

अपर्णाको संगीत गुरूले दोहोऱ्याएर भने, 'अपर्णाको गायनलाई मैले गुरूदक्षिणाको भावले मागें, नदिए पनि लिएँ । मैले विश्वास लिएको छु, उनले मेरो याचना प्रस्ताव अनुमोदन गरेको हुनुपर्छ ।'

उस्तादका तर्फबाट आएको कलाप्रेमीहरूको मण्डलीबाट तालीको वर्षा भयो ।

सूफी गायनतर्फ उनलाई उछिन्ने अर्को गायक त्यसवेला थिएन लखनौमा । गाउने पालो अब उनकै थियो । दर्शकदीर्घामा दृष्टि घुमाएर एक छिन पछि उनले थपे, आजको यो मेरो गायन नवोदित उनै शीर्षस्थ गायिका, जो मेरी शिष्याको रूपमा यहाँ चिनिएकी छन्, अपर्णा, म उनैलाई उपहार स्वरूप पेश गर्छु, अर्पण गर्छु ।'

उनले गाए र टुंग्याए ।

ताली बजे । दर्शक दीर्घा चलायमान देखियो ।

करबद्ध रहेर अपर्णाले नमनको भावले अनुमोदन गरी, आभार व्यक्त गरी, धन्यवाद ज्ञापन गरी र आफ्नो ठाउँमा बसी ।

शेखबन्धु हर्षले गद्‌गद भए । करीम वायुपंखीजस्तो देखिंदै गयो । योगेश्वर अझै बहिर्मुखी नै थियो । ऊ अत्यन्त प्रफुल्ल देखियो ।

गुरू-चेली आभार र कृतज्ञता, धन्यवाद र प्रशस्ति (बधाई) ज्ञापन-अर्पण गर्न नजिक भए । शेखबन्धुहरूले वृद्धावस्थाका कारण परै बसेर खुशी बाँडे ।

आजको खानपिनमा शेखबन्धुलाई योगेश्वर सिंहले, संगीत गुरू र उनको टोलीलाई अपर्णाले अनि अन्य आमन्त्रित अतिथिजनलाई करीमले सँगै लगेर सहभागी गराए ।

अन्त्यमा आज अपर्णा आफैंले करीम र योगेश्वर सिंहलाई दायाँ र बायाँ अँगालोले च्यापेर भोजमा सम्मिलित गराई ।

गुरूजन, संगीत साधक प्रेमीहरू जमघट र भोजमा रमाउँदै रहे । पछि पान र पानपराग च्यापेर अतिथिजन आफ्नो गन्तव्यतिर उन्मुख हुँदै गए ।

आयोजकहरूको स्थानबाट अपर्णा, करीम र योगेश्वर सिंहले द्वारको छेउमा उभिएर विनम्र भावले अतिथिहरूलाई विदा गरे ।

आजको सांगीतिक भेला लखनौको सन्दर्भमा अविस्मरणीय हुने अर्थमा परिणत हुँदै रह्‌यो ।

❑❑

१०

लखनौको यो छात्रावास घरमा योगेश्वर सिंहले अपर्णाभन्दा दुई साता अघि मात्र प्रवेश गरेको थियो । झन्नै-झन्नै सारा घर उसैले आफ्नो बिर्ता र क्रीडा केन्द्र बनाएको थियो । तेस्रो सातामा अपर्णा आई । योगेश्वर सिंह नभएको वेला पारेर घर सफा-सुग्घर र व्यवस्थित पारी । किन्तु परिणाम त्यति निर्मल देखिएन । अपर्णाका अगाडि योगेश्वर सिंहले आफू होचो वा असभ्य देखिएँ कि भन्ने ठानेर ग्लानिको चस्का बोक्यो ।

अझ त्यस दिनदेखि योगेश्वर सिंहको स्वभावमा परिवर्तन आयो जुन दिन कसैले बाथरूमको ढोका अचानक खोल्यो र फेरि तुरून्तै बन्द भयो । भित्र योगेश्वर सिंह प्रकृत रूपले स्नान गर्दै थियो । साबुनको झागले सेताम्मे शरीर, बन्द आँखा कसले खोल्यो र कसले बन्द ग-यो ढोका, थाहा पाउनु सम्भव थिएन उसका लागि ।

'को ? यो ढोका खोल्ने को हो ?' योगेश्वर सिंहको सिंहगर्जना अब शान्त भयो । अनि ऊ आफैंसँग बोल्यो, 'हत्तेरि, बन्द गर्न बिर्सेछु क्यार ! नकाम भो ।'

हो, स्नान गर्न जानुअघि पनि घरमा को छ को छैन भनेर गणित गर्नु आवश्यक ठानेन र अहिले निस्केपछि पनि त्यसको तथ्याङ्क लिने हिम्मत जुटाउन सकेन । तैपनि ढोकाहरूमा दृष्टिसम्म घुमायो । ढोका बन्दै थिए; र बाहिरलाई बाक्ला पर्दा लागेकै थिए । त्यसैले चालमारेझैं गरेर ऊ सरक्क आफ्नो कोठामा पस्यो । कहीं जानु थियो, टाई कसेर तुरून्तै निस्कियो ।

मूल ढोका खुल्यो । कार स्टार्ट भयो र बाहिरियो । फेरि मूल ढोका बन्द भयो । कारको ढोका पनि लाग्यो र गुड्यो । ध्वनि बिस्तारै टाढा हुँदै गयो । यता खुला इयाल र बन्द ढोकाभित्रबाट यो झिल्का घटनाको अध्ययन ध्वनिको माध्यमले कोही गर्दै थियो ।

गलेका, बिलाएका हात-पाउमा शक्ति भरिएपछि अपर्णा बिस्तारै ढोका खोलेर कक्षबाट निस्की । अनि हाई गर्दै धारोपानीतर्फ गएर आफूलाई जाँगरिलो बनाउने पलमा लागी ।

हो, यसै दिनदेखि योगेश्वर सिंह टाढा हुँदै गएको आभास हुन्थ्यो । ऊ आँखा लुकाउँथ्यो । दोहोरो संवादबाट जोगिन खोज्थ्यो । भनेको काम विना प्रश्न र विना तर्क पूरा गर्ने गर्थ्यो । क्षणभर पनि ऊ अपर्णाका अगाडि स्थिर भएर रहन सक्तैनथ्यो । यस्तो लाग्थ्यो- मानों ऊ अपराधी हो र अपराध पक्रने भयले जोगिने यत्न गर्थ्यो । परन्तु यसरी योगेश्वर सिंहमा आएको प्रत्यक्ष परिवर्तन र बेचैनीलाई परोक्ष द्रष्टाभावले अपर्णा हेर्दै रही, मनन गर्दै रही ।

उचित अवसर हेरेर एकदिन उसले यति मात्र भनी, 'ठाकुर सा'ब, मैले त्यसदिन केही देखिनँ । देखेकै हैन ।' एक पाइला हिँडी र फर्केर फेरि थपी, 'अब मैले कुनै अर्को पुरुष-देहलाई यस रूपमा हेर्नुछैन ।'

त्यसपछि ऊ सिंहिनीको घेराबाट छुटेको मृगशावक झैं भय-लज्जा मुक्त भएर रहन थाल्यो । अनि पहिलेजस्तै सामान्य लहडी गायक वा बाथस्म सिंगरको रूपमा फेरि चिनिँदै गयो । उसको व्यवहारमा देखिने गरेका कमा र फुलस्टप अर्थात् असमय र गतिरोधमा देखापर्ने अल्पविराम, अर्द्धविराम र पूर्णविरामहरू भेटिँदै गए । यथार्थमा उसले पीडा मोचन, लज्जा मोचन, संकोच मोचन, हीनता मोचन भएको अनुभव गऱ्यो । उसको जीवनशैली अब झन् सरल र रसमय देखिँदै आयो । अपर्णा परिवर्तित स्थितिको अध्ययन गर्दै थिई ।

मौका हेरेर एक दिन योगेश्वर सिंहले भन्यो, 'मलाई दूधले नुहाइदियौ । अहिले म भित्र-बाहिर सबैतिरबाट पवित्र भएको छु । अपराध मोचन भएको अनुभव गर्दैछु । धन्यवाद अपरा तिमीलाई ।'

'अपरा' सुनेर ऊ फिस्स हाँसी- उपहास भावले तर सङ्लो देखिई सर्वथा निर्विकार । अनि पहिलो पटक उच्च उत्सुकता लिएर योगेश्वर सिंहका आँखामा हेरी । उसका ओठमा पनि नजर घुमाई र सघन रोमावलियुक्त वयस्क वक्षस्थलमा दृष्टि पुऱ्याई ।

'यत्रो लामो दण्डविधान किन ?' अपर्णासँग नजिक हुने र न्यानो भाव पाउने आशामा प्रश्नभावले बोल्यो ।

'छ त्यसको पनि कारण ।'

'म जान्न चाहन्छु ।'

'अहिले यहाँ होइन, फेरि कतै ।'

'के इमामबाडा घुम्न जाँदा हुन्छ त ? त्यो कतै हुन्छ ?'

'अँहँ ।'

'सिनेमा हेर्न जाऊँ त ?'

'अहँ, आज यहीं भरे याङ्सिला मूबी हेर्ने हो ।'

'कुनै बगैचामा जाऊँ त ?'

'त्यो पनि कतै हो र ?'

'कि हजरतगन्ज जाउँ त घुम्न ?'

'त्यहाँ पार्किङ्को समस्या होला कि ?'

'वरपर कतै गरौला नि ! त्यसको चिन्ता छैन ।'

सहमति भयो, दुवै निस्के ।

हजरतगन्जको नबाब कफी हाउस र यसभित्रको नबाबी शैली, त्यो आफैंमा गौरवमय थियो । त्यहाँ पुगेर फर्कनेहरू अलिकति आफ्नो उँचाइ र दर्जा बढेको अनुभव गर्थे । आज अपर्णा र योगेश्वर सिंहले यहाँ वेला निकै खर्च गरे ।

झट्ट पस्ता यसले अमेरिकाको कफी हाउस हो कि भन्ने छनक मिल्थ्यो । ग्राहकहरू ल्यापटप खोलेर त्यसैमा व्यस्त देखिन्थे । ग्राहक जति बसून्, उठेर जा भन्ने संकेतको क्लासिक पद्धति त्यहाँ थिएन, जस्तो कतिपय ठाउँमा निस्कन हतार लगाइन्छ- घुमाउने शैलीबाट दबाव दिएर । त्यसको विपरीत यहाँको प्रवेश र निर्गमन मनोवैज्ञानिक दृष्टिले अत्यन्त आल्हादक, पोषक र पूर्ण ऊर्जामय हुने गर्थ्यो । त्यसैले होला समय र सम्पदाका स्वामीहरू कुनै न कुनै वेला नबाब कफी हाउसको नबाबी संस्कृतिमा आफूलाई दर्ता गर्न पुग्थे - एक पटक ।

नेपाली विद्यार्थीहरूको यो सानो एकाइ आज यही कफी हाउसमा पुगेर निस्कँदै थियो ।

'शपिङ सेन्टरमा पसेर निस्कने हो कि अपरा' फुटपाथमा हिंड्न थालेपछि योगेश्वर सिंहले सरल भावले प्रस्ताव राख्यो ।

हिंड्दा हिंड्दै ऊ टक्क रोकिई । एक पटक लामो सास तानेर छोडी । तल्लो ओठ टोकी अनि आँखा बन्द गरी । फेरि नाकका पोरा फुलाएर प्रच्छ्वास छरी ।

योगेश्वर सिंह दुई पाइला पछि फर्क्यो र अपर्णाको पाखुरा समाएर सोध्यो, 'किन रोकियौ ? के भयो ? कि केही छुट्यो कफी हाउसमा ?'

'स्यान्डिल बिझायो, त्यसैले ।' ऊ हाजिरीजवाफमा तेज थिई ।

'हिड्न सकिन्छ भने एकैछिन हो, हिँड । नत्र यहीं उभिइरहू । म तुरून्तै एक जोर किनेर ल्याउँछु, साइज बताऊ ।' फेरि तुरून्तै विकल्प सोचेर भन्यो, 'कि रिक्सा गरेर जुत्ता-पसलमा जाऔं, कि कारसम्म । के भन्छ्यौ ?'

'क्यै गर्नु पर्दैन । बिझाउन छोड्यो ।' अनि मनमनै गुनी; 'यो इमान्दार उल्लु । केटीहरूको संगतमा नपरेको चोखो ब्रह्मचारी शायद यस्तै हुन्छ; यो त्यही हो ।' उसले भर्त्सना पनि गरी र क्षोभ पनि मानी ।

'बिझाउन छोड्यो ठीकै भो, नत्र बोक्नै परे पनि कारसम्म त बोक्थें । खैर ! त्यस्तो क्यै परेन ।' अनि थोरै स्मिति फैलायो र फेरि सन्दर्भ जोड्यो, 'एक पटक शपिङ सेन्टरमा पस्ने हो कि !'

'अहँ, मैले केही किन्नु पनि छैन र त्यहाँ घुम्ने रहर पनि छैन ।'

'म मेरा तर्फबाट केही किनिदिन्छु नि !' उसले अनुनयको भावमा प्रस्ताव गऱ्यो ।

'हुँदैन भनेपछि हुँदैन । बस् । धेरै भो भने म रिक्सा गरेर एक्लै फर्कन्छु ।'

'तिमी रिसाए जस्ती छौ, हामी त मैत्री-भावले पो घुम्दै छौं त ! यो त अनुरोध हो, दबाब होइन नि !' संवाद शैली फेरेर उसले भन्यो, 'तर मलाई थर्काउँदै छौ ।'

अपर्णा चाख मानेर योगेश्वर सिंहका कुरा सुन्न थाली ।

'आजसम्म तिम्रा लागि कति सामान ल्याइसक्थें । कत्रो रहर थियो मलाई । आँट पनि आएन । तिम्रा मन पर्ने रङ्ग, डिजाइन र साइज पनि थाहा हुन सकेन । तिम्रो मन बुझ्न नसकेपछि मेरो रहर त्यसै सुकेर गयो । भनौं मौका नै परेन । शायद तिम्रो सहमति चाहिन्थ्यो । मैले चाहेको कुरा ठीक हो कि होइन परिणाम सोच्नै सकिनँ ।' उसले गम्भीर भएर मर्यादाको पालना गर्दै भन्यो ।

'मौका पर्ला नि ! विना साधना केही हुन्छ ?' भनेर ऊ अन्तर्मुखी भई र योगेश्वर सिंहले उसका पाखुरा समाएर के भो भन्दै आफूभित्र ममता र सद्भाव संचार गरेको अनुभव संभी ।

'ठीक छ, साधना गर्न त सकिएला, तर मौका तिमीले दिनुपर्छ है सिंहबाला ! पर्खन्छु ।' यसपटक ऊ हलुका भएर बोल्यो ।

आफ्ना पाखुराको भर दिएर योगेश्वर सिंहले अपर्णालाई कारसम्म पुऱ्यायो र कार खोल्दै भन्यो, 'क्रोध शान्त भए भन देवी, अब कता जाऊँ ? के बाँकी छ ?' ऊ अझ हलुका देखा पऱ्यो ।

'बाँकी पनि धेरै छ, र चाहिएको पनि बाँकी छ ।'

योगेश्वर सिंह बारम्बार यो वाक्य दोहोऱ्याएर अर्थ खोज्न थाल्यो, 'बाँकी पनि धेरै छ र चाहिएको पनि बाँकी... ।'

'भैगो अब कुल्फी लिएर फर्कौं, यहाँको कुल्फी नामी छ । भरे सबै जना सँगै बसेर खाउँला नि हुन्न ?' उसले बाटो छोट्याई ।

'हुकुम शिरमा ।' योगेश्वर सिंहले सहमति जनायो ।

'अपर्णा, आज यी विद्यार्थी बाबुसँग बसेर चाय लिन्छु' भनेर शेख इद्रिसले योगेश्वर सिंहलाई आफ्नो छेउमा बस्ने संकेत गरे । उसले पनि शेखका अगाडि चियाका सामग्री राखी अनि स्वयं तैयार गरेर उनको चिया र नमकीन अघि सारी । शेखप्रति उसको सम्मानभाव प्रष्ट झल्कन्थ्यो ।

अपर्णाले शेखप्रति जुन आँखाले हेरी, पलक नझारी तिनै आँखाले योगेश्वर सिंहलाई धारिलो तीर हानी र चिया तयार पारेर उसका अगाडि पनि राखिदिई ।

'मैयाँ, तिमी पनि चमेनामा हामीलाई साथ देऊ, बस ।' शेखले वत्सलभावले प्रस्ताव गरे ।

'जी बाबा' भनेर अपर्णा आफ्ना लागि चिया बनाउन थाली ।

'तिम्रो विषयमा करीम भन्थ्यो- योगेश्वर बाबुजस्तो सच्चा साथी र उदार युवक आजको जमानामा पाउन मुश्किल छ । उसका कुरा सुनेर म खुशी छु । आज गफ गर्ने मौका पनि पाएँ ।' चियाको सुर्को तानेर शेखले थपे, 'मेरो मनमा एउटा औडाहा मच्चिन खोज्दैछ । त्यसैले बाबुलाई सोध्दै छु - करीम यो गुँड छोडेर उड्न खोज्दै छ, बाबुको पनि त्यस्तै सोचाइ छ कि ? किनभने अब तेस्रो प्राणीको विषयमा पनि गम्भीर हुने वेला आएजस्तो छ, त्यसैले यो कुरा उठाउँदैछु ।'

योगेश्वर सिंहले शेखको भनाइलाई विनयपूर्वक सुन्यो र मौनता लिएर बस्यो । सामुन्ने बसेकी अपर्णाले मौका छोपेर योगेश्वर सिंहमाथि त्राटनपूर्ण दृष्टि-विलास प्रक्षेपण गरी । किन्तु ऊ सिंहभावले महानता ओढेर अविचल रहिरह्यो ।

'म पहिले आफ्नो कुरा भन्छु, अनि तिमीहरूको सुन्छु । त्यो के हो भने, आफ्नो ठाउँमा पनि र यहाँ लखनौमा पनि म आफ्नो वर्गलाई सजिलै चिन्छु भन्ने हेक्का राख्छु ।'

'जी ।'

'त्यो मेरो उमेरको वर्ग र मेरो संस्कृतिको घेराभित्रको वर्ग हो ।'

'जी ।' योगेश्वर सिंह वेलावेला सहमति जनाउँदै थियो । अपर्णा शिर निहुऱ्याएको या पलक झारेको शैलीमा प्रस्तुत हुन्थी । आँखा उठायो कि आँखीभौं नचाएर योगेश्वर सिंहप्रति प्रश्न छोड्थी - शेखको नजरबाट जोगिएर ।

'त्यस्तै, यहाँ मैले जान्न खोजेको कुरा के हो भने तिमीहरू एकअर्काको वर्गसँग परिचित रहेका होउला नि !' एक छिन रोकिएर शेखले फेरि भने, 'जस्तो सिंहले सिंहको वा गाईले गाईको वर्ग चिन्छ नि ! हैन र ?'

'जी चिन्छ, चिन्नु पर्छ । फेरि अपरा त सिंहबाला नै हुन् नि !'

'हजुर पनि सिंहकुमार !' प्रणयजन्य यौवन विलासको अभिनय छर्दै उसले थपी, 'बाबा, हजुरलाई थाहा छ, हजुरको ब्रह्मचारी याने यी ठाकुर साहेबलाई अझै मेरो नाम थाहा छैन ।' अनि चमेनाका पात्रहरू बटुलेर श्रोणी नृत्यविलास झल्काउँदै हिँडी ।

शेख अपर्णाका गुलाबी प्रहारमाथि अट्टहास छोडेर हाँसे र भने, 'यसरी नहाँसेको कैयौं समय भएछ । हाऽ हाऽऽ हाऽऽऽ !' अनि थपे, 'नाम फेर्ने प्रावधान छ क्यार विवाहमा । हैन र ?' फेरि हाँसे हाऽ हाऽऽ हाऽऽऽ ।

शेखका प्रत्येक शब्द अपर्णाका कानमा थिए ।

अपर्णा यस पटक पान लिएर आई । तर उसको अनुहारमा लालिमा भरिएको थियो ।

'बूढो धेरै बोल्छ भनेर अपर्णाले पान ल्याइन् । अब मेरो बोलती बन्द हुने भो, हाऽ हाऽऽ हाऽऽऽ ।'

आँखाको इशारामा अपर्णा योगेश्वर सिंहलाई पान लिन उत्प्रेषण गर्दै रही ।

शेखले प्रकृत स्वभावमा भने, 'पान आयो, अब म पान लिन्छु । यत्रो बेर म मात्र बोलें । अब बाबुको र मैयाँको कुरा सुन्छु । सुन्ने पालो पनि मेरो है !'

अपर्णातिर हेरेर योगेश्वर सिंहले बस्ने संकेत गऱ्यो र भन्यो, 'बुबाकै कुरा सुनौं न आज, हाम्रा कुरा त हुँदै रहन्छन् नि !'

'मेरो कुरा सकियो । लौ मैयाँ तिमी भन ।' शेख मौन भए ।

अपर्णाले एक छेउ ओठ टोकी अनि भूमिका नबाँधी भनी, 'बाबा, सूफी संगीतमा मेरो प्रवेश भयो; यति भए हाललाई पुग्छ । अभ्यास-साधनाको खाँचो पर्छ । म त्यसमा निरन्तर लागिरहन्छु । लखनौको बसाइबाट मैले यही लाभ लिएँ । बाबा, यो त हजुरको आशीर्वादको फल हो नि !'

'यो त ज्यादै राम्रो कुरा हो । म तिम्रो आत्मविश्वास र सफलताको कदर गर्छु ।'

'अब ? अर्थात् यसपछि ?' योगेश्वर सिंहले यसपटक प्रश्न गऱ्यो ।

'बाबा, मलाई दक्षिण भारतीय संगीत अर्थात् उताको शास्त्रीय संगीत सिक्ने रहर छ । मौका पाए त्यसमा दक्षता लिनसक्ने थिएँ कि ! मेरो विश्वास बोल्छ, म सफल हुन्छु । संगीतमा लगन र समर्पणको खाँचो पर्छ । म पूर्णभावले खट्न सक्छु भन्ने लाग्छ । बस्, मौकाको पखाइमा छु भन्नुपऱ्यो ।' एक छिन रोकिई र उसले थपी, 'इच्छा छ, तर मेरो हातमा केही छैन । फेरि पनि... हेरौं, हजुरको आशीर्वाद छँदैछ, (योगेश्वर सिंहतिर दृष्टि पुऱ्याएर) अब साथीको भर कस्तो हुन्छ, के गराउँछ !' अपर्णाले एकैपटक आफ्ना कुरा टुङ्ग्याई ।

शेखले योगेश्वर सिंहतिर प्रश्नभावले हेरे । योगेश्वर सिंहले आफ्नो पक्षमा उपयोगी हुने कुरा भन्ला कि भनेर उनी अपेक्षा गर्दै थिए ।

'बाबा, म एल.एल.बी. गर्न चाहन्छु । त्यसैले म पनि यो गुँड छाडेर उड्दै छु ।' अनि अपर्णातिर लक्ष्य गरेर थप्यो, 'मलाई इलाहाबाद युनिभर्सिटीको विद्यार्थी हुने रहर छ ।'

'क्या बात ! यह हुई न बात ! वाह !' शेखले प्रसन्नता व्यक्त गरे र रोमांचित भएर उठे । अनि थपे, 'बस्, अब बनी बात और जब बात हुई तो बात बनी !'

शेखको खुशीमा शामेल हुन कार पार्क गरेर कबीर पनि आइपुग्यो ।

विमर्शपछि सबैले स्वस्थ निकास फेला परेको अनुभव गरे । लखनौको बसाइ टुंगिने भो ।

❑❑

११

आखिर इलाहाबाद नै केन्द्र भयो ।

'अपरा, आज अन्तै जान्छु, खाना नपर्खनु है !'

'नपर्खनु कि नराख्नु ?' अपर्णाले स्पष्टता खोजी ।

योगेश्वर सिंह अक्मकायो ।

अपर्णाले थपी, 'अनि मेरो नाम अझै आउँदैन हजुरलाई ?' उसको भनाइमा स्वाभिमान र असहमति ध्वनित थियो ।

योगेश्वर सिंह स्तब्ध भयो । आफ्नो व्यक्तित्वमा कम्पन आएको उसले अनुभव गऱ्यो । थोरै पराजित, किन्चित् असफल हुन पुगेजस्तो ठान्यो, अनि ' हजुर' भन्ने आदरणीय शब्दले मान गरेको बुझेर खुशीले ऊर्जावान् हुँदै भन्यो, 'त्यसो त हैन ।'

योगेश्वर सिंह थोरै बोल्ने प्रकृतिको युवा हो भन्ने कुरा अपर्णा जान्दथी । त्यसैले समय र परिवेशको गणित गरेर 'भैगो, मैले बुझें' भन्दै ऊ अर्को कक्षमा गई र इस्त्री लगाएर पट्याएका लुगा उसका हातमा थमाउँदै भनी, 'साथीहरूको जमघटमा जाने भए हजुर लुगा फेरेर जानू ।'

यसपटक अनुनय र अधिकारको आवरणले पोषित रहेको स्वाभाविक, ललित्यपूर्ण किन्तु सूक्ष्म प्रणय-झिल्काले आफ्नो अन्तस्तल आलोकित भएको अनुभव गरेर योगेश्वर सिंह एकपटक भित्रैदेखि पुलकित भयो । अपर्णाको वाक्पटुता, वेलाबोध र व्यवहार कौशल बुझेर अर्कै मनोलोक निर्माण गऱ्यो र मनमनै कृतज्ञताको भाव प्रकट गर्दैगर्दै ऊ आफ्नो गन्तव्यमा पुग्यो ।

योगेश्वर सिंहको परिधान र प्रसन्नताप्रति लक्ष्य गरेर साथीहरूले मनमनै टिप्पणी गरे :

'योगीको व्यक्तित्वमा आज निखार आएको देखिन्छ ।'

'सौन्दर्यको चेतनाले स्पर्श गरेजस्तो छ योगेशलाई ।'

'कतै हेर्ने र देखिने कार्यक्रममा भाग लिएर त आएको होइन ?'

'साँच्चै योगेश्वरको व्यक्तित्व खुलेको छ, यसका पछाडि कुनै खास कारण हुनुपर्छ ।'

एउटाले मुख खोल्यो, 'म जे देख्तैछु र जे भन्दैछु त्यो परिहास हैन है साथी हो ।' उसको लक्ष्य योगेश्वरतर्फ थियो ।

योगेश्वर सन्दर्भ बुझ्दै थियो । त्यसैले भन्यो, 'भन न, म मित्रहरूका कुरा सुन्छु नि !' आफ्नो स्वभाव अनुसार सरल भावले थप्यो, 'सबैका कुरा सुन्छु, पालैपालो सुन्छु । त्यसैले त म मित्रमण्डलीमा हाजिर भएको छु नि !'

'योगी, अहिले त तिमी साँच्चै नै हाम्रो नेता देखिन्छौ ।'

'हो, हिजोसम्म बौद्धिक स्तरबाट मात्रै हाम्रो रानो देखिएका थियौ, अब त भौतिक व्यक्तित्वले पनि रानो भएको पुष्टि हुन्छ ।'

योगेश्वर सिंह अतिरञ्जना र उलाहनाबाट सधैं टाढा रहने यत्न गर्थ्यो । नक्काशीबाट विरक्त हुन्थ्यो । चाटुकारीपूर्ण संवाद वा मसाज-मालिसबाट जोगिने गर्थ्यो । यति मात्र होइन, परनिन्दा र परपीडनबाट समेत ऊ विरत रहन्थ्यो । यसलाई उसले व्रत वा आचारसंहिताकै भावले निर्वाह गरेको थियो । उसको मित्रमण्डलीमा यो कुरा बुझ्ने सदस्यहरू पनि थिए ।

दुई सदस्यको डेरा-घर, यहाँ पनि अनुशासित थियो इलाहाबादको दिनचर्या । हो न हो, आवासीय विद्यालयमा नवप्रवेशी विद्यार्थीहरू नीति र तालिकामा गतिमान भएजस्तै नियमबद्ध हुँदै थियो योगेश्वर सिंहको दैनिकी । र सँगै यो पनि बुझ्दै थियो - अपर्णाको सम्मानबोधक संवाद-विधि र प्रणय-प्रक्षेपणका अप्रत्यक्ष अभिनय र उदात्त व्यवहारले उसलाई गुरूकुलको नव-प्रवेशी बटुकजस्तै मर्यादित र आज्ञापालक बनाएको थियो । किन्तु उसले नारीलाई प्रेम र सम्मानले जित्न सकिन्छ, यी यसैका भोका हुन्छन् र परिणाममा उनीहरूको जीत, आफ्नै जीतमा परिणत हुन्छ भन्ने कुरा पनि बुझेको थियो ।

अपर्णा पनि जान्दथी, योगेश्वर सिंह उसँग कहिल्यै छल, हठ, चाटुकारिता र दबाबले प्रस्तुत भएन । पुरुषसिंह भएर पनि ऊ अपर्णाका साथ सदैव सभ्य-शालीन वा परिष्कृत शैलीले व्यवहार गर्थ्यो - सहज भावले आत्मीयताले । त्यसैले इलाहाबादको बसाइमा उसले कतै शंका, भय, द्विविधा हीनताबोध लिनपरेन । यो मूल्यवान पक्ष सदैव अब्बल देखापर्दै रह्यो । व्यक्तिगत रूचि र स्वतन्त्रता अनि अधिकार, दायित्व र परस्पर सम्मान जस्ता कुरा सदैव उच्च र आदर्श भएर रहे दुवैतर्फ ।

प्रत्यक्ष हेर्दा योगेश्वर सिंह अपर्णासँग पराजित देखिन्थ्यो । किन्तु स्नेहमयी, ममतामयी नारीसँगको पराजय सधैं विजयमा परिणत हुन्छ । अपर्णाले योगेश्वर सिंहलाई विवेक, सद्भाव, सहयोग र दृढताले जितेकी थिई । बरालिन र बाटो बिराउन खोज्ने युवालाई प्रेम र विश्वासको लगामले नियन्त्रण गरेर जितेकी थिई कैयौं पटक इलाहाबादमा ।

यस सन्दर्भमा उसको सूफी गायन अमोघ अस्त्र हुनपुगेको थियो ।

मान पनि हो र अलिकति घुर्क्याइ पनि, सम्हाल्ने कोही भए लर्खराउनु वा ठेस खानु सार्थक भइदिन्छ । अन्यथा आत्मघात गरेको ठहर्छ कि !

मुजरा मार्गको यात्रीलाई ढोकैबाट समाएर फिर्ता ल्याएकी थिई अपर्णाले । तर मात्र एक दिन, एक पटक । थाहा भएन, बुझ्न पनि सकिएन - ऊ बुर्का ओढेर त्यहाँ नपुगेकी भए योगेश्वर सिंहलाई द्वारबाटै फर्काउन सक्थी या सक्तैनथी ! कोही जान्दैन ।

योगेश्वर सिंहले अपर्णाको परीक्षा लिएको थियो वा उसको व्यक्तिगत रूचि र स्वतन्त्रताको उपयोग उसकै लागि घातक हुने ठानेर अपर्णाको उपस्थितिको अपेक्षा गरेर आयोजित नाटकीय कदम थियो, अपर्णा पनि जान्दिन । तर यी दुवै जान्दछन् आफ्ना-आफ्ना मनका कुरा र आ-आफ्ना आचरण र आफ्नै प्रदर्शनकारी अभिनयहरू ।

यो प्रसंग फेरि कहिल्यै दोहोरिएन र चर्चामा पनि आएन । किन्तु त्यस दिनदेखि अपर्णा कहिल्यै तल परिन । उसको व्यक्तित्व सदैव आदरणीय रह्यो, महिमामय रह्यो ।

गजबको कुरा के थियो भने अपर्णा योगेश्वर सिंहलाई आफ्नो अनुकूलताको लागि कहिल्यै बोलिन । पुरुषतत्वको सान्निध्यतर्फको चिन्तनमा ऊ निष्पृह जस्तै थिई - गुरूकुलको अवधिभित्र ! यस्तै बन्दै गयो साग र बाघको दोस्ती । किन्तु जुन दिन किन्नर लोकको द्वारबाटै अपर्णाले फिर्ता ल्याएकी थिई, त्यस दिनदेखि योगेश्वर सिंहको छवि किञ्चित् मलिन भएको थियो । अपर्णा अघि पर्नासाथ ऊ हच्केको अभिनय गर्थ्यो । उसको मन बुझ्न योगेश्वर सिंह आफ्नो चरित्रलाई दाउमा राख्ने नाटक गर्दै थियो त्यो दिन । किन्तु उसको प्रदर्शनकारी अभिनयलाई अपर्णा राम्ररी बुझ्दथी ।

यो पाठ मानवताको थियो या मित्रताको, स्वबन्धुको थियो वा स्वजातिको अथवा समभावको या समवयचेतको ? जसो पनि हुनसक्छ ! फेरि पनि मित्रता र परस्पर दायित्वबोध भने दुवैमा प्रगाढ र पारदर्शी थियो । भनौं भने कोही

कसैप्रति कृतज्ञ हुनुपर्ने स्थिति पनि थिएन र कोही कसैप्रति दयावान हुनुपर्ने कारण पनि रहेन । बरू केवल आत्मबोध र आत्म-लोचन गर्ने अवस्था थियो । फेरि पनि आँखा लुकाएर कुरा गर्ने र आँखा जुधाएर कुरा गर्नेको छवि स्वभावैले मलिन र दीप्त प्रतीत हुन्थ्यो । यहाँ पनि एक पक्षमा वनावटीपन छ भन्न असजिलो थिएन ।

समन्वय कहाँ थियो भने पुरुषको दर्जाले नारीको रक्षाकवचको रूपमा आफूलाई उपस्थित गर्ने संकल्प लिने र नारीले पनि चिप्लने र हराउने बाटोमा प्रवृत्त हुन लागेको समवयको युवा साथीलाई सन्मार्गगामी बनाउने शक्तिमती नारीको भूमिकामा आफूलाई उपस्थित गरेर आफ्नो व्रत र संकल्पका साथ दायित्व पूरा गर्ने अग्रसरता देखाएको थियो ।

भनिन्छ, लोकतान्त्रिक भारतको आँगनमा उभिएको इलाहाबाद विश्वविद्यालय त्यसवेला अक्सफोर्ड, क्याम्ब्रिज र हार्वर्ड विश्वविद्यालयसँग कुम जोर्दथ्यो । त्यसैले पनि इलाहाबादको जीवनशैली र सोच निश्चय नै उच्च र पृथक् थियो भन्न संकोच मान्ने स्थिति थिएन । झन् इलाहाबाद विश्वविद्यालयको शिक्षार्थी भन्न पाउनु र इलाहाबादमा बस्छु भन्न अग्रसर हुनु आत्मसम्मान र गौरवको बोध हुने गर्थ्यो ।

त्यसैले यी प्रौढ विद्यार्थीहरू एक अर्काका पूरक पनि थिएनन्, एक अर्कामा आश्रित पनि रहेनन् । आत्मीय मित्र र देशबन्धुको हैसियतले एकै भवनमा रहन्थे । नीति, विश्वास, दायित्व र उद्देश्यको बन्धनले बाँधिएर अडिनु शायद संहिताको पालना भएको हुने गर्थ्यो । त्यसैले यौवन, मन, प्रकृति र परिवेश सुषुप्त वा प्रच्छन्न रहेको प्रतीत हुन्थ्यो ।

यी साथी-साथी हुन्, प्रिय-प्रिया हुन्, निकट सम्बन्धका हुन्, दाजुबैनी हुन् अथवा एउटै छात्रावास/घरमा बस्ने भिन्न-भिन्न शारीरिक बनोटका दुई मानव मित्र हुन् ? प्रश्नहरू जसरी गरे पनि हुन्थ्यो । फेरि पनि स्थिति यस्तो थियो : रागात्मक भावले युवा अग्रसर भए पनि दिउँसै रात पर्न सक्थ्यो र नयाँ उमेरकी वयस्क युवती अग्रसर भए पनि जुनसुकै वेला शरद र वसन्तको सुखद महक छाउने सम्भावना निरन्तर रहन्थ्यो । तर त्यस्तो स्थिति आउने परिवेश रहेन, बनेन । कारण, मनको बन्धनलाई दुवैले खुकुलो पारेनन् ।

हो, दुवै जान्दथे- एक-अर्काका लागि दुर्लभ ऊर्जा-स्रोत हुन् उनीहरू । एक अर्काका लागि सफल फिजिसियन हुन् उनीहरू, एक अर्काका लागि कुशल मनोचिकित्सक हुन् उनीहरू । हो, यी मन र सिद्धान्तका कुरा थिए, व्यवहारमा

प्रकट हुनु वा चरितार्थ हुनु सहज सम्भव थिएन । इलाहाबाद बसाइको उद्देश्यले उनीहरूलाई नियन्त्रण गरेको थियो । दोहोरो सल्लाह र स्वीकृतिको कामना रहन्थ्यो । युग र परिवेशले यस्तो प्रांगण निर्माण गरेको थियो - न भालेपन कुर्लन सक्थ्यो, न त पोथीपनले खुम्चनु पर्थ्यो । परस्पर समझदारीमा सबै कुरा सरल र सम्भव हुन सक्छन् किन्तु धेरै सीमा नाघ्नु, बिर्सनु र व्यक्तित्व दाउमा राख्नुपर्ने हुन्छ । फेरि धराप किन ? अनि धरापमा पर्नु किन ? आखिर पानी, पहिरो, आकाश र बालुवामाथिको यात्रा त होइन जहाँ पदचिन्हहरू मेटिँदै जाऊन् ! तर परस्पर प्रेम, आदर र मर्यादाको सीमालाई ननाघ्ने सोच राखेर यी दुई पात्र शान्ति, सद्भाव र विश्वासले बाँचेका थिए सर्वदा निर्भय रहेर, परस्पर दायित्वबोध र आचारसंहिता ओढेर ।

बिहानको जलपानमा अगाडि राखेर एक दिन अपर्णाले भनेकी थिई 'ठाकुर सा'ब, त्यो हजुरको दोष होइन; त्यो जवानीको, संगतको, परिवेश र एक्लोपनको दोष हो । त्यो क्यै होइन । क्यै भएकै छैन । म जान्दछु । हजुरको अविवेक, घुर्क्याइ र अनियन्त्रित मनोदशाको परिणाम हो किन्नर-ग्रामको यात्रा । त्यो केही होइन र केही हुन पाएन । त्यो नाटक थियो र प्रदर्शनकारी घुर्की थियो । सब कुरा आयोजित ! म जान्दछु अब विवाह गर्न हतारिनु पर्छ, छरिनु हुँदैन । हजुरकी आमासँग मै सिफारिश गरिदिन्छु ।...' भन्दै-भन्दै ऊ डाइनिङ्ग टेबिलबाट जुरूक्क उठी ।

'हैन-हैन, पख' भन्दै उसले अपर्णाको नाडी च्याप्प समाएर रोक्यो ।

अपर्णाले विस्फारित दृष्टिले उसलाई हेरी र ऊ अचम्मित देखिई । आँखामा आँखा राखेर उसले हेरी । आफ्ना तर्फबाट गल्ती भएको ठानेर होला, ऊ कातर देखिँदै गयो । अपर्णाले कुनै प्रतिक्रिया जनाइन, उसले अपर्णाको नारी छोडिदियो । फेरि पनि उसले केही भनिन । हीनताबोध लिएको भाव-मुद्रामा ऊ त्यहाँबाट उठ्यो । अर्पणाका आँखाले उसलाई पछ्याउँदै रहे, जबसम्म ऊ आफ्नो कक्षमा पसेन ।

केही दिनअघि स्वस्थ मूडमा, रसिलो मिजासले अपर्णाले भनेको कुरा उसका लागि अनमोल पाठ भएको थियो । आज योगेश्वर सिंहले संझ्यो । त्यसदिन उसले हिँड्न आँटेको अपथको यात्राबाट अपर्णाले उसलाई फर्काएकी थिई । यस कुरालाई ऊ छोप्न वा बिर्सन चाहन्थ्यो । अझ अर्पणाका मनमा परेका छाप धुन चाहन्थ्यो । र ऊ चाहन्थ्यो, अपर्णाको मनमा ऊप्रति नकारात्मक वा मलिन छाप नबसोस् । यसका लागि या त उसैले अपर्णासमक्ष आफ्नो गल्ती

स्वीकार गर्नुपर्थ्यो या अपर्णाले नै संवाद चलाएर उसको पीडामोचन गर्नुपर्थ्यो । यो छोटो र दुईजनाबीच सीमित रहने र बिस्तारै मेटिँदै जाने नीलिमा थियो ।

आज निकै दिनपछि योगेश्वरले बिर्सन लागेको घटनाको एक आवृत्ति स्मरण गऱ्यो । अपर्णाले यस घटनालाई कुन रूपले लिएकी छ, त्यसतर्फ उसले केलाउने सोच राखेन ।

अपर्णाको सोचाइ बिल्कुल सरल थियो । योगेश्वर सिंह भय, आशंका र हीनताबोधबाट मुक्त रहोस् भन्ने कामना ऊ राख्थी । ऊ चाहन्थी, योगेश्वर सिंह पहिलेझैं सरल-उच्च मनस्थितिमा आओस् । सरल र हलुका देखियोस् । असहज संवाद र व्यवहारबाट जोगिएर आत्मीयभावले अग्रसर होओस् । आँखा लुकाएर वा शिर झुकाएर नबसोस् ।

आफूलाई सन्मार्गमा हिँडाउन अपर्णाले जस्तो मानसिक प्रयत्न र व्यायाम गरेकी थिई, योगेश्वर पनि त्यो राम्रोसँग बुझ्दथ्यो । अनि आफ्नो कारणले अपर्णाले जे जस्तो पीडा र मलिन परिवेशको सामना गर्नुपऱ्यो, त्यो पनि बुझ्दथ्यो । र त्यो पनि सत्य हो, परपीडनबाट आत्मरति लिने प्रकृति उसको थिएन तर त्यस्तो भैदियो, यस्तै देखिन पुग्यो । र यो वस्तुगत यथार्थ नै सिद्ध भएको थियो ।

सङ्लो सोच, निश्छल व्यवहार र अदम्य साहसका कारण अपर्णा आफ्नो दृढता र आत्मविश्वासमा कहिल्यै हारिन । संयम, विवेक र संकल्पका चम्कामा ऊ यात्राका लागि पकवान तयार पार्थी । त्यसैले होला, पराजय वा असफलतासँग उसले संझौता गर्नुपरेन । जीवन-यात्रा चल्दै रह्यो । न उसले थकाइ मार्न जानी न लहडी खेल सोची ।

'आज मोतीलाल नेहरूको निवास हेर्न जाने ।'

'आज चित्रकूट घुम्न जाने ।'

'महादेवी वर्माको निवास हेर्ने आज ।'

'मधुशाला लेख्ने कवि बच्चनको घर पनि हेर्ने ।'

'आगरा पनि घुम्नपर्छ ।'

'वृन्दावन र अयोध्या त पुग्नै पर्छ हैन र !'

'आज संगम हेर्न जाने ।'

शनिवार, आइतवार अनि त्यस्तै सार्वजनिक छुट्टीका दिनहरूमा अपर्णा सजिलै यसरी घुम्न जाने प्रस्ताव राख्न थाली । उसको योजनाका पछाडि एउटै सोच थियो - योगेश्वर सिंहलाई सहज बनाउनु ।

'हुन्छ, म कार चलाउँछु । कारबाटै घुम्ने ।'

'मैले चलाउँदा डर लाग्दो हो ठाकुर साहेबलाई ?'

'एकैछिन मात्रै । त्यहाँसम्म ।'

योगेश्वर सिंहले कार चलाएर पेट्रोलपम्पमा रोक्यो र पेट्रोल भरायो ।

अब अपर्णाले कार चलाई, योगेश्वर सिंहले बाटो देखायो । उनले किन्नरग्रामभित्र लगेर कार रोकी । यो त्यो ठाउँ थियो- जहाँबाट बुर्काधारी अपर्णाले योगेश्वर ठाकुर साहेबलाई अपथबाट जोगाएर ल्याएकी थिई ।

योगेश्वर झस्क्यो ।

उसलाई सहज बनाउन र ऊ कतै चुकेको छैन भन्ने बोध गराउन अर्पणाले ठूलो यत्न गरी । प्रशस्त श्रम र समय लगाई । बौद्धिक र व्यावहारिक तहबाट अनेक योजना र कार्यक्रममा आफूलाई समेत केन्द्रित गराई । हँसाउन र खुलाउन उसले योगेश्वर सिंहलाई चिडियाखाना पुऱ्याइन कि सिनेमा हेर्न लगिन् ? किनमेलमा सँगै लिएर गइन कि रेष्टुराँमा पसिन ? उद्यानमा घुमाइन कि ? उसका आत्मीय साथी बोलाएर सँगै भोजन-चमेना गराइन कि ?

अझ उसले यतिसम्म गरी कि देख्नेहरूलाई लाग्थ्यो- एउटी युवती कुनै विक्षिप्त पुरुषलाई सम्हाल्दै छ । अपाङ्गलाई सहयोग गर्दैछ । नौलो मानिसलाई गाइड गर्दैछ । साथी होला, बडो प्रेम र सद्भावले घुमाउँदै छ ।

अपर्णाको संयम र सद्भावले योगेश्वर सिंहलाई असजिलो पारिसकेको थियो । एउटा रोगीलाई, एउटा बालकलाई, मान्यजनलाई र एउटा ज्ञानीलाई जे जस्तो ढंगले सेवा-सहयोग पुऱ्याउनु पर्ने हो त्यसै ढंगले उसले विवेकशून्य युवा पुरुषलाई भरण-पोषण गरेको प्रतीत हुन्थ्यो । किन्तु यो सत्य-यथार्थ थिएन । यो कुरा अपर्णा पनि जान्दथी र योगेश्वर पनि बुझ्दथ्यो ।

योगेश्वर सिंह एकदिन नारी दिवसको सन्दर्भ पारेर साँझ अकस्मात् अपर्णाको कक्षमा पस्यो ।

अपर्णा झस्की । अर्पणाका दुवै हत्केला समाएर अनुनयको भावमा भन्यो, 'अपरा, मेरा अविवेकले मलाई पोल्यो । मैले धेरै दुःख दिएँ तिमीलाई । धेरै परीक्षा लिएँ तिम्रो । तिम्रो सहयोग र त्याग देखेर म द्रवित भएँ । तिमी त ममता र करूणाकी साक्षात् अवतार हौ । नारीत्वको मात्र होइन, मित्रताको पनि अवहेलना गरें, प्रेम र सद्भावको मर्म बुझेर पनि उपेक्षा गरें । म अपराधी हुँ । मातृभावको भार वहन गरेर बसेकी समवयस्क मेरी साथी हौ तिमी । तिम्रो असल व्यवहार, अपनत्व र विवेकले निःसन्देह तिम्रो सौन्दर्यलाई चुल्याएको छ ।

शायद नारीको महिमामय स्वरूप आज मेरा अगाडि जीवन्त छ । मैले बुझिनँ । मैले धेरै यातना दिएँ, मलाई क्षमा गर ।'

'म परीक्षामा पास भएँछु । यो त मेरो लागि खुशीको कुरा हो । हजुरले आफ्नै शैलीले विवेक प्रयोग गर्नुभयो, मैले आफ्नो ढंगले । यहाँ क्षमा दिने र लिने सन्दर्भ नै के छ र !' अपर्णाले एक सासमा भनी ।

उसले थपी, 'ढिलै सही, हजुरले बुझेरै आँखा बन्द गर्नुभो र बुझेरै खोल्नुभो, यही सारभूत कुरा हो । यो मेरा लागि यातना होइन, पाठ हो । म स्वयं विद्यार्थी अवस्थामा छु । सिक्तैछु । म सम्झन्छु : यदि मैले कुनै यातना पाएँ वा भोगें भने म त्यसलाई आफैंले गरेको अकर्मको प्रतिफल या दण्ड संझने छु । फेरि, दण्ड त दोषीले पाउँछ, अपराधीले भोग्छ । दण्ड दिनेहरू त सत्पुरुष नै हुने गर्छन् । आखिर सुधार्नकै लागि दण्डको विधान गरिन्छ, होइन र !'

'भैगो, सबै कुरा बिर्सिदेऊ र मलाई क्षमा गर ।'

'हो, बिर्सनुपर्ने कुराहरू साँच्नु र सम्झनु आवश्यक छैन । मेरो पनि, भनाइ यही हो ।'

ऊ एक छिन गम्भीर भयो ।

अर्का दिनदेखि गुलाबी व्यंग्य र वक्र मुस्कानको प्रच्छन्न स्पर्धाको अभ्यास बढ्न थाल्यो । हलुकापन फैलँदै गयो । असहज, आडम्बर र अररोपन हराउँदै गयो । ऐंठन मोचन हुँदै रहयो ।

❑❑

१२

उता मैथिल समाजमा दुर्गापूजा मुखैमा थियो । पूजनको बडो महिमा छ । यता इलाहाबाद विश्वविद्यालयमा पनि छठसम्मको अवकाश घोषित भयो । संगीत महाविद्यालयले त्यति लामो अवकाश त दिएन किन्तु विश्वविद्यालयको अवकाश तालिका हेरेर अर्पणाले आफ्नो विभागाध्यक्षसँग आफूलाई चाहिने थप छुट्टीका लागि अनुरोध गरी । दुवै विद्यार्थी स्वदेश फर्के ।

पुरुषोत्तम सिंहको घर-आँगनमा पुगेर कार रोकियो ।

शर्वदेव कारको छेउमा पुग्यो ।

एकातिरबाट योगेश्वर सिंह निस्क्यो !

'ए, योगेश बाबु पो, ॐ नमः शिवाय ।' ऊ हात जोरेर उभियो ।

'ॐ नमः शिवाय कान्छादाइ ! सन्चै हुनुहुन्छ ?'

'सन्चै छु भन्नुपऱ्यो बाबु !'

अर्कातिरबाट एउटी अपरिचित युवती निस्की ।

शर्वदेवले उनलाई पनि अभिवादन गऱ्यो, 'ॐ नमः शिवाय मैया ।'

'ॐ नमः शिवाय कान्छा दाइ !'

'अ-अ-अपरा, यी हाम्रै सदस्य हुन् - लिम्बू कान्छादाइ ! हामी यिनकै काखमा हुर्केका हौं । हाम्रै घर-आँगनमा उनले सुनौले जवानी बिताए । अब जीवनको चौथो चरणमा प्रवेश गर्दैछन् । उनको सुस्वास्थ्य र प्रसन्नताको राज तिमी बुझ्न सकौली ! अनुमान गरिहेर !'

'अँ हँ !'

'कान्छादाइ शाकाहारी र ब्रह्मचारी हुन् । त्यसैले पनि होला उनी सधैं वयस्क भैं लाग्दछन् । उनी ज्ञानका कुरा गर्न रूचाउँछन् र सधैं सत्संगबाट ज्ञान संचित गर्दै रहन्छन् ।'

अपर्णाले श्रद्धा र सम्मान देखाएर भनी, 'कान्छादाइले असल गुरू भेट्नुभयो होला नि, त्यसैले उहाँ तपसीजस्तो हुनुभयो । हैन त !'

'कान्छादाइको गुरू को थियो, त्यसको लामो कथा छ । बैजनाथ गुरूलाई गुरू र दाइ मान्नुहुन्छ कान्छा दाइ । त्यो फेरि कुनै दिन चर्चा गरौंला । हैन कान्छादाइ !'

'हो बाबु । बैजनाथ दाइ मेरा लागि सबै कुरा हो । म बिर्सन सक्तिनँ । कसैसँग तुलना गर्न सकिन्न । साँगुका सरदार कुलको इतिहास निक्कै माथि छ ।'

'आऊ अपरा ।' अनि बिस्तारै भन्यो, 'कान्छादाइ सर्भेन्ट चाहिं होइनन् है । यो ख्याल रहोस् । फेरि थप्यो, 'हामीले त काका, बुबा भन्नुपर्ने, तर बानी लाग्यो, दाइ भन्छौं ।'

'जी, बुझें ।' हिंड्दा-हिंड्दै अर्पणाले यत्ति भनी ।

तुरून्तै एउटा होण्डा मोटरसाइकिल आएर कारको छेउमा रोकियो । युवक रहेछ । हेलमेट ऐनामाथि राखेर योगेश्वर सिंह भएतिर लम्क्यो ।

'पाउलागी मामा । ढोग गरें ।'

'शैलेश ? तिमी त यत्रो लक्का जवान भएछौ, मभन्दा पनि अग्लो !' अनि अँगालो हालेर उसको शिर सुँघ्यो ।

अपर्णा यो दृश्य हेर्दै थिई ।

शैलेश्वरले अपर्णालाई एक झलक हेऱ्यो र योगेश्वर सिंहतर्फ प्रश्न छऱ्यो, 'मामा, मैले मामी (माइजु) भन्नुपर्ने हो ?'

'हैन, त्यसो भन्नु हुँदैन । उहाँ हाम्रो अतिथि । हामी सँगै पढ्छौं, उहाँ हाम्रो साथी ।' अनि अपर्णातिर हेरेर भन्यो, 'यो मेरो भानिज, शैलेश्वर । अलिक फुर्केछ ।'

'जी, बुझें ।' मुस्कुराएर स्नेहभावले हेरी उसले ।

'प्रणाम, क्षमा गर्नुहोला । म वाचाल भएँछु ममा आएको खुशीमा ।'

'नमस्कार ! स्वाभाविक हो । क्षमा भन्नु पर्दैन । त्यत्रो महत्व र त्रुटि होइन ।' अपर्णाले हृदय खोलेर भनी । अनि शैलेश्वरलाई वत्सल भावले आफूसँगै लगेर बसाई ।

अर्को कार आएर रोकियो ।

सरल सौम्य प्रकृतिकी देखिने नारी कारबाट निस्किन् र शैलेश्वर भएतिर आइन् ।

'आन्टी, उहाँ मेरी आमा वसुन्धरा सिंह ।' अनि आमातिर लक्ष्य गरेर भन्यो, 'उहाँ आन्टी, मामाको साथी, सँगै पढ्ने रे ।' शैलेश्वरले थोरै शब्दमा परिचय आदानप्रदान गरायो ।'

प्रणाम-नमस्कारको औपचारिकता पूरा गरिसकेर वसुन्धराले सोधिन्, 'तिम्रो मामा खै त !'

'माथि कोठा मिलाउँदै हुनुहुन्छ, पल्लो घरमा ।'

वसुन्धरा योगेश्वर सिंहलाई भेट्न उठिन् ।

'मैयाँ पनि उतै जानुहुन्छ कि ?' कान्छा दाइले अपर्णालाई सोध्यो ।

'एकछिन, बरू बाथरूम कतातिर छ ?'

'ए... यता ।' फेरि थप्यो 'माथि नै सजिलो होला कि ! सामान कारमा नै होला, निकाल्न पाएकै छैन ।'

'कान्छादाइ, म यहाँ रोकिन भ्याउँदिनँ । म त बाटैमा छु नि ! पहिले मुकाममा पुग्ने, अनि छरिने नि हैन र ?'

'जी, त्यो त म बुझ्दछु ।'

'बरू, एउटा काम गरौं न । भान्जाबाबुलाई बोलाइदिनोस् । म तारतम्य मिलाउने यत्न गर्छु । तर तपाईंले साथ दिनुपर्छ नि !'

'हस् ।' कान्छादाइ त्यहाँबाट सरे । शैलेश्वर आइपुग्यो ।

अनुहारमा प्रसन्नता भरेर अपर्णाले भनी, 'भान्जाबाबु, मलाई सहयोग चाहियो ।'

'जी, भन्नुहोस् न, हाजिर छु !'

'मलाई पुऱ्याइदेऊ, तिमी ड्राइभ गर्छौ नि हैन ?'

'जी, ड्राइभ त गर्छु... मामा ।'

'ठाकुर साहेब, बिदा पाऊँ, अब म निस्कन्छु ।' अपर्णाले आफैंतिर आउँदै गरेकी वसुन्धरा र योगेश्वर सिंहतर्फ हात जोरेर विदाइको लागि अनुरोध गरी ।

'आज बस्ने नि ! बरू म पुऱ्याउन जाउँला भोलि । कसरी जान मिल्छ आजै !'

फेरि वसुन्धरा सिंहतर्फ झुकेर भनी, 'दिज्यू, आशीर्वाद पाऊँ । म फेरि समय हेरेर हाजिर हुन्छु ।'

योगेश्वर र वसुन्धरा अलमल्ल परे । अनि यत्ति मात्रै भने, 'कान्छादाइ खै त ?'

'मैले नास्ता पानी गरिसकें । अब हजुरहरूको पालो ।' अपर्णाले छोटो बोली ।'

'यो त अचम्मै भो ! आज त बस्नै पर्ने ! साँझ बा-आमा पनि आइपुग्नु हुन्छ । भेट हुन्थ्यो । म यहाँ तिम्रा लागि कोठाको व्यवस्था मिलाउँदै थिएँ । आज बसौं ।' योगेश्वर सिंहले परिवेश बाँधेर अनुरोध गऱ्यो ।

अपर्णाले खुलेर भनी, 'ठाकुर सा'ब हजुर मुकाममा पुग्नु भयो, म त बाटैमा छु नि । मैले पनि मुकाममा पुग्नु पर्छ नि । हैन र !' अनि फेरि थपी, 'मुकाममा पुगेपछि फेरि छुट्टिन मिल्छ नि ! धेरै कुरा सजिलो हुन्छ ।' यस पटक उसको दृष्टि दिदी वसुन्धरामाथि केन्द्रित थियो ।

कार स्टार्ट थियो । फेरि हात जोडेर योगेश्वर सिंहसँग विदा मागी । ऊ गम्भीर देखियो ।

अपर्णा कारमा बसी र हात हल्लाई । शैलेश्वरले कार चलायो ।

झन्नै दुई सय मिटर अगाडि पुगेपछि शैलेश्वरले कार रोक्यो र कारबाट बाहिर निस्क्यो । उताबाट घरतर्फ आउँदै गरेको कार देखेर उसले आफ्नो कार रोकेको थियो ।

आउँदै गरेको कार आएर त्यही रोकियो । यो आफ्नै घर-परिसरको बाटो भएको हुनाले कार रोक्न असजिलो थिएन । कारबाट पालैपालो पुरुषोत्तम सिंह र त्रिपुरा निस्किए ।

सहज औपचारिकताको निर्वाह गर्दै अपर्णा पनि कारबाट निस्केर आई ।

शैलेश्वरले आफ्ना हजुरबा-हजुरआमालाई नमन गरेपछि अर्पणाको परिचय गरायो र उनलाई पुऱ्याउन हिँडेको जानकारी गरायो ।

अपर्णाले राजपूत शैलीमा सिंह दम्पतिलाई अभिवादन गरी र यात्राको अनुमति मागी । त्रिपुराले आज बसेर भोलि मात्र जाने प्रस्ताव गरिन् किन्तु फेरि आउने बाचा दोहो-याएर विदाइको नमनपछि अपर्णा हिंड्न तत्पर देखिई ।

त्रिपुराले सुस्मित अनुहारले अपर्णालाई विदा गर्दै भनिन्, 'बेटा आउनु है, म बाटो हेरिरहन्छु ।'

'जी, म अवश्य आउँछु ।'

'नआए, म आफैं आउँछु ।' अनि शैलेश्वरतर्फ हेरेर त्रिपुराले भनिन्, 'मैयाँको टेलिफोन नम्बर लिइराख्नु है शैलु !'

दुवै कारले बाटो खाली गरे ।

आजको साँझ त्रिपुराले अपर्णाको विषयमा केन्द्रित गरिन् । अरूले अपर्णालाई कसरी हेरे र कुन रूपले हेरे, त्यो कुरा त्रिपुराका लागि महत्वपूर्ण

थिएन तर उनले अपर्णाको समग्र व्यक्तित्वको परख जुन ढंगले र जुन शैलीमा गरेकी थिइन् त्यसमा सयबाट उनान्सय हुने कुरै थिएन ।

वयस्क केटीहरूको शारीरिक या भौतिक सौन्दर्यको उँचाइलाई उसको बोलीवचन वा कुशल संवाद-शैलीले भरपूर चुल्याउँछ । भन्छन्, 'बैंस राम्रो हाउभाउ र बोलीले ।' नमिठो बोली र दर्पपूर्ण अभिव्यक्तिले अब्बल देखिने सौन्दर्यलाई एकैपटक धराशायी बनाइदिन्छ । सुन्दर देखिने युवतीहरू आफ्नै तुच्छ शब्दावलि र रूखो वाक्य विन्यासका कारण असुन्दर वा कुरूप हुन पुग्छन् । त्यसैले केटीहरूको बोलीवचनलाई सौन्दर्य नाप्ने प्रमुख तत्व मानिन्छ जुन सहज र निरन्तर हुन्छ, बनावटी होइन ।

त्रिपुराले अपर्णालाई उसको वाणी, संवाद विधि र विनय यी तीन कोणबाट तौलेर प्रसन्नता संचित गरिन् ।

नबनाई बनेका, नमिलाई मिलेका लामा, काला, खिरिला र आफ्नो प्रकृत सौन्दर्य संचार गर्ने आँखीभौं, त्यस्तै बाक्ला वा सघन र झन्नै घुम्न खोज्ने परेलाबाट प्रक्षेपित हुने दृष्टि सौन्दर्य आम बजारको सौन्दर्य वा द्रव्यसँग साटेको सौन्दर्यभन्दा बिल्कुल फरक देखिन्थ्यो, जसको तुलना सजिलो हुँदैन । हेर्दा यस्तो लाग्थ्यो, मानों कुनै चित्र वा मूर्तिबाट सापट लिएर निर्माण गरिएका हुन् आँखीभौं र परेलाहरू ! त्रिपुराले यसबारे गहिरो गुनिन् ।

त्रिपुराले यस पटक आफ्ना आँखाले अपर्णाका आँखा पढिन् । सरस चञ्चल आँखाबाट पनि गम्भीर भाव प्रकट हुन्थ्यो भन्नु कसरी ! किन्तु यी ती आँखा हुन् जसबाट आत्मीयता, विश्वास, समर्पण र करूणाभाव सम्प्रेषित हुन्थ्यो । यति मात्र पनि होइन, अपर्णाका हेराइमा अमाप्य उदात्तभाव छचल्किएको बुझेर त्रिपुरा चकित भइन् । एउटा सुनिश्चित आयाममा सुपुष्ट शरीर र सुनौलो रंग पोतिएको वर्णमा उद्भासित व्यक्तित्व के एकछिनसम्म आफ्नै घर-आँगनमा थियो त ? के यो छाया-छवि त होइन ? पाएर गुमाएको दुर्लभ वस्तुजस्तो किन लाग्दैछ आज ? किन अनुभव गर्दैछु यत्रो आकर्षण र प्राप्तिपछि हराएको पीडा !'

अपर्णा बोल्दा थोरै मुस्कान लिएर बोल्थी । त्यसैले गोलित, अर्द्धगोलित र प्रसृत तीनै अवस्थामा ओठको स्थिति प्रकट हुन्थ्यो । शिरीषको फूल र गोलकाँक्रीसँग तुलना गर्न उनले पुराना सादृश्य टिप्न चाहिनन् ।

अब उनको ध्यान अपर्णाका दाँतमा पुग्यो । बायाँतर्फको माथिल्लो कुकुरदन्त तिखो र थोरै उठेको हुनाले होला, ऊ हाँस्दा उसको मुखमण्डलको छवि अर्कै आभाले उद्भासित हुनपुग्थ्यो ।

शरीरको बनोट अनुसार सिमलकाँडे स्तनमण्डलको विन्यास न ठूलो न सानु, बिल्कुल अनुपात मिलेको अनुमानसम्म गर्न सकिन्थ्यो । उसले स्पोर्टको पोशाक-शू लगाएको हुँदा सामान्यतः शरीरको बनोट र आकार-प्रकार थाहा हुन्थ्यो ।

कपाल निख्खर कालो तर एकै ठाउँमा समेटेर गोपुच्छ जस्तो बनाएकी थिई उसले । केशराशिको वैकल्पिक विन्यास हुन्थ्यो- वेणी बन्धन । चुल्ठी बाट्ने-बनाउने रहर उसले गरिन । हो, अनलंकृति पनि अलंकार भइदिन्छ कतै, अप्रसाधन पनि प्रसाधन भइदिन्छ पूरै । हवाइमार्गका परिचारिका र स्वास्थ्य केन्द्रका उपचारिकाहरू अनि पुत्रवती नवयौवना र भर्खरै दाम्पत्य जीवनमा प्रवेश गरेका यौवनवतीहरू, नवयौवना कुमारीहरू प्रसाधन विना पनि अलंकृत देखिन्छन् नि, होइन र ?

यतिका शब्द, पङ्क्ति र अनुच्छेदमा भनेका कुरालाई कालिदासले 'तन्वी श्यामा शिखरिदशना पक्वबिम्बाधरोष्ठी' (मेघदूत) अनि '...मधुराणां मण्डनं नाकृतीनाम्' (शाकुन्तल) भनेर दुइटै वाक्यमा चुल्याइदिए भने त्रिपुरा अपर्णाको सौन्दर्यलाई समग्रभावले कसरी बुझ्न सक्लिन् र ! बस्, अब उनले औला र नङको कलात्मक बनोटमा आफ्नो दृष्टि स्थिर भएको सम्झँदै रात बिताइन् । धन्न उनले अपर्णाका अनुपात मिलेका खुट्टा र औला अनि रगत चुहिएला जस्ता लाग्ने कुर्कुच्चा देख्न पाइनन् ।

❑❑

१३

अपर्णा र योगेश्वर सिंहको विवाह भयो ।

इलाहाबादको विद्यार्थी जीवन पूरा गरेर फर्किएपछि अपर्णा र योगेश्वर सिंह विधिवत् दाम्पत्य जीवनमा बाँधिए । प्रगाढ भावले परस्पर आबद्ध रहे । यो पनि एउटा सुखद संयोग थियो । यस्तो सुयोग थोरैलाई मिल्छ ।

विवाह अनुपम थियो, र यसकारण पनि अनुपम थियो- न वर पक्षबाट कुनै माग आयो, न वधू पक्षकाले त्यसतर्फ कुनै तत्परता देखाए । यो उर्वराभूमिको बस्ती, त्यहाँ कुनै कुराको कमी थिएन किन्तु प्रदर्शन गर्ने भाव पनि कसैमा रहेन । यो एउटा मूल्यवान् पक्ष थियो ।

मधुपुरा गाउँका सर्वसाधारणदेखि सचेत, शिक्षित, विद्वान्, सन्त तथा अवकाश प्राप्त कर्मचारी र संवैधानिक पदबाट फर्केका आदरणीय महाजन तथा न्यायपालिकाको पहिलो दर्जाका पूर्व न्यायमूर्तिहरूको उपस्थितिले पुरुषोत्तम सिंहको आयोजनामा भएको विवाह भोज त्यसै पनि गरिमामय देखिन्थ्यो ।

योगेश्वर सिंहको आग्रहमा निमन्त्रणाका साथ एउटा अनुरोध गाउँमा घुम्यो, त्यो थियो- निम्तारूहरूले केही नल्याउने र ल्याउने भए एक बीडा पान नै पर्याप्त हुने प्रार्थना ।

विवाह भोज जम्यो ।

वर-वधूले सबैबाट सुखद दाम्पत्य जीवनको शुभकामना र आशीर्वाद ग्रहण गरे ।

औपचारिक कार्यक्रमहरू सकिएपछि दैनिक दिनचर्या सरल हुँदै आयो ।

पुरुषोत्तम सिंहको घरमा भएको विवाह भोजबाट स्थानीय बासिन्दाहरूले सकारात्मक प्रभाव लिए । दाइजो लिने र दिने रीत सधैंका लागि सबैतिरबाट पन्सियोस्, यथार्थ रूपले यो चलन व्यवहारमा घटित होस् भन्ने कामना गरे । दाइजोको कारण समाजमा छोरी-चेली मारिए, अपाङ्ग बनाइए । बेपत्ता पारिए ।

कतिको लाश नदीमा ढाडिएको भेटियो । कति पानीको इनारमा फेला परे । कतिलाई जिउँदै जलाए । दुर्घटना गराएर पनि मारे ।

योजनाबद्ध ढंगले बलात्कारमा पारेर पनि बदनाम पारे । कैयौं छोरी र जन्मनासाथ घरैमा मारेर फ्याँकिए । स्थानीयहरू यो स्थितिबाट अनभिज्ञ थिएनन् । उनीहरू मध्यम वर्ग र उच्च वर्गका परिवारमा यस्ता अवाञ्छित कर्म हुन्छन्, निम्न वर्गमा त्यति चर्को नभएको यथार्थ पनि जान्दथे । र यो पनि जान्दथे कि योगेश्वर सिंहको विवाह र विवाह भोजले मध्यम वर्ग र उच्च वर्गलाई सकस पारेको छ ।

एउटा अर्को प्रसंग पनि थियो । भोजमा निम्तारूहरूले केही नल्याउने र सर्वसाधारणले श्रम-सेवा वितरण गर्ने प्रणाली बसाएर त नौल्याइ थपेकै थियो, दुई दाना फल वा दुई बीडा पान मात्र ल्याए पनि पर्याप्त हुने कुराले अहम्मानी व्यक्तिहरूलाई अझ बढी असामान्य बनाएको थियो । स्वयंसेवकका रूपमा दलितहरूलाई अदलितको दर्जाले सहभागी गराएर पनि भोजले चर्चा पाएको थियो । किन्तु सफा र सुन्दर युवा-युवतीहरूको सेवाभावले भेदक चिन्तनलाई टाढै परास्त गरेको थियो । अझ गजबको कुरा त के थियो भने भोजपछि मिथिलाको नृत्य-गीतमा तिनै सहभागी थिए- बाबुसाहेबहरूको अँगालोमा, जोडामा, एकान्त संवाद र बेहद प्रसन्नतामा । शायद प्रणय र आत्मरागमा विभेद रहँदैन अवचेतनको स्थितिमा ।

'म एउटा कुरा थपौं है । पुरुषोत्तम सिंहका घरमा जुन छोरी बुहारी भएर आई नि, यस्ता कुराको पृष्ठभूमिमा उसैको सोच बलियो भएर आएको हो भन्ने लाग्छ ।'

'सम्भव छ ।'

'हो, मानसिक रूपले त्यो छोरी उपल्लो उँचाइमा पुगेकी हो भन्ने लाग्छ । दारिद्र्य र भेदकभाव उसँग छैन भन्ने बुझ्दैछु । मलाई त बेहद प्रसन्नता भो ।'

'उनी, के नाम हो रे, अपर्णा, मनस्विनी छन् भन्ने लाग्दछ ।'

'तिम्रो भनाइ असंगत नहोला । मलाई पनि त्यस्तै लाग्छ ।'

पुरुषोत्तम सिंहको घरमा भएको भोजबाट दाइजो प्रथा र छुवाछुतको अन्त्यको आरम्भ भएको त हुँदै हो, भोजमा सहभागी हुने प्रणालीमा बदलाव ल्याएर जीवन सकसमुक्त भएको हो भन्ने अनुभव गर्दै स्थानीयजन परस्पर खुशी बाँड्दैरहे ।

❑❑

१४

बिहानको चमेना बैठकमा आज पुरुषोत्तम सिंह उपस्थित भएनन् । चाँडै प्रातः भ्रमणमा निस्कन्थे र फर्केपछि परिवारका सदस्यहरूसँग बसेर चमेना गर्थे । परिवारजनले अर्थ लगाए- कोही भेटियो होला भ्रमणकालमा, त्यसैले फर्कन विलम्ब भयो होला ।

छोरा-बुहारीलाई पर्खाइरहन उचित लागेन त्रिपुरालाई । त्यसैले भनिन्, 'बुवा आउँदै हुनुहोला, तिमीहरू शुरू गर ।'

योगेश्वर सिंह र अपर्णाले परस्पर मुखामुख गरे र चमेना शुरू गरे ।

'शर्वदेव !' त्रिपुराले बोलाइन् । लिम्बू कान्छा काँधमा गम्छा मिलाउँदै आयो ।

'बुवाको चमेना हेर । उहाँ आएपछि तयार गरिदिनुपर्छ । आज ढिला हुन्छ जस्तो छ ।' अनि उचित अवसर ठानेर त्रिपुराले भनिन्, 'अब के गर्ने विचार छ तिमीहरूको ? जवान छौ, पढेलेखेका छौ । केही त गर्नैपर्छ नि !' छोरा-बुहारीतर्फ उनको प्रश्न थियो ।

अपर्णा चनाखो देखिई । योगेश्वर सिंह गम्भीर भयो ।

'घर-खेती गरेर बस्न सकिन्न । अब त्यो समय पनि रहेन, जवानहरू वन पसेर कामदार पनि पाइन्न । सब गाउँ खाली छ ।' त्रिपुराले संकेत मात्र गरिन्, कारण जनाइनन् ।

'आमा, स्कूलमा निःशुल्क सेवा दिन चाहन्छु म । यसमा हजुरको राय जान्न चाहन्छु, म के गरौं ?' अपर्णाले आफ्नो धारणा प्रकट गरी ।

'अलिक खोलेर तिम्रो योजना बताऊ ।'

'यिनै गाउँका ३/४ स्कूलमा म संगीतको प्रशिक्षण दिन चाहन्छु । दिनको दुई घण्टा भए पुग्छ ।' अपर्णाले आफ्नो योजना खुलस्त गरी ।

त्रिपुरा र योगेश्वर सिंहले आँखा जुधाए ।

'बाँकी म कम्प्युटर सिकाउँछु । यदि स्कूलमा कम्प्युटर छैन भने यही घरैमा केटाकेटी बोलाएर सिकाउँछु ।' अनि विनयभावले थपी, 'आमा, मैले यसमा हजुरको सहयोगको अपेक्षा राखेकी छु ।'

'योगी, अब तिमी आफ्नो योजना सुनाऊ ।'

'पहिले दुई काम छन्, कानून व्यवसायको लागि लाइसेन्स लिने र बारको सदस्य हुने । त्यसपछि के हुन्छ हेरौं ।' अनि थप्यो, 'केही गर्न त घरबाट बाहिर जानैपर्छ- कि काठमाडौं कि विराटनगर । यदि घरबाहिर जानुपर्ने भयो भने अपरा... ।'

'भैगो, मैले बुझें ।'

'मैले पनि बुझें ।' चमेना बैठकमा पस्ता-पस्तै पुरुषोत्तम सिंहले भने ।

'यस पटक तीनै जनाले प्रश्नभावले पुरुषोत्तम सिंहतिर हेरे ।'

'बुझें, अब घरबाट बाहिर गएर बस्नसक्ने स्थिति छैन ।'

'किन बुवा ?'

'माओवादीले आफ्नो एक्शन देखाउन शुरू गरे । यी हेर पेपर ।' उनले "मिथिला एक्सप्रेस" टेबिलमा पछार्दै जोशिएर भने । उनको मुद्रा र अभिव्यक्तिको ढाँचाबाट उनी आत्तिएका वा विचलित भएका हुन् भन्ने छनक मिल्थ्यो ।

पुरुषोत्तम सिंहले ल्याएको ताप घरमा अरू सदस्यमा पनि सर्‍यो । यहाँसम्म कि शर्वदेव अर्थात् लिम्बू कान्छादाइ पनि विचलित देखिंदै गए ।

मधुपुरा गाउँ, मिथिलाञ्चल वा देशको कुनै भाग मात्र होइन समग्र नेपालमाथि सबैतिरबाट आततायी आक्रमण हुनथाल्यो । हत्या, लूट र डकैतीका मुद्राहरू प्रत्यक्ष देखिंदै गए, यहाँसम्म कि सैनिक अड्डामाथि समेत आक्रमण हुन थाले । संचारले युद्धको आगोलाई साक्षात्कार गराउँदै रह्‌यो ।

सरकार डरायो । आत्मविश्वास र दूरदृष्टि नहुनाले कमजोर देखिंदै गयो । सरकारका सदस्यहरू नै आततायीका प्रिय पात्र हुँदै गए ।

थोरै सरकारले मार्‍यो ।

धेरै आततायीले मारे ।

मारे, आफ्नाले आफ्नैलाई मारे ।

अर्काको योजना बोक्न घोडा भएर पनि मारे ।

अर्काको स्वार्थ पूरा गरिदिने श्मशान नृत्य पनि नाचे ।

आफ्नो देश आफैंले ध्वस्त पारे ।

देश समराग्निको ज्वालामा सल्कँदै गयो । आततायी कर्म शैतानको भाव-मुद्रामा फैलँदै गयो । पर्दाभित्रबाट कठपुतलीको नृत्य उसले नचाउँदै रह्यो । टाढाबाट धेरैले यो दृश्य हेर्दैरहे । परिणाम भयावह देखिंदै गयो । आखिर पदचिन्हहरू थपिदै रहे, इतिहासबद्ध हुने भए ।

'हो, पानीमा, बालुवामा, हावामा र आकाशमा हिंडेका पदचिन्ह मेटिएलान् किन्तु आतंककारीले छोडेका पदचिन्ह कतै मेटिएका हुँदैनन् । इतिहास साक्षी छ ।' योगेश्वर सिंह एकान्तमा बसेर घोरिदै रह्यो ।

योगेश्वर सिंहका कोठामा अब पत्रपत्रिकाको चाङ थुप्रियो । पुरुषोत्तम सिंह सधैंजस्तो पत्र-पत्रिका च्यापेर आउँथे र चमेना गर्दा सरसर्ती आँखा घुमाउँथे ।

'तिमी पनि पढ र थन्क्याइदेऊ अपर्णा । म दिक्क भैसकें यी अपहरण, कब्जा, हत्या र लूटका समाचार सुनेर ।' त्रिपुराले अप्रिय समाचारप्रति अरूचि प्रकट गरिन् ।

कतिपय समाचार शीर्षकमा अपर्णा तत्काल रेखाङ्कन गर्थी । अन्त्यमा शर्वदेव अर्थात् लिम्बू कान्छादाइ आएर पत्रपत्रिका समेटेर लान्थ्यो र व्यवस्थित गरेर राखिदिन्थ्यो । रखाइ वर्गीकृत हुन्थ्यो र प्रत्येक महिनाका दैनिक चाहिं बाँधेर राखिन्थे ।

'आततायीको उत्पादन इन्डियाले गरेको होला त ? प्रकट रूपमा त इन्डिया सधैं आतङ्की गतिविधिको विरोध गर्दै आएको हो, फेरि माओका नामबाट आतङ्ककारीहरूलाई आफ्नो धरतीमा तालिम दिनुको अभिप्राय के ? इन्डियाले नेपालको शान्ति र समृद्धिलाई आँच पुऱ्याउन खोजेकै हो त ? यदि इन्डियाले माओवादीका नामबाट आतङ्ककारी शक्ति उत्पादन गरेर नेपालमा परिचालन गर्नसक्छ भने चीनले पनि उसको देशमा गान्धीवादी आततायी सेना उत्पादन गरेर इन्डियामा अथवा नेपालमा परिचालन गर्न किन सक्तैन ? आखिर चीनको सीमा इन्डियासँग नेपालको भन्दा बढी नै जोडिएकै होला । दक्षिण तिब्बत चीनकै हो भने फेरि त्यहाँ गान्धीवादी आतंककारी तत्व परिचालन गर्न सोचिरहनुपर्छ र ! चीनले चाह्यो भने खेली-खेली परिचालन गर्नसक्छ, उसका लागि कुनै कुरै हैन । चितायो कि बितायो ।' एकान्तको आत्मकथनमा योगेश्वर सिंह केन्द्रित हुँदै गयो ।

'हजुर के गर्दै हुनुहुन्छ एकान्तमा ?' अपर्णाले कक्षमा प्रवेश गर्दै सोधी ।

'नेपाल पूरै आततायीको चपेटामा परेजस्तो छ । हेर न, मिथिला क्षेत्रमा पनि माओवादी आततायी गतिविधि फैलिइसकेछ । गाउँघरमा हामी चाहिं सुरक्षित रहन सकौंला र ? शंकै छ !'

'अब कुनै वैकल्पिक व्यवस्था गर्नैपर्ला जस्तो छ । खास गरेर केटाकेटीहरूको पढाइलाई लिएर पनि म चिन्तित छु ।' अपर्णाले आफ्नो पीडा पोखी ।

'छिमेकीको रोगी मनोदशाको कारण हामीले यातना भोग्नुपर्ने भो ।' योगेश्वर सिंहले एउटै वाक्यमा सार प्रकट गऱ्यो ।

'अक्टोपसको आक्रमण हामीले मात्र भोगेका होइनौं । हिजो श्रीलङ्कालाई दुःख दिएको थियो, झन्नै टुक्र्याएको ! पाकिस्तानसँग सधैं सीमा-युद्ध, बङ्गलादेशको भूमि-हरण र प्राकृतिक स्रोतको दोहन गर्दैछ । भूटानलाई आफ्नो पिंजराभित्र हुल्न खोज्दैछ । सिक्किमलाई आफ्नो उपनिवेश बनायो । फेरि एशिया अभ्र सार्क मुलुकभित्र शरणार्थी उत्पादन, अव्यवस्थाको सिर्जना र आर्थिक दोहनमा हात धोएर लागेको छ । र खास गरेर हाम्रो देशमा हरेक क्षेत्रमा हस्तक्षेप गरेको छ । सीमा मिच्ने, नाकाबन्द गर्ने, आन्तरिक गतिविधमा प्रत्यक्ष चलखेल गर्ने । बिरालाको रोटी तौलले समस्या देखाउने जस्ता अनेक अवाञ्छित कुरा एउटा छिमेकीले अर्को छिमेकीलाई गर्दैछ । फेरि हाम्रो युवा पुस्ता कहाँ कुन रूपले परिभुक्त छ हजुरलाई जानकारी नहोला र !' अपर्णाले लामो टिप्पणी सुनाई ।

'दोकलाम युद्ध रोकियो । यो नकाम भो । भएको भए एउटा राम्रो नतिजा निस्कन्थ्यो । तैपनि गोरखाल्याण्डको युद्धले दूरगामी परिणाम देखाउन बाँकी छ । पर्खौं ।'

'अनि देश/मधेश वा तराईको समस्या नि ?' अपर्णाले प्रश्न गरी ।

'त्यो क्यै हैन । नेपालको यो भागमा आँखा लगायो भने सम्झ सेभेन सिस्टर्स (दक्षिण तिब्बत) पनि महाचीनमा पस्छ । त्यसैले नेपालको भू-भागलाई चलाउने कि नचलाउने कुरा इन्डियाको अखण्डता खण्डमा निर्भर छ- आँकडा यही हो । किनभने सांस्कृतिक क्षेत्रको दुहाइ दिएर हल्लाउन खोजिएको हो भने टिस्टापूर्वको सम्पूर्ण भूमि महान चीनको सांस्कृतिक क्षेत्रभित्र स्वतः निर्दिष्ट छ । सुगौली सन्धिपूर्वको नेपाल पुनः स्थापित हुन्छ । फेरि ब्रिटिशलाई बोलाएर पनि यो शेष कर्म पूरा गर्नुपर्छ । इन्डिया टुक्रन्छ । हाम्रा कथित नेताले ...फलानो थोक खाए र पो, नत्र... । प्राकृतिक अधिकार र पहिचानको कुरा हो भने यो कुरा इन्डियाका प्रत्येक प्रदेशमा लागू हुन्छ,

टुक्रिन्छ । इन्डियाले रोक्न सक्तैन ।' योगेश्वर सिंहले आफ्नो विश्लेषण सुनायो ।

'अब राम्रो स्थिति कसरी थाम्ने त ?'

'अब थामिने कुरै छैन, जबसम्म हाम्रा नेता इन्डियाका नेताको तलुवा चाटेर गुलामी गर्न छोड्दैनन् तबसम्म सुधार हुने कुरै छैन । घरभित्रका कुरा त्यसै बाहिर पुऱ्याएर हुन्छ ?'

'मलाई त छोराछोरीको चिन्ता भो ।' अपर्णाले अन्तिम अस्त्र उठाई ।

'म एकपटक बुवा-आमासँग परामर्श लिन्छु नि ! तिमी पीर नमान न ।' योगेश्वर सिंहले सान्त्वना दियो ।

❑❑

१५

'योगेश्वर काका, हजुरबा उतै चमेना गर्ने रे, नपर्खनु रे । हजुरलाई पनि बोलाउनु भन्नुभएको छ । त्यसैले म आएको ।'

'कहाँ ?'

'स्कूलमा ।'

'स्कूलमा आगो लगाए हैन र !'

'अफिस र वाचनालयमा आगो लाग्यो, अरू जोगिएको छ नि काका ! त्यही मिटिङ हुँदै छ । पुग्नु है, म हिंडें, अन्त पनि खबर गर्नु छ ।' सूचक जुन वेगले आयो र सन्देश सुनायो त्यस्तै वेगले फर्कियो पनि ।

योगेश्वर सिंहलाई हिंड्ने तरखरमा लागेको देखेर अपर्णाले भनी, 'म जान्दछु गाउँमा आततायी तत्व पसिसकेको छ । राज्यले यसको जवाफदेही लिनुपर्छ । हामीले बोल्नुपऱ्यो भने समग्र जनताको हितमा बोल्नुपर्छ र देशको समग्र भू-भागका निमित्त लड्नुपर्छ । जातीय र क्षेत्रीय कुरा गर्ने होइन है । कुनै पनि वर्गीय र स्वार्थका कुरा आफ्नो तर्फबाट हजुरले नभन्नुहोला । मेरो सल्लाह यति मात्र हो ।'

'अपरा, तिम्रो विचार राम्रो हो । भन, थप अरू केही भए त्यो पनि भन । छलफलमा मलाई काम लाग्छ ।'

'गोरखापत्रको हो कि कान्तिपुरको मुखपृष्ठमा बीचमा ठूला-ठूला अक्षरमा छापेको थियो- तराईका २२ जिल्लामा भारतीय संविधान लागू हुनुपर्छ । आज पनि त्यो शीर्षक मेरा आँखाका अगाडि नाच्छै छ । यदि यस्ता खालका देशद्रोही वा विखण्डनकारी विचार फैलाउने सभा भए हजुर नजानु होला, गए पनि नबोल्नु होला । यस्तो सोच राख्ने कथित नेताले हाम्रो जीवनमा गतिरोध ल्याएका छन् । त्यो विचार श्रृंखला अब सधैंका लागि टुट्न पर्छ, सधैंका लागि मेटिनुपर्छ । अभ... ।

'यो त मृगेन्द्रबाबुको महान् विचार हो भनेर मैदानी भागका कतिपय बुद्ध-प्रबुद्धजनले अनुगमन पनि गरे । यो विचार त राष्ट्रका लागि घातक हो । यसको विरोध हुनुपर्छ ।'

'भाडामा बोल्ने मान्छेको विचार पनि आफ्नो हुन्छ र ? बोल्न लगायो बोली दिए । के महत्व छ र त्यसको, समाजमा डढेलो सल्काउने सिवाय ?'

'त्यसबारे मैले सुनेको हुँ, पढेको छैन । तिमीले कहाँ पढ्यौ मृगेन्द्रबाबुको विचार ?'

'म स्कूलमा थिएँ । यो हाम्रो नेताको विचार हो भनेर शिक्षकले स्कूलको वाचनालयमा हामीलाई देखाएको थियो । पछि त्यसको फोटोकपी पनि बाँडेको थियो । होला कतै, खोज्दा अवश्य पाइएला । नभए मदन पुरस्कार पुस्तकालयमा, पद्मकन्या कलेजको पुस्तकालयमा, नभए त्रि.वि. पुस्तकालयमा सुरक्षित हुनुपर्छ । व्यक्तिगत पुस्तकालयमा पनि भेटिएला नि । फेरि प्रकाशकसँगै सुरक्षित हुन्छ । कि एक पटक विनय कैदी डा. धनेश गौतम, राम रोचक र शिव साँवालाई मेसेज गर्ने हो कि !' एक छिन रोकिएर अपर्णाले थपी, 'मेरो बुवाको पुस्तकालयमा पनि भेटिएला । रहेछ भने म हजुरलाई कुनै हिसाबले पढ्ने मौका मिलाइदिन्छु ।'

'यो त बुझें र आशा पनि गर्छु त्यो लेख पढ्न पाइएला । तर तिमी 'अभ्र' के भन्दै थियो, अभ्र वाला वाक्य पूरा गर न । म त्यो सुनेरै जान्छु । तिम्रो संवादबाट मलाई ऊर्जा मिल्छ अनि खुराक पनि ।'

अपर्णा एक छिन सोचमा परी अनि उम्केको माछो फेला परेजस्तो गरेर भनी, 'ए, अभ्र त्योभन्दा राम्रो मुद्दा त सुगौली सन्धि पूर्वको नेपालको राज्य-सीमा कायम गर्ने हो नि ! यसबारे हाम्रा नेता किन बोल्दैनन् । नेपालको संविधान त सुगौली सन्धिभन्दा पहिलेको आफ्नो भू-भागसम्म लागू हुनुपर्छ । हैन र ! विश्वेश्वरबाबुहरू यसैका लागि ब्रिटिशविरूद्ध भारतको स्वतन्त्रता संग्राममा सम्मिलित भएका हुन् नि ! भारतबाट मात्र होइन, उसले उपनिवेश बनाएर ओगटेको-भोगेको नेपालको भूमिबाट पनि ब्रिटिशलाई धपाउनु थियो र विशाल नेपालको स्वरूप पहिलेझैं साकार गर्नु थियो । यो कुरा न हिजोका नेताले बुझ्न सके न आजकाले बुझ्न चाहे ।'

'त्यसको अर्थ हो हाम्रो लडाइँ नेपालको भूमि टुक्र्याउने होइन, अपितु नेपालबाट गएको आफ्नो भूमि अब हामीले फिर्ता लिने हो । लडाइँ त अब थालिनुपर्छ- हामीबाट । हो, हाम्रो भूमि हामीले किन नलिने ? टुक्रिएर भारतमा पसेको भूमि लिने लडाइँ होस् न हाम्रो लडाइँ । र ब्रिटिशले हाम्रो भूमि फिर्ता

दिलाउनै पर्छ । हाम्रो भूमि अर्को देशलाई जिम्मा लगाएर हिंड्ने अधिकार ब्रिटिशलाई छ ? कसले दियो त्यो अधिकार ?' उसले मनमन गुन्यो । 'तर आफ्नै मान्छे खोटो । कति अभिलेख सिंहदरबारसँगै डढाए, कति स्वार्थले बेचे । कति गोप्य सूचना बेचे ।'

'अब जानुपर्ने भए हजुर जानुहोला । बोल्नैपर्ने स्थिति आए यति नै भन्नुहोला । पहाड र मधेशको कुरा होइन, मधेशको भू-भाग अर्थात् आफ्नै भूमि भारतभित्र छ, त्यो फिर्ता लिने संकल्प लिनुपर्छ भन्नुहोला । र जान्न चाहे भने दुई मिनेट समय मागेर इतिहास र घटना सुनाइदिनु होला । अझै पनि अन्न खाने नेपाली हुन् भने यति नै संकेत पर्याप्त होला नि !'

उसले दोहोऱ्याएर थपी, 'र स्मरण गराइदिनुहोला, भारतको स्वतन्त्रता संग्राममा नेपालीहरूले जेलनेल भोग्नुको पछाडि एउटै कारण थियो- ब्रिटिशले लिएको नेपालको भूमि फिर्ता लिनु । हाम्रो भूमि आजको विहार र उत्तर प्रदेश-उत्तराखण्डमा पसेको छ र पूर्वोत्तरतर्फ दार्जिलिङ खर्साङ क्षेत्रको सुन्दर पर्वतीय क्षेत्रमा फैलिएको छ । त्यो फिर्ता लिनु छ । र त्यो फिर्ता हुनुपर्छ । हजुर यस्तै सोच बनाएर जानुहोला । जय मातृभूमि !' अपर्णाले योगेश्वर सिंहलाई युगीन मन्त्रणा दिई ।

योगेश्वर सिंह साइकल लिएर हिंड्यो र मनमन गुन्यो, 'पाकिस्तानभन्दा पनि सानु हो इन्डिया, कान्छो हो । जेठो छ पाकिस्तान ! नेपालसँग कुम जोर्न खोज्छ !'

स्कूलका टेबिल र बेन्च जोडेर गोल बैठकको व्यवस्था गरिएको थियो । गाउँ-क्षेत्रका गण्य-मान्य अनुभवी र सर्वसाधारणजनको उपस्थिति थियो । हात जोडेर नमन-अभिवादनको मुद्रामा प्रवेश गर्दै योगेश्वर सिंहले भन्यो, 'क्षमा गर्नुहोला, म ढिलो भएँ ।'

उसले आसन ग्रहण गरिसकेपछि एक व्यक्तिले भन्यो, 'योगेश्वर बाबु, गाउँमा के हुनथाल्यो ? यहाँका जनताले अकारण कस्तो यातना र उत्पीडन सहन थालेका छन् यो कुराको जानकारी छ ?'

'थाहा पाएँ, माओवादी आततायीहरू पसेर आतंक फैलाएका छन् । रेडियो र पत्र-पत्रिकाबाट यस्तै जानकारी लिंदैछु ।'

'पत्र-पत्रिका आफ्नो नीति र स्वार्थ छोडेर लेख्दैनन् । अब प्रत्यक्ष जान्नुहोस् ।' वक्ताले जन-समुदायतर्फ औंल्याउँदै भन्यो, 'यी उभिएका यी भुइँमा बसेर रोएकाहरूबाट सुन्नुहोस् के भो !'

'ए, सुना रे के भो ।' पीडितप्रति लक्ष्य गरेर एउटाले झर्केको शैलीले आदेश दियो ।

आततायीको शिकार भएको जनसमुदायतर्फ योगेश्वर सिंहले एकपटक दृष्टि घुमायो । ती आर्तहरू भयभीत देखिन्थे ।

'योगेश्वरबाबु, सोध्नुहोस् यिनलाई । यी कसरी-कसरी आतंकवादीका शिकार भए !' एउटा बोल्यो ।

'ए, बोल रे !' अर्काले झर्केर भन्यो, 'योगेश्वरबाबु हाम्रो गाउँको ठूलो वकील, जो छ त्यो बोल उहाँका अगाडि ।'

'जी, हुजुर, मेरो जवान छोरीलाई घरैबाट समाएर लग्यो । एउटा भीड नै आएको थियो हिजो साँझ । मेरो छातीमा बन्दूक तेर्स्यायो एउटाले र अरूले घिसार्दै घरभित्रबाट लिएर गए । बोल्न पनि दिएन ।' पीडित घुँक्का छोडेर रून थाल्यो । अनि ऊ थचक्क भुइँमा बस्यो र आँसु झार्दै थप्यो, 'उनीहरू धेरै थियो, म एक्लो भएँ ।'

'हुजुर, मेरो जवान छोरालाई घरबाट पर लगेर गोली हानेर मारिदियो ।' अर्काले आँसु झार्दै हात जोडेर थप्यो, 'अपराध त उसले गरेकै थिएन हजूर, भर्खर बाइस वर्षको हुँदै थियो । उसको टाउको काटेर लग्यो । शरीर पल्टिएकै छ ।'

अर्काले भन्यो, 'बिहा गरेर दुलही भित्र्याएको केही घण्टापछि छोरालाई मारिदियो र बुहारीलाई गहनासहित लिएर गयो ।'

'मेरो चारवटा खसी लग्यो ।'

'हाम्रो गाउँको मास्टरलाई मारेर कोशीमा बगाइदियो ।'

'मेरो १९ वर्षको नातिलाई रूखमा बाँधेर हात र खुट्टा गिंडेछ । अनि मार्‍यो ।'

'हाम्रो स्कूलबाट ९ र १० कक्षामा पढ्ने विद्यार्थीलाई बाटैबाट टिपेर हिंड्यो ।'

'हजुर, मेरो ज्वाइँको टाउको भेटियो, शरीर भेटिएन । क्रियाकर्म गर्न पनि सजिलो छैन ।'

'मेरो भान्जाको शरीर भेट्यो शिर छैन । शरीर पनि लुगाले मात्रै चिनेको हो ।'

'जवान छोरी र बुहारीलाई त चितुवाले बाख्रा टिपेजस्तै टिप्यो ।'

'हो, मसान भो गाउँ ।'

योगेश्वर सिंहले सबैको पीडा र शोक संझ्यो तर केही बोल्न सकेन । ऊ यति बढी आहत भयो र यति मात्रै भन्यो, 'यी सबै इन्डियाका खेताला हुन्, उसैले तालिम दिएका डाका हुन् । इन्डियाको विध्वंसकारी योजनाभित्र श्मशान नृत्य गर्दैछन् - माओवादीहरू । अलिकति त हाम्रा नेताले पनि यस कुकर्मलाई निम्त्याएका हुन् । फेरि हाम्रा मान्छे अर्काको निर्देशनमा आफ्नै मान्छे मार्दैछन्- उसैलाई खुशी पार्नका लागि । धिक्कार छ राजनीतिलाई, धिक्कार छ आफ्नै देशमा घात पुऱ्याउनेलाई ।' अनि हात जोडेर भन्यो, 'अब म बिदा हुन्छु, आज्ञा पाऊँ ! मैले के गर्नुपर्छ आदेश पाऊँ, म प्रस्तुत हुनेछु ।' ऊ हिंड्न तत्पर भयो ।

तुरून्तै केटाकेटीको एउटा हूल सभाकक्षमा पस्यो र 'गान न गा, त्यही गा' भन्दै गाइने बालकलाई उत्प्रेरित गर्न थाले ।

गाइने बालकले सारङ्गी रेटेर सबैको ध्यान आफूप्रति तान्यो र त्यही गीत गायो : पहाड जाने पनि छैन बाटो... ।

कार्यक्रम अल्मलियो मात्र होइन, बैठकमा उपस्थित भएका सभासदहरूको मनोदशा पनि बिथोलियो । त्यसैले सद्गति गर्नुपर्ने परिवारका सदस्यहरूको क्रियाकर्म पहिले गरिसक्ने र त्यसपछि गाउँ क्षेत्रबाट कस्तो निर्णय गर्ने वा के कदम चाल्ने भन्ने निष्कर्षबाट टुंगियो ।

पुरुषोत्तम सिंह र योगेश्वर सिंह दुवै बाबु छोरा सँगै फर्किए । किन्तु दुई जनाको बीचमा कुनै संवाद हुन सकेन । गाउँभरि फैलिएको शोक र पीडाले दुवैको कण्ठ अवरूद्ध थियो । अश्रुसिक्त दृष्टि लिएर भारी मनले उनीहरू घर पुगे ।

❑❑

१६

अनिकालमा बिउ जोगाउनु

हूल र आतंकमा जिउ जोगाउनु ।

डाका मार्ने, हत्या गर्ने, लूट मच्चाउने अनि नयाँ उमेरका केटाकेटीहरूलाई फकाई-धम्काई जंगलतिर लाने क्रम अझ तीव्र भएपछि मधुपुरा गाउँका बासिन्दाहरूमा भोक र निद्राको प्रभाव समेत पर्न छोड्यो । कुनै वेला पनि काल आएर उठाउन सक्छ भन्ने कातर मनोदशा निर्माण गरेर जनता कुनै प्रकारले जीवित रहने यत्न गर्थे ।

पुरुषोत्तम सिंह गाउँमा माओवादी आततायीहरूले फैलाएको विप्लव हेर्दै थियो, बुझ्दै थियो किन्तु उसले आफ्नो तर्फबाट कुनै टीका-टिप्पणी गर्न उचित ठानेन । बरू परिवारको रक्षा कसरी हुनसक्छ त्यसतर्फ ऊ केन्द्रित हुँदै गयो ।

अर्को साँझ योगेश्वर सिंह घरमा पुग्दा बरण्डाभरि इष्ट-मित्र भरिएका थिए । 'कान्छा दाइ, कान्छा दाइ !' उसले शर्वदेवलाई खोज्यो ।

गम्छा काँधमा राख्दै शर्वदेव हतार-हतार आयो र योगेश्वर सिंहका अगाडि पुगेर भन्यो, 'जी बाबु !'

'उहाँहरू यहाँ कतिबेरदेखि हुनुहुन्छ घरमा ? कसैले पानी पनि सोध्न बिर्स्यो !'

'बिर्सेको छैन बाबु, उहाँहरू बाबुलाई नै भेट्न आउनुभएको हो ।'

'जी बाबु, हजुर वकील हुनुहुन्छ रे, त्यसैले निदानको लागि दुःख सुनाएर हामी फर्कन्छौं ।' उनीहरू अञ्जलिबद्ध रहेर दुई पाइला अघि सरे ।

'प्रमाण !'

'प्रणाम, यहाँहरू बस्नुहोस् । म सबैका कुरा सुन्छु ।'

'बाबु, मेरो त खेती गर्ने भूमि पनि उनीहरूले हडपे ।'

'मेरो त घर नै कब्जा गरे बाबु । परिवार लिएर कहाँ जाऊँ ?'

'घरमा भएको अन्न जति उठाएर लगे बाबु !'

'कोरली गाई पनि लगे, बकेर्नु भैंसी पनि लगे ।'

'मेरा ६ वटा सुँगुरका पाठा लुटे, ६/६ महिनाका थिए ।'

'मेरो घरमा तलासी लिए, क्यै नभेटेपछि मेरी बूढीलाई गोली मारे बाबु ।'

'स्कूल गएको छोरा फर्किएन, दुई दिन भयो बाबु ।'

'मेरी पनि छोरी फर्किएकी छैन, तीन दिन भयो ।'

'मेरोबाट चल सम्पत्ति लुटेर लगे । मैले रोक्न सकिनँ ।'

'गाउँमा बस्तीमा आगो सल्काइदियो । ओत पनि छैन, अन्न पनि छैन ।'

'यी कहिलेका घटना हुन् ?' योगेश्वर सिंहले जिज्ञासा राख्यो ।

'अस्ति स्कूलमा सभा बसेको अर्को दिनदेखि ।'

'यस्तो विषलताको बीज कसले कहाँ रोप्यो र संरक्षण दियो, कुन प्रयोजनका लागि तयार गऱ्यो, कुन विधि वा शैलीले यसको विस्तार गऱ्यो अनि कसरी त्यसको उपयोग गरिदैछ । यी सारा घटना र परिस्थितिको पृष्ठभूमि, विकास र प्रयोगसँग अब सबै परिचित छन्, म पनि केही संभ्फदै छु ।' योगेश्वर सिंहले आगन्तुकहरूका अगाडि आफूले बुझेको कुरा खुलस्त गऱ्यो ।

'बाबु अब के सल्लाह छ त हाम्रा लागि ?' आगन्तुक ग्रामीण बन्धुका तर्फबाट एउटाले सोध्यो ।

'यहाँ घरमा पनि हामी सल्लाह गर्छौं, अनि मधुपुरा गाउँमा गण्यमान्य अनुभवीहरूसँग पनि परामर्श लिनु आवश्यक हुन्छ । हेरौं, हामीले प्रतिरोध त गर्नैपर्छ र यसका लागि कुन माध्यम अँगाल्ने हो निष्कर्षमा पुगेर नै कदम चाल्नुपर्ने हुन्छ । हामी यत्न गर्नेछौं ।'

'जी बाबु ।'

'साँझ पर्न लाग्यो, अब तपाईंहरू के गर्नुहुन्छ ?' अनि सद्भाव प्रकट गर्दै भन्यो, 'जान समस्या होला, यही बस्नुहोस्, म व्यवस्था मिलाउँछु । बिहान जानुहोला ।'

'पुलिस चौकी उठेर गयो । तर हामी गाउँबाट जान सक्तैनौं बाबु, प्राण रहेसम्म आस हुँदोरहेछ । सबै कुरा गाउँमा नै छ । अरू ठाउँमा गएर भन् बिस्यार भइएला कि ! जे होला भनेर आँखा चिम्लन पनि सकिएन ।'

'बाबु, अँध्यारोको डर पटक्कै होइन, डर त मान्छेको हो ।'

'हामी कहाँ जान्छौं किन जान्छौं र के गर्छौं सुराकीले थाहा पाइहाल्छ । अनि भन् समस्या पर्छ । स्थिति यस्तै छ ।'

'म भन्छु, देश छ भन्छौ, त्यसो भए माटोको रक्षा, जनधनको सुरक्षा, अपराध नियन्त्रण, यातनाको सुनवाइ र निष्पक्ष शीघ्र न्याय वितरणका लागि हाम्रा स्थानीय नेता र सांसदहरूले बल पुऱ्याउनुपर्ने होइन र हजूर !'

योगेश्वर सिंहले मनमन गुन्यो, 'राजनीतिक व्यक्तिहरूले नै यो स्थिति जन्माएका हुन्, राजनीतिक व्यक्तिले नै समर्थन गरेका छन् र राजनीतिक व्यक्तिले नै विप्लव मचाएका हुन् । दुःखी जनतालाई अनेक प्रलोभन र सुखद भविष्यको आशा देखाएर आफ्नो फौजमा हुलेका छन् । जनता बिचरा छ । नेतृत्व नै असफल भो, छनोट नै गलत हो ।'

अनि सबैले सुन्ने गरी उसले भन्यो, 'राज्य जे चाहन्छ त्यही हुन्छ । शान्ति चाहन्छ शान्ति हुन्छ । विप्लव चाहन्छ विप्लव हुन्छ । मार्न चाहन्छ मार्न सक्छ, लुट्न चाहन्छ लुट्न सक्छ, रोक्न चाहन्छ रोक्न सक्छ र जोगाउन चाहन्छ जोगाउन सक्छ । त्यसैले गलत मान्छेलाई राजनीतिमा ल्याउनु हुँदैन । सही मान्छे चुन्नुपर्ने हुन्छ । मूर्ख वा बौलाहाका हातमा हतियार दिएपछि के होला ? अलिकति संस्कार र परम्परा पनि त चाहिन्छ नि ! हेर्नुपर्ने होइन र !'

एक छिन सबैलाई हेरिसकेर योगेश्वर सिंहले थप्यो, 'आज देशमा यो स्थिति आओस् भनेरै हामीले अपात्रलाई आफ्नो मत दिएका हौं, त्यसैले यस अपराधको हिस्सेदार हामी जनता पनि हौं । राजनीतिक भीमकर्मालाई ऊर्जा दिने हामी पनि अपराधी नै हौं । त्यसैले मताधिकारको उपयोग जनताले सही ढंगले गर्नुपर्थ्यो, यसका लागि जनता स्वयं सचेत हुनुपर्छ र जनतालाई सचेत गराउने दायित्व पनि सरकारकै हो, यो कुरा राज्य स्वयं चाहँदैन । आखिर राज्यले (सरकारले) चाहँदा के हुनसक्तैन र !'

'हो योगेश्वर सर, मैले सुनेको छु- मेलम्ची खानेपानी ल्याउने ठेक्का चीनलाई मिलेको थियो तर चीनबाट खोसेर अर्कैलाई दिने सोच राख्यो, ग्राहक खोज्न सकेन- पश्चिमी मुलुकबाट । अर्थमन्त्रीले प्रत्यक्ष हस्तक्षेप गरेर जनतालाई पानीको सुविधाबाट जानी-जानी वञ्चित गरायो । इतिहासको झिल्का यसै भन्छ ।'

'हो, त्यो मन्त्रीले राज्यको चाहना कार्यान्वयन गऱ्यो । राज्य चाहँदैनथ्यो जनता खानेपानीबाट लाभान्वित हुन सकून् । राज्यले चाहेको भए, भनौं २० वर्ष पहिले नै मेलम्चीको पानी आइपुग्थ्यो ।'

'यो राम्रो प्रमाण हो- गलत नेताले गरेको गलत निर्णय जसको नकारात्मक प्रभावमा जनता पिल्सिने गर्छन् ।'

'यो अहिले हामीले भोग्नुपरेको आततायीको मार पनि गैरराजनीतिक राजनीतिको प्रतिफल हो । राज्य र नेता दुवै यस स्थितिका जनक हुन् ।'

'योगेश्वर सर, तपाईंको दृष्टि र विश्लेषण मलाई मनपऱ्यो । आखिर वकील नै ठहर्नु भो । फेरि भेटौंला, लाल सलाम ।' भन्दै एउटा युवा बडो फूर्तिसाथ त्यहाँबाट निस्कियो । गोलफुट्टाजस्तो शैलीमा एउटा अर्को युवा पनि उसका साथ लाग्यो ।

एकछिन शून्यता आयो बिल्कुल चकमन्न । अनि एक छिन मुखामुख चल्यो-मौन हेराहेर । प्रश्न र कुतूहल प्रशस्तै थिए किन्तु कसैले मुख खोलेन ।

'बाबु, हामी पनि विदा हुन्छौं । रामराम !'

'म पनि विदा पाऊँ । रामराम ।'

'रामराम बाबु ! सबैजसो साइकलमा नै आएका छौं । मिलेर जान्छौं । हामी पनि बाटो लाग्छौं ।'

'रामराम, रामराम ! भेट्तै गरौं । गाउँको समस्या र परिस्थितिको सन्दर्भमा पनि हाम्रो भेट हुनुपर्छ है !' योगेश्वर सिंहले हात जोडेर सबैलाई बिदाइको औपचारिकता पूरा गऱ्यो ।

'हस् बाबु, रामराम !' भन्दै ग्रामीण बन्धुजन क्रमशः निस्कँदै गए ।

योगेश्वर सिंह एक छिन अन्तर्मुखी भयो अनि सम्झेजस्तो गरेर बोलायो, ' कान्छा दाइ ! कता हुनुहुन्छ ?' घरमा शून्यता फैलिएको देखेर सशंकित भयो र थप्यो, 'बुवा, आमा खै ? अपरा कहाँ छन् ? शैलु र रघु कता लागे ? खै कसैलाई देख्तिनँ नि !'

शर्वदेव हतार-हतार आयो र काँधको गम्छा मिलाउँदै योगेश्वर सिंहका अगाडि प्रस्तुत भयो र भन्यो, 'जी बाबु, सबैजना काठमाडौं जानुभयो ।'

'ए, आज त जाने दिन थिए छ, कस्तो विस्मृति भएछ मलाई ! अहः !' उसले मनमन भन्यो अनि फेरि सोध्यो, 'अपरा पनि ?'

'दुलही साहेब पनि सँगै निस्कनु भयो । तर माइत पनि जाने या केटाकेटीसँगै जाने भन्ने टुंगो थिएन ।'

'अँ ।' पूर्व निश्चित योजना नै थियो, केवल चिन्तनबाट पन्सिएको जस्तो ठानेर योगेश्वर सिंहले मौनता लियो ।

'भोलि अथवा पर्सिसम्म त आइजानुहोला नि बाबु !'

'एक हप्ता भए पनि चाँडै नै भन्नुपर्ला ! त्यतातिर पनि उथलपुथल/विप्लव आउन थालेको छ !' उसले मनमन गुन्यो । अनि भन्यो, 'ठीक छ उद्देश्य पूरा होस् बाधा नपरोस् ।'

राति हैन, ठूलो साँझ परेको थियो । गोली चलेको ध्वनि फैलियो । कतै टेलिफोन गरेर स्थिति बुझ्ने आँट गर्न सकेन ।

अलिक पर एकैचोटि धेरै मान्छेको मिलित स्वर फैलियो ।

एकछिनपछि ठूलो आवाज फुट्यो- ठूलै कुरा पड्केको थियो ।

दक्षिणतर्फको आकाश रातो पहेलो देखियो । मानव-चीत्कार फैलिंदै थियो । गाउँ-बस्तीमा आगो फैलिंदै सल्बलाएको थियो । आगोको लप्काले धुँवा उठेको देखाउँथ्यो । चराचुरूङ्गी अति क्रन्दन गर्दै रहे ।

मधुपुरा गाउँ रातभर डर र छटपटमा जाग्राम बस्यो ।

आमा, बाबु, पत्नी र छोराछोरीको कुशल मंगलको जपना गरेर योगेश्वर सिंहले उज्यालो पाऱ्यो । फोनबाट कुशल क्षेम सोध्न सकेन ।

शर्वदेव ध्यानमा बस्ने गर्थ्यो त्यसैले उसलाई यस्ता कुनै आतंकमुद्रासँग राग र विराग थिएन । ऊ सधैं सामान्य मनोदशामा रहन्थ्यो र सबैको भलो संभन्थ्यो । त्यसैले ऊ सधैं तातो र चिसोबाट माथि थियो ।

❑❑

१७

कुखुराका भाले बासे, परेवा घुरे, चराहरूले बिहान ब्युँझाए, किन्तु मधुपुरा गाउँ अझै ब्युँझन मानेन । सुतेपछि ब्युँझनु हुन्थ्यो, सुतेकै थिएन ।

फेरि पनि घर-गृहस्थी लामो सुत्न सक्तैनथ्यो; पशुधनले ब्युँझन बाध्य मात्र होइन जाँगर देखाउन पनि विवश गरायो । पाडा-बाछाले माउ खोजेको गाउँले पनि थाहा पाउँथ्यो । त्यसैले ढिलै भए पनि घरका झ्याल-ढोका खुल्दै गए । पानीकल बज्दै गए ।

चरा-कुखुराहरू चारो माग्न आँगनमा ओर्लदै गए । त्यसैले पनि गृहस्थ-जन अरूचि र भयले शिथिल शरीर लिएर पनि अपरिहार्य दिनचर्यामा खटिँदै गए ।

सूर्योदयको पहिलो चरण बितिसकेपछि चकमन्न गाउँमा बल्ल एक-दुई साइकल देखिन थाले, थपिँदै गए । चहल-पहलको गति बढ्दै गयो ।

गएको साँझ-राति, कहाँ के भो, के देखियो, के सुनियो, के विचार गरियो ? यसको अनुभव आदान-प्रदान गर्न, सुन्न-सुनाउन, आत्मीयता र सद्भाव बाँड्न ग्रामीणजन एक-दुई एक-दुई गर्दै एकत्रित हुँदै गए ।

यसपटक स्कूलमा होइन, कसैको घरमा पनि होइन संगीतालयमा जम्मा भए ग्रामीणजन । योगेश्वर सिंहकी पत्नीले- अपर्णाले निर्माण गराएकी थिई त्यो संगीत कक्ष- आफ्नै खर्चमा आफ्नै माटोमा, घर परिसरमा, तर केही पर । त्यही संगीतालयमा अघिदेखि बितेको रातिसम्मका आततायी गतिविधिमाथि ऐतिहासिक ढंगले सामूहिक मीमांसा थाले । प्रत्येक वक्ताले आ-आफ्नो अनुभव र दृष्टिकोण अघि सारे :

'एक दिनमा, एक छिनमा यस्ता भयावह घटनाको योजना सम्भव छैन । लामो सोच र समयको परिणाम हो यो । आततायी गतिविधिको तारतम्य बुझ्न र नियन्त्रण गर्न सरकारले पहल गर्न सक्थ्यो, किन गरेन ?'

'आमा आफ्नो बालकसँग सुतेर पनि सुतेकी हुन्न, निदाएकी हुन्न । बालकको निमेष-निमेषको श्वास प्रणाली र प्रत्येक गतिविधिसँग ऊ हर्दम निकट रहन्छे र सचेष्ट हुन्छे भने राज्य जनताको अवस्थामाथि चिन्ता नलिई वा थाहा नलिई बस्न सक्छ र ? के यस्तो कल्पना गर्न सकिन्छ ? मिल्छ ? तर यस माटोमा जे पनि हुँदोरहेछ । गजब छ !'

'हो, एउटा मान्छेले एक्लै, एकैछिनमा यस्ता नृशंस दुष्कर्म गर्नै सक्तैन । मुलुकभरि आज यो स्थिति यत्तिकै व्याप्त छ । खै ? यत्रो समयसम्म राज्यसत्ता कहाँ थ्यो ? के गर्थ्यो ? सरकारको प्राथमिकता के हो ? के चाहिं हुनुपर्ने र के चाहिं हुनुनपर्ने भन्ने सोच राज्यशक्तिले लिनुपर्ने हैन ? राज्य चलाउनु वा मुलुक थाम्नु भनेको केटाकेटी खेल हो र ?'

'एक दिन होइन, एक ठाउँ होइन, सधैं यत्तिकै छ । कहिले शान्ति छैन । घर-परिवारको कुनै सुरक्षा छैन । एक छिन बाहिर निस्केका घरका सदस्यहरू घर फर्कने टुंगो छैन । जहाँ जसले जे गरे पनि हुने ?'

'प्रश्न अर्को पनि छ, यदि यहाँका मान्छे ओलाङ्चुङ्गोला, टिंकर र लिपुलेक गएर आतंक मचाउँछन् भने भन्नुपर्छ, त्यहाँका मान्छे पनि यहाँ आएर त्यसैगरी आतंक मचाउँछन् । तर यो पूर्ण सत्य हैन । सत्य त के हो भने स्थानीय व्यक्तिहरूको मिलेमतो वा सहयोग नभई त्यस्तो अकर्म हुनै सक्तैन । त्यसैले स्थानीय जनको सहभागितामा नै यी दुर्घटना गराइएका हुन् । यसमा शंकै छैन ।'

'पशु मर्दा पनि पीडा हुन्छ ए ! के हामी जनता हैनौं ? यो देश हाम्रो हैन ? मर्न र मार्नेका लागि हामी बाँचेका हौं त ? कसको लागि देश, केका लागि नेता र किन जनता र केका लागि राज्यसत्ता ?'

'हो, हिजो राति मात्र धरापमा नौजना साइकल-यात्री मारिए । एघार जनाको हालत चिन्ताजनक छ । ती बाँच्ने हुन् कि बित्ने हुन् टुँगो छैन ।'

'आज राति आगजनीबाट पचपन्न बालबालिका आमाकै काखमा डढेर स्वाहा भए, कसैले जोगाउनै सकेन । पैंतीसजना महिलाहरू अर्द्धमृत अवस्थामा छन् ।'

'हो, गाउँमा एउटा जवान सन्तान छैन, कि विदेश गए कि जंगली सेनामा । यस्तो आपत्तिबाट हामीलाई जोगाउने कसले ?'

'न प्रहरी चौकी छ । थियो, त्यो पनि उठेर गयो । न नेताहरू देखा पर्छन्, न आफ्नो अवस्था भन्न-सुनाउन पाइन्छ । यस्तो पनि गाउँ हुन्छ ? यस्तै हो भने किन चाहिन्छ राज्य व्यवस्था अनि किन चाहिन्छ देश ?'

'न स्कूल चल्छ न स्वास्थ्य चौकी, न कुनै सरकारी कार्यालयमा मान्छे भेटिन्छ न पत्रकार बन्धु । गाविस त नाम मात्रको छ, खुलेको नखुलेको पनि थाहा लाग्दैन ।'

कामेको शरीर र डराएको वाणीमा आ-आफ्ना पीडा ग्रामवासीहरूले पोख्दै रहे ।

'गाउँमा कति गाई-भैंसी दाम्लैमा मरे कति बाख्रा खोरैमा डढे । कति आगोले डढेर अधमरो भएका छन् गन्ती नै छैन । टाट्नाका पाडाबाच्छाको आर्त- क्रन्दन सुनेको हुँदा अहिले पनि मुटु चुँडिन्छ । घोडा चाहिं उम्केछन् । धन्न !'

'बम र बन्दूक पड्कँदा अनि गाउँ-बस्तीमा आगो लाग्दा चराहरूको कोलाहलले हृदय चिरिन्थ्यो, उत्पात र आतंकले छोपेको अनुभव हुन्थ्यो ।'

यत्रोबेर मौन देखिएको समुदायबाट कसैले बोल्यो, 'उतातिर हाम्रो गाउँमा पनि घरभित्रै बम पड्काइदियो ।'

'एक जनाको त दुइटै पाखुरा काटेर लग्यो ।'

'अर्को जनालाई चारै हात-खुट्टा काटेर मूढो बनाइदियो र त्यस्तै छोडिदियो ।'

'आँपको बोटमा टाँसेर १० ठाउँमा कीला गाडेर मारेछ ।'

'उसको काकालाई त चिरीचिरी मार्‍यो- काँक्रो चिरेजस्तो गरेर ।'

'मेरी भतिजीलाई सयौं ठाउँमा छुरा रोपेर मार्‍यो हजुर ।'

'हाम्री बुहारीलाई निकाल भन्दै तानेर लग्यो, पछि मारेर कोशीमा फ्याँकिदिएछ । तीन दिनपछि फुलेको शरीर किनारमा फेला पर्‍यो ।'

'अहिले राम्रै थाहा भो, गलत मान्छेका हातमा नेतृत्व पुगेछ ।'

'हो नि ! अहिले न सरकार छ, न देश छ, मात्र जंगली राज छ । बस्, हामी चिडियाखानाका जन्तु भएका छौं । तिनको पनि दाना-पानी र सुरक्षाको व्यवस्था हुन्छ, किन्तु मरोस् या बाँचोस् कसैका विवेक र दृष्टिभित्र हामी पर्दैनौं ।'

पीडितहरू काँतरभावले आ-आफ्नो पीडा र अनुभव सुनाउँदै गए ।

ढोका खुल्यो । जलपानको व्यवस्था सहित शर्वदेव भित्र पस्यो । वितरणमा केही वृद्धजनले सहयोग पुर्‍याए । संगीत कक्षमा भएको यस भेटघाटमा योगेश्वर सिंह नै एउटा तन्नेरी व्यक्ति देखिएको थियो । हो पनि, गाउँमा युवाजन कि जागिर-व्यवसायमा, कि विदेशमा, कि जंगली सेनामा कि त मृतकमा परिगणित थिए ।

योगेश्वर सिंहले हात जोरेर भन्यो, 'अन्त्यमा भए पनि म यहाँहरूको स्वागत गर्छु । यस संगीत भवनको भेलामा म युवाजनको उपस्थिति देख्तिनँ । दोष हाम्रो होइन । युवाशक्तिलाई बाहिर पुऱ्याउने घुम्ती खेल यहाँको राजनीतिले गरेको हो, राज्य व्यवस्थाले खेलेको हो । हाम्रा चेली-बेटीको बजार-व्यवस्थापनमा राज्यले प्रशस्त उदारता र सहयोग पुऱ्याएको छ- विदेशी कम्पनीलाई । अब म यसतर्फ बढी बोल्दिनँ । सार यति मात्र हो- यत्रो भेलामा सबभन्दा सानु वा कान्छो म नै देखिएको छु । हाम्रो युवाशक्ति कहाँ गयो र हामीलाई यस्तो विपत्तिबाट जोगाउन किन सक्तैन ? यो प्रश्न म आज तपाईंहरूलाई छोड्छु । उत्तर तपाईंले नेतासँग, राज्यसँग र गाउँका ज्ञानी-अनुभवीबाट खोज्नुपर्छ, पाउनुपर्छ । तर उत्तर मिल्नैपर्छ ! देशबाटै युवापुस्ता हराउनु राम्रो लक्षण हो र ! विपत्तिको आमन्त्रण होइन !'

'प्रसंगतिर लागौं, यो संगीतालयमा अब उल्लासका गीत गाइने हुन् या झाँसु र वेदनाका ! त्यो निकट भविष्यले जनाउँला ।' सबैतिर एकपटक हेरेर थप्यो, 'अहिले गाउँमा अपूरणीय क्षति भएको छ, असह्य पीडा र वेदना हामीले सहँदैछौं । हामी दुःख बाँडेर बोकौं र हलुका पार्ने यत्न गरौं । मृतकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्न हामी एकसाथ जुटौं । परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरौं । वेदना सहन सक्ने शक्ति मिलोस् भन्ने कामना गरौं ।'

एकपटक लामो सास लिएर फेरि भन्यो, 'राज्यका तर्फबाट प्रतिनिधि उपस्थित होस्, क्षतिको तथ्या[] आलेखबद्ध हुन सकोस्, मृतकहरूका बारेमा सही विवरण तयार होस् अनि क्षतिपूर्तिको टिपोट बनोस् र त्यो पक्का हुन जनप्रतिनिधि, गाउँका पाका र अनुभवी वृद्धजनहरूको स्वीकृति-सहमति पनि होस् अनि मृतकको संस्कार गर्न र क्रियाकर्ममा लाग्नुपर्छ कि भन्ने मेरो प्रस्ताव हो । घटनाको मुचुल्का त चाहिएला नि ! त्यसपछि मात्रै अघि बढ्न मिल्छ कि ?'

'हो त्यसै हो । अब त टेलिफोन लाइन पनि चल्छ । बत्ती पनि आएको छ । सबै कुरा चाँडै होला ।'

'पत्रकार यहाँ पनि होलान्, उताबाट पनि आउलान् ।'

'सुराकी नि ?' एउटाले अन्तिम प्रश्न छोड्यो ।

ऐजन मौकामा एउटा नौजवानले परैबाट भन्यो, 'लाल सलाम योगेश्वर बाबु ।' अनि अर्कातिर हेरेर भन्यो, 'चल् काम्रेड, अब निस्कनुपर्छ ।' दुई युवक फुत्त निस्केर हिंडे ।

योगेश्वरले केही गुनेजस्तो गऱ्यो, केही टिप्पणी गरेन ।

मौन धारणा, शोक समवेदना र भावपूर्ण श्रद्धाञ्जलिपछि संगीतालयबाट सभाजन निस्कँदै गए ।

गाउँका सडकमा साइकलबाट पत्रिका बाँड्दै एउटा बालक चर्को चर्को स्वरले भन्दै थियो, पत्रिका हल्लाउँदै थियो, 'पढ्नुहोस् ताजा खबर, राजमार्गमा आजै राति बसमा आक्रमण, जनधनको लूट र कैयौं हत्या कैयौं बेपत्ता !'

- आतंकवादी आक्रमण !
- माओवादी आक्रमण !
- गान्धीवादी आक्रमण !
- आततायी आक्रमण ।

❑❑

१८

शैलबाला पढ्नका लागि अमेरिका जाने भई । छोरीलाई विदा गर्न योगेश्वर सिंह र अपर्णा राजधानी पुगे । गाउँघरमा आततायीले नघेरेको भए छोराछोरी यो बोर्डिङ स्कूलमा आइपुग्दैनथे क्यार ! सामान्य सोचाइ यस्तै थियो ।

जब ग्यालेक्सी बोर्डिङ स्कूल खुल्यो, शुरूका वर्षहरूमा आम नेपाली जनताका लागि यो बूढानीलकण्ठ स्कूल, फर्पिङ बोर्डिङ वनस्थली विद्याश्रम तथा सेन्टमेरी-सेन्टजेभियर स्कूल नै भएको थियो ।

प्लस-२ पछि उच्च शिक्षाका लागि विदेशका विश्वविद्यालयमा पढ्न आवेदन भर्ने मध्ये ग्यालेक्सी बोर्डिङ स्कूलका विद्यार्थीहरू नै बढी गृहीत हुँदैरहे । परिणाम सुखकर नै रह्यो- शैलबालाले ग्यालेक्सी बोर्डिङ स्कूलबाट प्लस-२ गरेपछि संयुक्त राज्य अमेरिका गएर पढ्ने अवसर पाई । त्यो पनि छात्रवृत्ति सहित । यस्तो सुयोग थोरै विद्यार्थीलाई मात्र मिल्थ्यो ।

मुक्तकण्ठले यो सत्य स्वीकार गर्नैपर्छ : ग्यालेक्सी बोर्डिङ स्कूलले शिक्षाको क्षेत्रमा नयाँ युग र नौलो आयाम थप्यो । एकातिर अरू बोर्डिङ स्कूलका लागि प्रेरक र आदर्श बन्यो भने अर्कातिर आधुनिक र गुणात्मक शिक्षाका लागि अनेक द्वार र गन्तव्यहरू प्रशस्त गरिदियो । पछिल्लो चरणमा बोर्डिङ स्कूलहरू जन्माउनका लागि समयलाई प्रसव-पीडा दिने संस्था नै बन्यो ग्यालेक्सी । यसको गौरवपूर्ण इतिहास आफ्नै छ ।

योगेश्वर सिंह र अपर्णाले शैलबालालाई खुशीका आँसुले विदा गरे । उसले अन्तर्राष्ट्रिय उडान लिई । भाइ रघुवर अलमल्ल पऱ्यो । उसका आँखा अश्रुपूरित हुँदै रहे ।

'छोरी सुरक्षित हुने भई' योगेश्वर सिंहले मनमन भन्यो ।

'एउटा सन्तान त जोगिने भो ।' अपर्णाले मनमन गुनी ।

'दिदीसँग कहिले भेट होला अब ?' रघुवरले मनमन केलायो ।

शैलबाला सकुशल अमेरिका पुगी ।

भाइसँग ई-मेल संवाद गरी, आमा र बुबासँग टेलिफोनमा कुरा गरी । आफ्नो ख्याल गर्नु, मेरो चिन्ता नगर्नु भनेर उसले सबैलाई आश्वस्त गरी । हजुरबा र हजुरआमालाई संझनाका कोसेली अर्पण गर्न भनी । अनि दोहोऱ्याएर भाइलाई भनी, 'मधुपुरामा फोन लाग्न गाह्रो होला यहाँबाट, त्यसैले तिमी नै माध्यम भएर संवाद आदान-प्रदान गर है रघु ! आमासँग त म ईमेलमा नै संवाद गर्छु- टेलिफोनको खासै भरोसा छैन, म त्यो कुरा जान्दछु । अनि सुन, तिमीले ग्यालेक्सी नछोड्नु है, त्यहींबाट प्लस-२ गर्नू, अब दुई वर्ष त हो नि ! हैन ? ल, फेरि बोल्दै गरौंला है त ।'

अब रघुवर आफ्नो पढाइमा लाग्यो । योगेश्वर र अर्पणा फर्कने तरखरमा लागे ।

आततायी गतिविधिहरू विना योजना, विना गणित र विना संकल्प परिचालित थिएनन् । प्रत्येक कदम आफ्नो लक्ष्यमा सफल हुन्थ्यो । अत्यन्त सुनियोजित र व्याघ्र शैलीमा आक्रमण हुन्थ्यो र त्यसबाट कोही उम्कन सक्ने स्थिति रहँदैनथ्यो ।

यसपटक आततायीले योगेश्वर सिंह र अपर्णालाई निशाना बनाए । महेन्द्र राजमार्गको जंगलमा उनीहरू आततायी दस्युहरूको घेरामा परे, लुटिए । सडकको किनारमा योगेश्वर सिंहको शव भेटियो । रगतले कट्कटिएको थियो । सयौं ठाउँ शरीर घोचेर-छेडेर मारेको रहेछ । पोष्टमार्टमबाट यो कुरा सिद्ध भयो । मिडियाले यस घटनालाई प्रदर्शन गरेको थियो । प्रचार-प्रसारमा कुनै कमी रहेन ।

सँगैकी अपर्णा भेटिइन ।

उनीहरूले चढेको कार पनि फिर्ता भएन ।

यस्तो शैलीको आक्रमण र घटनाको श्रृंखला मुलुकभरि जुनसुकै वेला जहाँ पनि बढ्दै गयो, फैलिंदै गयो । आततायी जंगली सेना प्रचण्ड भावले आफ्नो लक्ष्यमा अविराम गतिले बढ्दै रह्यो ।

फलतः प्रहरी चौकी र सेनाको व्यारेकमा आक्रमण गर्ने, मान्छे मारेर मुलुकमा भय संचार गर्ने, बैंक लुट्ने, जनताको चल-अचल सम्पत्ति कब्जा गर्ने, राजनीतिमा अस्थिरताको जग हाल्ने, समाजमा जातीय कलहको बीज रोप्ने, धार्मिक द्वन्द्व निम्त्याउने, विदेशी शक्तिको आडमा मुलुकभर आतंक मचाउने, राजसंस्था विस्थापित गर्ने, अंकले तौलन नसक्ने लूट-पूँजी जम्मा गर्ने, राष्ट्रको

भू-सीमा पछि सार्न मौन सहमति दिने र अनेक प्रकारले राष्ट्रघाती कर्ममा सहभागिता जनाउँदै आफ्नो संकल्पमा आततायी गतिविधि सफल हुँदैगयो । यसरी न आततायीले कुनै दिन नरसंहारको प्रचण्ड कदम रोक्यो, न छापामार शैलीले आक्रमण गर्न बम-बारूद-धराप र गोलीबाट ध्वस्त पार्न कुनै दिन कतै विश्राम लियो, न फेरि घरघरमा आगो झोसेर मान्छे र पशुपक्षी पोल्ने उद्योगबाट पछि हट्यो ।

आततायीले त जंगली व्यवहार देखाएर जनतालाई मार्थ्यो नै, किनभने उसले त सरकारलाई पनि असफल बनाएर घुँडा टेकाउनु थियो, र मन्त्रदाताको गूढ चिन्तनलाई मूर्तरूप दिनु थियो, सिद्ध गराउनु थियो- मिलोमतोमा । किनभने त्यसवेलाको सरकारमुख, कुनैवेला स्वयं बदलाको संकल्पले सत्ता/भूमि प्रवेश गरेको थियो आन्दोलन गरेर । त्यसैले सत्तामुखको मनोभावले पनि आततायीलाई सरकारको आँट, आँत र कदम तौलन कठिन थिएन । भनिन्छ, त्यसवेलाको सत्तामुखले आफ्नो तर्फबाट देउकी नन्दन औतारीलाई आततायीसँग संवाद गराएर, गोप्य-मन्त्रणा आदान-प्रदान गर्ने र गूढ कुरा सम्पादनमा योग पुऱ्याउने सहमति-सहकार्यमा एकता गराएको थियो । भित्री तहबाट आततायी ज्वाला झन् सल्कँदै रह्यो, हुर्किदै गयो ।

डरले हो, फाइदा देखेर हो अथवा आतंककारीहरूकै वर्चस्व हुने देखेर हो अथवा उनीहरूतर्फ लाग्दा र समर्थन गर्दा आफू सुरक्षित रहने ठानेर हो, साक्षरदेखि बुद्धिजीवीसम्मका नागरिकहरू माओवादी शक्तितर्फ अग्रसर हुँदै र जोडिँदै गए । अब मुलुकमा माओवादी आततायीहरूको शक्ति र सम्प्रभुता बढ्दै गयो ।

माओवादी नामको जंगली सेना जति-जति आतंक देखाउन, उपद्रव मचाउन र राज्य-विप्लव गराउन सफल देखिन्थ्यो उति-उति तालिम दाता र निर्देशक आफ्नो उद्देश्य पूरा हुने देखेर गर्वले जुँगामा ताउ लगाउँथ्यो । ऊ ठान्थ्यो उसैले किनेको दास हो माओवादी । र उसैको संकेत अनुसार माओवादी आफ्नै देश खरानी पार्दै छ । र सत्ता परिवर्तन गरेर यतै आउने छ- सफलताको पुरस्कार थाप्न र स्वागत गरिनेछ- रातो कार्पेटको यात्रा गराएर । अनि उच्चस्तरीय सलामी, अलंकृत भाषण र सम्मान स्वरूप ८४ परिकारसहित रात्रिभोज दिइनेछ । संचारमाध्यमबाट उदारतासाथ कूटनीतिक भाषामा हामी आफ्नो उद्देश्यमा शतशः सफल भएको विज्ञप्ति सम्प्रेषित गर्नेछौं । अहिले त्यसै क्षणको प्रतीक्षा छ । अन्त्यमा हाम्रै हात माथि हुनेछ । अनि पूर्वनिश्चित योजनाहरूमा बुँदागत रूपमा

हस्ताक्षर गराउने छौं । अनि यिनै हलगोरूबाट आफ्नो बाली तयार गर्नेछौं- त्यसै भूमिमा, त्यसै भन्डाभित्र वाह !

अझै चर्कियोस् केही दिन अनि जोखाना हेर्नुपर्ला ! अझै जितेर विश्राम दिनुपर्ला । आखिर यी हलगोरू आफ्नै त हुन् नि ! मौका हो, आफ्नो राजनीतिक वर्चस्व त्यहाँ कायम गर्न जोताउनै पर्छ यी नयाँ नमूना घोडालाई !

अब एक ठाउँमा, एक समय होइन, एकै समयमा एकै दिनमा कैयौं ठाउँमा, कैयौं पटक । कैयौं माध्यमले र कैयौं शैलीमा आततायी आक्रमण हुँदै रहे, बढ्दै गए । मुलुक थर्कमान हुँदै गयो । परिणाम के भयो भने कुनै पनि वेला जे पनि हुनसक्ने, सुनिन सक्ने स्थिति बढ्दै गयो, छिप्पिंदै गयो । मार्ने, लुट्ने, ठग्ने, डाका हाल्ने, कब्जा गर्ने, धराप थाप्ने, आगो लगाउने, बम हान्ने, अपहरण गर्ने, बेपत्ता पार्ने र गिंडेर टाउका लुकाउने अनि डल्लो पारेर भीरबाट झार्ने र खोलामा हाल्ने, स्कूलबाट केटाकेटी टिपेर सेना बनाउने, मनोरञ्जन गर्ने र दुर्बललाई पारी पुऱ्याउने जस्ता अपराध कर्ममा माओवादी युद्ध ज्वाला फैलिंदै गयो, हुर्किंदै गयो ।

सरकारले पनि कम उपद्रव मचाएन । माओवादी आततायीहरूको समर्थक र सुराकी भन्ने आरोप लगाएर र झोस-पोलका आधारमा, सेना परिचालन गरेर सरकारले पनि यति माऱ्यो र बेपत्ता पाऱ्यो त्यसको गणित छैन । यसरी निहत्था जनता दोहोरो मारमा परे । यति मारिए भन्ने कुरा केवल अनुमान लगाउन सकिन्छ, अंक बताउन सकिन्न । शायद अंकको गणना त्यहाँसम्म पुग्दैन ! छत्तीस हजारको संख्या सानु भन्नु कसरी ?

आततायीहरूको भौतिक स्वरूप सरकारी सेनाकै समानान्तर शैलीमा निर्मित थियो । माथिल्लो भाग कथित खस आर्यको अनार्य चिन्तनबाट निर्माण भएको थियो भने तल्लो भाग जनजाति र दलितको दुई खुट्टाले हिंड्ने गर्थ्यो- शरीर ! यस्तै स्वार्थका लागि खडा गरिएको थियो- जनजाति र दलितहरूको संगठन । यति निकृष्ट ढंगले नेपालीहरूलाई होच्याउने र तल्लो तहमा पुच्छारमा पुऱ्याउने दुष्कर्म पनि यस्तै समूहभित्रका कथित बुद्धिमान एवं स्वनामधन्य संविधानविद्हरूले स्थिर गर्ने प्रण गरे । नेपाली समाजको इतिहासमा यो कुरा सधैंका लागि दुःखद र पीडाजनक घाउ भएर रहने भो । नेताहरूको दुर्मतिको प्रतिफल समाजको स्वरूप कति असुन्दर र दोषपूर्ण भएर आयो भन्ने तथ्य निकट भविष्यमा साकार हुँदै छ भन्ने अनुमान सिद्ध छ । प्रतीक्षा गर्नैपर्ने थियो ।

❑❑

१९

युद्धविराम भयो ।

ठूलो कसरतपछि उत्तेजित परिवेशलाई सामान्य बनाउने र आम नागरिकका आँखामा देखिंदै रहेको विभीषिकालाई शमन गर्ने उपाय यही मात्र थियो शायद । राज्य-विप्लवको संघारतर्फ जाँदै गरेको स्थितिबाट देश फर्कने आशा थिएन । रोकियो, बस् यही कार्य महान भयो त्यसवेला ।

जो लुटिनुपर्ने थिए ती लुटिएका थिएनन् । जो मारिनुपर्ने थिए ती मारिएका थिएनन् । अपितु तिनै छाता, दाता र उपकारी भइदिएका थिए विप्लवकारीहरूका लागि, त्यसैले ती सदैव सुरक्षित रहे- निर्भय । बरू शत्रु-साधना पनि गरे पर्दाभित्र रहेर ।

फेरि पनि सर्वसाधारण नागरिकले हठात् लुटिने, नाङ्गिने, विकलाङ्ग हुने, मरिने र बेपत्ता हुने स्थितिबाट अब राहत पाउँछन् कि भन्ने आशाको सानो झिल्को देखा पर्न थालेको थियो ।

आततायीहरूले लुटेका, कब्जा गरेका चल-अचल सम्पत्ति फर्केलान् भनेर दिवास्वप्न देख्ने नागरिकहरूको स्थिति कम कहालीलाग्दो थिएन । बाँचेर पनि मरेको देखिनुको दृष्टान्त शायद यस्तै हुँदो हो । कतिपयले यस माटोमा जन्मनु परेको स्थितिलाई अभिशाप पनि ठाने । वस्तुतः आम नागरिक अझै पनि राजनीतिक अपचालन तथा कुशासन र अव्यवस्थाको प्रतिफल भोग्दै थियो ।

अर्कातिर अधिकारको दलाली र सम्झौता सम्बन्धी बुँदामाथिको बहस शीतयुद्धमा परिणत हुँदै गयो- युद्धविराम । यो माथिल्लै तहको संवाद-संघर्ष थियो; वाक्युद्ध थियो । सर्वसाधारण नागरिकले आतंकको ऐंठनबाट मोचन मिलेको र सुदिन फर्केको अनुमान गरेर आफैंलाई आश्वस्त राख्ने चेष्टा गरे पनि सत्य त्यस्तो थिएन ।

अन्तर्राष्ट्रिय तत्वहरू आ-आफ्नो शक्ति, स्वार्थ र सरोकारले हाम्रै मान्छेको स्वरूप र वाणीमा प्रत्यक्षतः प्रकट हुँदै गए । अचर्चित, अवाञ्छित, अप्रासंगिक शब्द र सन्दर्भहरूलाई प्रश्रय दिँदै लगे ।

रक्तरंजित युद्ध मैदानभित्र ब्याँसोले सिनो खोज्ने शैलीमा दृष्टि छर्दै आए र श्रृगाल प्रकृतिले नजिक हुँदै गए । दुर्गन्धपूर्ण बासी युद्धभूमिमा आफ्नो उपस्थिति देखाउन चीलदेखि गोहीसम्मका शिकारी-तत्वहरू बेसुरा रागमा पागल प्रलाप, गँजडी दिमागका बंकिम पथ र गुप्त प्रवेशका रेखाद्वार कोर्न थाले । फलतः यस माटोको जीवन, संस्कृति, इतिहास र दूरदृष्टिप्रति शून्य पण्डितमानी गैरराजनीतिक चरित्रका कथित राजनीतिक प्राणीहरू नजानिँदो ढंगले बाह्य शक्तिको जाल र च्यापमा पर्दै गए ।

शक्ति र मिलानका योजनाहरूमा तिनका माग र प्रस्तावहरू दबाबको रूपले ग्राह्य हुँदैरहे । यसरी विदेशी शक्तिको नग्न र निषेधित विषयको प्रवेशलाई विना मन्थन नौनीको रूपमा स्वीकार गर्दै लगे । अचर्चित र अग्राह्य कुराको भेद र चिन्नारी पण्डितमानीहरूलाई हुनै सकेन । परिणाम के भयो भने माटो, जीवन र संस्कृतिले नचाहेका पक्षहरू पनि, युद्धकामी जनताले वर्जित गरेका र आम नागरिकले नसोचेका बुँदा पनि विधि र निषेधका लागि प्रस्तावित हुँदै गए । अवाञ्छित कुराको प्रविष्टि हुँदै गयो । यस्तै कुरालाई जनयुद्धको सुखद परिणाम ठान्यो, किन्तु उसले त्यो चाहेको पनि थिएन, त्यो उसको सोच पनि थिएन र त्यो सूचीकृत विषय पनि थिएन । उसलाई थाहा छैन- आखिर जहिले पनि योद्धाले युद्ध हारेकै हुन्छ । सन्धि कसले कोसँग र किन गऱ्यो, त्यो प्रच्छन्न नै थियो । के शर्त थिए- भविष्य अस्पष्ट थियो ।

तर चर्चाले विराम लिएन : युद्ध गर्ने को हो ? कसले माऱ्यो र ती को थिए ? को मरे र ती को थिए ? ठूलाबडाको नेतृत्वमा गाउँक्षेत्रमा गरीब जनता उठे र आफूजस्तै भोका नाङ्गा र निरीहलाई नै छानी-छानी किन मारे ? प्रश्न छ तालिम, हतियार/युद्ध सामग्री, पोशाक, औषधि, खाना अनि निर्देशन चाहिँ अर्काको र अर्काकै भूमिमा ? अनि युद्ध चाहिँ फर्केर आफ्नै भूमिमा लड्ने ? आफ्नै मान्छेलाई मार्ने ? आफ्नै जाति घटाउने, आफ्नै संस्कृति ध्वंस गर्ने ? छत्तीस हजार मान्छे मारेर सत्र हजार मारेँ भन्ने ?

माओवादीका नामले गान्धीवादी शैतानले यो राष्ट्र ध्वस्त पारेको कथा जान्न सकिन्न र ? यदि गान्धीवादी सेनाका नामले चीनबाट त्यतातर्फ सेना पसे भने ? जसको नामबाट जता सेना परिचालन गरे पनि त हुने भो नि हैन

र ? यो त एकतर्फी आक्रमण थियो । युद्ध थिएन । युद्ध त घोषित हुन्छ । त्यसैले यो न जनयुद्ध थियो न युद्ध । आततायी आक्रमणलाई युद्ध भन्नु युद्धकै अपमान हो ।

फेरि आततायीले कति केटाकेटीको किड्नी बेचे, आँखा झिके, वेश्यालयमा पुऱ्याए, कतिलाई माग्न लगाए, बेपत्ता पारे, घर-जग्गा कब्जा गरे, त्यसको हिसाब हुनुपर्दैन कि ? धनीको आह्वानमा गरीबले गरीबलाई हत्या गरेको इतिहास अन्त कतै छ र यहाँ बाहेक ! यदि यो युद्ध हुन्थ्यो भने सरकार वा सेनासँग हुन्थ्यो, निःशस्त्र-निमुखा जनतालाई अपराधी ठानेर मार्न पाइन्छ ? यो जनयुद्ध कसरी भो ? लुट्नकै लागि मान्छे मारेका होइनन् यिनले ? त्यो पनि अर्काको खेताला भएर ! तिनका प्रभुले जे-जे भन्छन् यी त्यो गर्दै जान्छन् । प्रतिज्ञापत्रमा हस्ताक्षर गरेर आएका छन्-मिलोमतोमा ! यी आफूलाई तालिम, हतियार, पोशाक र रोडम्याप दिने प्रभुको पक्षमा छन् न कि राष्ट्र र जीवनको रक्षामा ! हेर्दै जाऊ न भोलि कस्तो नतिजा आउँछ- देशमा ।

'अर्काको घोडा बनेर आफ्नो बाली नष्ट गर्छ कसैले ? यी पशु मात्र भए हुन्थ्यो, यी त राक्षस हुन्, महाराक्षस, शैतान ! के भन्ने ?' प्रोफेसर-पत्रकार पागल-प्रलाप गर्दै थियो, एक्लै सडकमा-गल्लीहरूमा, मान्छेहरूको जंगलमा ।

❑❑

२०

अमेरिका पुगेर शैलबालाले पढाइलाई अविच्छिन्न निरन्तरता दिएर आफ्नो समूहका अरू विद्यार्थीभन्दा पहिले आवश्यक पाठ्यांश पूरा गरी ।

यहाँका विश्वविद्यालयहरूमा इच्छुक विद्यार्थीहरूका लागि ग्रीष्मावकाशका समयमा पनि पढ्न पाउने व्यवस्था मिलाइएको हुँदा कतिपय विद्यार्थीहरू लाभ उठाइहाल्छन् । किन्तु अवकाशका वेला पढाइलाई निरन्तरता दिनेहरू केही नै हुन्छन्, संख्या सानै रहन्छ । यसरी हतार गरेर चाँडै पाठ्यांश पूरा गर्ने विद्यार्थीहरू प्रायः त्यस्ता हुन्छन् जसलाई समय र शुल्कले साथ दिन्छ ।

विश्वविद्यालयले एउटा अर्को व्यवस्था पनि गरेको हुन्छ । यदि कुनै विद्यार्थी तोकेको क्रेडिटभन्दा बढी लिन चाहन्छ भने पनि ऊ त्यसको अधिकारी हुन्छ । त्यसैले अवकाशको समयमा कक्षा लिने र नियमित सत्रमा क्रेडिट थपेर चाँडै पढाइ टुंग्याउने विद्यार्थीहरू स्वभावैले मेधावी र लगनशील हुन्छन् ।

सामान्यतया विद्यार्थीहरू कलेज/विश्वविद्यालय छुट्टी हुँदा काम गर्ने र पारिश्रमिकबाट पढाइ खर्च संचित गर्ने गर्दछन् । यस्ता अवसरहरूमा बाहिरी देशबाट अमेरिका पुगेका विद्यार्थीहरू घुम्ने, मित्रता गाँस्ने, युगलबन्दी गर्ने र जीवनका अपूर्व-उल्लासमय क्षणको अनुभव लिने गर्दछन् । यसरी विदेशबाट आउने नयाँ उमेरका विद्यार्थीहरूका लागि अमेरिकाको भूमिमा अनन्त आनन्द केन्द्र, ज्ञान गुफा र निर्बाध खेल मैदानहरू उपलब्ध छन् र यसका लागि समय, स्वास्थ्य, रूचि र द्रव्य हुनु आवश्यक छ, अनि दौतर, उल्लास र विलास !

शैलबाला प्रतिस्पर्धाबाटै छात्रवृत्तिमा छानिएर गएकी थिई । त्यसैले समय र क्रेडिटलाई उसले द्रव्यमा साटी । अतिरिक्त व्ययभारको आवश्यकतालाई पनि ऊ घरबाट मगाएर निर्वाह गर्थी । त्यसैले जुन उद्देश्यले ऊ अमेरिका पुगेकी थिई त्यसमा नै केन्द्रित रहेर पढाइ पूरा गरी ।

त्यसै पनि शैलबाला मेधावी थिई । फेरि ग्यालेक्सी बोर्डिङ स्कूलको पढाइ, अनुशासन र अतिरिक्त क्रियाकलापले उसलाई अझ इमान्दार एवं सजग गराएको थियो । अमेरिकाको पढाइका लागि यथेष्ट ऊर्जा, अतुल आत्मविश्वास र जातीय स्वाभिमानको चेतना उसमा ग्यालेक्सीमा पढ्न बस्ताको समय, परिवेश र सक्रियताले भरिदिएको थियो । त्यसैले ५ वर्षको पढाइ ४ वर्षमा र २ वर्षको डेढ वर्षमा पूरा गरेर पाठ्यांश टुंग्याउन उसलाई कुनै बाधा परेन ।

पाँच फुट साढे छ इन्च अग्ली यो बाला ब्याडमिन्टनमा न कसैसँग ग्यालेक्सीमा हारेकी थिई न अमेरिकामा पढ्दा कसैसँग पराजित भई । आफ्नो समूहमा, आफ्नो समयमा ऊ जहिले पनि अद्वितीय रही ।

करौंते खेललाई उसले महत्वका साथ ग्रहण गरी र एक-दुई प्रतियोगितात्मक खेल-प्रदर्शनहरूमा च्याम्पियन नै भएर रहेकी थिई । अमेरिका पुगेपछि कहिलेकाहीं मात्रै उसले अभ्यास गर्ने मौका पाई । किन्तु आत्मरक्षाका लागि छोरी वर्गले करौंते-तालिम लिनु उचित हो भन्ने मनमा राखेर ऊ आफ्नो गन्तव्यतिर लम्कँदै रही ।

अन्तर बोर्डिङ निबन्ध प्रतियोगितामा ऊ कहिले तेस्रो भइन र वादविवाद प्रतियोगितामा पहिलो कसैलाई हुन दिइन । किन्तु निबन्धतर्फ उसको समीक्षा हुन्थ्यो- हस्ताक्षरका कारण ऊ प्रथम हुन सकिन ।

घर नै मानवको पहिलो पाठशाला हो र आमा-बाबु नै पहिला शिक्षक हुन् । यस्ता पाठशाला र शिक्षकको विकल्प खोजिन्न र सम्भव पनि छैन । त्यसपछिका स्कूल र शिक्षकहरू वैकल्पिक चयनमा पर्न सक्छन्, छानी-छानी पढ्न र बढ्न सकिन्छ ।

शैलबालाको पहिलो पाठशालाले संस्कार, संस्कृति, सद्भाव र प्रेमको दीक्षा दिन्थ्यो । योगेश्वर सिंह र अपर्णा, अनि पुरुषोत्तम सिंह र त्रिपुरा औचित्य र सन्दर्भ हेरेर धेरै कुराको प्रशिक्षण दिन्थे । शैलबाला आज जहाँ पुगेकी छ र उसको जुन गरिमापूर्ण उपस्थिति छ त्यसको पृष्ठभूमिमा उसको पहिलो पाठशाला (घर) र पहिला-पहिला शिक्षक-शिक्षिका अर्थात् अभिभावकहरूकै अतुल योग रहेको छ । शायद आज शैलबाला पनि यो अनुभव गर्दी हो ।

विनय, विवेक र व्यवहारको ज्ञान त गृहीत हो शायद, यो गृह-पाठशालाबाटै आर्जन गरिएको हुन्छ । यसमा द्विविधा हुँदैन । आयो मेधा अर्थात् प्रतिभाको कुरा, त्यो जेहेन हो त्यो जन्मजात हुन्छ । बस्, मलजल र परिवेश अनुकूल विकसित हुन्छ, प्रतिफल दिन्छ, स्वीकार्य/अस्वीकार्य हुन्छ । दृष्टान्तमा हनुमान र रावणलाई जोड्न सकिन्छ अथवा गोकर्ण र धुन्धुकारीलाई लिन सकिन्छ कुनै कोणबाट ।

विनय र विवेकको महिमा अमेरिकाको माटोमा प्रायः हुँदैन, अवमूल्यन नै होला । युरोपतर्फ पनि यी तत्व तल परेका छन्, मात्र कानून अघि सर्छ । एशियाभित्रै महिमा छ- विनय र विवेकको । शायद आज विधि/कानूनको परिधिभित्र लिखित रूपले बाँधिन नसकिने भएर होला- विनय र विवेक अदृश्य छन्, सुषुप्त । प्रकट हुनुको औचित्य छैन शायद ! शैलबालाले यो कुरा बुझी र मानव जातिका यी अनमोल अलंकरणहरू उसले आफैंमा प्रच्छन्न राखी ।

प्रतिभाको बलले नै उसले अमेरिकाको अध्ययन पूरा गरी र सार्थक पारी । एकाग्रता र आत्मविश्वास उसका अन्तरंग शक्ति ऊसँग सधैं थिए ।

अमेरिकाको बसाइमा उसले उल्लेखनीय मैत्री सम्बन्ध बढाई । चीन, जापान र कोरियाका साथीहरूसँग गाढा मित्रता र परस्पर सहयोग-सद्भावको धुरी उठाई । जर्मनी र इटालीकासँग विशेष सम्बन्ध कायम राखी । इरान र पाकिस्तानका साथीसँग आत्मीयता देखाई र आत्मविश्वास संचित गरी ।

आइतबार, सरकारी छुट्टी र अरू किसिमका छुट्टीका दिनहरूलाई ऊ आफ्नो कार्यतालिकाभित्र विभाजन गर्थी । कुनै दिन त्यस्तो बितेन जसमा राष्ट्रको हितमा बौद्धिक अभ्यास नगरिएको होस् । अझ हिमपात भएका दिनहरूमा छुट्टीको कार्यतालिका थपिन पुग्थ्यो । यस्ता क्षणहरूमा ऊ अझ बढी सचेष्ट रहन्थी । विशेष गरी मानव अधिकारकर्मी या अन्तर्राष्ट्रिय मानव अधिकार मञ्च तथा विधिपीठसँग संवाद गर्दै रहेर आफ्नो देशको समसामयिक गतिविधिमाथि सत्य र यथार्थ जानकारी लिन्थी । अन्तर्राष्ट्रियस्तरका प्रकाशन र संचारमाध्यम वा सहयोगबाट गन्तव्यको खोज गर्थी । त्यसैले आफ्नो देशको अवस्थाबारे ऊ कहिले अनभिज्ञ रहिन ।

ऊ विरोध सभामा पनि पुगी, भाषणमा कुर्ली र जुलुसहरूमा पनि हिँडी । हस्ताक्षर संकलन पनि गरी र ज्ञापन-पत्र पनि बुझाई । शैलबालाका यस्ता गतिविधिबाट लाग्थ्यो, उसको जेहेनले अलिकति हठ र जातीय स्वाभिमानसँग मैत्री गरेको छ । र यस्तो देखिनु स्वाभाविक पनि थियो ।

पठाइ र यस्तै व्यस्ततापूर्ण गतिविधि अर्थात् चेतनात्मक व्यापकता, मानसिक एकाग्रता र शारीरिक व्यस्तताका बीच आफूलाई भुल्याएर उसले पितृशोकको पीडाबाट उठेको ज्वालालाई केही शमन गर्ने वा केही समय पन्साउने यत्न गरी- आफूले आफैंलाई पारदर्शी तर मिठामिठा छलमा राखेर !

❑❑

२१

कम्प्युटरमा काम गर्दै थिई शैलबाला । बत्ती झ्याप्प गयो । शिर रन्थनियो आँखाका गेडी दुखे, कसैले आँखा झिकेर लग्यो, उसले यस्तै नमिठो अनुभव गरी तत्काल ।

उसले गुनी बत्ती त यहाँ मात्र होइन, वहाँ पनि गएको थियो एकदिन । ऊ अब अमेरिकाको निष्पट्ट कालिमामा आँखा हराएको, साथी हराएको र सिंगो कलेज-क्याफेटेरिया हराएको घटना संझन पुगी : अँध्यारोबाट उज्यालोको खोजी गर्दै साथीहरूले टेलिफोनको लाइट छरेका थिए, सेल मोवाइलको उपयोग गरेका थिए ।

क्याफेटेरियामा त्यसदिन साथीहरूसँग मुक्त संवाद चल्दै थियो । दीक्षान्त समारोहपूर्वको तरूण-संवादको क्षण यो । सानो फुर्सदका क्षणको तँ तँ, म म भन्दै उछिन्ने हतारोका, पूर्ण-अपूर्ण, सांकेतिक उल्लास अनि उन्मुक्ति र उडानका सपना !

दीक्षान्त समारोह नजिक छ, आउँछ, जान्छ तर त्यसपछि के गर्ने ? पढाइको अर्को सोपान चढ्ने, काम खोज्ने, घुम्न जाने, अथवा कुनै रूपले अमेरिकामा नै अल्झेर बस्ने ? हैन, अब आफ्नै देशको लागि उडान गर्ने ? समवयस्क तथा मिल्ने साथीहरूबीच त्यस डेस्कका साथीहरूले आ-आफ्ना योजना सुनाउँदै गए । शैलबाला साथीहरूका विचार सुन्दैरही, मुस्कुराउँदै रही र वेलावेला औपचारिकताको सार मिलाउँदै गई ।

निष्कर्षतिर पुग्दै थिए : कोही रिसर्चतिर लाग्ने भए मौका मिले, कोही काम खोज्ने विचारमा अडिए । कोही यहीं विवाह गरेर बस्ने संकल्पले प्रकट भए । शैलबाला आफ्नो विचार भन्ने मौका हेर्दै थिई किन्तु उसको समेत समय तानेर साथीहरू दोहो-याएर बोल्दै गए । ऊ पर्खदै रही ।

अर्को टेबिलमा साथीहरू शैलबालाहरूको टेबिलका शब्द-दृश्य र योजनाबारे रूचि राखेर ख्याल गर्दै थिए- मौन भावले, यद्यपि यसो गर्नु कानूनतः अपराध

हो, किन्तु एउटा समझदारीको व्यवहार हुन्थ्यो- सतीर्थ्य, समकक्ष र समवयस्क साथीहरूबीच । त्यसैले कोही आक्रामक र तीखो प्रहार गर्ने या कटुता ओकल्ने हुँदैनथ्यो ।

अर्को टेबिलको एउटा युवक कुर्सी तानेर शैलबालाहरू भएको टेबिलको संवादमा समावेश भयो र भन्यो, 'साथीहरू मेरो प्रस्ताव छ, यत्रोबेर सबैले आ-आफ्ना कुरा भन्यौ । शैलबालाका कुरा पनि सुनौ न ! कि बोल्न निषेध छ उसलाई यहाँ ?'

'ल तिमी आयौ, तिमी नै सुन उसका कुरा !' एउटी तुजुक देखाएर उठी र दर्पिलो भाव छर्दै त्यहाँबाट हिँडी ।

फेरि अर्की उठी, अर्की उठी र अर्की पनि उठी । अब दुई युवक र शैलबाला मात्र भए । र ती दुई युवक चाहिँ शैलबालाको व्यक्तित्व र जेहनसँग केही परिचित थिए ।

शैलबाला पनि अब के गर्ने के नगर्ने मनस्थितिले चपल देखिई ।

कुर्सी तानेर त्यहाँ थपिन आउने युवकले शैलबालाको हातमा किञ्चित् स्पर्श गरेर, उसलाई उठ्नबाट रोक्दै अनुनयको भावमा भन्यो, 'शैला, म सुन्छु, तिम्रा कुरा, हामी सुन्छौं ।' अनि पहिले ऊ बसेको टेबिलका अरू साथीहरूलाई यतै समावेश हुने संकेत गरेर भन्यो, 'हामी सबै तिम्रो जेहेनको कदर गर्छौं शैला ।'

पल्लो टेबिलबाट आएका साथीहरूले सहभागिता देखाए । सबै उत्सुक थिए ।

यस टेबिलको सूत्रधारका रूपमा देखिएको त्यो पहिलो युवक वर्धने सिंघलद्वीपको थियो- श्रीलंकाको । एक किसिमले ऊ त्यस युवा समूहको टीमलीडर जस्तै थियो । शैलबालाका आगामी योजनाहरू जान्ने-सुन्ने विचारले सबैका तर्फबाट भन्यो, 'टीम मिलाएर अघि बढ्यो भने तिम्रो देशमा धेरै काम गर्न सकिन्छ नि शैला ! गर्ने ठाउँ धेरै छ, भर्जिन क्षेत्र छ, तर धेरै बासुरा पनि छ । बासुरा (फोहोर मैला) मूर्त-अमूर्त दुवैतिर व्याप्त छ । यदि मैले पढेको, बुझेको र देखेको तथ्याङ्क सही हो भने त्यहाँ धेरै काम छ । बस् कमिला भएर लाग्नुपर्छ र मौरी भएर निर्माण गर्नुपर्छ ।'

'वर्धने, म तिम्रो सोच र दृष्टिको सम्मान गर्छु ।' शैलबालाले खुलेर भनी । ऊ जान्दथी, इन्डियाको थिचोमिचो र हेपाहा प्रवृत्तिलाई श्रीलंकाका नागरिकले लखेटेका थिए । इन्डिया धोती सम्हाल्दै भागेको थियो । उसले थपी, 'म

तिमीहरूको, श्रीलंकाका नागरिकको अदम्य शक्ति र भरपूर आत्मविश्वासको कदर गर्छु ।'

मौका हेरेर वर्धनेले भन्यो, 'तिम्रो देशमा राजसंस्था उखेल्ने जातीय संघर्षको बीज रोप्ने, सिमाना मिचाउने, प्राकृतिक स्रोत र साधन कुनै हिसाबले हात पार्ने, राजनीतिक व्यक्तिलाई किन्ने र कठपुतली बनाउने, वनसंपदा रित्याउने, ग्रामबालाहरू लगेर वेश्यालय चलाउने, तस्कर र छलको व्यापारलाई प्रोत्साहन दिने, आयु सकिएका सामग्री आयात गर्ने, मूल र अमूलका कुरा गरेर भड्काउने, चारो छरेर न्याय र प्रशासनलाई आफ्नो अनुकूल परिचालन गर्ने, अन्तर्राष्ट्रिय नीति र मर्यादा नाघेर नग्ननृत्य देखाउने, घातक सन्धि पनि गर्ने र गलत ढंगले फसाउने, बाह्य सहयोगमा टाङ अड्याउने, जलस्रोत हत्याउने, निर्माण कार्य कहिल्यै नटुंग्याउने पानी रोकेर डुबान पार्नेजस्ता छल र जाल गरेर शताब्दी अघिदेखि विकास-निर्माणमा गतिरोध ल्याउनेजस्ता अकर्म र दुर्व्यवहार गर्न छुट छ इन्डियालाई ! गजब छ वा ! तिम्रा देशको नेताको चिन्तन र चरित्र पनि खै के भन्ने ?' नरोकिई वर्धनेले कुरा टुंग्यायो ।

'वास्तवमा राजनीति नबुझेका नेताहरूले स्वार्थवश आफ्नो देशलाई धेरै पटक घुँडा टेकाएका छन् ।' देवानले यसपटक मुख खोल्यो, 'तपाईं मिथिलाञ्चलको हुनुहुन्छ क्यार शैलु, म परें राई, किरात क्षेत्रको वासिन्दा-धरानको भीम देवान ।'

'ए, कोशी वारि र पारि बिल्कुल नजिकै, दुई घण्टाको दूरी होला कारमा हैन त ?' शैलबाला यसपटक निकै प्रसन्न देखिई । अनि सोधी, 'कसरी थाहा पाउनुभयो म मिथिलाञ्चलबाट भनेर ?'

'अस्ति, तपाईंले मैथिल लोकगीत गाउँदा बाँसुरीमा मैले साथ दिएको नि युनिभर्सिटी डेको प्रोग्राममा ।' देवानले खुलेर भन्यो ।

'तपाईंहरू संवाद गर्नुहोस् म फेरि आउँछु' भनेर वर्धने हिंड्यो ।

'ए, अब थाहा भो । यहाँ घुलमिल भएर संवाद गर्ने अवसर नै त्यति कहाँ मिल्दो रहेछ र ! हेर त हामी कति गफ गर्थ्यौं होला नि भेटिएको भए, हकि ! यत्तिका समय बितिसकेछ ।'

'हो, मौका परेन नै भन्नुपऱ्यो ।' देवानले संक्षिप्त बोल्यो ।

'तर तपाईंले मलाई चिनिसक्नु भएको रहेछ । मसँग बोल्नुभएको भए हुन्थ्यो नि ! मलाई खुलेर मनका कुरा गर्ने अवसर नै परेन । कोसँग बोल्नु त्यसै । सधैं मात्र औपचारिकता ! एस्, नो, थ्यांक्स, एप्रीसिएट, बस् सकियो टक ! आफ्नो बाटो नाप !' वाक्य सकेर शैलबाला मरीमरी हाँसी ।

देवानले थप्यो, 'वर्धनेले भनेको एउटा कुरा टिपेर म यहाँ दोहोऱ्याउन चाहन्छु- कुनै पनि निर्माण कार्य इन्डियालाई दिनु हुँदैन । त्यसको कारण छ- धरती पनि बिग्रन्छ, पूरा पनि हुँदैन र प्राकृतिक तत्वको चोरी पनि रोक्न सकिन्न । जस्तो फेरि भविष्यमा प्रस्ताव आउन सक्छ : कतै बाँध-पर्खाल बनाउनु पऱ्यो, कतै नहर बनाउनु पऱ्यो वा खाडल पुर्नु पऱ्यो भने हाम्रो देशको माटो, ढुङ्गा र वन्यसंपदा लिने प्रस्ताव आओस् या जल-विद्युत् योजना होस् । त्यो ग्राह्य नहोस् । रोकियोस् ।'

उसले एक छिन सास लिएर फेरि थप्यो, 'चलायो भने धरती कसरी बिग्रन्छ र थामिन्न भन्ने कुरो धरान-फुस्रेको भित्तोले पुष्टि गर्छ । इन्डियाले कोशीको बाँधमा फुस्रेको पहाड खोस्रेको थियो । आजसम्म बग्न रोकिएको छैन । पैरो थामिएको छैन ।'

उसले फेरि थप्यो, 'उत्तर भारतका लागि विन्ध्याचल पर्वत, टिस्टाको बगर तथा देहरादून र शिमलाको पाखा-भित्ता निखिएपछि अनि विचार गर्ने हो । इन्डियासँग रेलमार्ग छ- ऊ कतैको पहाड फोरेर कतै पुऱ्याउन सक्छ । हामीले उदार बनेर दया देखाउने र कृपा गर्ने कामै छैन र अदालतको सहयोगले यस्ता माग प्रस्तावमा रोक लगाउनु पर्छ । नेताले मनपरी गर्न सक्तैन । पाउँदैन ।'

'हो नि, सुस्ता, लिपु लेक र कालापानीको कुरा बाँकी नै छ । वरिपरि साँध मिचेको छ ।' यसपटक शैलबालाले सहमतिमा एक प्रसंग जोडी ।

'बाँकी त सुगौली सन्धिपूर्वको विशाल नेपालको सीमा पनि कायम गर्नु छ र उदार भएर सुविधाका लागि अंग्रेजलाई दिएको दार्जिलिङ पर्वतीय क्षेत्र पनि आफ्नै परिधिभित्र पूर्ववत् कायम गर्नुछ ।' देवानले एक सासमा भन्यो ।

'केही कुरा सजिला छन् भन्ने ठान्नु हुन्छ ?' यसपटक थुलुङ बोल्यो ।

'एस्, किराँतीहरूले साथ दिए भने सबै कुरा सम्भव छ ।' शैलबालाले आत्मविश्वास राखेर छोटो वाक्य बोली ।

भर्जिनिया टेक भन्ने विश्वविद्यालयमा कति नेपाली छन् र कुन-कुन विभागमा पढ्छन् भन्ने कुरा कुनै नेपाली विद्यार्थीलाई पूर्ण ज्ञान छैन । कहिलेकाही आक्कल-झुक्कल हाई-हेलो मात्र हुन्थ्यो- क्याफेटेरियामा, जिममा, गेम हाउसमा; वेलावेला पार्किङ एरियामा, ट्याक्सी/क्याब क्षेत्रमा र सटल स्टेंडमा । त्यस्तै कहिले टीभी रूममा र कम्प्युटर ल्याबमा । पब्लिक यातायातको उपयोग गर्दा र सेयर गरेर चढ्दा पनि संवाद गर्न त्यति भ्याइन्नथ्यो । एक मिनेटको फुर्सद पायो कि कानमा वायर झुन्निथ्यो, सेलफोनको स्क्रीनमा दृष्टि

केन्द्रित हुन पुग्थ्यो । त्यसैले आफ्ना देशका विद्यार्थीहरूसँग भेटेर आत्मीय संवाद गर्ने तथा विचार आदान-प्रदान गर्ने अवसर त्यति मिल्दैनथ्यो ।

तर आज, भनौं दीक्षान्त समारोहको पूर्वसन्ध्यामा अरू विदेशी विद्यार्थी मित्रहरूसँग बसेर संवाद गर्ने अवसर मिलेको थियो । त्यसैले होला उनीहरूबीच आत्मीय भावले खुलेर विचार बाँड्ने, परस्पर सद्भाव जगाउने र सहयोग आदान-प्रदान हुनसक्ने वातावरण बनाउन शैलबाला इच्छुक हुँदै गई ।

बसेको कुर्सीबाट अली उठ्यो र भन्यो, 'मेरो नमाजको वेला भो, फेरि भेट होला, बेसरी कुरा गरौंला । हाई शैल, मुझे याद करो, और हुक्म करो आप के सामने अली हाजिर, बस । खुदा हाफिज ।' अली 'पाकिस्तानी दोस्त' भनेर चिनिन्थ्यो । उसको फूर्ति अर्कै थियो ।

पल्लो टेबिलबाट आएर लुलुले भनी, 'हाई शैला, कतिबेर बस्ने ? बाहिर मौसम राम्रो छैन । म त हिंडें, फेरि भेटौंला है ।'

'ओके लुलु ! वाई लुलु !'

लुलु इंडियन थी तर ऊ इंडियन भन्यो कि मुर्मुरिन्थी । ऊ यथार्थमा मिजु थिई । चिनियाँ संस्कृतिकी उपासिका ।

ऊ आफूलाई चिनियाँ संस्कृतिकी भन्छे र ब्रिटिशले इन्डियाभित्र हुलिदियो भनेर गुनासो गर्छे । र आत्मविश्वास राखेर ऊ भन्छे, 'एक दिन हामी आफ्नै देशको सीमाभित्र पर्ने छौं हेरी राख । हामीलाई इन्डियाभित्र पस्नु छैन, बस्नु छैन । हामीलाई बहुत हेपेको छ इन्डियाले । अँ, म मात्र होइन सेभेन सिस्टरका हामी सबै चीनको भूभागका हौं । इन्डियाले जबर्जस्ती हामीलाई इंडियन बनाउने बल गर्दैछ । हेरिराख, हामी चीनको भएर छोड्छौं ।' साउथ एशियाका विद्यार्थीहरूसँग भेट्ता लुलु भिन्न-भिन्न शैलीले यही कुरा भन्थी । र ऊ विश्वास दिलाउन भन्थी- ऊ इंडियन होइन, चिनियाँ हो, ऊ बसेको क्षेत्र चाँडै चीनमा गाभिंदै छ । ऊ भन्थी, 'चीनको समृद्धि र शान्तिका अगाडि इन्डिया वान वर्किङ डे अर्थात् आठ घण्टा टिक्न सक्तैन । हेरिराख न, त्यो दिन आइहाल्छ ।'

लुलुका कुरा सुन्दा यस्तो लाग्थ्यो मानों ऊ आफैं सैनिक कमाण्डर हो । तुरून्तै युद्धको घोषणा गरिहाल्छे ।

'दीक्षान्तपछि तिम्रो के कार्यक्रम छ ? यतै बस्ने कि फर्कने ? थुलुङ्ले उत्सुकता राखेर शैलबालालाई सोध्यो ।'

'मेरो हजुरबा हजुरआमा आउनु भएको छ । यै दीक्षान्त समारोह भनेर आउनु भएको हो । केही दिन घुमेर म उहाँहरूसँगै फर्कन्छु होला । अहिलेको

सोच यस्तै छ ।' उसले सीधा, वस्तुगत भनाइ राखी । अनि थुलुङलाई सोधी, 'तपाईं के गर्नुहुन्छ ?'

'देशको अवस्थामा सुधार आयो भने म अवश्य फर्कन्छु, नत्र खै... अहिलेलाई फर्कने सोच बनिसकेको छैन ।'

'थुलुङ, तपाईं त मेरो झन् नजिकको छिमेकी हैन गाइघाटको ? सँगै फर्कन पाए क्या मजा हुन्थ्यो हकि ?' शैलबालाले निश्छल भावले भनी । अनि देवानतिर फर्केर सोधी, 'तपाईंको के योजना छ भीम ?'

'भनौ मलाई त्यहाँ टेक्ने मन छैन । हामीलाई त्यस्तो चुत्था, निरीह, विचरा, दीन, अशक्त, पछौटे, गँवार, जंगली बनाए । युगीन चेतना र शिक्षाबाट वंचित अनि असभ्य बर्बर बनाएपछि मैले कसरी मुख देखाउनु त्यो समाजमा ?' थुलुङले आक्रोश पोख्यो ।

थुलुङ अलिक सचेत र विद्रोही प्रकृतिको थियो । वस्तुतः ऊ नारदमुनि थुलुङको वंशपरम्परामा सजग सदस्य थियो । उज्ज्वल दीपक थियो ।

'कसले तिमीलाई त्यस्तो बनायो ? किन तिमी त्यसो भन्छौ भाइ ?' देवानले गम्भीर भएर सोध्यो ।

'इतिहास के भन्छ ? उसो चाहिं शताब्दी शताब्दी शासन गरेको रे किरात जातिले । के शासक वर्ग जनजाति हुन्छ ? हामीलाई मुसो बनाउने ? बाघ कहिले बिरालो हुन्छ ? श्रीखण्ड सन्ठी हुन्छ ? के भनेको यो ? के गरेको ? कुनै जातिलाई होच्याउने र त्यसको गरिमा नष्ट पार्ने अधिकार कसैलाई छैन । जनजाति भनाउन चाहनेहरूले आफूलाई जनजाति भनाऊन्, लेखून्, आफ्नो परिचय जनजाति नै बनाई राखून् । तर म चाहिं जनजाति शब्दसँग पनि विद्रोह गर्छु र जनजातिको कित्तामा पर्ने र पार्नेप्रति पनि विद्रोह बोल्छु ।' थुलुङ रिसले थर्थरायो ।

उसले अझ उत्तेजित भएर भन्यो, 'आजको विकसित युगमा पुगेको किरात जाति कसरी अझै जंगली छ ? आर्यसँगसँगै जोडिएर आएको हैन मेरो इतिहास ? त्यत्रो वीर र पुरानो जाति किरात राजवंश, जसले अनेकौं शताब्दी अझ लामालामा दुई कालखण्ड भोग गऱ्यो, के त्यो इतिहास गलत हो ? त्यत्रो जाति, जसको भाषा छ संस्कृति छ, आफ्नै परम्परा छ, जातीय सद्भाव र एकता छ, उदात्त संस्कार छ, जो अपरिग्रही छ त्यै जंगली, त्यही असभ्य, त्यही जनजाति ?' एक छिन मत्थर भयो र भन्यो, 'मलाई कसले जनजाति बनायो ? कसले जनजाति भन्ने कित्ता कायम गऱ्यो, प्रस्ताव उठायो ? म अब त्यसको... दोहोलो काड्छु ।'

थुलुङले थप्यो, 'जनजाति कित्ताका, जनजाति समर्थक र कार्यालय खोलेर भत्ता खानेहरूलाई मेरो प्रश्न छ- जनजातिको द्योतक के हो अर्थात् शरीरको बनोट/अनुहार, भाषा, संस्कृति, भूगोल अथवा गहना, लुगा, चेतना, शिक्षा, आर्थिक स्थिति, व्यवसाय, इतिहास के चाहिं हो ? केबाट झल्किन्छ जनजाति ? कुनै पनि जातिलाई आफ्नै गुण-धर्म-विशेषताले चिनिने र विशेष देखिने अधिकार छैन ? संविधानविद्ले यसको उत्तर दिन सक्छन् ? के कारणले म जनजातिमा दरिएँ अनि ऊ के कारणले दलित ? संविधानमा लेखी-लेखी होच्याउन पाइन्छ ? नयाँ जाति जन्माउने को हो ? कहिलेदेखि जनजातिको जीवको विकास भो ? मलाई जान्न अधिकार छैन ? मलाई जवाफ चाहिन्छ । आफूलाई सभ्य र सुसंस्कृत ठानेर अरूलाई जनजातिमा झार्न पाइन्छ ? यो हुनै सक्तैन ।'

'हो जातिको हिसाबले नागरिक कहिले सानु-ठूलो, उच्च र निम्न भन्ने हुँदैन । कानून र व्यवहारमा कतै भेद गर्न पाइन्छ ? जनसंख्या सानो ठूलो वा थोरै-धेरै होला तर जाति विशेष वा वर्ग विशेष सुसंस्कृत र जनजाति भनेर व्यवहारमा देखाउन त मिल्दैन है ! कस्तो संविधान छ तिम्रो देशमा, कस्ता कानूनविद् र समाजशास्त्री छन् ? मलाई मिस्टर खालिङको कुरा सुनेर ताजूब लाग्यो । आजको युगमा पनि यो सोच ? हत् !' एउटा विदेशी विद्यार्थीले आफ्ना धारणा खुलेर राख्यो ।

शैलबालाले देवानलाई संकेत गरी । देवानले विनयभावले भन्यो, 'भाइ अरू जातिले हामीलाई जनजाति/आदिवासीमा दरेका होइनन् । हाम्रै जातिले हामीलाई जनजाति बनाएका हुन् । यस प्रसंगमा म यति नै भनौं- हाम्रै जातिले भत्ता र सुविधाका लागि सत्ता र शक्तिका लागि हाम्रा कुममा टेकेर आफ्नो शिर उठाएका हुन् । तर शिर उठेको छैन शिर त गिरेको छ । हामीलाई गँवार, असभ्य र जंगली बनाएर हाम्रा अग्रजहरूले हाम्रो गौरवपूर्ण इतिहास र स्वाभिमानलाई अँध्यारोतिरै लगेर कोचे । यो त ओढारमा नाङ्गै राखेर दूध-भात खान दिए जस्तै हो ।'

उसले एक छिन विश्राम लिएर थप्यो, 'भाइ, तपाईंले मेरो मनको कुरा बोलिदिनु भो, मलाई सन्तोष भो । म पनि आदिवासी जनजाति भनेर चिनिन चाहन्नँ । हामीलाई गलत दीक्षा दिएर गलत बाटोमा हिंडाइयो । हाम्रै नेताको, अग्रजहरूको कुबुद्धिको परिणाम हो । तुच्छ स्वार्थका लागि हाम्रो त्यत्रो गौरवपूर्ण इतिहास जनजाति भन्ने गन्धे नालीमा लगेर डुबाए । धिक्कार होस् ।'

फेरि थप्यो, 'भाइ, हामी विरोधको आवाज उठाऊँ । अबको नयाँ पुस्ता जनजाति भनेर र भएर बस्न चाहँदैन, चिनिन मान्दैन । यसमा सुधार नल्याए समस्या आइपर्छ । अब हामी मिलेर विरोध बोलौं । हामी सफल हुन्छौं । स्मरण रहोस् है भाइ, अरू जातिले हामीलाई जनजातिको कित्तामा पारेको होइन । त्यसैले अरू जातिप्रति आक्रोश गर्ने काम पनि ठिक छैन ।'

'अहिले शान्त हुनुहोस् । म तपाईंको भावनाको सम्मान गर्छु । मलाई तपाईंजस्तो सजग साथी मिलेकोमा गर्व छ ।' फेरि संयमित भएर थप्यो, 'म पनि दीक्षान्तपछि केही दिन यहीं हुन्छु । के गर्ने कता जाने टुंगो लागेको छैन । भेटेर संवाद गरौंला न । मसँग तपाईंको नम्बर छँदैछ । हुन्न ?'

'शैल, मैले तपाईंको समय बिगारें हकि ! माफ पाऊँ है ।'

शैलबालाले भनी, 'यस कुराले मलाई पनि खट्कायो । कुनै जातिलाई श्रेणीबद्ध गर्ने अधिकार कसलाई छ भन्नुहोस् त ? म पनि तपाईंको विद्रोही स्वरमा स्वर मिलाउँछु ।' अनि भाव फेरेर भनी, 'म फर्कंदै छु । यदि मैले कुनै काम गर्नुपर्ने भए अवश्य भन्नुहोला । म मेरो सम्पर्क सूत्र दिएर जान्छु । उहाँ देवानजीसँग त मेरो सम्पर्क हुँदै रहन्छ । केही त गर्नैपर्छ, नत्र हेपाइमा परिन्छ । भोलि कसैको भोजमा- तँ जनजाति तँलाईं त्यो पाल, तँ दलित तँलाई त्यो द्वार, तँ खस आर्य तँलाईं त्यो द्वार, अरू सबै गैर जनजाति र गैर दलितलाई त्यो ठाउँ भनेर वर्गीकृत ढंगले छुट्यायो भने फर्कने कि भाग लिने कि झगडा गर्ने ? आखिर समस्याले घेर्ने र द्वन्द्वको आगो सल्काउने त नेता र संविधानविद् नै हुन् नि हैन र !' एक छिन सोचेर भनी, 'माओवादी सेनामा को बढी छन् भन्नुहोस् त ! जनजाति र दलित हैन ? बिचरा गँवार असभ्य अशिक्षित ठानेरै सेनामा लिएको हैन माओवादीले ? अनि ठूला पदाधिकारी चाहिं को छन् नि ? एक हजारमा एउटा पद तपाईंले पाउनु भयो भने त्यो ठूलो कुरा भो र ?' रोकिएर फेरि थपी, 'म पनि यसबारे केही गर्न चाहन्छु । हाम्रो विचार मिल्यो भने केही कदम चालौंला नि ! है त !'

'अब कहाँ गएर तपाईं के गर्नुहुन्छ ?' शैलबालालाई एकै स्वरमा देवान र थुलुङले प्रश्न राखे ।

उसले स्पष्ट भनी, 'मेरो योजना सानै छ । कामको सूची लामो छ । म पहिले कानून र प्रशासनलाई हेर्छु । निष्पक्ष र सबल हुनुपर्छ । मानव शरीरसँग गरिएको अपराधको तथ्याङ्क, चल-अचल सम्पत्तिको खोज खबर गर्नुछ जो

माओवादीले लुटे । समाज र राष्ट्रमाथि अपराध गर्नेलाई अन्तर्राष्ट्रिय कानून र कोर्टमा उभ्याउने वेला आयो नि !'

अनि थोरै व्यंग्य मुस्कान दिएर थपी, 'जेलको संख्या थप्ने वेला भएको छ । न थपे सुधार्ने वेला आएको छ । नेता र व्यापारीको कालो धनबाट ट्वाइलेट पेपरको फ्याक्ट्री लगाउने सोच छ ।' एक छिन रोकिएर फेरि भनी, 'कतैबाट कुनै पनि हिसाबले नागरिक न ठगियोस्, दबाबमा नपरोस् । बाँकी त्यहाँको स्थिति हेरेर केही गर्नुपर्ने होला । मलाई मेरो हजुरबा हजुरआमाले पनि सहयोग गर्नुहोला नि !'

'ए, बुबा आमा चाहिं आउन नभ्याउने हुनुभएछ नि !'

'हो, रक्तकमल पराल र गोरखराम सन्ठीले रोके छन् । त्यसैले आउन सक्नुभएनछ ।' बोल्दाबोल्दै शैलबालाका आँखा रसाए । ऊ भावुक भई ।

'मैले बुझें । भैगो !' देवान शान्त भयो ।

'मसँग अरू थप योजनाहरू छन् ।' शैलबाला भन्दै थिई ।

बत्ती झ्याप्प गयो- क्याफेटेरियामा ।

आँधी आएर रूख ढालेछ र बत्ती काटिएछ- बाहिर निस्केपछि थाहा भयो । बत्ती पिलिक्क बल्यो । मधुपुरामा अमेरिकाको स्मृतिरील काटियो ।

ऊ यसवेला अमेरिकामा होइन, आफ्नै घरमा- कम्प्युटरको टेबिल कुर्सीमा बसेर पूर्वस्मृति गर्दै थिई । स्मृति अब यथार्थमा फर्किंयो र घरको उज्यालोमा रमाउन खोज्यो ।

'शैलु, यत्तिबेर अँध्यारोमा कसरी बसेकी हौ !' पुरुषोत्तम सिंहले शैलबालालाई बोलाए ।

'आएँ, एकैछिन बत्ती नहुँदा म त साथीहरूलाई संझन पुगेंछु ।' ऊ भुइँतलामा ओर्ली ।

❑❑

२२

शैलबालाको दिनचर्या फरक थियो ।

बिहानको मिर्मिरेमा ऊ एक घण्टा दौडन्थी । केही दिनपछि ऊसँग अरू दुई-तीन जना थपिए । तिनलाई पनि उसले ट्रेकिङ सूट दिई । मधुपुरा गाउँमा यो दिनचर्या सांस्कृतिक रूपले अपरिहार्य पाठ हुँदै गयो । खास-खास उमेर समूहका ग्रामीण सदस्यहरू यसतर्फ प्रवृत्त हुँदै गए; र खास गरी पितृवर्ग फेरि सन्ध्या भ्रमणमा निस्कन थाले । यसले ग्रामीण समाजमा एकान्त संवाद, समूह संवाद र सूसुचित हुने अवसर मिल्दै गयो । माओवादी आततायी आक्रमणपछि रोकिएको भ्रमणकार्य पुनः थालिएको थियो ।

दिउँसो एकपटक ऊ कला केन्द्रमा पुग्थी, जहाँ उसका चिनियाँ साथीहरू मधुपुरा गाउँका गृहस्थ महिलाहरूलाई केटाकेटीका खेलौना र घर-कक्ष सजाउने वस्तु उत्पादन गर्न तालिम दिन्थे । घरेलु कला र कौशलतर्फ प्रौढ महिलाहरू रूचि र जाँगरले प्रवृत्त हुँदै गए ।

प्रकृतिबाट गृहीत वस्तु वा मानव उत्पादित भौतिक तत्व जे छ वा जस्तो छ, त्यसलाई सुहाउने ढंगले संयोजन गरेर कलाको रूपमा उद्भासित गरे; अनि अद्भुत दृष्टि र चेतनाको प्रतिफल भनेर त्यसमा निहित सौन्दर्यको तारिफ गरे । प्रशिक्षकहरूले आफ्ना प्रशिक्षार्थीहरूको लगन, समय र श्रमको मात्र होइन तिनमा देखिएको रूचि र सफलताको समेत गुणगान गरे । शायद यो स्वस्थ प्रक्रिया थियो उत्साह भर्ने र आत्मविश्वास बढाउने । सन्दर्भ श्रेय र प्रेय दुवै पक्षबाट प्रशंसनीय देखिन्थ्यो ।

एउटा उल्लेख्य प्रसंग के थियो भने पात होस् या प्रस्तर, फल होस् वा कुनै भग्न वस्तु-तत्व, बोतल होस् या इँट, तिनले छोएपछि त्यसले एउटा न एउटा कलाको स्वरूप पाउँथ्यो र गृह-सज्जाको अनुपम अलंकरण हुनसक्थ्यो, खास ठाउँ लिएर शोभायमान देखिन पुग्थ्यो ।

वस्तुतः पाँच महिनाको तालिमपछि ग्रामीण-जन लाभान्वित हुन सकून् र कृषिका अतिरिक्त आयको वैकल्पिक स्रोत सहजै प्रवाहित हुनसकोस् भन्ने सद्भाव राखेर शैलबालाले यो उपयोगी योजना सञ्चालन हुनसक्ने सोच राखेकी थिई । परिणाम स्वरूप थोरै समय, हलुका श्रम, अनि कलात्मक चेतनाको प्रस्फुरण र त्यसको व्यवसायीकरणबाट विस्तार भएको बजार अल्पकालभित्रै लोकप्रिय रहेर ग्राह्य हुँदै गयो । अब मैदानी क्षेत्रका बजारहरूमा अस्थायी पसल र स्थायी बिक्रीकक्ष खोलिँदै गए ।

हाम्रा सन्तानले सानै उमेरदेखि आत्मरक्षाको पाठ सिक्नु अनिवार्य छ भन्ने ठानेर उसले तालिम/प्रशिक्षणको एउटै अवधिभित्र कोरियाबाट एक जोडी प्रशिक्षकहरूलाई बोलाई र मधुपुरा गाउँका स्कूलमा करौंतेको प्रशिक्षण गराई । यसमा ८ देखि २२ वर्ष उमेरका केटाकेटीहरूले आत्मरक्षाका निमित्त चाहिने यो कलापूर्ण खेलको तालिम चाख मानेर लिए । नयाँ पुस्तालाई आत्मविश्वासका साथ निर्भय रहेर बाँच्नसक्ने दीक्षा उपलब्ध गराएर शैलबालाले सन्तोषको अनुभव गरी । यद्यपि यस खेलको विकास प्राचीन भारतवर्षबाटै भएको थियो । बौद्धभिक्षु यस खेलका प्रवर्तक मानिन्थे ।

चेतना संचित गर्न थालेपछि नै शैलबाला सारी संस्कृतिको विरोधमा थिई । स्कूले जीवनमा पुग्दा ऊभित्रको विद्रोह-विस्फोट हुन खोज्थ्यो । तर उसले आफूलाई असम्बन्धित सन्दर्भबाट हठात् नियन्त्रण गरी र लक्ष्यतर्फ उन्मुख हुँदै गई अनि अहिले आएर सारी संस्कृतिको विकल्प खोज्न ऊ दृढ भई । ऊ जान्दथी- सम्भोग गर्न-गराउन र मलमूत्र त्याग्नबाहेक दारालाई सारीले अल्झाउँदै र प्रताडन गर्दै रह्यो । आफूलाई जोगाउने कि यसलाई सह्यार्ने, स्थिति जोडिएकै हुन्थ्यो । पानीमा, हिलोमा, दौडमा, चढ्नमा, कुस्तीमा, खेलमा सधैं बाधक र पीडक रहने यो सारी रक्षक र उपयोगी कसरी हुनसक्थ्यो र ? त्यसैले शैलबालाले एक जोडी जापानी युवा-युवती झिकाएर नौलो, आकर्षक, उपयोगी र संस्कृति अनुकूल परिधान तयार पार्न लगाई । यहाँसम्म कि आवश्यकता परे दुपट्टा र घुम्टीको वैकल्पिक व्यवस्थाबाट पनि परिधान ग्राह्य देखियो ।

भिन्न-भिन्न रंग र जातका कपडाबाट निर्माण गरिएका नयाँ परिधानहरू श्रमिक कामदार नारीदेखि परजीवी वर्गसम्म ग्राह्य हुँदै गयो । सजिलो, व्यवहार मिल्ने र उपयोगी भएका कारण पनि, र संस्कृतिसम्मत देखिने हुनाले पनि सर्वत्र ग्राह्य भयो । किन्तु हिमाली क्षेत्रका दाराका लागि यो त्यति उपयोगी थिएन ।

एउटा सुखद कुरा के थियो भने पाँच वर्षसम्म चीनको सरकारले परिधान निर्माण गर्नका लागि अनेक रंग र स्तरका कपडाहरू सहयोग स्वरूप उपलब्ध गराउने जानकारी पनि ऐजन मौकामा आयो । वस्तुतः चीनको वस्त्र र जापानको कलाबाट निर्मित नयाँ ढाँचाको परिधानप्रति चीन सरकार पनि प्रसन्न थियो । ऊ चाहन्थ्यो नेपाली शैली फरक स्वत्वमा देखा परोस् छुट्टै !

लखनौबाट एक जोडा लाठी-प्रशिक्षक युवा-युवती झिकाएर शैलबालाले मधुपुरा गाउँका युवा-युवती र स्कूले विद्यार्थीहरूलाई लाठी चलाएर आत्मरक्षा गर्ने एवं आवश्यकता परे प्रहार गर्ने तर प्राण चाहिं नलिनेसम्मको तालिम-दीक्षा दिलाएर आफू निकै बलवती भएको अनुभव गरी ।

पुरानो र उपयोगी माध्यम हो घुर्येंत्रो, किन्तु एकपक्षीय । ओलाङ्चुङ्गोलाबाट एक जोडी शेर्पा-शेर्पिनी चौरी-गोठाला झिकाएर ग्रामीणजन र विद्यार्थीहरूलाई घुर्येंत्रो चलाउने कलामा दक्ष गराई । अनि चुप्पीको प्रयोग, विधि तथा सतर्कता र सफलताबारे पनि धेरैले दक्षता लिए ।

योगासन, प्राणायाम प्रातःकालका लागि अनिवार्य थियो भने सन्ध्याकालका लागि वैकल्पिक/ऐच्छिक मात्र ।

यसरी स्वास्थ्य, श्रम र कलाको दीक्षा लिएर मधुपुरा गाउँका निवासीहरूसँग शैलबालाले ममता गाँसी । ऊ चाहन्थी- मधुपुराको नयाँ पुस्ता समर्थवान् रहोस् । जसरी यसअघि आततायीले यहाँ पसेर विध्वंस गरे, राक्षसी चरित्र देखाए, लुटे, मारे, आगजनी गरे, युवा-युवती अपहरण गरे, विद्यार्थीहरूलाई टिपे, बेपत्ता पारे, कब्जा गरे, त्यसको प्रतिकार गर्न कसैले सकेन । अब त्यस्तो स्थिति दोहोरियो भने मधुपुराका जनता प्रतिकारमा ओर्लने छन् भन्ने उसको विश्वास दृढ भयो ।

'शैलु, के गुन्दै छौ एक्लै !' पुरुषोत्तम सिंहले चमेना टेबिलमा बस्तै भने ।

'ए, बाबा आउनु भएछ, मैले त थाहै पाइनँ ।'

'म जान्दथें तिमी कुनै योजना बनाउँदै छौ, त्यसैले आफैंमा हराएकी थियौ ।' उनले यथार्थबोध गरेजस्तै गरेर थपे ।

'कान्छादाइ, बाबा आउनुभयो... ।' अनि पुरुषोत्तम सिंहतर्फ हेरेर भनी' 'बाबा, बाहिर गर्मी होला । कता पुगेर आउनुभो ?'

'यसो आँप बगैंचातिर गएथें । गर्मी बढ्न थालेछ ।'

शर्वदेवले लस्सी ल्याएर टेबिलमा राखिदियो ।

'तिम्रो सोच, योजना, तिम्रो कार्यक्रम र सफलतालाई मैले केही बुझें, केही सम्झें । खुशी लाग्यो ।'

शैलबालाले आफ्नो चिन्तनले योजना जन्माउनु, देश-विदेशबाट विशेषज्ञ वा प्रशिक्षक झिकाउनु, मधुपुराका विद्यार्थी र जनसाधारणलाई तालिममा सम्बद्ध गराउनु अनि कुनै भेद नगरी सबैलाई समान भावले सबै योजनामा सहभागी बनाउनु यी सामान्य स्तरका कार्य थिएनन् । त्यसैले मधुपुराका जनताका तर्फबाट पनि र आफ्ना तर्फबाट पनि पुरुषोत्तम सिंह शैलबालालाई विशेष धन्यवाद दिन चाहन्थे । किन्तु परिवारका सदस्यलाई आफैंले धन्यवाद भन्नु अलिक नसुहाउँदो वा चर्को होला कि भन्ने ठानेर हो कि, उनले यति मात्रै भने, 'शैलु, मेरो तर्फबाट तिमीलाई हृदयतः धन्यवाद छँदैछ । तर ग्रामबन्धुका तर्फबाट विशेष धन्यवाद सुनाइदिनू भनेका छन् तिमीलाई । त्यसैले पनि म तिमीलाई भेट्न र यही धन्यवाद भन्न हतारिएको थिएँ । ठीक भो ।'

आँखाभरि आँसु भरेर पुरुषोत्तम सिंहले मनमनै गुने, 'बाबुकै गुणमा गएकी छ यो छोरी । ऊ पनि जातिभेद र छुवाछुतको दुर्भावनालाई मेट्न चाहन्थ्यो । त्यसका लागि गाउँका प्रत्येक अछूत घरका सदस्यलाई आफ्नो घरको भोजमा हृदयले बोलाउँथ्यो र भन्थ्यो : खाली हात आउन असजिलो मान्नेहरूले आफ्नो बारीमा जे छ, त्यही टिपेर ल्याउने । मात्र विधि पुऱ्याउने । फर्सीका मुन्टा वा रामतोरिया एक मुठी, त्यो पनि नमिले त्यो, त्यो पनि नमिले पसलबाट दुई-दुई बीडा मीठा पान मैले भनेको छ भनेर ल्याउने । पैसा बुझाउन पर्दैन म भनिदिन्छु । यी कुरा पनि ल्याउनै पर्छ भन्ने होइन, एक मुठा पात ल्याए पनि पर्याप्त हुन्छ । बस् तिमीहरू आइदेओ, घरको भोजमा सहभागी भइदेओ । काममा साथ देओ । हामी, अरू जहाँबाट जसरी झिकेर खान्छौं तिमीहरू पनि त्यसै गरी खाओ, खान सिक, तर सबै कुरा सफाइसँग राम्रोसँग हुनुपर्छ भन्थ्यो । ऊ घुलमिल गराउन चाहन्थ्यो ।

त्रिपुरा पनि तिनैलाई साथमा लिएर बजार गर्न/हटिया भर्न जान्थिन् । दुवै आमा छोरा दलितहरूप्रति सद्भाव राखेर प्रस्तुत हुन्थे । शायद उसको उदात्त व्यवहार गाउँका कतिपय अहंमानी साहेबहरूलाई चित्त बुझेन र त्यसैको प्रतिफल आतंकी आक्रमण हो कि ? झोस-पोल नहुने ठाउँ कहाँ होला र ! प्रतिफल हितकर रहेन ।

दुई पटक लामो सास तानेर विश्राम गरेझैं शान्त भए अनि गुने- बाबुले एउटा पद्धतिबाट यो समुदायलाई उठाउने या आफूसरह ठान्ने र मानवीय सम्बन्धमा सहृदयी बन्ने मार्ग रोजेको थियो । आज शैलबाला पनि त्यही लक्ष्यमा

अग्रसर हुँदै छ- अर्को पद्धति छानेर । जेहोस् मलाई सन्तोष छ, छोरी राम्रो कर्ममा प्रवृत्त छन् ।

'बाबा, हजुर अब आराम गर्नू, म पनि आफ्नो काममा अल्मलिन्छु ।' शैलबाला वाक्य टुंग्याएर उठी ।

वास्तवमा पुरुषोत्तम सिंहको परिवार नै यस गाउँमा दलितजनप्रति सद्भाव राख्थ्यो र उदारता देखाउँथ्यो । उचित सम्मान दिएर गृह-सदस्यहरूले आफूसँगै चियानास्ता गराउन संकोच मानेनन् । यहाँसम्म कि कुमारी छोरीहरू पनि त्रिपुराको भान्साघरमा पसेर उनलाई काम सघाउने गर्थे ।

अरूलाई आश्चर्य र अप्रिय लाग्ने कुरा योगेश्वर सिंहका घरमा बारम्बार घटित हुने गर्थ्यो- घरमा जब गाई दुहुने मान्छे कोही हुँदैनथ्यो, या भ्याउँदैनथ्यो त्रिपुरा स्वयं 'क' वर्गका, 'ख' वर्गका, 'च' वर्गका या 'म' वर्गका युवा-युवतीलाई ज्ञ बोलाएर पाडाबाछा ल्याउन भन्थिन् । दूध तताउन लाउँथिन् । यस कार्यमा उनले कहिले असजिलो मानिनन् र यस्तै खालका द्द अरूले पनि संकोच गरेनन् । भान्साघर पस्थे, चिया बनाउँथे र अरूलाई पनि दिन्थे । ग्यासको चुलोमा सजिलै थियो बनाउन-पकाउन । किन्तु यो कुरा विज्ञापन, प्रमोशन, अभियान, विजय वा धाक र हारको विषय थिएन, कहिले रहेन पनि, किनभने यस्ता कुरालाई पुरुषोत्तम सिंहको घरले व्यापार र व्यक्तिगत लाभको दृष्टिले हेरेन । यही नै समता र सद्भावको सुगम तथा व्यावहारिक यात्रा हुन सक्यो उसका दृष्टिमा । त्यसैले यात्रा पूर्वको आँगन-भेला जस्तो थियो पुरुषोत्तम सिंहको घर-परिसर ।

योगेश्वर सिंह र अपर्णाले यसतर्फ अझ बढी गतिशीलता देखाएका थिए । शैलबाला र रघुवर पनि यस सन्दर्भसँग सुपरिचित हुँदै थिए । त्यसैले अस्पृश्य मानिने आफ्नो क्षेत्रका १९ जातिलाई शैलबालाले आफ्ना योजनाभित्र प्राथमिकताका साथ प्रोत्साहन दिएकोमा पुरुषोत्तम सिंह प्रसन्न थिए ।

❑❑

२३

समीक्षा बैठक बस्यो । केही विवेकी र केही चिन्तनशील युवाहरूको सक्रियतामा बसेको यो बैठक, यहाँ आत्मसमीक्षा गर्नु थियो किनभने मिथिलाञ्चल यसवेला अत्यन्त अराजक, असहिष्णु र प्रतिशोधी भावनाले अग्रसर हुँदैथियो । निरन्तर फैलिंदै गएको अमानवीय तथा असामान्य गतिविधितर्फ सामाजिक चरित्र गतिमान् भएको देखेर गण्यमान्य तथा वरिष्ठ नागरिकले लज्जाबोध मात्र होइन हीनताबोध पनि लिन थालेका थिए । उच्च समाजको नीति र संस्कृतिसँग प्रत्यक्ष सरोकार नरहने कैयौं अवाञ्छित व्यवहार पनि देखिंदै थिए । त्यसैले यो बैठक सामान्य नभएर विशेष बैठक थियो - आत्मसमीक्षा बैठक ।

समाजलाई उन्नत बनाइराख्ने मिथिलाको गौरवपूर्ण सांस्कृतिक स्वत्व (पहिचान)लाई अक्षुण्ण राख्ने सन्दर्भबाट कैयौं बुँदामा विमर्श चल्यो । आप्तजनले समाजको गरिमा ह्रासोन्मुख देखिएकोमा गुनासो व्यक्त गरे । किन्तु निष्कर्ष सकारात्मक र संकल्पबद्ध रहेर आत्मसमीक्षा बैठक टुँगियो ।

अर्को दिन 'मिथिलाञ्चल' दैनिकले 'सुधारको संकल्प' शीर्षकमा पहिलो पृष्ठको तीन कलममा सबैभन्दा माथि सविस्तार समाचार छाप्यो । किन्तु 'नेपाल आज'ले समाचार फैलायो ।

मिथिलाको गौरवपूर्ण इतिहास र उन्नत सांस्कृतिक परम्परामा देखिंदै गरेको दुष्प्रवृत्तिले मिथिलाञ्चल र मुलुककै स्वाभिमानमाथि प्रश्न उठ्न थालेको गुनासोले बैठकमा प्रवेश पाएपछि वक्ताहरू अग्रसर हुँदै गए ।

शैलबालाका आँखा र मन समाचारपत्रमा केन्द्रित भयो । खास-खास संवादका अंशहरूमा ऊ आँखा घुमाउँदै गई । उसलाई समाचार पढ्न दिक्क लाग्यो क्यार ! उसले भिडियो रेकर्ड सम्झी । आत्मसमीक्षा बैठकको भिडियो रिकर्ड उसलाई रघुवरले उपलब्ध गराइसकेको थियो । ऊ त्यो हेर्न थाली :

'सभासदप्रति मेरो नमन, अभिवादन !! पाका एक अनुभवी व्यक्ति उठेर बोले, 'मिथिलाञ्चललाई बदनाम गर्ने व्यक्ति हामीहरू नै हौं । हाम्रै समाजका सदस्य हौं । म एउटै वाक्यमा यो कुरा राख्न चाहन्छु । राजालाई बम हान्ने, राष्ट्रपतिलाई कुत्ताभन्दा पनि तलको ठानेर निरादर गर्ने, जातीय, भौगोलिक र मूलका कुरा उठाएर अरूको बास उठाउने र आक्रमक रवैया देखाएर धपाउने अपराध अरू क्षेत्रबाट आएका मान्छेले गरेको हो ? होइन, बिल्कुल होइन । हाम्रै माटोमा हामीले, हाम्रै मान्छेले गरेको हौं । के यो मिथिलाको संस्कृति हो ? अनि यस्तो विकर्मलाई पनि संस्कृति भन्ने ? यो गर्व गर्ने विषय हो कि आफूले आफैंलाई दण्ड दिने सन्दर्भ हो ? हेय र त्याज्य कुरालाई पनि थामेर बाँच्ने ? हामीले त आफैंलाई मृत्युदण्ड दिने स्थितिमा पुऱ्याइसकेका छौं । तैपनि अझै जीवित छौं ।' अन्त्यमा, क्षमा गर्नुहोस्, मेरो आत्मसमीक्षा लामो भयो' भनेर वक्ता थर्थर काम्दै आफ्नो ठाउँमा थचक्क बसे ।

'यो त आत्मालोचना हो । किन्तु निष्पक्ष भन्ने हो भने उहाँको भनाइमा शतशः सत्यता छ । हामीले अरूप्रति घृणा र उपेक्षा गरेका कारण अहिले स्वयं घृणा र उपेक्षा भोग्दै छौं ।' एउटाले आफैंभित्र आत्मसंवाद गऱ्यो ।

अर्का व्यक्ति उठे र उनले सँगालेका अनुभव जोड्दै भने, 'मैले पनि अधिराज्यका धेरै भागमा घुम्ने, हेर्ने बुझ्ने अवसर पाएँ । मेरो अनुभवले के भन्छ भने हाम्रोभन्दा सुखी र सुविधा सम्पन्न जीवन अरू भागमा छैन । म राजधानीको कुरा गर्दिनँ किनभने त्यो कसैको हैन, सबैको हो । त्यसबाहेक कतै उच्च जीवनशैली छ भने हामी साटौं, हामी त्यहाँ गएर बसौं अनि त्यहाँका मान्छेलाई यहाँ आएर बस भनौं । हामी हेरौं न, कहाँको भन्दा हाम्रो जीवनशैली तुच्छ छ र कहाँको जस्तो उच्च जीवनशैली हामीलाई चाहिन्छ ? पहिले आत्मचिन्तन गरौं । बुझौं, आत्मसमीक्षा गरौं, हैन भने अनावश्यक झमेला नझिकौं । अर्काले भनेका कुरामा तुक पनि छैन, दम पनि छैन । हिरो हुन हरेकलाई हतार छ । गन्तव्य सुनिश्चित छैन भने उफ्रनुको औचित्य पनि छैन । हामी बेलुन नबनौं । अर्काले हावा भरेर काम बन्दैन । आफ्नै गरिमामा अडिन सक्नुपर्छ ।'

अर्का वक्ताले थपे, 'हो, पहाडमा ७ दिनसम्म हिंडेर अन्न/बेसाहा खेप्नुपर्छ । अड्डामा पुग्न २-३ दिन लाग्छ । औषधि नपाएर ज्यान गुम्छ । शिक्षा सुलभ छैन । दुई-तीन घण्टा लगाएर पानी बोक्नुपर्छ । शिक्षितहरू गाउँमा फर्किंदैनन् । अब हामीले नै भनौं, कहाँको जीवन हामी चाहन्छौं ? कोसँग तुलना गर्ने ? अझै

असन्तोष ? आफू हुर्केको भूमिलाई तुच्छ ठान्ने धारणा आयो कसरी ? कहाँबाट आयो यस्तो हावा ?'

अर्का व्यक्ति उठेर भने, 'गुनासो त माटोप्रति छैन, समाजप्रति पनि होइन, आजको हाम्रो सोच र संस्कारप्रति हो । किनभने यस माटोमा जन्मेका मानव न्यायाधीश, संवैधानिक निकायका प्रमुख, प्रोफेसर, राजदूत, कुलपति, वरिष्ठ अधिकारी, अञ्चल प्रमुख जस्ता पदमा त कति पुगे पुगे । भन् इन्जिनियरिङ र चिकित्सातर्फ त कति हो कति ! अब भन्नुहोस् हाम्रो गुनासो किन र केमा ? के यो बाटोमा त्यस्ता व्यक्ति हुनुहुने थिएन ? या ती व्यक्तिले यो माटोसँग सम्बन्ध राख्नुहुने थिएन ? के ती मान्छे यस देशका थिएनन् ? कसरी हेर्ने ? कसरी बुझ्ने ? आखिर सबै लक्ष्मीनारायण र महाकाली मित्र कहाँ हुन्छन् र ? यो उचित अवसर हो- हामीले आत्मालोचना गर्नैपर्छ । अनि आफ्नो ठाउँ र आफ्नो जीवन शैलीलाई तुच्छ ठानेर अर्काको ठाउँलाई र अर्काको जीवन पद्धतिलाई उच्च ठान्ने सोच र संस्कार छोड्नै पर्छ । त्यो मिथिलाञ्चलको चरित्र होइन, भन्न मिल्दैन । यहाँ हुने गरेका अवाञ्छित गतिविधि, शोषण, दमन, हत्या, बलात्कार, घुसखोरी, भ्रष्टाचार, ठगी तोप्केगोला र मैवाखोलाका मान्छेले आएर गरेका हुन् त ?'

मिथिलाको ज्ञान, शिक्षा र कलाको गौरवशाली परम्परा समाप्तप्रायः भएकोमा बुज्रुगहरूले निकै असन्तोष व्यक्त गरे । नेपाल अधिराज्य र विदेशसम्म फैलिएको प्रसिद्धि आज आफ्नै क्षेत्रबाट उखेलिन लागेको अनुभव पोखेर सबैलाई पीडाबोध पनि गराए ।

पुराना सन्दर्भहरू टुंगिएपछि वर्तमान वा समसामयिक कुरातर्फ समीक्षा केन्द्रित भयो । कहिले पनि निको नहुने नागरिकताको विषयमाथि केन्द्रित रहेर एकजनाले भने, 'हाम्रो क्षेत्रमा अंगीकृत नागरिकताको प्रावधान समाप्त गर्नुपर्छ । यो हाम्रा लागि पनि घातक छ ।'

अर्काले थपे, 'जसले अंगीकृत नागरिकता लिए त्यो प्रत्येक ३ वर्षमा नवीकृत हुनुपर्ने र त्यसका लागि धारकको उमेर, स्वास्थ्य, परिवार संख्या, काम र औचित्य हेरेर मात्र थप्न सकिने व्यवस्था हुनुपर्दछ । यसका लागि चरित्र, चिन्तन र व्यवहारको कसीमा व्यक्तिको योगदान र इतिहास हेरिने छ ।'

'भुक्याएर वा राजनीतिक तत्वले हठ गरेर दिलायो भने अंगीकृत नागरिकता र हस्ताक्षर निष्क्रिय गर्न सकिने छ । त्यो त्यति ठूलो समस्या हैन । बरू अंगीकृतबाट अंगीकृत नागरिक नै जन्मनुपर्छ साधारण नागरिक हैन । अर्थात्

अंगीकृतबाट रेगुलर नागरिक जन्मन सक्तैन । र यो अधिकार स्थानीय तहमा सुरक्षित रहनुपर्छ ।' यस्तो प्रस्ताव कतैबाट आउला कि भन्ने थियो तर कतैबाट आएन ।

अर्का व्यक्तिले उच्च स्वरमा भने, 'अंगीकृतका अगाडि स्थानीय नागरिकको तेजोबध गर्ने काम हुँदैछ, भेदक चरित्रको विकास हुँदैछ, सम्पन्न र विपन्नको रेखा कोरिदैछ । यसले चाँडै वैषम्य र द्वन्द्व निम्त्याउँछ । त्यसैले अंगीकृत समस्या बन्ने देखिएको हो । राज्यले यो द्वार बन्द गर्नुपर्छ । नभए हामी आफ्नो क्षेत्रमा त्यो रोक्ने अभियान थाल्छौं । यदि धारकको चरित्र, व्यवहार र उद्देश्य राष्ट्रको हितमा देखिंदैन भने समय थप्नुको औचित्य के ? फेरि उताको नागरिकता छोडेको आधिकारिक पत्र पनि हामीले खोज्नुपर्ला नि । यताको नागरिक भएको जानकारी उतातर्फको मजिष्ट्रेटलाई पनि दिनु निको होला कि !'

बैठकमा अर्का व्यक्तिले भने, 'आन्दोलनको क्रममा मारिएका व्यक्तिले पाउने मरवटको रकम अब उप्रान्त सम्बन्धित व्यक्तिको परिवारका सदस्यका नाममा सरकारले सिधै बैंकमा जम्मा गरिदेओस् । कुनै नेता वा आन्दोलनकारीका नाममा वा हातमा त्यो रकम नजाओस् ।'

अर्को वक्ताले थपे, 'अब उप्रान्त जसले आन्दोलनको आह्वान गर्छ उसले आन्दोलनमा सरिक हुन आउनेको नाममा अग्रिम दुई लाख रकम बैंकमा जम्मा गरिदेओस् र आन्दोलन सकिएपछि अरू तीन लाख भुक्तान देओस् । त्यसपछि सरकारबाट आउने मरवटको सहयोग राशि छुट्टै प्राप्त हुनसकोस् । अब हिजोको जस्तो मान्छे मार्न पाइने छैन । आन्दोलन एक चरणमा दुई दिन मात्र हुनेछ ।'

अर्काले त्यसैगरी थपे, 'आन्दोलनमा सहभागी हुनेको बायोडाटा/जीवन परिचय र नागरिकपत्रको फोटोकापी पनि सम्बन्धित प्रहरी कार्यालय र जिल्ला प्रशासनमा जम्मा गर्नुपर्ने छ । त्यसो गर्दा को मऱ्यो र को थियो भन्ने छुट्याउन द्विविधा रहने छैन ।'

अर्काले नौलो प्रस्ताव राख्यो, 'म त भन्छु, अब ६० वर्षभन्दा माथिकाले नै आन्दोलनमा भाग लिऊन् । जवानको हत्या नहोस् ।' र अझ थप्यो, 'अंगीकृतको आह्वानमा अंगीकृत नै शामेल होऊन् र स्थानीयको आह्वानमा स्थानीय नै । तर मिसिएर नजाऊन् । त्यसैले पनि अंगीकृतको श्रृंखलामा निरन्तरता दिनुपर्ने आवश्यकता रहन्छ तर अंगीकृत नै जन्माएर, बनाएर होइन । यो स्मरण रहोस् ।'

अर्का व्यक्तिले उठेर भने, 'म अलिक भिन्न प्रसंग लिएर उभिएको छु । यो माटो जनताको अपराधीकरणमा दरिएको छ । हाम्रो राज्यसीमा तस्करहरूको

अखडा भएको छ । सम्पूर्ण इलाका डाकाहरूको इशारामा चल्न थालेको छ । व्यापारी र ठेकेदार अनि राजनीतिकर्मी र प्रशासनिक व्यक्तिको छाताभित्र अपराध हुन्छन् । जरा कहाँ छन्, लहरो कहाँ छ यो कुरा राज्य संयन्त्र नै जान्दो हो ।'

वक्ताहरूको श्रृंखला लामो थियो । शायद पुरानै कुराको पृष्ठपोषण हुने थियो । त्यसैले यति भन्नैपर्ने भो- चेतना छ, गन्तव्य छैन । मार्ग छ, दृष्टि छैन । लक्ष्य छ संकल्प छैन । आयु छ आत्मविश्वास छैन । चर्चा पनि स्पष्ट छैन, शायद कुनै अभावले चिमोटेको पनि छैन । हल्ला गरे भीड जम्मा हुन्छ, आन्दोलन र ध्वंस निर्माण हुनसक्छ । के त श्रम र विवेकको अधिमूल्यन हेर्नुछैन ? जातको लडाइँ र बडप्पनको प्रदर्शनकारी प्रतिस्पर्धाले ऐंठन-मोचन होला र ! व्यंग्य त होइन किन्तु यति भन्नैपर्ने भो- भैंसीको सट्टा गोसेवा पो गर्नुपर्ने थियो कि ? फेरि यो विचार प्रतिगामी मानियो भने ?

जुन भूमि ज्ञान बाँड्थ्यो आज उही भिक्षुक ? कमी त केही थिएन, फेरि आफैंलाई अपहेलित र उपेक्षित ठान्ने किन ? आखिर यो ठाउँ आफैंले छानेको हो या कसैले दिएको ? यदि चित्त बुझेको छैन भने सर्वश्रेष्ठ ठाउँमा गएर बस्ने अधिकार र रूचि किन राख्दैनौं ? केले रोक्छ ? के पुराना विचारले जेलिएको ठाउँ नयाँ उज्यालो देख्न चाहँदैन त ?

तल्लो जातिलाई उत्पीडन दिएर बाँच्ने, तिनीहरूमाथि पौरूष देखाएर बलात्कार गर्ने, थोरै मुठी देखाएर धेरै श्रम लिने वर्गले यो आत्मसमीक्षा बैठकमा दलितवर्गको समस्या बारे कुनै चर्चा उठाएन । शंका लाग्छ, यो वर्गका सदस्यप्रति सम्मान र समभाव राखेकै कारण पुरुषोत्तम सिंहको घरमा विपत निम्त्याएको हो कि उनलाई नरूचाउने मानुषले वा आततायीहरूले संहार-नृत्यको प्रांगणमा मौका छोपेर ! आजै कसरी जान्नु ?

के त अब घुर्क्याएर, थर्काएर वा सडक तताएर दोहन गर्ने प्रणालीको दीक्षा पछिल्लो पुस्तालाई पनि दिँदै जाने हो ? यदि यो सुकर्म हो भने अब कसले कसलाई रोक्न सक्ला र ! हैन, आशा गरौं नयाँ पुस्ताले आफ्नो स्थितिको सम्यक् मीमांसा गरेर समाजलाई निर्देशन देला; मिथिलाञ्चलको गौरव र गरिमालाई आत्मसम्मानका साथ अग्रसर गर्ला, अनि अर्कोलाई तुच्छ, होचो ठानेर आफू श्रेष्ठ हुने रोगी मानसिकताबाट यो समाज मुक्त होला ! के यस्तो आशा गर्न मिल्ला ?

आलोचनाको विषय चाहिं के रह्यो भने यो बैठकमा आततायीले मचाएको उत्पातबारे कसैले त्यति चर्चा उठाएन । या त सुरूङपन्थीहरूले गरेका घृणित

कर्मको स्मरण गर्न चाहँदैनथे, या त्यस पन्थका समर्थक र अनुयायी यहाँ पनि होलान् कि भन्ने ठानेर कुरा कोट्याउन डराउँथे ।

गाउँ-बस्तीमा आगो लगाउँदा कैयौं केटाकेटी सुतेकै ठाउँमा डढे । पाडा-बाच्छा दाम्लैमा मरे, गाई-बाख्रा उम्कन नपाई सुकुटी भए । सुँगुर-कुखुरा खोरमै भस्म भए । अग्नि विप्लवको यो दृश्य र पोलिंदै गरेका घरेलु जीव-जन्तुको आर्त-क्रन्दनबारे न कसैले चर्चा गऱ्यो न त स्मरण नै । मानौं मिथिलाञ्चलमा त्यस्तो केही भएकै थिएन जस्तो गरेर बैठक चल्यो । कैयौं योगेश्वर सिंहहरू आततायीद्वारा निर्मम ढंगले मारेर फ्याँकिए, कैयौं अपर्णाहरू बेपत्ता पारिए, तर प्रबुद्धजनको यो बैठकले समीक्षा गर्न चाहेन । शायद भय थियो, शायद औचित्य थिएन, शायद जानकारी थिएन, शायद यो त्यो सन्दर्भ थिएन । जे सम्झेर जसरी बिट मारे पनि भयो ।

शैलबालाले यो भिडियो मार्फत दृश्य-समाचार एकाग्रभावले हेरिसकेर एकपटक लामो सास तानेर छोडी अनि आँखा बन्द गरेर चिन्तनको शैलीमा ऊ अन्तर्मुखी भएजस्तो देखिई ।

❑❑

२४

भाषा र समाज एक अर्काका पोषक र नियामक पनि हुन् अनि संस्कृतिका वाहक पनि । मैथिली भाषा यस अर्थमा ज्वलन्त उदाहरण बन्नसक्छ । अवश्य, भाषा प्रयोग गर्नेको वाणीबाट वक्ताको संस्कार, संस्कृति र व्यक्तित्व स्वतः उद्भासित हुन आउँछ । कुलघरान र सामाजिक मर्यादाको नापतौल गर्न त्यति हम्मे पर्दैन । युवकहरूको संवादले यही कुराको पुष्टि गर्दथ्यो- उनीहरू सुसंस्कृत बुझिन्थे ।

शैलबाला अकस्मात् सिकुवामा पुगी । बसेको ठाउँबाट बाह्र-पन्ध्र जना युवक उठे । उनीहरू मैथिली भाषामा मस्त संवाद गर्दै थिए । रोकिए । सबैले शैलबालालाई 'प्रणाम' भने । नमन फर्काएर उसले सबैलाई बस्न अनुरोध गरी ।

'यी मेरा साथीहरू । तिमीसँग भेट्न चाहन्थे । आज मौका पऱ्यो । त्यसैले... ।' रघुवरले वातावरण सजिलो बनायो ।

'तपाईंहरू के के गर्दै हुनुहुन्छ ? मैथिली भाषा मिठो बोल्नुहुँदो रहेछ । मैथिलीमा नै कुरा गरौं, मलाई पनि मेरो भाषा सुधार्ने मौका मिल्छ ।' शैलबाला सहज भई ।

कोही मोतिहारी, कोही दरभंगा, कोही मुज□फरपुर, कोही पटना, कोही बनारस र कोही कलकत्ता पढ्ने थिए; त्यस्तै कोही दिल्ली र काठमाडौंमा, पाल्पा, पोखरा र धरानमा । यिनमा आई.टी., सी.ए., कानून, चिकित्सा, आर्किटेक्चर र इन्जिनियरिङका युवकहरू थिए अनि केही नर्सिङ्ग, पत्रकारिता, संस्कृति, इतिहास र अर्थशास्त्रका छात्रहरू थिए । बसेकै ठाउँबाट यिनले आफ्नो पढाइ र परिचयबारे संक्षिप्त बोले ।

भेटघाट गर्ने मौका परेकोमा प्रसन्नता व्यक्त गरेर शैलबालाले भनी, 'युनिभर्सिटीमा छुट्टी भएको त नहोला, अनि तपाईंहरू घरमा ?'

एउटाले स्पष्ट भावले भन्यो, 'जी, हामी राउतजीको भाषण सुन्न आएका हौं । फर्किहाल्छौं ।'

'हामी चाहिं पर्खिरहेका छौं । सुनिसकेर हामी पनि जान्छौ ।'

'जो देशबाहिर गएर पढ्दै हुनुहुन्छ, उहाँहरूलाई मेरो प्रश्न हो त्यहाँ पुगेका वेला कस्तो अनुभव गर्नुहुन्छ- विदेशको भूमिमा टेकेर ?'

'अरु साथीहरू के सोच्छन् म जान्दिनँ, तर आफ्नो माटोमा जसरी शिर ठाडो र छाती चौडा पारेर हिंड्न सकिन्छ, विदेशको भूमिमा त्यो सम्भव छैन । मात्र योग्यता देखाउन छूट छ । अन्यथा खुम्चेरै बस्नुपर्छ- बारभित्र । यहाँ हामीलाई आफ्नो माटोले शक्ति दिन्छ । त्यहाँको माटोले त्यो शक्ति दिंदैन हामीलाई ।' एउटाले खुलस्त पारेर भन्यो ।

अर्काले भन्यो, 'अंक, अक्षर र श्रमसँग खेल्नेलाई त्यति ठूलो असर पर्दैन विदेशको सभ्य मुलुकमा । कर्म-क्षेत्र त जहाँ पनि हुनसक्छ । यो पढिसकेपछिको कुरा हो । अहिले त हामी पढ्दै छौं ।' वक्ता हाँसेरै बोल्यो, हाँसेरै बस्यो ।

'देशको स्थिति राम्रो छैन भनिन्छ । कसरी सुधार्न सकिएला त ? तपाईंहरू त नयाँ जोश र नयाँ उमंगमा हुनुहुन्छ । कुनै धारणा बनाउनु भएको होला नि !'

'जी, पहिलो, जनसंख्याको चाप रोक्नुपऱ्यो, थुन्नु पऱ्यो । रोटी-बेटीको भावनात्मक कुरा आफ्नो ठाउँमा छ । त्यो राजनीति मुद्दाको मसला होइन । हामी आफैं समस्या निम्त्याउँदैछौं ।'

'अर्थात् ?'

'जी, भन्दैछु । अंगीकृत नागरिकको मुहान थुन्नुपर्छ । जन्मनासाथ नागरिक पत्र र संख्या दिए सधैंका लागि स्थायी निराकरण हुन्छ समस्याको । समाजमा विषम स्थितिको मूल जड नै अंगीकृत हो । के राजनीति गर्ने मान्छे पनि हामीले विदेशबाटै ल्याउनुपर्छ र ? के यहाँको माटोमा हामीलाई चाहिने नेता जन्माउन सकिन्न ?'

'अब बुझें मैले । त्यसैले तपाईंहरू मिस्टर राउतको सम्बोधन सुन्न पर्खनुभएको हो- पढाइ छोडेर । तर मलाई प्रसन्नता भो, तपाईंले मनको सत्य सुनाउनु भो । म पनि तपाईंको धारणासँग सहमत छु ।' शैलबालाले खुलेर भनी ।

'म चाहिं न्याय वितरणबाट धेरै कुरामा सुधार आउँछ भन्छु ।'

'म राजनीति र प्रशासनमा देखिने लामा हात काट्नुपर्छ भन्छु ।'

'म चाहिं पुरानै ढंगको राजनीतिक एकाईमा देशको माटो बाँडिनुपर्छ भन्छु । आजको एकाइ विभाजन खर्चिलो भो । हिजो पनि बीचको अञ्चल

सेवा प्रशासनिक दृष्टिले झिकिएको थियो, निष्क्रिय थियो । राजनीतिक दृष्टिले सामान्य छानु अवश्य थियो । त्यो वैज्ञानिक थिएन भनेर पूरै पन्साउन चाहिं मिल्दैन कि भन्छु ।'

'म चाहिं सीमा नियोजन र बी.एस.एफ. परिचालन पहिलो आवश्यकता हो भन्छु ।'

'आजका राजनीतिक व्यक्ति गैर राजनीतिक गतिविधिमा बढेका छन् । तिनले सन्यास लिएर देशको कल्याण गर्नुपर्छ, नत्र देश दुर्घटनामा पुग्छ भन्ने स्पष्ट छ ।'

'तपाईं केही भन्न खोज्दै हुनुहुन्छ, सुनौं भन्नुहोस् ।' शैलबालाले अर्को युवातर्फ लक्ष्य गरेर भनी ।

'म त सिचाइँ गराएर सर्वप्रथम कृषिलाई महत्व दिएर आत्मनिर्भर हुनुपर्छ भन्छु । फर्केर म चाहिं यहाँको धरतीलाई हराभरा गराउन कम्मर कस्छु ।'

'कार्यकारी प्रमुखको लागि प्रत्यक्ष निर्वाचन गराउने योजनामा लाग्छु म चाहिं । संसद सदस्यले चुनेर कार्यकारी प्रमुख छान्ने गलत बाटो म फेर्छु । मेरो योजना यही हो ।'

'तिमी नि बैनी ?'

'म त खालि विशाल नेपालको सपना देख्छु र यथार्थमा पनि त्यो घटित हुने देख्छु । त्यसका लागि मेरा योजना छन् । अग्रजहरूलाई यसमा सहयोग पुऱ्याउँछु र म विशाल नेपाल देखेरै प्राण छोड्छु ।'

'चिन्तन, संकल्प, बाटो र लक्ष्य सही छ भने सम्भव छ । शुभकामना !'

अकस्मात् केटाकेटीको हूल आइपुग्यो । त्यही हूलबाट च्याँऽऽ ईऽऽ ध्वनिको संचार गर्दै एउटा गाइने बालक सारंगीसँगै देखा पऱ्यो ।

अर्को घरबाट आएर पुरुषोत्तम सिंहले सोधे, 'बाबु, के सुनाउँछौ आज ?'

'बाबुसाहेब, सिलोक गाएर सुनाऊँ कि ? भिन्नै स्वादमा छ ।'

'हुन्छ, तिमीलाई मनपर्ने सुनाऊ ।'

'माओवादी हजुरबाले देखाएको कर्मको चित्र हो । यही सुनाउँछु ।'

'इंडियाबाट माओवादी पसेर आतंक मचाए । कुनै दिन चीनबाट गान्धीवादी पसेर त्यसैगरी ध्वंस गर्लान् । तिम्रा गीत कहिले सकिने भएनन् । सुनाऊ, सुनिहालौं ।' एउटाले व्यंग्य र विनोद एकैपटक बोल्यो ।

एकछिन सारंगी रेट्यो र फेरि गायन शुरू गऱ्यो :

वनवन घुम्ने विप्लवकारी
अब घर-गाउँ-बस्ती चारी,
दानवजस्तै तुजुक निकाल्दै
सबतिर पाऱ्यो त्राहि ! त्राहि !

यै त हो भन्छन् माओवादी
किन्तु म भन्दछु गान्धीवादी,
तालिम उसको सीमापारि
आफ्नै धरती पनि भो खाली ।

गाउँदा गाउँदै ऊ रोकियो । तुरून्तै एउटाले भन्यो, 'डराउनु पर्दैन तिमी गाउँदै जाऊ । अब यहाँ माओवादी छैनन् । तिनको बदनियतको असर भोगेर बाँच्ने मात्रै छौं । तिमी गाऊ ।'

बालकले फेरि गायो :

हजार हजारौं पाऱ्यो विधवा
पाऱ्यो यसले लाखौं टुहुरा,
विकल बनायो आमाबाबु
लुट्यो कति-कति कति बेपत्ता ।

किड्नी निकाल्यो यौटा यौटा
नैन निकाल्यो यौटा यौटा,
माग्नेहरूको लस्कर जोडी
पूर्ण गरायो आफ्नो कोटा ।

बालक गाउँदा गाउँदै रोकियो । शैलबालाले अश्रुसिक्त वाणीमा भनी, 'बाबु, गाऊ, आज म सुन्न सक्ने भएकी छु । यस्ता गीत अरू पनि सुन्छु । गाऊ ।'

'हामी केटाकेटीलाई के गऱ्यो, अब त्यो जोडेर सुनाउँछु है त ।' उसले फेरि सुनायो :

कतिको काट्यो यौटा खुट्टा
वैशाखी भो त्यसको सट्टा,
माग्न लगायो झोली थापी
खूब कमायो काटी बट्टा ।

टिनको डिब्बा तार उझिन्डो
टुटे हात भो एक सिंगौरो,
घरिघरि बालक गल्ली चारी
भन्दछ बाबा भिक्षां देही ।

परतिर अर्को वैशाखीमा
झुन्निरहेको उस्तै मान्छे,
वयःसन्धिको रेखा टेकी
भन्दछ आमा भिक्षा दे दे ।

शैलबाला जुरूक्क उठी र भनी, 'अब म सुन्न सक्तिनँ । बाबु रोक । पुग्यो ।' गाइनेले सारंगीलाई विश्राम दियो ।

शैलबाला उठेर गई र हातमुख पखालेर आई ।

त्रिपुराको निर्देशन अनुसार चिया-चमेना आइपुग्यो । सभ्य शालीन ढंगले बालिकाहरूले जलपान टक्र्याए । गाइने बालक र उसको टोली पनि रमायो । रघुवरका साथी पनि रमाए । रमाउनुभन्दा पनि भावविह्वल भए ।

पुरुषोत्तम सिंहले उचित अवसर ठानेर गाइने बालकलाई टोपी लगाइदिए र पुरस्कार राशिले सम्मान गरे । सबैले ताली बजाएर खुशी बाँडे ।

रघुवीरका साथीहरू विवाह पञ्चमीको उत्सव हेर्न जाने भए । त्यो थाहा पाएर त्रिपुराले भनिन्, 'यी छोरीहरू पनि जाने रहर गर्दैछन् । सम्भव भए तयार हुन भन्छु ।'

त्रिपुराको मनोभावको कदर गरेर युवकहरूले सहमति जनाए । एघारवटा मोटरसाइकलमा एघार जोडी युवा योगेश्वर सिंहको घरबाट निस्किए । स्पर्श र आलिंगनमा व्यवधान रहेन । चुम्बनको समय त्यो थिएन पनि ।

बाँकी रहेका छात्राहरूलाई रघुवीरले आफैंले कारबाट पुऱ्याइदियो । त्रिपुराको आदेश यस्तै थियो ।

शैलबालाले गुनी- आमाको व्यवस्थापन अत्यन्त उदार र सामयिक रहन्छ । कति कुशल हुनुहुन्छ । कति मर्मज्ञ ! सुभाषिणी र सुवासिनीहरू पनि खुशी हुने भए । रहर पुग्ने भो । यो सुयोग पनि हो, संयोग पनि ।

❑❑

२५

शैलबाला अन्तर्मुखी भई । उसले आफैंलाई पढी । अझै पुगेको छैन, केही शेष छ भन्ने उसलाई लाग्यो । आफ्नो एक्लो प्रयासले सम्भव हुने र परिणाम दिनसक्ने कुनै योजनामा फेरि उसको चिन्तन घुम्न थाल्यो । ऊ गम्भीर सोचमा एकाग्र भई ।

'शैलु, तिमी कुर्सीमा बसेरै निदाएकी ?' त्रिपुराले स्नेहले उसका शिरमा हत्केलाले स्पर्श गरेर सोधिन् । उनका हातमा बेलको लस्सीको गिलास थियो ।

'हैन, अब के गर्ने भनेर म सोच्दै थिएँ आमा ।' ऊ हजुरआमालाई नै आमा भन्थी ।

'तिमी कस्तो काम गर्न चाहन्छ्यौ, म जान्दिनँ । मेरो दृष्टिमा, रोकिएको एउटा काम छ, यदि तिम्रो रूचि भयो र उचित लाग्यो भने त्यो फेरि संचालन गर्न सक्छ्यौ ।'

'के काम रोकिएको छ आमा ?'

त्रिपुराले आफ्नो भित्री रोदनलाई नियन्त्रण गरेर कम्पित स्वरले यति मात्र भनिन्, 'संगीत कक्ष बन्दै छ । त्यसमा जीवन भर्ने काम पनि बाँकी होला नि !'

संगीत कक्षको परिकल्पना, स्थापना र संचालन स्वयं अपर्णाले गरेकी थिई । आततायीहरूले उसलाई बेपत्ता पारेपछि संगीत कक्ष बन्दै थियो । परिणाम के भयो भने स्थानीय बालबालिकाहरू संगीत शिक्षाको लाभ लिनबाट लामो समयदेखि वंचित हुँदै थिए ।

आँखामा टल्पलाउन थालेका आँसु लुकाएर त्रिपुराले यति मात्र थपिन्, 'अपर्णाले थालेको त्यो कामलाई निरन्तरता दिने हो कि ? यहाँका बालबालिका पनि लाभ लिन सक्थे, तिम्रो पनि काम देखिन्थ्यो । बाहिरै मात्र कति जानु नानी ?' अनि लामो र शीतल श्वास तानेर छोडिन् र भनिन्, 'बेटा, रघुवरले पनि सहयोग गर्न सक्छ कि !'

'आमा, रघुलाई त मैले कम्प्युटरको काम भनेकी छु । केही तथ्याङ्क खोज गर्नु थियो, त्यसैमा लागेको छ ।' अर्को प्रसंग जोडेर शैलबालाले भनी, 'केही दिनपछि म पनि खाली हुन्छु, तालिमको साङ्ले पनि सकिन्छ । विदेशी साथीहरू पनि फर्कन्छन् । त्यसका लागि मलाई अरू केही साता लाग्ला । त्यसपछि हजुरले भन्नुभएको कुरा-सांगीतिक कार्यक्रमको निरन्तरता होइन ? म पुनः सञ्चालन गर्ने यत्न गर्छु । हजुर ढुक्क हुनुभए हुन्छ । म हजुरको भनाइको मर्म सम्झन्छु ।'

'तिमीले वचन दियौ । म खुशी भएँ । अपर्णाको आत्मा पनि सन्तुष्ट र तृप्त हुनेछ । धन्यवाद बेटा तिमीलाई । म यही चाहन्थे ।' त्रिपुरा खुशीका आँसु झार्दै शैलबालाको कक्षबाट उठिन् ।

त्रिपुरा थाकिनन्, वीरप्रसू हुन चाहन्थिन्, उनको कामना अधुरै रह्यो । नाति-नातिनाबाट पूर्ण हुनसक्ने सम्भावना गुन्थिन् र सपना देख्थिन् । त्यसैले शैलबाला र रघुवर उनको विकल मन बिसाउने चौतारी भएका थिए ।

वस्तुतः छोरो मारिएको र बुहारी बेपत्ता पारिएको पृष्ठभूमिमा बाँच्न जति मुश्किल पुरुषोत्तम सिंहलाई परेको थियो, अपेक्षाकृत त्रिपुरालाई कम थियो भन्ने लाग्दथ्यो । यस्तो क्षणमा आमाहरू अनेक विकल्प उपस्थित गरेर समय बिताउन र मन थाम्न समर्थ देखिन्छन् जब कि बाबुहरू परिवार र समाजमा बाँधिएर पनि एक्लो अनुभव गर्छन् र आत्मकेन्द्रित हुन पुग्छन् । हो, सिंह दम्पतिको स्थिति यही थियो ।

किन्तु पीडा शमन गर्ने तत्व वा मन दुखेको औषधि दर्शन मात्र हो भन्ने यथार्थ सबैलाई स्वीकार हुँदैन । शायद चेतनाको तहबाट यो कुरा ग्राह्य वा अज्ञात-अग्राह्य हुनजान्छ ।

फेरि पनि यथार्थ अर्कै थियो- योगेश्वर सिंहको मृतक-संस्कार सकिएपछि यो अध्याय एक पक्षबाट पूरा भएको थियो, किन्तु बेपत्ता पारिएकी बुहारी अपर्णाको स्मृतिले बारम्बार भित्र ज्वाला दन्कन्थ्यो । किनभने कहिले नटुंगिने जीवन-पथको यात्रामा मन कहाँ पुगेर विश्राम लिन सक्तो हो ! फगत अन्तहीन आशा वा निराशा !!

अपर्णा फर्केर आउली ?

अथवा ऊ अब कहिले आउँदिन ?

मात्र सम्भावना ! अनन्त सम्भावना !!

जसो पनि हुनसक्छ ।

आफ्ना छोराको मृतक शरीरको स्वरूप र अवस्था सिंह दम्पतिले जस्तो देखे, परिवारका अन्य सदस्यले देखेनन् । खास गरी शैलबाला र रघुवरका सन्दर्भमा कतैबाट यो पनि कृपा भएको हो । दुवै बाहिरै थिए त्यसवेला - घरबाहिर, देशबाहिर ! बाबु योगेश्वर सिंहको मृत शरीर यिनका आँखामा परेन, आमा अपर्णाको प्रत्यागमनको आशा यिनको सेलाएन । यो असंगति भित्रको संगति थियो शायद । कतैबाट विवेक वा अविवेकको तर्जुमा गरिएको थियो शायद !

❑ ❑

२६

समारोहस्थल । यो एक किसिमले दीक्षान्त कार्यक्रम जस्तै थियो ।

मधुपुरा गाउँको खेल-मैदानमा उत्तर-दक्षिण लम्बायमान विशाल पालभित्रको कार्यक्रम स्मरणीय लाग्दथ्यो । ज्येष्ठ नागरिक, आमन्त्रित पाहुना, गण्यमान्यहरूका लागि यथोचित व्यवस्था थियो भने सर्वसाधारण जनताका लागि कुर्सी र ढूला दरीको । एकातिर प्रशिक्षार्थी र अर्कातिर प्रशिक्षकहरूको उपस्थितिले कार्यक्रम स्थल निकै आकर्षक थियो । स्वयंसेवकहरू स्वशासित र सक्रिय थिए ।

पूर्णता र सन्तोषको विषय अर्को पनि थियो । त्यो के हो भने, प्रशिक्षार्थीहरू जुन-जुन देशका थिए ती-ती देशका दूतावासका प्रतिनिधिहरू पनि उपस्थित थिए । अझ दूतावासतर्फका पत्रकारहरूको चहल-पहलले वातावरण त्यसै मनोरम देखिन्थ्यो ।

स्वागतपछि महीयसी चन्द्राकुमारी घलेको शुभकामना सन्देश पढेर कार्यक्रमलाई अघि बढाइएको थियो, जसबाट त्यहाँ आलोक र ऊर्जा थपिएको अनुभव हुन्थ्यो ।

प्रमाण-पत्र विरतणको कार्यक्रम उत्तिकै महत्वपूर्ण थियो । गृहसज्जाका कलात्मक वस्तुको उत्पादन गर्ने प्रशिक्षार्थीहरूले ९४ वर्षीय ज्येष्ठ नागरिक श्री सुवर्ण बाँतरका हातबाट प्रमाण-पत्र ग्रहण गरे । नारीको परिधान निर्माण गर्ने पुरुष र महिला प्रशिक्षार्थीले पूर्व न्यायाधीशका हातबाट प्रमाण-पत्र ग्रहण गरे । करौंतेको तालिम लिनेहरूले पूर्व सेनापतिको हातबाट, लाठी चलाउने प्रशिक्षार्थीले पूर्वप्रहरी प्रमुखको हातबाट तालिमको प्रमाणपत्र पाए भने घुर्येंत्रो, चुप्पी र गुलेलीको प्रशिक्षण पाउनेहरूले स्थानीय सांसद सुरवीर अछामीको हातबाट प्रमाण-पत्र लिए ।

त्यसैगरी प्रशिक्षकहरूले सबभन्दा ज्येष्ठ नागरिकका हातबाट कदरपत्र ग्रहण गरे अनि पूर्व सेनापतिबाट 'सगरमाथा सम्मान' पदकले विभूषित पनि भए ।

प्रशिक्षकहरूले थोर-थोरै शब्दमा आफ्नो अनुभवका साथ मधुपुराको सामाजिक जीवन र कर्मठ, उदात्त संस्कार बारे आ-आफ्नो ढंगले लेखेर प्रकाश पारे । साथै सफलताको केन्द्रमा शैलबालाको सोच र संकल्प रहेको बोध गराए ।

विदेशी आगन्तुक अर्थात् दूतावासका पदाधिकारी र आफ्नो संसारका गण्यमान्य जनहरू प्रत्येकलाई पृथक्-पृथक् महत्व दिएर शैलबालाले धन्यवाद ज्ञापनका साथ विदा गरी । प्रशिक्षक मित्रहरूको सहयोग र सफलता बारे मुक्तकण्ठले प्रशंसा गरी ।

स्थानीय गुरूजन, ज्येष्ठ नागरिक र महिलाप्रति कृतज्ञता प्रकट गरी र युवाजनप्रति स्नेहभावले आभार व्यक्त गरी ।

फेरि मिथिला शैलीको स्वाद र सुवासमा बफे चल्यो । जुन वर्गले भोजन तयार पाऱ्यो, व्यवस्थित गऱ्यो र स्वयंसेवामा समर्पित रह्यो त्यसमा कसैले प्रश्न उठाएन न त त्यसतर्फ नै कसैले सोच बनायो । अर्थात् कसैले अन्न-पानीमा रोक लगाएन । पुरुषोत्तम सिंहको घरमा तयार भएर आएको भोजन तयार पार्ने जन को थिए भन्ने जान्दाजान्दै पनि ग्रामीणजनले भोजन परित्याग गर्न सकेनन् ।

अतिथिहरूलाई सुचित्रा यादवको हातबाट प्रशिक्षार्थीले उत्पादन गरेका वस्तु उपहार दिएर उत्साह र प्रसन्नताबीच कार्यक्रम पूरा भयो ।

समारोह स्थलबाट कोही खाली हात फर्किएन । प्रत्येक व्यक्ति उपहारले अलंकृत थियो । विशेषतः चिनियाँ कपडा र जापानी सीपबाट उत्पादित वस्त्रहरूमा सजिएका गृहस्थ महिलाको उपस्थितिले समारोह स्थल नौलो नक्काशीमय प्रतीत हुन्थ्यो ।

चौरमा केटाकेटीहरू खेलकुदमा केन्द्रित हुँदै गए । स्थानीय जन अर्थात् त्रिपुराको भान्साटोली र स्वयंसेवकसँग रमाइलो संवाद गरेर शैलबालाले निकै समय बिताई । अनि सरसफाइ टुंग्याएर साँझ ऊ भान्सा टोलीका साथ घर पुगी र सबैलाई चियापानमा सम्मिलित गराई ।

त्रिपुरा र पुरुषोत्तम सिंह आज बढी प्रसन्न देखिन्थे ।

विना प्रश्न र विना सन्दर्भ पुरुषोत्तम सिंहले हर्षले गद्गद हुँदै भने, 'शैलु, आज मैले कल्पनासम्म नगरेको काम गऱ्यौ । डा. राजेन्द्र अधिराजको सभापतित्वमा आयोजना सम्पन्न भएको देखेर म अत्यन्त प्रसन्न छु । उनी राष्ट्रवादी विद्वान् र जोदाहा छन् । त्यस्ता मान्छे कार्यकारी राष्ट्रपति भइदिए... ।' उनी भावुक भए । फेरि थपे : प्रसन्न गिरीलाई निम्त्याएर पाहुनाहरूको सम्मान बढाइ दियौ, यो गरिमाको विषय हो । तिम्रो कार्यक्रममा सबै सूर्य एकैपटक उदाए बेटी । ❑

२७

योगी धूर्जटी अकस्मात चर्चामा आए ।

सप्तकोशीको पश्चिम किनारमा पर्वतको फेदमा उनको कुटी छ र उनी जंगली सत्वसँग मित्रता राखेर बस्छन् भन्ने कुरा प्रकाश फैलिएझैं संचरित हुँदै थियो । उनी सिद्धि प्राप्त योगी हुन् र भविष्यबोध पनि गर्छन् भन्ने ख्याति पनि थियो । यद्यपि उनको आसन स्थिर छैन र उनी सहजै भेटिँदैनन् भन्ने सत्य कोही जान्न सक्तैनथ्यो । किन्तु उनले चाहँदा तत्तत् ठाउँ र व्यक्तिसम्म उनी पुग्न सक्थे भन्ने कुरा चाहि त्रिपुरा विश्वास गर्थिन् । योगीका केही विशेष लक्षणको संकेत उनी पाउँथिन् । एक्लै उनी मानसिक रूपले योगीलाई गुरू, आचार्य र दैवीगुण सम्पन्न सन्तको भावले हेर्थिन् र उनीप्रति आलोकमय चिन्तन राख्तथिन् । सांसारिक मानवलाई यस्ता कुराको महत्व छैन भनेर होला, योगी धूर्जटी बारे उनले कतै चर्चा गरिनन् । किन्तु मानसिक रूपले उनी योगीलाई गोरखनाथको अवतार ठान्थिन् र अनन्य भावले श्रद्धा राख्थिन् ।

मधुपुरा गाउँको खेल मैदानमा आयोजित कार्यक्रममा भाग लिएर फुर्सद पाएपछि कतिपय निम्तारू महानुभावहरू धूर्जटी योगीको कुटीतर्फ लागे । त्यति नजिक पुगेपछि उनको साक्षात्कार गरेरै जाने मनोभाव निर्माण हुनु स्वाभाविक थियो । साधन र संकल्पले बल पुऱ्याएपछि उद्देश्य फलीभूत नहुने थिएन ।

अतिथिजन बाबा धूर्जटीको कुटीमा पुगे । किन्तु उनी त्यहाँ भेटिएनन् । भगवान् आशुतोषको दर्शन गरेर सन्तोष लिए । एउटा अर्को चाखलाग्दो सन्दर्भ थियो- दैवज्ञ केशरीको व्यक्तित्व । यथार्थमा उनी ज्योतिष ज्ञानमार्फत कुनै पनि व्यक्ति, क्षेत्र वा देशको भविष्यमाथि फलादेश गर्थे । फलित र सिद्धान्त दुवैतर्फ उत्तिकै दक्षता राख्तथे र ज्योतिष विद्याले नदेख्ने वा नभ्याउने ठाउँमा तन्त्रविद्या सम्पुटित गरेर पनि फलादेश गर्न सक्तथे । तर उनको ज्ञान र क्षमता बढी भएकोले उनको छेउ पुग्न पङ्क्तिबद्ध हुनु आवश्यक हुन्थ्यो । त्यहाँ पुग्ने यात्रु

भएकोले उनको छेउ पुग्न पङ्क्तिबद्ध हुनु आवश्यक हुन्थ्यो । त्यहाँ पुग्ने यात्रु वा भक्तजनहरू सोचेभन्दा बढी लाभ र पृथक् सन्तोष लिएर फर्कन्थे । मधुपुरा गाउँबाट धूर्जटी बाबाको कुटीमा पुग्ने अतिथिहरूको यो टोली पनि सोचेभन्दा बढी सन्तुष्ट भएर फर्केको थियो ।

यो टोली शहर पुगेपछि चामुण्डा देवी, आशुतोष बाबा र गुरू गोरखनाथको सत्तालाई त्रिशक्तिको स्थितिले हेरियो । फेरि विद्युतीय संचार माध्यम, अन्तर्वार्ता र फेसबुकको श्रृंखलाले चामुण्डा देवीसँगै दैवज्ञको महिमा गायनलाई पनि महिमामण्डित तुल्याएको थियो ।

अब बाबा धूर्जटी र चामुण्डा देवीभन्दा दैवज्ञ केशरीको ख्याति शिखरमा पुग्यो । परिणाम के भयो भने कोशी किनारको शान्त एकान्त तपोवन चर्चित ज्योतिष केन्द्र हुनपुग्यो । फेरि पनि काकलीले सुनिँदै रह्यो, किन्तु भीडले सुन्न सकेन । भीडसँग कोलाहल र स्वार्थ थियो । शान्ति र धैर्यलाई त्यहाँ स्थान मिलेन । दैवज्ञ केशरीको अगाडि मानव पङ्क्ति बथानको भावले अग्रसर हुँदै रह्यो ।

❑❑

२८

'बाबा, आज मैले विचित्र सपना देखें । म हजुरलाई सुनाउन हतारिएकी छु ।' शैलबाला चपल देखिई ।

'त्रिपुरा, तिमी पनि आऊ । कान्छादाइलाई पनि बोलाऊ । शैलु सपना सुनाउँछिन् रे । पहिले सपना सुनौं अनि चमेना गरौंला नि हुन्न ?'

'अस्ति नै म अमेरिकाबाट आउनेबित्तिकै एकजना बाबा आउनुभएको थियो नि ! आमाले भेट्न जा भन्नुभयो । म भेट्न गएकी थिएँ । हजुर संभनु हुन्छ ?' उसले त्रिपुरातिर हेरेर सोधी ।

'म सम्झन्छु । त्यो दोस्रो पटक हो बाबा आएको ।'

'हो, मैले बार्दलीको झ्याल खोलेर हेर्दा त्यसवेला बाबासँग बाघ खेल्दै थिए, छेउमा पुगेपछि त्यहाँ बाघ थिएनन् । बिराला खेल्दै थिए । आज पनि म त्यो दृश्य सम्झन्छु ।'

'होला, सपना खै त ?'

'आज पनि सपनामा मैले त्यसैगरी झ्याल खोलें । अमलाको वेदीमा दुइटा बाघ खेल्दै थिए । मलाई हेरे । बाबाले भने अनुसार नै थियो । यहाँ नर-वानर-कुञ्जर जो आउँछ, जुन सत्व आउँछ त्यसैसँग डोरिएर आउनू भन्नुभएको थियो । त्यो मुहूर्त आयो भन्ने ठानें । बाबाले भनेको वचन गुनें र चौतारीमा पुगें । बाघ अघि लागे, म पछि लागें । मलाई थाहा छैन- म पैदल हिंड्थें, घोडामा थिएँ, मोटरसाइकलमा थिएँ या जीपमा । बस्, म पछिपछि थिएँ । ती मेरा मार्गदर्शक थिए ।'

'अनि ?'

'हिंड्दा-हिंड्दै ती दुवै बाघ बिरालोमा परिवर्तन भए । ती त्यस्तै थिए, जस्तो अमलाको वेदीमा बाबासँग खेल्दै देखेकी थिएँ- पहिलो पटक । केही बेर तिनैलाई पछ्याएँ । फेरि ती पनि अलप भए र दुइटा मयूर देखा परे ।

ती पनि केहीबेर हिंड्थे र थोरै दूरीमा उड्थे । पछ्याउन सजिलै हुन्थ्यो । म डोरिदै गएँ ।

'अलिक बेरपछि दुइटा बाँदर देखा परे । ती खेल्दै, चल्दै, उफ्रँदै हिंड्थे । मयूर कुन वेला अलप भए मैले ख्याल गर्नै सकिनँ ।'

यस पटक प्रश्नभावले सबैले शैलबालातर्फ हेरे ।

शैलबाला सपनाको शेष भाग सुनाउन थाली, 'फेरि सर्प अघि लागे । जब म हिंड्थे ती पनि हिंड्थे । जब म उभिन्थें ती पनि फणा फैलाएर ठडिन्थे । तिनको अनुसरणमा केही बाटो काटें ।'

'फेरि ?' को प्रश्नभावले सबैले उसको अनुहार हेरे ।

उसले निरन्तरता दिंदै भनी, 'बाबाले डर र आशंका यतै छोडेर आउनू भन्नुभएको सम्झें र हिंड्दै गएँ । जंगलको बीचको खुला चौरमा पुगें । सर्पहरू कता लागे थाहै भएन । अलिक पर देवीको प्रतिमा अगाडि उभिएर बाबालाई प्रार्थना गर्दै देखें । ठाउँमा आइपुगें भन्ने लाग्यो ।'

ऊ एक छिन रोकिई र लामो सास छोडेर उसले थपी : 'परेवाले मलाई घेरे । मैले चारो छरिदिएँ । यथार्थमा मैले चारो लगेको थाहा छैन । फेरि साना डुहुरे मुसा मेरो वरपर घुम्न थाले । शेष चारो खान आएका थिए क्यार ! म मौनभावले उभिएकी थिएँ ।

बाबा करबद्ध एकाग्रताले प्रार्थनारत हुनुहुन्थ्यो । एउटा विशालकाय बलिष्ठ सेतो हात्ती नुहाएर पानी चुहाउँदै त्यहाँ आयो र हर्षको ह्वी-ह्वी ध्वनिसँग फूलको डाली (हाँगो) मलाई दियो । मैले ठानें, कोशीमा स्नान गरेर आएको होला । अर्को डाली बाबालाई दियो । बाबाले देवीलाई पुष्प अर्पण गर्नुभयो र प्रार्थना टुँग्याउनुभयो ।

गम्भीर तर मधुर भाव भरेर बाबाले यति मात्र भन्नुभयो, 'आयौ, प्रसन्नता भो । बाटो त हराएन ?'

'बाबा, हजुरको निर्देशन अनुसार नै आएँ । कुनै असजिलो भएन ।'

'देवीको प्रतिमा खुला आकाशमुनि भो, एउटा सानो छाप्रोभित्र राख्ने भनेर सोच्तै छु । देवीका निमित्त त्यो मानार्थ हुनेछ- अरूको दृष्टिमा; यथार्थमा भक्ति नै पर्याप्त हुन्छ देवीका लागि । जो सबै थोक दिन पनि सक्छ लिन पनि सक्छ, उहाँलाई के चाहिन्छ र हाम्रा तर्फबाट ? किन्तु लोकापवाद ! बस् !

'अनि ?'

'कोशीमा भर्खरै नुहाएर पानी चुहाउँदै आएको त्यो सेतो हात्ती प्रसन्नताको हुहुर-हुहुर ध्वनि संचार गरेर त्यहाँबाट हिंड्यो । त्यसपछि फेरि बाघ, बिराला,

मयूर र सर्प देखा परे । मैले सम्झें- यी मलाई फर्कन फेरि सहयोग गर्न तत्पर भएका हुन् । अनि मैले ती सबैलाई एक-एक गरेर हेरें र कृतज्ञताको भावले नमन गरेर तिनका सामु शिर झुकाएँ ।'

'अनि के भो ?'

'जब शिर उठाएर हेरें, त्यहाँ ती कुनै थिएनन् । बाबातिर हेरें । बाबासँग आँखा जुधेपछि म ब्युँझें । लाग्थ्यो, बाबाको दृष्टिले ममा विद्युत् शक्ति संचार गऱ्यो र म झस्केर ब्युँझें ।'

सपना भनिसकेर शैलबालाले लामो खुई लिई र थाकेको अनुभव गरी ।

'ल, अब चमेना गरौं । मलाई तिम्रो सपना शक्तिशाली छ भन्ने विश्वास छ ।' पुरुषोत्तम सिंहले यत्ति भने ।

'यो त शुभ सपना हो बेटा ।' त्रिपुराले थपिन् ।

चमेना टेबिलमा तयार गर्दै शर्वदेवले भन्यो, 'मैले सपनाको सार निकालें । बाटो नबिर्सेको भए रघुबाबुलाई भनेर दुई ट्र्याक्टर, दुई ट्रक र एक जीप भरिभरि कामदार लिएर तुरून्तै जानुपर्ला भन्ने मेरो प्रस्ताव छ । सन्त ज्ञानीहरू यस्तै-यस्तै ढंगले उपस्थित हुने संकेत गर्दछन् । अब विलम्ब नगरौं मैयाँ ।'

'कान्छा दाइ ठीक भन्छन् । विलम्ब नगरौं ।' त्रिपुराले थपिन् ।

'हो शैलु, अब चाँडो गर ।' पुरुषोत्तमले सहमति जनाए ।

शैलबालाले स्वप्न-मार्गको यात्रा गर्ने निश्चय गरी ।

तर बाबा धूर्जटीका कुटीमा उसले जुन सांगीतिक धुन सुनी त्यो आफूले कहिलेकाहीं सुन्दै गरेको आभास भो उसलाई । यद्यपि उसवेला त्यो सपना भित्रकै काकली थियो । तर अहिले आएर त्यसले बढी छुन र हल्लाउन थालेको थियो उसलाई । जब ऊ त्यो धुनमाथि केन्द्रित हुन्थी, त्यसले आफूलाई भन्नै विक्षिप्त-विचलित बनाएको अनुभव गर्थी । सपनाका काकलीहरू विपनामा पनि स्पर्शशील हुन्छन् भन्ने सत्याभास सबैलाई एकनासले हुनसक्तैन कि ? उसले यस्तै गुनी ।

❑❑

२९

फुसको छानाभित्र चामुण्डादेवीको प्रतिमा राख्ने ठाउँको निर्माण कार्य सम्पन्न भयो । शैलबालाको सक्रियतामा यो कार्य पूरा भएकाले योगी धूर्जटी उनीप्रति प्रसन्न देखिए । त्यसैले होला उनले शैलबालालाई यति मात्र भने, 'म तिम्रो मनोभाव बुझ्दै छु । उचित छ । समय आयो । तिमी तत्पर होऊ । राष्ट्रको हितमा यो बाटो सत्य सार्थक सिद्ध हुनेछ । रूग्ण समाजको उपचार वा शल्यक्रियाको नरम पद्धति यही नै हो ।'

योगी जान्दथे, शैलबालाभित्र चामुण्डादेवीको अंश छ । उनले देखिसकेका थिए । त्यसैले शैलबालामा रहेको त्यो ज्योतिर्मय शक्ति ब्युँझिएर सक्रिय हुनु आवश्यक थियो । समाजको कल्याणका लागि नरपशु जस्ता हिरण्याक्ष-हिरण्यकशिपु चण्ड-मुण्ड, शण्ड-मुशण्ड, खर-दूषण शंख-लिखित, रंगा-बिल्ला र शुम्भ-निशुम्भलाई टुंगो लगाउनु थियो । राज्यलाई विलीन हुनबाट जोगाउनु थियो । शैलबाला ब्युँझेपछि यो सुकर्म सहजै पूरा हुन्छ भन्ने सोच राखेर योगी धूर्जटी अन्तर्मुखी भए ।

निकैबेर चिन्तन गरेर उसले भनी, 'बाबा म तयार छु । शैतानको उत्पीडनबाट मानवजातिले मुक्ति पाउनुपर्छ ।'

'प्रसन्नता भो । बस्, तिमी मानसिक रूपले सक्रिय रहू । त्यति भए पुग्छ । निमन्त्रणा पठाऊ । शिवरात्रिका दिन यहाँ नवकुम्भ हुन्छ । माता चामुण्डादेवीको प्रतिमाको अनावरण हुन्छ । भगवान् आशुतोषको पूजा हुन्छ । आमन्त्रित अतिथि हेलिकोप्टरमा नआऊन्, वन्यजन्तु डराउँछन् । अरू के-के व्यवस्था गर्नुपर्छ माता त्रिपुरासँग अवश्य परामर्श गर्नू ।'

काकली मुखर भएर आयो ।

पुत्र योगेश्वर सिंहको क्रियाकर्म सकेर चोखिएपछि त्रिपुरालाई एकदिन बाबाले सपनामा आएर भने, 'माई, यो चरालाई मुक्त गरिदिनुहोस्, यसैमा कल्याण छ । पीडा विरेचन हुनेछ ।'

सूर्यको पहिलो किरणसँगै त्रिपुरा सधैंजस्तै सुगाको छेउमा पुगिन् र भनिन्, 'आज म तिमीलाई मुक्त गरिदिन्छु । तिम्री आमा अब यहाँ छैनन्, कतै भए आफैं खोज र सन्देश लिएर आऊ, अहिले जाऊ । म पर्खदै रहन्छु ।' आँखाभरि आँसु भरेर उनले सुगालाई पिंजराबाट मुक्त गरिदिइन् र भनिन्, 'योगीजी महाराज, मैले तपाईंको आज्ञा पालन गरें ।'

सुगा उडेर अलप भयो । कैयौं समय बित्यो ।

जब श्रमिकजन लिएर शैलबाला बाबाको कुटीतर्फ जान तयार भई त्यही सुगा आएर उसको कुममा बस्यो । अनि भन्यो, 'शैलु म तिमीलाई बाबाको कुटी जाने बाटो देखाउँछु ।'

सुगाको आगमन र मार्ग दर्शन गर्ने कुराले त्रिपुरा र पुरुषोत्तम सिंह आश्चर्यमा परे । रघुवर रमायो । कान्छा दाइले कल्याण मार्गको सुखद यात्रा ठान्यो किन्तु शैलबालाले असंगत स्थितिमा संगति र जीवनमा पूर्णता र शान्ति आउनसक्ने सम्भावना देखी ।'

सुगाको निर्देशनमा शैलबाला श्रमिकजन लिएर बाबाको कुटीमा पुगी ।

यही सुगा बाबाको कुटीको छेउमा बसेर कसैलाई काकलीमा मधुराष्टक सुनाउने गर्थ्यो । त्यो सुनेपछि रूखका पात र पतिंगरले ढाकिएको एउटा अर्द्धमृत शरीर किंचित् चल्मलाउँथ्यो, प्राणवान् लाग्दथ्यो । नर थियो या नारी, या बाबा जान्दथे या हात्ती । शायद सुगा पनि जान्दथ्यो, त्यसैले उसमा शान्ति भरिदिने चेष्टा गर्थ्यो मधुराष्टक गाएर ।

पूर्व प्रसंग यति मात्र थियो :

छोरीलाई विदा गरेर जब योगेश्वर सिंह र अपर्णा घर फर्के- बाटैमा आततायीले आक्रमण गरे । कार लुटे, मारेर योगेश्वर सिंहको शरीर सडकको किनारमा फ्याँके र अपर्णालाई बेपत्ता पारे ।

आततायीहरूको गढमा पुऱ्याए । गाउन लगाए; उसले गोपी गीत गाई । खूब थकाए; अनि बलात्कार गर्ने चेष्टा गरे । यत्न गरे । उसले प्रतिरोध गरी । आततायीले पराजयबोध गरे अनि क्रुद्ध भएर तेजाब खन्याए । रूखमा बाँधेर तेजाब खन्याएर शरीरको आधा भाग बायाँतर्फ कपालदेखि खुट्टाको नङसम्म सचेततापूर्वक जलाए, विद्रूप पारे । अनि जंगलमा छोडिदिए । शायद अपर्णाको सौन्दर्य नै यस्तो स्थितिको हेतु थियो, किन्तु तथ्य कोही जान्दैन । मात्र अनुमान गर्न सकिन्थ्यो ।

दैवसंयोग, हात्तीले टिपेर बाबाको कुटीमा पुऱ्यायो । यो पनि अद्भुत घटना थियो । किन्तु अपर्णाको शरीर हेरिसक्नु, चिनिसक्नु थिएन । किनभने छेउमा पुगिसक्नु थिएन- थियो मात्र भयावह, विद्रूप र दुर्गन्धपूर्ण ।

बाबाले वनौषधिको उपयोग गरे- उपचार चल्यो । घाउ शमन हुँदै आयो । हावा हम्कने र झिंगा उडाउने मात्र होइन कोशीमा पखालेर ल्याउने र सुरक्षित राख्ने काममा हात्तीले कतै विलम्ब गरेन ।

पछि सुगा आएर चिन्ने चेष्टा गऱ्यो । नडढेको भागको अनुहार हेरेर चिन्न चाहन्थ्यो । एकदिन हात्तीले कोशीतर्फ लाँदा र ल्याउँदा सुगाले पत्ता लगायो, चिन्यो- ऊ अपर्णा थिई । अनि उसले यति मात्रै भन्यो, 'आमा म, मलाई संझनुहोस्, अब म शैलु दिदीलाई र रघुलाई बोलाएर ल्याउँछु, भेट्टाउँछु । हजुरआमालाई पनि ल्याउँछु ।'

फेरि मधुराष्टकको मधुर ध्वनि संचारित भयो । त्यसले अपर्णाको शरीरमा शक्ति भरिएको हो कि भन्ने भान हुन्थ्यो । ऊ चलायमान भएको थाहा हुन्थ्यो ।

❑ ❑

३०

आज शिवरात्रिको दिन ।

योगी धूर्जटीको पर्णकुटी । वर्तुलाकार ठूलो आँगन । एकातिर अनावरणका लागि तयार पारिएको पूर्ण शरीरको प्रतिमा- चामुण्डादेवीको । अर्कातिर भगवान् आशुतोषको मनोहर प्रतिमा, जसमा दर्शक या भक्त आफ्नो मनोदशा र चरित्र अनुसार त्यसै प्रतिमामा शिव, रौद्र, विकटाक्ष-भीष्म महाङ्काल-कपालीको छवि साकार भएको पाउँथ्यो । किन्तु जनसाधारणलाई यिनको स्वरूप र शक्तिबारे न बोध थियो न रूचि । त्यसैले सामान्य औपचारिकता पूरा गरेर भक्तजन अनावरणको कार्यक्रमको पर्खाइमा बसे ।

प्राङ्गणको एक छेउमा गुरू गोरखनाथको सुस्मित प्रतिमा योगीभावले आसनबद्ध देखिन्थ्यो भने अर्को छेउमा दैवज्ञ केशरी आसन जमाएर बसेका थिए । देशका सर्वश्रेष्ठ शक्तिशाली र स्वानमधन्य राजनेताका धर्मपत्नीहरू जन्मकुण्डली देखाउन एकाग्र थिए ।

दैवज्ञ केशरीले चिन्हा खोल्नासाथ फलादेश गर्दै भने, 'यसमा सर्पदंश योग छ, सावधान हुनुहोला ।' दैवज्ञले चिन्हा झटपट बेरेर पन्साए ।

'यसमा कालसर्प योग छ' भनेर हतारिदै अर्को चिन्हा बेरे । भद्र महिला भयभीत हुँदै चिन्हा च्यापेर उठिन् ।

'यसमा शार्दूल दोष छ, बाघले आक्रमण गर्नसक्छ । शिकार नखेल्नुहोला । यो कसको हो ?' उनले चिन्हा बेरे ।

अर्को चिन्हा खोल्नासाथ दैवज्ञले फलादेश गरे, 'यसमा वक्रदन्ती योग छ, हात्तीबाट भय छ । जोगिएर हिंड्नु होला ।'

'यो चिन्हामा रक्षाभंग दोष छ । सुरक्षा बिग्रन सक्छ ।'

दैवज्ञ एउटा चिन्हामा एउटा मात्र फलादेश गर्थे । एउटै वाक्यमा आफ्नो भनाइलाई पूर्णता दिन्थे । त्यसैले अर्को प्रश्न गर्ने मौका पाइन्नथ्यो । उनी त्यो

क्षणमा जुन कुरा मुख्य देख्थे त्यही कुरा फलादेश गर्थे । त्यसैले विवाद र पुनः प्रश्नको लागि समय नै रहँदैनथ्यो ।

दैवज्ञले अर्को पत्रिका खोलेर भने, 'राज्यविप्लव दोष छ । यो चिन्हा कसको हो म जान्दिनँ । तर यो व्यक्तिले राज्यमा उथलपुथल ल्याउन सक्छ । विदेशी सेना बोलाउन सक्छ ।'

फेरि अर्को चिन्हा हेरेर फलादेश गरे, 'पताका दोष छ । अर्थात् देशले राष्ट्रध्वज फेर्ने या सरकारको झण्डा फेरिने सम्भावना छ ।'

सुरक्षा गार्डका साथ नायकहरू कुटीको प्रांगणमा प्रवेश गर्दै गए । तिनका श्रीमतीहरू दैवज्ञ केशरीको कक्षबाट चिन्हा च्यापेर फलादेश गुन्दै, निस्कंदै गए । केही भयभीत थिए, केही सशंकित ! तिनको छवि धूमिल देखिन्थ्यो ।

जंगलको कार्यक्रम मंगलमय थियो । सर्र पर्दा सारेर भक्तजनलाई देखाउनु थियो र अनावरण गर्नेले पनि पर्दा भित्रका कुरा हेर्नु थियो ।

मुहूर्त आयो । इन्द्रकमल, चन्द्रकमल, रक्तकमल, जलकमल, स्थलकमल र नीलकमलले सामूहिक रूपमा एकैचोटि दरोसँग डोरी तानेर ठूलो पर्दा सारे । अनावरणको कृत्य सम्पन्न भयो । ताली बजे । फूलमाला अर्पण गर्ने हतारले सबैलाई छोयो ।

चामुण्डादेवीको एकातिर भयावह प्रतिमा साकार भो ।

अर्कातिर टाउको काटेका मान्छेको खप्परको पहाड र तिनको नामावली स्पष्ट देखियो ।

अब सबैको उत्साह रोकियो । ठेस लाग्यो । त्यो भयानक दृश्य देखेर सबैले अचम्म माने ।

मुण्डमालाधारी चामुण्डादेवीको प्रतिमा आफैंमा निकै त्रासद थियो । त्यस्तो भयावह प्रतिमा देखेपछि मुटु नै चिसो हुन्थ्यो । पर्दामुक्त गरेपछि फेरि पर्दा गरिहाल्न मिल्दैन कि ! दर्शकहरू सहसा यस्तो प्रश्न गर्थे मनमा, किनभने त्यो प्रतिमा हेरिरहन सकिने मुद्रा र श्रृंगारमा थिएन । मन त्यसै आकुल हुन्थ्यो । भयलाई पनि भय दिने थियो- चामुण्डादेवीको त्यो स्वरूप ।

कतिले ठाने : कैयौं राजनयिक यस्तै मानवमुण्डसँग खेलेर रमाएका होलान् र तिनकै प्रसन्नताका लागि मुण्डमालाधारी देवीको स्वरूप यहाँ स्थापित गरिएको होला । धरतीमा यति धेरै राजनयिक छन् जो मान्छेको टाउको काटेर रमाउँछन् । त्यस्ता दानव सदस्य यस माटोमा पनि देखे होला यी बाबाले । त्यसैले तिनको रौद्र प्रतिरूप यहाँ देखाइएको हो कि ! योगीको लीला को बुझ्न सक्छ !

अर्को दृश्य पनि गोचर भयो- मुण्ड शिखरको । अर्थात् मान्छेको टाउको जम्मा गरेर बनाएका पर्वत । खप्परका थुप्रा थिए । प्रत्येक खप्परमा संख्या अंकित थियो र सोहीअनुसार छेउमा मृतकको नामावली टाँगिएको थियो । अनुमान मात्र गर्न सकिन्थ्यो हिमाल, पहाड, तराई र उपत्यका-अधित्यकालाई प्रतिनिधित्व गर्ने यी चार मुण्ड शिखर हुन् अर्थात् खप्परका पहाडहरू । यो दृश्य हेरेर अनुमानसम्म गर्न सकिन्थ्यो- प्रयोगशालामा परीक्षणका लागि पनि एकत्रित गरिएको होस् वा अतिरिक्त शक्ति वा ज्ञान मार्फत यी मानवको हत्या कुन विधिले गरिएको थियो भन्ने रहस्य पत्ता लाग्न सक्छ भन्ने सोच राखिएको होस् । गणित जसरी पनि लगाउन सकिन्छ । किन्तु अनावरण गरेपछिको यो दृश्य अत्यन्त विकट र कहालीलाग्दो भएकोले कमजोर मुटु हुनेलाई थामिन कठिन पर्दै गयो । केटाकेटी कोकोहोलो मचाएर रून थाले ।

शिवरात्रिको महान पर्वको वेला पवित्र-शिवबुटीको सर्बत र लड्डुको प्रसाद ग्रहणसँगै आरती सम्पन्न हुँदै थियो । तत्काल हात्तीले आर्तनाद फैलायो । सुगा अताल्लिएर करायो । मान्छेको ध्यान कोशी किनारतर्फ गयो जहाँ हात्ती आकुल देखिन्थ्यो, रोदन गर्थ्यो ।

कार्यक्रम स्थलबाट श्रद्धालु र पाहुना, हुत्तिंदै कोशीको किनारमा पुगे । सुगाले त्रिपुरा, शैलबाला र रघुवरलाई डोऱ्याएर त्यतै पुऱ्यायो ।

शैलबालाको कुममा बसेर सुगाले भन्यो, 'शै दिदी, उहाँ आमा हुनुहुन्छ- अपर्णा आमा ।' फेरि त्रिपुराका कुममा बसेर भन्यो, 'हजुरआमा, आमा त्यो अवस्थामा हुनुहुन्छ ।' रघुवीरका काँधमा पुगेर भन्यो, 'आमाको आशीर्वाद मागिहाल ।' फेरि शैलबालाको काँधमा पुगेर भन्यो, 'आमाको शरीरको नडढेपट्टिको भाग हेरौं- हजुरआमाले पनि चिन्नुहोला, तपाईं पनि चिन्नुहुन्छ दिदी ! एकपटक प्रयास त गर्नुहोस् ।'

अपर्णाको शरीरको जलेको भाग विद्रूप थियो । नडढेको भागले भूमि टेकेको थियो । त्यसैले नबिग्रेको भाग हेर्न शरीर अर्कोतिर पल्टाउनु पर्ने हुन्थ्यो, अनि चिन्न सकिन्थ्यो कि !

आसन्नमृत्यु देखेर होला, सुगाले हात्तीलाई अनुरोध गरेपछि हात्तीले अपर्णाको शरीरलाई पल्टाएर नजलेको भागतर्फ देखाइ दियो । आधा जोगिएको अनुहार हेरेर त्रिपुराले चिनिन्- ऊ अपर्णा थिई । शैलबालाले आमा भेटी । रघुवरले चिनेको अभिनय गऱ्यो ।

सुगाले भन्यो, 'आमासँग आशीर्वाद मागिहाल्नु है दिदी फेरि... ।'

एउटा आँखा सग्लो थियो । यद्यपि आँसु रित्तिसकेका थिए । तैपनि आँसु रसाएर आएजस्तो लाथ्यो । अपर्णाले करूणा संचार गरी र प्राण छोडी ।

हात्तीले फेरि अर्को पटक पीडा र अमंगल सूचक चीत्कार ध्वनित गऱ्यो । अरू तीनवटा हात्ती त्यहाँ थपिए ।

सुगाले आमा दिवंगत हुनुभो भनेर घोषणा गऱ्यो । तत्काल हात्तीले एकपटक स्पर्श गरेर निष्प्राण भएको निश्चय गऱ्यो अनि लम्केर- इन्द्रकमल, चन्द्रकमल, रक्तकमल, जलकमल, स्थलकमल र नीलकमल भएको ठाउँमा पुग्यो र एउटालाई सूँडले बेरेर कोशीको प्रवाहमा फ्याँकिदियो । उसका अंगरक्षकहरू बचाउन कोशीमा पसे । किन्तु हिमनदीको चिसोमा पौडन कठिन पर्दै थियो । दर्शकको चिन्तन डराउँदै गयो ।

त्यो दृश्य हेरेर धेरैले अर्थ खोजे- त्यो नारीलाई यो अवस्थामा पुऱ्याएर मार्ने व्यक्ति शायद उही थियो । त्यसैले हात्तीले उसलाई कोशीमा फ्याँकेको होला !

केही समयअघि मात्र दैवज्ञ केशरीले फलादेश गरेको चिन्हा उसैको थियो । उसकी अर्धाङ्गिनी त्यही चिन्हा च्यापेर रूँदै थिई । उसलाई सान्त्वना दिनेहरूको घेरा थपिदै गयो ।

हात्तीले कोशीको पानी सूँडमा भरेर ल्यायो र त्रिपुरालाई सिञ्चन गऱ्यो । अनि उनको प्रदक्षिणा गऱ्यो । प्रसन्नता व्यक्त गरेर सम्मान-सूचक अभिनय गऱ्यो । त्रिपुराले झट्ट भनिन्, 'द्वैमातुर ?' हात्तीले सकारात्मक भावमा शिर हल्लायो । फेरि शैलवालालाई जलधारा दिएर परिक्रमा गऱ्यो, फूल अर्पण गऱ्यो । रघुवरलाई सूँडले च्यापेर एक पटक उठायो । फेरि हात सुम्सुम्यायो र सूँड उठाएर बाटो लाग्यो ।

त्रिपुराले नातिनातिनालाई अँगालिन् । अब पीडा र अशान्ति, आशा र द्विविधाको पर्दा सधैंका लागि हटेको थियो । एक किसिमले सीमा समाप्त भएको थियो ।

यता अपर्णाको अग्नि समाधिको विधि चल्दै थियो । उता पाँच कमलहरू राजधानी फर्कने मनस्थितिमा थिए । चिन्हा देखाउने तिनका धर्मपत्नीहरू फलादेश सुनेर नै कहालिंदै थिए, झन् वक्रदन्ती योग घटित भइसकेपछि बाँकी फलादेश घटित हुनसक्ने आशंकाले विघ्न भयभीत थिए । माननीय, सम्माननीय, अति सम्माननीय, पूर्णसम्माननीय र परमसम्मानीयहरूका अंगरक्षकहरू प्रभुहरूको सुरक्षा गर्न सकिंदैन कि भन्ने भावले भित्रभित्रै गलिसकेका थिए । 'यहाँ क्यै होला

कि ! यहाँबाट निस्किहाल्नुपर्छ' भनेर श्रेष्ठपुरुषका धर्मपत्नीहरू बारम्बार चालक र अंगरक्षकलाई हतार लगाउँथे । फेरि पनि तैं चूप मै चूप भएर उनीहरू समय बिताउन बाध्य थिए ।

सत्य यही थियो- समय राजनीतिक दुष्कर्मीका पछि दगुर्थ्यो । तत्क्षण समय बन्दी थियो ।

आमन्त्रित अतिथिहरूलाई रात्रिवास यहीं बस्न अनुरोध गरियो । किन्तु आयोजक र बाबा धूर्जटीको कुटीकातर्फबाट गरिएको अनुरोधले अतिथिहरूलाई रोक्न सकेन । अतिथिहरू आफ्नो लक्ष्यप्रति दृढ थिए । उनीहरू कुटीको परिसरमा रात बिताउने सोचमा किमार्थ थिएनन् । अंगरक्षक र चालकहरू समय र परिस्थिति बुझ्दै थिए । राज्यले संचार सम्बन्धी नयाँ कानून ल्याएर त्रिगुणी शक्तिको हठ देखायो र मिडियामा नियन्त्रण लगायो भन्ने बुझेर त्यसको विरोधमा 'मिडिया बन्द सप्ताह' चल्दै थियो । समाचार संघको यो नीति कार्यक्रम निकै पाइन्दार र प्रभावशाली ढंगले संचारित थियो । त्यसैले कुटीको आयोजनामा भएको अनावरण कार्यक्रममा महान् हस्तीहरूको उपस्थितिको चर्चासम्म भएन, न वक्रदन्तीको गतिविधिको ।

राज्यशक्ति तथा दल, गुट र व्यक्तिसँग आवद्ध संचार माध्यम र विदेशी मिडियाले भने यहाँ भएका दृश्य र घटनालाई महत्वसाथ ग्रहण गरे । किन्तु असन्तुष्ट समूहका संचार माध्यमको विरोध सप्ताह चलिरहेको हुनाले यावत् कुरा थाती रहे ।

जाडो बढेर आयो । चालकले माइक्रोबस स्टार्ट गरिदियो । पुरुष तत्व अर्थात् शेष भीआईपी पाँचकमलहरू गाडीमा पसे । उनीहरूबीच अब एकान्त संवाद चल्यो, 'अलिक पर जनजातिको बस्ती छ । बरू त्यहीं पुगेर बसौंला । यहाँबाट निस्किहाल्नुपर्छ ।'

'ठीक भन्नुभो, जनजातिको गाउँबस्ती त हाम्रै चरन क्षेत्र हो नि ! क्या आनन्द मिल्छ उनीहरूका साथमा । जसरी भए पनि त्यहाँ त पुग्नै पर्छ । को बस्छ यहाँ जंगलको कुटीमा ? बरू बसौंला नि उतै सफा चर्चमा !'

'हो नि, जनजातिको निर्माण गरेकै हाम्रो सुख र रक्षाका लागि हो । ब्रिटिशले र इन्डियाले गोर्खा भनेर यिनको उपयोग गरे, हामीले जनजाति बनाएर यिनको उपयोग गऱ्यौं । जनजाति भनिदिएकोमा उनीहरू पनि दंग छन्, जनजाति बनाउन सकेकोमा हामी पनि आफूलाई सफल ठान्छौं । राजनीति भनेको यो पो हो त ।'

'मेरो विचारमा त यस्तो लाग्छ, सारै झार्‍यौं, त्यति तल झार्नुहुने थिएन कि ! कसो ? राजवंशका सदस्यहरू पनि जनजाति हुन्छन् र ? कसरी जनजातिको कित्तामा बस्न माने ?'

'जो राजनीतिक रंगले रंगिएका छन् ती जनजाति भएर भत्ता, कोटा पाएकोमा दंग पनि छन् । साँच्चिकै बुद्धिमान् त आफूलाई होच्याएकै ठान्छन् नि !'

'जे भए पनि जनजातिको जगमा हामी छौं । उनीहरू जग नै भइरहून्, कुम्भकर्णको निद्रामा परिरहून् ।'

'तर अहिलेको पठित, सुशिक्षित वर्ग आफूलाई जनजाति भनेको मनपराउँदैन । के यो वर्ग यो देशको अब्बल दर्जाको जनशक्ति वा नायक हुने अधिकार छोडेर जनजाति नै भएर बस्छ त, पछौटे जस्तो भएर ?'

'मित्र, यो जातिले सत्ता लियो भने ब्राह्मणले त कोनि है, बाहुनले चाहि वास पाउने देख्तिनँ । साँच्चै अनुशासित समाज निर्माण गर्ने र देशलाई उठाउने हो भने राई, लिम्बू, गुरूङ, मगर, शेर्पा र तामाङलाई सत्ता चलाउन दिनैपर्छ या थारू या राजपूतलाई । राजपूतले सुशासन चलाउँछन्, तिनको पनि रगतमा संस्कार छ ।'

'हो, हामीले कमाउनु कमायौं । बेलैमा पन्सिनुपर्छ नत्र गिडिन्छौं । जसरी हामीले जनयुद्धका नाममा निमुखा नागरिक मार्‍यौं र विदेशबाट कैयौं गुना बढी जनसंख्या भित्र्यायौं के त्यो खेल मैदानी भागका जनताले बुझेका छैनन् र ? त्यहाँ हामीले त्यसरी भीड भर्नु हुने थिएन कि ? त्यसतर्फ सोच्यौं त ?'

'मलाई पनि लाग्दैछ, अब हाम्रो भोग सकिंदै छ ।'

'हो, अघि भर्खर हात्तीले मित्र रक्तकमललाई कोशीमा फ्याँकेको देखेपछि मेरो धनुषले काम गर्न छोडेको छ ।'

'धन्न मिडियाले विरोध सप्ताह चलाएकोले जोगियौं ।'

'के जोगियौं भन्नु ? खुलेपछि आगो लाउने छन्, आगो !'

'हो, यसरी पछि पर्ने छन् कि हामीले आत्महत्या गर्ने स्थिति पनि आउन सक्छ ।'

❑❑

३१

डुक्राँऽऽ, फूँऽ फूँऽऽ डुक्राँऽऽ !... गोपति नन्दीले प्रांगणमा आफ्नो उपस्थिति जनायो । मयूर बोल्यो र नाच्यो । सर्पले फणा फैलायो । मूसाले कुटीतर्फ दौड मार्‍यो ।

योगी धूर्जटी प्रांगणमा उपस्थित भए । एकातिरबाट बाघ र अर्कापट्टिबाट दन्ती एकैपटक देखा परे । योगीले सबैतिर दृष्टि घुमाए । दृश्य यस्तो लाग्थ्यो, मानों प्रार्थना समयमा गुरूका अगाडि विद्यार्थीहरू एकैपटक उपस्थित भएका हुन् ।

शैलबाला देवीको प्रतिमा अगाडि हात जोडेर उभिएकी थिई । सबै कुरा तालिकाबद्ध नै हो कि भन्ने लाग्दथ्यो । ऊ प्रार्थना सकेर प्रांगणतर्फ आई । उसको लामो छाया योगीको चरण निकट पुगेर अडियो । ऊ करबद्ध नै थिई ।

'देवीले तिम्रा मनोभाव बुझेर पूर्णता दिऊन् । म पनि यही कामना गर्दछु ।' योगीले इच्छा प्रकट गरे ।

शैलबालाले आँगनमा वन्यजन्तुलाई देखेर गुनी, 'यी सबै बाबाका परिवार भएछन् । शायद मलाई घरसम्म पुर्‍याउन तत्पर भएका होलान् ।'

बाघतर्फ लक्ष्य गरेर योगीले भने, 'कुम्भोदर, निकुम्भ ! तिमीहरू पनि बाटो लाग ।' प्रेम र सद्भाव राखेर आज्ञार्थक शैलीमा उनी व्यक्त भए ।

कुण्डली मारेर सर्प ठडियो र फणा फैलायो । त्यो देखेर मयूर नृत्यका लागि तयार देखियो । योगीले दुवैलाई एउटै कुरा भने, 'तिमीहरू पनि आफ्नो काम गर । सूर्यास्तको वेला हुँदै छ ।'

सुगा आएर हात्तीको शिरमा बस्यो र उसले यति मात्रै भन्यो, 'शैलु दिदीलाई म बाटो देखाउँछु बाबा ।' फेरि शैलबालाका पाखुरामा आएर बस्यो ।

प्रचुर ऊर्जा र दुर्निवार कम्पनका साथ शैलबालाले फेरि देवीको प्रतिमालाई हेरी । आँगनको एक छेउमा हात्ती, बाघ, सर्प र मयूर पर्खंदै थिए । चारै

प्राणीलाई उसले राता-क्रूद्ध, अश्रुपूर्ण र त्राटक हेराइले हेरी र कुनै भाव सम्प्रेषित गरी । आज्ञाकारी सन्तानको भावले ती त्यहाँबाट हिंड्न तत्पर भए, हो न हो कुनै काम फत्ते गरिहाल्नु छ ।

बाबा मुस्कुराए । हात्तीले सूँड उठाएर जय जनायो । सर्प टिपेर मयूर उड्यो । कुम्भोदर र निकुम्भ दुवै बाघ हिंडे । नन्दीले प्रसन्नता देखायो- शिर हल्लायो ।

योगी वराहक्षेत्रतर्फ लागे । हात्ती उनका पछि लाग्यो । जंगली हात्तीले योगीलाई सप्तकोशी तार्ने गर्छ भन्ने जनउक्ति पनि थियो । बाँसको भाटो टेकेर पनि उनी सजिलै कोशी पार गर्छन् रे । कम्मरसम्म पानीमा डुबेर पनि त्यत्रो कोशी तर्छन् भन्छन् । पानीमाथि पैदल हिंडेर कोशी तरेको देख्ने पनि छन् रे । भन्छन्- बाबालाई कसैले बुझ्न सकेन ।

आधुनिक विचार राख्ने र भौतिकवादीहरू यस्तो कुरामा विश्वास गर्दैनथे । किन्तु सरल ग्रामीणजन यस्ता कुरामा विश्वास गर्दथे र विश्वासका लागि आ-आफ्नै ढंगले आधार अग्रसर गर्थे ।

शैलबाला फेरि चामुण्डादेवी समक्ष प्रस्तुत भई । ऊ कुन-कुन कारणले विह्वल थिई र उसको मनोदशा कस्तो होला भन्ने जिज्ञासालाई अनेक उत्तरले सम्झाउन सकिएला किन्तु सहसा उसको मानसिक उद्वेलन शान्त होला भनेर अनुमान गर्न सक्ने स्थिति थिएन । सचेत नागरिक भएको हैसियतले देशको वर्तमान दुरवस्था र अनाथ हुनपुगेका नागरिकको जीवन विकल देखेर रमाउने राजनयिक तत्वको रावण-अट्टहास कति शोभनीय मान्न सकिन्थ्यो अनि कति परसम्म सुरक्षित रहन सक्छ, को भन्न सक्थ्यो र !

❑❑

३२

आततायीहरूको आक्रमणबाट प्रभावित जीवन वा गाउँ-बस्तीमा क्यामेरा घुमाइसकेर स्वतन्त्र पत्रकार गाउँको पक्की सडकको एउटा चिया पसलमा पुग्यो । थाकेको र हैरानी खाएको मुद्रामा आगन्तुकलाई देखेर पसले वृद्धाले सोधिन्, 'टाढाबाट आउनुभए जस्तो छ, कि पल्लो गाउँमा पुगेर आउनुभएको हो ? सर यतातिरको त लाग्नुहुन्न !'

'हो, अन्तैबाट आएको हुँ । पल्लो गाउँमा पुगेर फर्केको हुँ । अस्ति बाघले मान्छे झम्टेछ नि ! त्यही बुझ्न आएको थिएँ ।'

'सर, त्यो त्यति ठूलो कुरा होइन । त्यो त चारखुट्टे बाघको आक्रमण हो, गाउँलेलाई क्यै गरेन छ । बटुवालाई पो फ्याँकेछ । तर्सायो भन्नुपऱ्यो । साँच्चै मार्ने खोजेको भए किन बाँच्ता हुन् ?'

'खाना-नास्ता केही त चाहिन्छ हामीलाई, यही खाएर निस्कनु पर्ला नि ! के गरौं ?'

'भैहाल्छ नि ! त्यहाँ कल छ । हातमुख धोई-पखाली गर्नुहोस् । म खानेकुरा तयार पारिहाल्छु ।'

खाना थप्दै पसलकी बूढीले भनिन्, 'यहाँ त दुईखुट्टे बाघले दुःख दिन्छन् । त्यसैले हैरानी छ । थर्काउँछन्, धम्क्याउँछन्, लुट्छन् पनि, जबर्जस्ती पनि गर्छन् । त्यसै खुम्चेर बस्नु परेको छ । फेरि कहिलेकाही त हतियार देखाएर उस्तै पऱ्यो भने शिकार गर्नुपर्छ भन्छन् । दोधारे कुरा बोल्छन् । बसिसक्नु छैन । खै, यो गाउँको कुरा...' बूढी बोल्दा-बोल्दै रोकिइन् । उनका आँखा कुनै आगन्तुकमाथि अडिए ।

पत्रकार कलमा पुगेर चुट्न थाल्यो । फर्केर आउँदा-आउँदै उसले सुन्यो, 'म त्यो खोंगीको एउटा कुखुरा र यति चिउरा लिएर जान्छु, पछि हिसाब मिलाउँदै गरौंला है बज्यै !' उसले एउटा तरूणी शरीर कुखुराको भाले र चिउराको डालो च्यापेर पसलबाट निस्कँदै गरेको देख्यो ।

पसलकी आमाको मुखको कान्ति तुरून्तै मलिन भयो । त्यसैले प्रश्नभावले उसले हेऱ्यो मात्र । उनले सन्दर्भ गाँसेर भनिन्, 'भन्दै थिएँ नि, यिनै हुन् दुईखुट्टे बाघ जो बारम्बार झम्टने र थर्काउने गर्छन् ।'

'को हुन् यी युवती ?'

'आततायीहरूकै एक जना हो । हामी रोक्न पनि सक्तैनौं, विरोध गर्न पनि सक्तैनौं । कैयौं मान्छेका घर-जग्गा हडपेर बसेका छन् । लुटेरै बाँचेका छन् । बडो सास्ती छ अचेल यो ठाउँमा । देशभरि मान्छे मार्दै हिँड्ने यिनै त हुन् नि ! न पुलिस आउँछ न न्याय मिल्छ । बाघले यस्तालाई चाहिं केही गर्दैनरहेछ कि ! न हात्तीले फेला पार्दोरहेछ ।'

'हात्ती पनि लाग्छ र आमा ?'

'कहिलेकाहीं त लाग्छ, खराब मान्छेलाई नै समाएर च्यातिदिन्छ । रूखमा ठोकेर पनि मार्छ । तर नपापीलाई मार्दैन है नानी सर । खै, बम हान्ने, धराप थाप्ने, गोली हान्ने, गिंडेर मार्ने, तारो हान्ने, घरमा आगो लगाएर मजा लिने, केटाकेटीलाई बाटबाटै टिपेर हिँड्ने कि हरण गर्नेहरू योहरू त हो नि सर । तरूणी टिपेर बेपत्ता पार्ने पनि योहरू नै त हो नि ! कतिलाई त लगेर बेच्यो पनि भन्छ । यस्तै-यस्तै के-केहरू सुन्दैछौं है सर । खै कस्तो वेला आयो । अर्काको घोडा भएर आफ्नै कोठेबारी मास्छ भन्छ । खै के भा'को भन्नु ?'

एउटा ग्राहक पसलमा पस्यो । टोपी झिकेर अनुहारमा हम्कँदै भन्यो, 'छेमा, सेवारो ! सेवारो !

'सेवारो नानी ! बस्नुहोस् । के बनाऊँ ?'

'जाँड कत्तिको छिप्पिएको होला ?'

'ठिक ठिकै छ ।'

'दुई सेर जति तयार पारिदिनुहोस् न ।' अनि पत्रकारहरूतर्फ हेरेर भन्यो, 'सरहरू कतादेखि आउनु भो ! मैले त चिन्नु सकिनँ !'

'हामी टाढाकै हौं । भोक मारेर जाने भनेर यहाँ पसेका । अनि यहाँ चाहि ? यसै ठाउँको हुनुहुन्छ कि ?'

पसलकी बूढी आमाले बीचैमा भनिन्, 'उहाँ नानी त ठूलो पुजारी हो । राम्रो जोखाना हेर्नुहुन्छ । उहाँले भनेको त पुगेको पनि छ ।'

'ए, खुशी लाग्यो यो कुरा थाहा पाएर । त्यसो भए भन्नुसक्नु होला नि, बाघले झम्टेका सरदारहरू मुखियाहरू, अहिले कोमामा जाँदैछन्... स्थिति के होला ?'

'बुझ्नैं, दिन त बिग्रेको छ, देशको दिन सप्रने देख्छु । उनारू कतै पुगेको त देख्तिन है सर । यहाँ छैन योहरू ।'

'मैले बुझिनँ ।'

'निको हुँदैन । निको भए पनि सद्दे हुँदैन । मान्छे सकिन्छ । राम्रै हो, सारै लुटेको थियो । मान्छेलाई तर्साएर राखेको थियो । विदेशीको शासनभन्दा पनि कडा बुहार्तन खप्नु परेको थियो नागरिकले । यिनको शक्तिको अन्त्यसँगै देशले काँचुली फेर्ने छ । अब राम्रो दिन आउँछ । यिनारू पन्सिनुपर्ने नै थियो, अब पन्सिन्छ । असल भो, ढुक्क हुनुहोस् ।'

पत्रकारले बडो मर्यादा राखेर भन्यो, 'यो जाँड बारे मलाई एउटा प्रश्न गर्न मन लाग्यो । मैले यसरी सोध्न हुने हो कि होइन, गल्ती हुने हो कि ?'

'सोध्नुहोस् सर, हाम्रो पुजारी नानी त्यस्तो अप्ठेरो छैन । ऊ त थाक्थुम्बा पो हो त, हाङ खलक । के भनौं राजा खलक । सोध्दा हुन्छ ।'

'राज्यले घरेलु उत्पादनको जाँड-रक्सीमा रोक लगाएको छ । नष्ट पनि गरेको छ । मिडियाले त्यस्तो दृश्य पनि देखाएको छ । सो रोकमाथि के भन्नुहुन्छ ?'

पुजारीले भन्यो, 'सरकारले स्वदेशी उत्पादनलाई रोक लगाएर दुरूत्साहित गरेर विदेशी रक्सीलाई आयात गर्ने नीति लिएको हो । सरकार व्यापारीको गुलाम भएको छ । आफ्नो उत्पादन रोकेर विदेशको मगाउँछ । योमा त सोरैआना विरोध छ हाम्रो ।' एक छिन रोकिएर पुजारीले थप्यो, 'यसको एउटा अर्को पक्ष पनि छ, हाम्रो सांस्कृतिक पहिचानलाई पनि नष्ट गर्दैछ । यो कुरा नयाँ उमेरका केटाकेटीले बुझ्नुपर्छ । एउटै कुरा भन्ने हो भने हाम्रो सरदारहरूको देश चलाउने बुद्धि नै छैन । कतै गएर बडो नराम्रोसँग फस्छ, धोका खान्छ । सप्पै इनारले गर्दा ।'

पत्रकारले फेरि एकपटक पक्का गर्न चाह्यो र सोध्यो, 'पुजारीजी, त्यसो भए हाम्रा सरदारहरू निको भएर फर्कदैनन् त अस्पतालबाट ? कुरा पक्का जस्तो छ त !'

'पक्का, इनारूलाई मर्न त दिनुहोस् । मरेरै फर्कन्छ भन्छ जोखनाले, दिन राम्रो छैन । जनताले इनारले गरेको अपराधको सूची कति लामो निकाल्छन् । अहिले त डर छ नि ! बोल्यो कि मार्छन् ।'

❑❑

३३

पत्रकार संसद भर्खरै ब्युँझेको थियो । बन्द सप्ताह सकिएको थियो । तर अभ्यासका लागि मैदानमा ओर्लिसकेको थिएन । लाग्थ्यो, बन्द साताको धङधङी अझै छुटेको छैन । त्यसैले नायकहरूको स्वर्गपथको तत्परतालाई मूल्य दिने समूह देखा परेन । अथवा यसो भनौं- यिनको अस्पताल प्रवेशलाई दुःखद घटना भनेर क्षोभ जनाउने वातावरण बन्न सकेन । अर्थात् जहाँ राजा मारियो तर राज्यले किन र कसले भनेर न प्रश्न गर्न चाह्यो न उत्तर सुन्न । फेरि, गैर राजनीतिक चरित्र देखाउने राजनीतिक व्यापारीको अस्पताल प्रवेशलाई भाउ दिने कसले ? तेल सकिएर धूमिल हुँदै गएको प्रकाशलाई बेलैमा नछोडे बाटो हराउन पनि त सक्छ । शायद 'मर्ने गोरूलाई राम राम भन्न सकिन्छ काँध हाल्न सकिन्न' भन्ने पो ठाने कि ? कारण, यी सबै कमलहरू मान्छेकै रगतको वैतरणी तरेर त्यहाँ पुगेका थिए । त्यसैले होला संचारलाई घाँटी दबाएर हिरिक्क मार्न खोजेको हुनाले, संचारले पनि सत्ताधारी र सत्ता निकटकालाई मूल्य दिन छोडेको हो कि भन्ने लाग्दथ्यो । वा घातक कीटाणु छुन- कोट्याउनबाट पन्सिएको हो कि संचार ! रसमा गणना भए पनि रौद्र, भयानक र वीभत्सलाई अलिक टाढै राखेर हेरिन्छ कि !

फेरि गोपन संस्कृतिको विकास यति सशक्त भइसकेको थियो कि सत्तालाई आँच पुऱ्याउने र बदनाम गर्ने खालका घटना देखिनासाथ सत्ताले तिनलाई छोप्न, लुकाउन, निस्तेज पार्न वा रोक-छेक गर्न सक्थ्यो । त्यसैले गैरसत्ताबाट उठेका प्रश्न हुन् या विपक्षले औल्याएका समस्या र अपराध हुन् तिनको प्रमाण नष्ट गर्ने वा निष्क्रिय पार्ने क्षमता सत्तापक्षले देखाएरै छोड्थ्यो । फेरि हत्या गराएर आत्महत्या करार दिने सोचमा शक्ति पक्षले कहिले परिष्कार ल्याएन । त्यसैले पनि यस्ता अशुभ नायकहरूको स्वास्थ्यलाभको पक्षमा उसका आफन्त

बोले होलान्, जनता बोलेन, किनभने जनता सुसूचित हुन पाएकै थिएन । तिनका लागि जनतासँग आँसु पनि थिएन ।

यी कमलहरू के कति कारणले वा कसरी चिकित्सालयमा पुगे भन्ने कुराको आधिकारिक जानकारी कुनै निकायले दिएन । त्यसैले पनि चिन्तन र दृष्टिका द्वार बन्दै थिए । लाग्थ्यो, सत्तापक्ष अप्रिय सन्दर्भ लुकाउन चाहन्थ्यो । किन्तु तिनका ड्राइभर, अंगरक्षक र ग्रामीणजन प्रत्यक्षदर्शी अर्थात् चश्मदीद गवाह हुनसक्ने अनुमान अब विश्वासमा परिणत हुँदै थियो ।

सत्तापक्ष शहर र राजधानीमा नियन्त्रण-नियोजन गरेर अधिकार र शक्ति अवश्य देखाउन सक्थ्यो तर गाउँघरमा त्यो सम्भव थिएन । अब स्वतन्त्र पत्रकारको अर्को टोली र क्यामेरा मुक्तभावले गाउँ-बस्तीमा घुम्न थाल्यो । त्यसैले घटनाको कुण्डली तयार हुने सम्भावना देखिंदै गयो । विधि पूरा गर्न मिडिया जनसम्पर्कमा जुट्यो ।

गाउँमा एउटाले अनुभव बोल्यो, 'मैले त्यस दिन पनि त्यसको अघिल्लो दिन पनि मुजुरले साप भुलाउँदै लगेको देखें । साप कहाँ खस्छ र कसलाई डस्ने हो भन्दै थिएँ, आखिर अड्कल सत्य निस्क्यो । ठूला मान्छे पो परेछन् ।'

'उसले र मैले त्यो दृश्य सँगै देखेका हौं । हामी सँगै थियौं' अर्कोले जोड्यो ।

'जसलाई सर्पले डस्यो नि, त्यो यसै इलाकाको बलियो मान्छे हो । माओवादी जत्थाको नाइके ! ऊ निर्देशक पनि हो, पोषक पनि । काल त बलियोलाई पनि लाग्दोरहेछ । के वित्यास पर्ने हो भनेर गुन्दै थियौं, ईश्वरले हामी दुःखी गाउँलेलाई न्याय दिए भन्नुपऱ्यो- शैतानलाई दण्ड दिएर !'

'बिहान घरबाट निस्कनासाथ आँगनमा नै डसेछ । हतार गरेको भए नारद थारूले विष झारिदिन्थ्यो तर कसैले त्यसतर्फ सोचेन जस्तो छ । सबै ठूला मान्छेतिर हेर्ने सिंहदरबारतिर आश गर्ने अरूलाई हेप्ने ! गाउँमा पनि जानकार छन् नभन्ने, न खोजी, न महत्व ! गाउँले/ थारूको के महिमा ? के भाउ ? फोन गरेर खबर पुऱ्याएको भए जे भए पनि त्यो गरीबले उपचार त दिन्थ्यो ! १० मिनेटमा आइपुग्थ्यो । तर प्रयत्न कतैबाट भएन ।'

'हो थारू वर्गलाई त अचाक्ली नै दबाएको छ नि यो मुलुकमा । त्यसैले थारूहरू परम्परागत चिकित्सा विधि मान्छेलाई कालबाट जोगाउन सक्छन् भनेर विश्वास गर्दैनन् शायद ठूलाहरू, सभ्यहरू ! त्यसैले गाउँको शैतान घट्दा गरीब निमुखा मान्छे खासै दुःखी हुँदैनन्, कृत्रिम क्षोभ देखाउन सक्छन् ।

'वास्तवमा दुनियाँले ठानेजस्तो थिएन नारद थारू । ऐजन मौकामा थाहा पाएको ऊ आएर अवश्य उपचार दिन्थ्यो । उसलाई थाहै दिएनन् । नारद थारू त यस गाउँको देउता हो हजुर देउता ।'

'हो यो देशले, यो समाजले मान्छे चिन्ने चेष्टा गरेन । पराइ व्यक्ति र सेवालाई महत्व दियो र विदेशतिर दौड्यो । मतिभ्रम भएपछि के लाग्छ हजुर ! सबै लाइनछोकरा !'

फेरि बाघको कुरा चल्यो । हाम्रो ध्यान त्यतै केन्द्रित भयो :

'त्यहाँ गाडी रोके, मान्छे ओर्ले । त्यति त थाहा छ । जंगल लाग्यो होला भन्ने ठान्यौं । एकैचोटि बाघ गर्जेको सुनियो । डरले हाम्रो गाउँ रातभरि नसुती-नसुती सुत्यो । बिहान हेर्दा देवीस्थानमा फोहोर गरेको देख्यौं । देवीको वाहनले रिसाएर आक्रमण गरेछ भन्ने लाग्यो । बघिनी कहिलेकाहीं यतातिर पनि बच्चा सार्छे भन्थे । त्यैवेला परेछ क्यार, दैव लागेछ ! झम्टेर फ्याँकेछ । मरेका त थिएनन् क्यार । तर बाँच्लान् भन्ने लाग्दैन । बाँचे भने पनि काम नलाग्ने भएर बाँच्लान् ! फोन गरे क्यारे केटाकेटीले । पुलिसले आएर लगे भन्थे । खै कता लगे । ती को थिए, काँका थिए, हामी जान्दैनौं । अघिपछि यो बाटो त्यसरी साँझमा गाडी आएको देखेको पनि होइन ।' अर्काले तस्वीर देखायो ।

'यो गाउँ कसको हो ? को बस्छन् ?'

'एऽऽ यो गाउँमा त आततायीहरूको सेनाबाट विदा पाएका, लुकेर बसेका, भागेर आएका, गोली र बारूदले हातखुट्टा गलेका, कुहिएको, गन्हाएको र सड्दै गएको शरीर बोकेका जवानहरू छन् जो उमेर हुँदैमा बूढा, रोगी, अशक्त र घिनलाग्दा देखिन्छन् । डरलाग्दा पनि छन् । तरूनी छोरीहरू पनि उस्तै छन् । मन रून्छ । तपाईंहरू यहाँको जीवन हेर्न सक्नु हुन्न । नहेरी-नभेटी जानुहोस् । त्यही नै बेस हुन्छ । नत्र तपाईंहरूको निद्रा र सुख सबै हराउँछ ।' गाउँका व्यक्तिले आफूले जानेको कुरा खुलस्त बताए । पत्रकारले क्यामेरा भऱ्यो ।

'अझ उहाँलाई त यिनले गरेको अत्याचारको सूची पूरै थाहा छ । सोध्नुभए हुन्छ नि पत्रकारज्यू ।'

'सबैले जानेको-भोगेकै कुरा हुन् नि ! तै पनि यति चाहिं भनौं भनौं लाग्यो- प्रहरी चौकी र सेनाको ब्यारेकमा आक्रमण गर्ने यिनै हुन् नि ! छत्तीस हजार मान्छेको ज्यान खाएर नअघाउने पनि यिनै हुन् । राजसंस्था समाप्त पार्ने योजनाका वाहक पनि यिनै हुन् । मान्छे बेपत्ता पार्ने र जनताको चल-अचल सम्पत्ति लुट्ने, बैंक फोर्ने, घर-जग्गा कब्जा गर्ने पनि यिनै हुन् ।'

'हो, के चाहि गरेनन् ! राजनीतिमा अस्थिरताको जग हाल्ने र समाजमा जातीय कलहको विष छर्ने पनि यिनै हुन् । सत्तामा पुगेर र साझेदार भएर अंकले नभ्याउने गरी पूँजी सोहोर्ने र देश लुटेर जनताको रगतसम्म चुस्ने यिनै होइनन् र ! यस्तो पनि हुन्छ राजनीति गर्ने मान्छेको व्यवहार ? छिः यिनलाई मान्छे भन्न पनि घृणा लाग्छ ।'

'यिनले विदेशी शक्ति निम्त्याएर यहीं जुधाए, यो मुलुकलाई रणक्षेत्र बनाए । विपत्ति बोलाए । अशान्ति फैलाए । युवक र युवती-छोरीलाई देशबाहिर पुऱ्याउने यिनै भए । जनताका आँसु नलाग्लान् र !'

'हो नि ! न लुटेको सम्पत्ति फर्काए, न बेपत्ता पारेका मान्छे देखाए, न घाइतेको उपचार गरे । न कुनै किसिमको क्षतिपूर्ति नै दिए । अझ मान्छेलाई जनजाति र दलित बनाएर झन् हेपे, झन् दले । यहाँसम्म कि भैंचालो जाँदा विदेशीले दिएको सहयोग पनि रोके । सबैतिर च्यानल मिलाउने र बिगार्न सिकाउने बिचौलिया तिनैका सहयोगी भए । ठेक्का-पट्टाबाट पनि लुटे । अब के कुरा गर्नु !'

'जनता माओवादी विरूद्ध कहिल्यै लडेनन्, त्यो कसरी जनयुद्ध हुन्छ ? माओवादीका बर्दीधारी सेनाले चितुवाले बाख्रा तानेझैं सरल, निःशस्त्र गाउँलेलाई घरबाट तानेर लगे र तड्पाई-तड्पाई मारे । यो त आततायी युद्ध हो, एकोहोरो हत्या र लूटलाई जनयुद्धलाई भन्न मिल्छ ? हामी लडेका हौं र ? अझै हामीमाथि आरोप, अझै यत्रो जाल, थुइय्य !'

'हामीलाई तपाईंहरू फसाउन चाहनुहुन्छ कि हाम्रो कुरा सुनेर ? कि हामीजस्तो देखिने लाखौं-लाख नेपालीको हित गर्न चाहनुहुन्छ ?' अर्काले भय मानेरै भन्यो ।

'सत्य भन्नुहोस्, हामी जोगाउने छौं । भलै देश नजोगियोस् ।'

'हामीलाई जनजाति बनायो, हतियार पक्रायो । लड्न लगायो । बिजोग गरायो । फेरि आज पनि हामीमाथि भोग गर्दैछ । जनजातिको बस्ती उसैको चरन कि भोग-क्षेत्र रे । तलाबाट ओर्लदै थे, बैनीले बत्ती देखाइदिँदै थी । मेरो पालो राइफलको बटले दिएँ दनक । माथिबाट लडेको र त्यो काठमा टाउको ठोक्किएर बेहोश भएको हो भनेर अंगरक्षकको हैसियतले मैले आफैं प्रमाणित गरिदिएँ । भनौं भने हामीप्रति उसको धारणा कस्तो रहेछ, त्यो कुरा मैले बाबाको कुटीमा त्यसै दिन थाहा पाएँ र त्यसै दिन आफ्नो रिस शान्त गरें । जहाँसम्म मेरो ख्याल छ, अब उसको दिमागले काम गर्दैन ।'

पत्रकार सामग्री जोडेर फर्कियो ।

एकातिर हात्तीको आक्रमण, बाघको झम्टाइ तथा सर्पको डसाइबाट मरणासन्न अवस्थामा पुगेकाहरूलाई महेन्द्रनारायण निधि आरोग्य भवनको परामर्शमा विदेश लगेर उपचार गर्ने निर्णय भयो । गुट र सत्ता पक्षका मिडियाले खुलेर समर्थन गरे । फलतः इन्द्रकमल, चन्द्रकमल, जलकमल, स्थलकमल र नीलकमलहरूको प्राणवान् शरीर बोकेर चार्टर विमान शेख इद्रिस अन्तर्राष्ट्रिय विमानस्थल, लालगढबाट सिधै बैककतर्फ उड्यो ।

अर्कातिर हात्तीले समाएर कोशीको जल-प्रवाहमा हुत्याएको रक्तकमलको शरीर मुर्दा भएर 'सर्वधन राई उपचार केन्द्र'मा आइपुग्यो । उपचार केन्द्रले मृत्यु-प्रमाणपत्र दिएर मृतक घोषित गऱ्यो ।

❑❑

३४

पत्रकार जगत्ले विरोध सप्ताह जनाएर पत्रकारिता कर्मलाई विश्राम दिएकै वेला, फूलको नामले चिनिने नेताहरू छिनछिनको अधिपछिमा अस्पताल पुग्नुको कारण खुल्न सकेको थिएन । विरोध सप्ताह मौनताले भनौं या कलम बिसाएर गरिएको हुनाले यसबीच भएका घटनाको आधिकारिक जानकारी अवरूद्ध थियो । नागरिक पनि जान्दथे- राज्यशक्तिको दमन र नियन्त्रणको विरोधमा पत्र-कर्म लागेको छ । किन्तु स्वतन्त्र पत्रकारले विश्राम लिन सकेन । उसलाई अज्ञात तत्वले कुत्कुत्यायो र फील्ड-वर्कमा गयो र घटना-सामग्री लिएर फर्कियो । पत्रकार संसदमा आफ्नो भ्रमणको औचित्य र आफूले पाएको जानकारीलाई सार्वजनिक गर्दै बुँदागत रूपमा नारदले भन्यो :

योगी धूर्जटीको सक्रियतामा नव कुम्भमेलाको आयोजना भएको थियो शिवरात्रिमा र त्यहाँबाट आएको निमन्त्रणा स्वीकार गरेर ६ जना कमलहरू कोशीको पश्चिम तटवर्ती क्षेत्रमा पुगेका हुन्, जहाँ योगीको कुटी थियो ।

कमलिनीहरू आफ्नै ढंगले त्यहाँ पुगे । कुटीकै परिसरमा विराजमान दैवज्ञ केशरी ज्योतिष विद्यामा पारंगत थिए भन्ने चर्चित थियो । तिनीहरूले आ-आफ्ना पतिपरमेश्वरको चिह्ना देखाए र फलादेश पनि सुने । तिनले के बुझे र मनमा के प्रभाव पऱ्यो त्यो उनीहरू नै जान्लान् ।

दैवज्ञ केशरीलाई मैले पनि भेटें । उनले फलादेश गरेका वचन यथार्थ रूपले घटित भएका छन्, परन्तु आजको मानव शायद विश्वास गर्न मान्दैन । अब एउटै कुरा हुन बाँकी छ लाटो हिसाबले ।

'त्यो के ? के बाँकी छ ?'

'कालसर्पयोग' बाँकी छ । वक्रदन्तीयोग, शार्दूलयोग र सर्पदंशयोग घटित भइसके भन्ने मेरो धारणा छ ।'

'के हुनसक्छ अब ?'

'राज्य-विप्लव जस्तै ढंगको हो । त्यो विभिन्न मुद्रामा साकार हुनसक्छ । राज्य खण्डित हुने, प्राकृतिक प्रकोपबाट स्वरूप परिवर्तन हुने, राजनीतिको क्षेत्रमा उच्च हलचल देखिने हुनसक्छ । त्यति पर किन ? 'जामा लगाउनेहरूले मुलुक नास्छन्' भनेर त सांसदले भन्न थालेका छन् नि ! विदेशी सेना पस्ने, देशले झण्डा फेर्ने वा जनताको नागरिकता फेरिने आदि जे पनि हुनसक्छ । तर कथित नेताको इशारा विना यस्तो कर्म हुनसक्तैन ।'

'हामी अब कामना गरौं- उपचारका लागि उहाँहरू देशबाहिर पुग्नुभएको छ, स्वास्थ्यलाभको कामना गरौं । हतार गर्ने कुरा छैन । निष्क्रिय भएर पनि उहाँहरू बाँचेकै हुनुपर्छ । आफ्नै देशमा उपचार भएको भए हुन्थ्यो कि, बाँच्ने थिए कि ? भन्ने संवाद सुन्नु नपरोस् । यहाँ त राजा-रानीले मात्रै उपचार गराउने हो नि ! यो हामीले बुझ्नुपर्छ ।'

रक्तकमललाई कोशीमा हुर्‍याउने हात्तीको बारेमा यति नै थाहा भयो कि त्यसको नाम द्वैमातुर रहेछ । त्रिपुराले छोरासमान त्यसलाई वात्सल्य दिएर पालेकी थिइन् तर जब आततायीले मधुपुरा गाउँमा आक्रमण शुरू गरे, 'द्वैमातुर ! म तिमीलाई नैतिक बन्धनले बाँधेर राख्छु र आजदेखि भौतिक बन्धनबाट मुक्त गरिदिन्छु । म विवश छु, तिम्रो रक्षा गर्न सक्ने स्थिति रहेन । आजदेखि तिमी स्वतन्त्र छौ, आफ्नो रक्षा आफैं गर' भनेर उनले छोडिदिएकी थिइन् । पछि त्यही द्वैमातुर अपर्णालाई फेला पार्ने र कोशी किनारको घटनाको मुख्य पात्र भएको थियो ।

'म, सुनेका कुरा सुनाउँछु- योगी धूर्जटी पशुको भाषा बुझ्नुहुन्थ्यो रे । उहाँ अचानक अलप हुने र प्रकट हुने गर्नुहुन्थ्यो रे, औतारी ! कुम्भोदर र निकुम्भ भन्ने दुई बाघ उहाँका अनुचर थिए रे । सुगा अलिक टाढै बसेर स्थितिबोध गर्थ्यो रे । यसतर्फ मेरो योग्यताले पढ्न भ्याउँदैन । सिद्धहरूको शक्ति र दृष्टि बारे बुझ्न सकिन्न ।

'र अन्त्यमा लालकमलप्रति श्रद्धाञ्जलि अर्पण गरौं । उहाँको मृतशरीर उहाँकै अंगरक्षकले कोशीको जल-प्रवाहबाट झिकेर ल्याए । म उनीहरूको दायित्वबोध र शौर्यको सम्मान गर्छु । अब समाजबाट डर हरायो भन्ने ठानेको छु ।'

प्रतिवेदनको शैली र विश्लेषण फरक भए पनि जंगली जनावरको आक्रमणबाट मारिएको भन्ने अंगरक्षकद्वारा दिइएको किटानी मिल्दथ्यो । शर्त अनुसार राइफलको बटले प्रहार गरेर मारेको सन्दर्भ यसैभित्र गाभियो । पृथक् देखिएन ।

❑❑

३५

नयाँ व्यवस्था र बलियो राज्य-विधि थालिएपछि धेरै कुरामा परिवर्तन र परिष्कार आइसकेको थियो । तर शवको श्रृंगार र संस्कार गर्ने प्रणालीमा पुरानो चलन छुटेको थिएन । श्रद्धाञ्जलिका लागि भलामानुषको शव केही समय संसद भवनको परिसरमा राख्ने पवित्र कर्मको थालनी भयो । रक्तकमलको शव पनि संसद भवनको प्रांगणमा पुग्यो ।

शव श्रृंगार शुरू भयो । आगन्तुक-अनुयायीहरूको भीड बढ्दै गयो । पुष्पगुच्छा र फूलमालाहरू चढ्दै गए । दलको झण्डा ओढाइयो ।

एउटाले टिप्पणी गऱ्यो, 'प्रतिगामी व्यवहार भो ।'

जब राष्ट्रिय झण्डा ओढाउने तत्परता देखियो, तत्काल विरोध उठ्यो । युवाहरूको समूहबाट एउटा वक्ताले हाते माइकबाट भन्यो, 'हाम्रो विनम्र अनुरोध छ, मृतकको शवमाथि राष्ट्रिय झण्डा नओढाइयोस् । मृतकप्रति हामी श्रद्धाञ्जलि अर्पण गर्दछौं र परिवारजनप्रति समवेदना व्यक्त गर्दछौं ।'

अर्काले फेरि भन्यो, 'पश्चगामी चरित्र देखाउन छोडेन ।'

राष्ट्रिय झण्डा ओढाउने सोच फेरि दुई पाइला अघि बढ्यो । त्यस कदमको प्रतिवाद गर्दै अर्कातिरबाट एउटी युवती उच्च स्वरले बोलिन्, 'कृपया हाम्रो अनुरोधलाई गम्भीरताले सोचियोस्', 'यो मृतकको शरीरमा राष्ट्रिय झण्डा नओढाइयोस् । उहाँले राष्ट्रिय झण्डा ओढ्ने अधिकार गुमाइसक्नु भएको छ । तपाईंहरू पार्टीको झण्डा ओढाइदिनुहोस् । राष्ट्रको झण्डा ओढाउने हठ नगरियोस् । यदि ओढाइयो भने बखेडा हुनेछ । त्यो अमंगल सूचक हुनेछ ।'

अर्को युवक अग्रसर भएर बोल्यो, 'राष्ट्रिय झण्डा यहाँ नखोलौं । त्यसको सम्मान गरौं । राष्ट्रघातीलाई राष्ट्रिय झण्डा ओढाएर उच्च सम्मान दिन सकिन्न ।' अनि युवाहरूको समूहतर्फ संकेत गरेर थप्यो, 'यदि हाम्रो

अनुरोधको उपेक्षा गरियो भने यो जमातले यहाँबाट शवयात्रा हुन दिने छैन । गोली चल्ला, बम पड्केला, रगतको खोलो बग्ला, त्यसको वास्ता हुनेछैन । अब तपाईंहरू आफैं निर्णय गर्नुहोस् । हामी आफ्नो धारणाबाट पछि हट्ने छैनौं ।'

यस पटक अर्की युवती अघि सरेर बोलिन्, 'तपाईंहरू त अनुभवी र समझदार हुनुहुन्छ नि, राष्ट्रद्रोहीलाई राष्ट्रले सम्मान गर्छ कि दण्ड दिन्छ ? के चाहिं सही, हो ? त्यसैले हात जोड्छौं । यस देशको, यस समाजको, हाम्रो स्वाभिमानको अनादर नहोस् । यी कुराका अगाडि शवको अर्चनाको कुनै अर्थ छैन । आततायीको यस्तो पूजा ? धत् ।'

हात-हातमा मोबाइल फोन नाच्न थाले । शवलाई हेरेर र घेरेर बसेको भीड केही चलायमान देखियो । मृतक रक्तकमलको शवमाथि राष्ट्रिय झण्डा कुनै पनि हालतमा ओढाउन नदिने संकल्पले युवा जमात जम्जमाउँदै थियो । शोक र समवेदना होइन, निन्दा र भर्त्सनाको ओइरो लाग्यो । गालीको शब्दकोश प्रयोग हुने स्थिति बन्दै गयो ।

कुनै पनि वेला झडपको स्थिति आउनसक्ने अवस्था थियो । टेलिफोनका पर्दाहरूमा 'झण्डा निषेध' शीर्षकमा आरोप-प्रत्यारोपका संवादले प्राथमिकता पाउँदै गयो । नेपालीहरू पुगेको धरती र आकाशभरि यो घटना तीव्रगतिले फैलँदै गयो- संसारभरि ।

एउटी बालिका आएर भीडलाई पत्र बाँड्दै भन्न थालिन्, 'के कस्ता अकर्म गरेर देशलाई घात गरेको छ भन्ने कुरा यसमा सूचीबद्ध गरिएको छ- अवश्य पढ्नु होला, अनि चित्त बुझ्नेछ ।'

यसैवेला कूटनीतिक नियोगको कार आएर छेउमा रोकियो । त्यसबाट एउटा व्यक्ति निस्क्यो र उसले आफ्नो देशको झण्डा मृतकलाई ओढाइदियो । त्यो दृश्य देखेर त्यहाँ जम्मा भएका मलामीहरू फर्किए । वैचारिक द्वन्द्वले गर्दा शवयात्राको कार्यक्रम हुन सकेन ।

त्यो दृश्य हेरेर फर्केको व्यक्ति गुन्दै हिंड्यो, 'मृतक को हो त ? के यो देशको नागरिक, सरदार भएर पनि यो देशको होइन रहेछ त ? विदेशीकै खेताला निस्क्यो त ? सत्य यही हो ?'

'आफ्नो देशको झण्डा ओढाउन निषेध गर्नुको औचित्य सही नै रहेछ कि !'

लाशमाथि राजनीति गर्ने चरित्रबाट मानव त्रस्त थिए । त्यसैले श्रद्धाञ्जलि अर्पण गर्न पुगेकाहरू शवयात्रा हुन नसक्ने स्थिति देखेर फर्कंदै गए । कुनै पनि

वेला कुनै पनि घटना घट्न सक्ने अनुमान गरेर, आत्मरक्षाका लागि त्यहाँबाट मानिसहरू फर्कनु स्वाभाविक थियो । मृतको हिजोको पृष्ठभूमि र वर्तमानको शव-श्रृंगार र त्यसको वरिपरिको परिदृश्यमाथि आत्ममन्थन गर्नुबाहेक अर्को विकल्प भनेको सबै कुरा बिर्सिदिन सक्नु मात्र थियो । किन्तु त्यो स्थितिमा पुग्ने मनोदशा निर्माण हुनु सजिलो थिएन ।

केही मान्छे बसेर रातभरि लाश कुरे । राति कुकुरले लाशमाथि झन्टा मारे । तितरबितर भएका फूल-माला, दलका झण्डा र चोट परेको मुद्रा प्रेसले थाहा पाउनुअघि फेरि फूलले छोपेर यथावत् स्थितिमा सजाए । कुकरले मुखको भाग चिथोरेर खाइसकेको थियो । यो सत्य रहस्य भएर रहन सकेन ।

दूतावासको सहयोगमा शव संस्कार हुने भो । तर कसरी ? कुन विधिले ? भन्ने प्रश्नले फेरि अड्चन खडा भयो । कारण, हिजोसम्म गरिँदै आएको शव-संस्कार विधि 'प्रतिगामी थियो' भन्ने यिनको सोच बन्यो । झोले सरदारहरू यस्तै व्याख्या गर्थे । भिन्नै ढंगको शव-संस्कारका लागि नवीन मार्ग खोज्नु आवश्यक मानियो । अग्नि-समाधि, भूमि-समाधि र जल-समाधिभन्दा पृथक् पद्धति खोज्नुपर्ने स्थिति आयो । किनभने यी पद्धति प्रतिगामी हुन् भन्ने मान्यता बलियो भएर आएपछि कुतर्क नै असल तर्क भैदियो । बुद्धिमानहरूको विमर्शमा समय बित्यो । फेरि मुर्दाले रात्रि विश्राम पायो ।

अर्कोदिन बिहानको झिसमिसमा बटुवा-तीर्थयात्रीले इच्छुमतीको किनारमा कुत्ताहरूको झगडा र पिकनिक देखे । काग र गिद्धले आकाशमा कावा खाँदै गरेको देखे । अनुमान लगाए- नयाँ युग हाँक्ने सरदारको शव-संस्कार नयाँ ढंगले गरे क्यार ! प्रतिगामीहरूको पथ छोडेछन् क्यार ! यथास्थितिमा परिवर्तन त ल्याएकै हो- वर्तमान व्यवस्थाले ! वाह ! आफ्नो सरदार र आफ्नो चिन्तनमाथि यहाँको व्यवस्थाले नै उपहास गरेको ठाने; वैदेशिक नियोगका पदाधिकारीहरूले चाहिं क्यावात भने !

किन्तु पत्रकार जगत्ले बुझेर र जानेर पनि विस्तारमा जान चाहेन । राज्यले पनि यस परिदृश्यलाई छोप्न अर्को दृश्य अघि सार्‍यो- जसरी यसअघि छोप्ने गर्थ्यो । नमिलाए पनि तारतम्य मिलेकै थियो । नागरिक टिप्पणी थियो- पत्रकारहरू मारिएका छन्, थुनिएका छन् अनि सत्य कुरा छोपिएका छन् भने सुसूचित हुन्थे कसरी ? जब कि शक्तिशाली व्यवस्था र नायक स्वयं छलबल-छाम गर्न सिकाउँथे । एउटा घटनामाथि केन्द्रित

रहेको जनभावनालाई बिथोलेर अर्कातिर फर्काउन राज्यशक्ति कडा कसरत गर्ने गर्थ्यो । किन्तु यो अभ्यास नबुझ्ने-नसम्झने नागरिक समाज थिएन । यस्ता अवाञ्छित कर्मका पछाडि अदृश्य शक्ति नै सक्रिय थियो भन्ने कुरा पारदर्शी हुँदै थियो । त्यसैले पनि जन-पत्रकारिताले यस्ता घटनामाथि खासै महत्व दिएन । खासै बोलेन । सत्ता-पत्रकारिता आफ्नो व्यक्ति, गुट र दलको पक्षमा बोल्दैरह्यो । स्वतन्त्र पत्रकारको टिप्पणी थियो- लाशमा पनि बाह्य शक्ति साकार भयो ।

❑❑

३६

विज्ञान-प्रविधिको युग । हातहातै टेलिफोन र यस्तै संचार माध्यमका अनेक साधन । समाचार, सन्देश सूचना र चित्रहरूको अथक आदान-प्रदान । खास गरेर चेतना र ऊर्जाको सबल स्रोत तथा यथार्थको प्रतिबिम्ब थियो आजको वैज्ञानिक उन्नति ।

चरीकोटको साइँलो र मुसीकोटकी माइलीले पनि थाहा पाए- जलकमल, स्थलकमल र नीलकमलहरूको शव विमान चढेर आउँदै छ रे बाकस-बाकसमा भरिएर । सूचना फैलियो । नागरिक समाज सतर्क भएर उठ्यो र विमानस्थल घेर्न पुग्यो । विरोध गर्न होइन, सुसूचित गर्न र सावधान रहन अनुरोध गऱ्यो । हाते माइक लिएर नागरिक समाजको अगुवाले भन्यो, 'हामी मृतकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दछौं र हामी संक्षेपमा थप अनुरोधको भावमा यति मात्र भन्दछौं, 'मृतकहरूको शवमा राष्ट्रिय झण्डा न ओढाऊ । हामी ओढाउन दिने छैनौं । अरू जुनसुकै झण्डा ओढाउनु होस्, त्यो तपाईंहरूकै इच्छा भो ।

'अर्को, यहाँ, यी मुर्दाका लागि राष्ट्रको तर्फबाट शोकधुन बज्ने छैन । जसको चिन्तन, चरित्र र व्यवहार समाज प्रतिकूल छ र राष्ट्रका लागि घातक देखिएको छ उसलाई झण्डा र धुनले सम्मान दिने कुरै आउँदैन । यदि यहाँ हठ गर्ने यत्न गरियो भने परिणाम दुःखद हुनेछ । राष्ट्रविरोधी, समाजविरोधी, धर्मविरोधी, संस्कृतिविरोधी तथा जीवनविरोधी तत्व यदि सम्मानित हुन्छ भने नागरिक समाजको धैर्य फुट्नेछ । त्यसैले यी शवलाई सामान्य तहबाट लिएर जानुहोस् र तपाईंकै सोच अनुसार संस्कार गर्नुहोस् ।'

'हाम्रो शुभकामना छ । आजको सोच अनुसार अग्नि संस्कार गर्नु र झण्डा ओढाउनु प्रतिगमन पनि होला कि तपाईंको भावनामा ।' अर्को वक्ताले तीर माऱ्यो ।

'यिनले भन्दा हुन्छ ? ए, ले न झण्डा !'

दलका झण्डा थिए । आ-आफ्ना दलका झण्डा ओढाए । बजारमा फूल पाइएन । राष्ट्रिय झण्डा कतै थिएन । अनुमान हुन्थ्यो- कृत्रिम अभाव पारिएको हो ।

राष्ट्रिय झण्डा ओढाइछोड्ने हठले समय खायो- शव-यात्रा चल्न सकेन । शायद संगति मानिएन । विमानस्थलमा लहराइरहेको राष्ट्रिय झण्डा झारेर ओढाउने यत्न गरे, किन्तु प्रहरीले रोक्यो । प्रहरी चाहँदैनथ्यो कार्यालयको झण्डा झारेर मुर्दामा ओढाइयोस् ।

सूर्य डुबे । चिसो बढ्यो । हावा र हुरीले वेग माऱ्यो । शव हालेर ल्याएका बाकसहरू आँधीले पल्टाएर भित्तामा ठोक्यो र चकनाचुर बनायो । जम्मा भएका मलामीहरू विमानस्थलको भवनभित्र पसेर झ्यालबाट झंझामा शवको निरीक्षण गर्न थाले । निश्चल भावले शवले यसरी प्राकृतिक प्रताडन सहँदै रह्यो जसरी जनताले राजनीतिको यातना सहने गरेका थिए । सोच्ने र जोगाउने कोही थिएन, भएन ।

विमानस्थलको मर्मत कार्य चल्दै थियो । त्यसैले राति ११ बजेपछि उडानहरू बन्द हुन्थे । आज आँधी र तूफानले निर्माण कार्य पनि चाँडै बन्द भयो । फेरि बिजुलीका खम्बा ढले, तार पड्किए । बिजुली गायब ! सर्वत्र अन्धकार !

रातभरि झञ्झावात चल्ने लक्षण थियो । मानवहरू घट्दै गए । एक-दुई प्रहरी जवान, सुरक्षा बल र एक-दुई मलामी बाहेक विमानस्थलको कार्यालय भवनमा अरू कोही थिएन । मुर्दा कुरेर के गर्नु रातभरि ! कसले लान्छ र मुर्दा उठाएर ? सोचाइ गलत थिएन । जो कोही त्यहाँ थिए, ती पनि यताउति सरे ।

बिहान विमानस्थलमा फेरि मान्छे जम्मा भए । शववाहनमा शव राखे । फूलमाला अबिर पाइएन, त्यसैले श्रृंगार हुनसकेन । शववाहन घाटको छेउमा पुगे । जनताले त्यहाँ शव संस्कार गर्न विरोध गरे । उनीहरूको भनाइ यति मात्रै थियो, 'यो सांस्कृतिक क्षेत्र हो, धर्म क्षेत्र हो, यो गुठी क्षेत्र हो, यो पवित्र क्षेत्र हो । त्यसैले यी शवको संस्कार गर्न यहाँ दिँदैनौं । कतै अन्त लगेर गर्नुहोस् ।'

त्यत्रो नागरिक समाज विरोधमा उठेको देखेर मुर्दा पक्षका मानवहरू छक्क परे । जनता पहिलो पटक यसरी विरोधमा उत्रेका थिए । यहाँसम्म कि न त्यहाँ

शव संस्कार गर्ने/गराउने कोही थियो न दाउरा नै उपलब्ध थिए । योजनाबद्ध ढंगले सबैथोक अभाव गराइएको थियो ।

सरदार र प्रहरीबीच संवाद चल्यो । स्वीकृति भो, सहमति भो । सबै शव दुइटा शववाहनमा हाले, र त्यहाँबाट हिंडाए । परिवारका सदस्यहरू अन्तिम संस्कारका लागि सँगै जान तत्पर थिए, कारण देखाएर बलशाली राज्यशक्तिले रोक्यो । प्रतिगमन हुने डर थियो । उनीहरू शव संस्कार गर्न जान नपाउने भए । प्रहरीको जिम्मामा सबै कुरा छोडियो । जनताले घाटबाट शव फिर्ता गराए, अन्तै चलान भए ।

राज्य शासनले विद्युतीय संचार माध्यम रोक्ने सोच राख्नै सकेन । त्यसैले युवा पुस्ताका औला विद्युतीय मेल-इमेल, ट्विटर, मेसेंजर, भाइवर, फेस टाइम र फोनमा नाच्दै रहे । विरोधको समर्थन भाइरल भो ।

दुई-तीन ठाउँमा शव संस्कार गर्ने यत्न भयो, तर त्यसमा प्रहरी असफल भयो । स्थानीय जनताले आफ्नो क्षेत्रमा तिनको संस्कार गर्न दिएनन् । अन्त्यमा केही नलागेर प्रहरीले शव वाहक यान र जीप तीन घण्टा हिंडाएर एउटा डीलमा लगेर रोके ।

चारजना प्रहरी लश्करै मूत्र विसर्जन गर्न थाले । शव बोक्ने भ्यान बिस्तारै गुड्यो र भीरबाट झऱ्यो नदीको बगरमा झ्याम्म-स्याम्म । त्यो ठाउँ नै त्यस्तै थियो या चयन, प्रहरी नै जान्दछ । बगरमा स्याल, कुकुर र काग-गिद्धको भेला जम्यो । डोरीबाट ओर्लेर त्यहाँ पुग्नुको कुनै औचित्य थिएन । दुर्घटना दर्ज भयो, मान्य ठहर भयो ।

माथिबाट क्यामेरा भर्दै थियो- दुर्घटना पत्रकार !

आनन्दवन क्षेत्रमा यस्ता धेरै घटना घटे जसको वास्तविकता न पत्ता लाग्यो न लाग्न सक्थ्यो । समुद्रमा पाँच पैसा खस्यो भने बरू पत्ता लाग्ला, फेला पर्ला किन्तु यो क्षेत्रमा कुनै अप्रिय कुरा भयो भने न त्यसको कारण थाहा लाग्न सक्थ्यो न कार्य संगतिपूर्ण ढंगले भएको हो भनेर विश्वास गर्न मिल्थ्यो । असफल सिद्ध गर्नकै लागि सारा यत्नको अभिनय हुने गर्थ्यो । हिजोका परिघटना यसका नजीर थिए ।

शव वाहनको दुर्घटना पनि आनन्दवन क्षेत्रमा नै भएको थियो वा गराइएको थियो । अब त्यसबारे प्रश्न गर्ने र खोजतलाश लिने बाटो बन्द थियो । कारण, सत्ता बलशाली हुनुको परिणाम नै थियो । फेरि इतिहासले प्रहरीप्रति शंका र प्रश्न गर्ने आधार छोडेकै थिएन । प्रहरीको प्रतिवेदनले सबै कुरा सल्टाइदियो ।

दुर्घटना पत्रकार प्रमाण च्यापेर पत्रकार संसदतर्फ लागेकोसम्म थाहा भो किन्तु ऊ कसरी, कहाँबाट अलप भो कसैले थाहा पाउन सकेन । अपवाद बाहेक कुनै हत्या वा घटनाको वास्तविकता थाहा हुन नसक्नु आनन्दवन क्षेत्रको आम प्रवृत्ति नै मानिन्थ्यो । आखिर रक्तकमलको बस्ती क्षेत्र जो ठहऱ्यो ।

निकै पछि थाहा भयो- दुर्घटना भएको ठाउँमा एउटा टाउको थपिएछ । मान्छे बेपत्ता पार्ने कुकर्म आनन्दवनको रीत विपरीत थियो र ! पत्रकार संसद यस्तो अत्याचार र दुःसह पीडा खप्न विवश थियो । किन्तु मुर्दा दुर्घटनाको यस्तो समाचार फैलिनासाथ नागरिकले यो देशबाट राजनीतिक अत्याचार, अशान्ति, भय र दमन एकैपटक निर्मूल हुने अनुमान गरे ।

इन्द्रकमल र चन्द्रकमल चाहिं भन्नै दुई सातापछि काम नलाग्ने भएर आए स्मृति र चिन्तन गुमाएर,

बौलाहा जस्तो भएर । यसरी नौला-नौला घटना श्रृत्ला थपिंदै गए ।

❑❑

३७

मिथिलाञ्चलको प्रसिद्धि प्राचीन समयदेखि नै थियो । यहाँका ज्ञानी विद्वान्हरू सदैव आदरणीय रहे । राजर्षि जनक, ऋषि अष्टावक्र याज्ञवल्क्य, गार्गी, मैत्रेयी वरूणपुत्र बन्दी तथा परवर्ती कवि विद्यापति ठाकुरदेखि रामकिंकर सुधी, राघवेन्द्र विमल तथा सर्वेन्द्र अहिराजसम्मका विश्वविश्रुत सुधीहरू यसै क्षेत्रका उज्ज्वल नक्षत्र हुन् जसले यहाँको संस्कृतिलाई अलंकृत पारेका हुन् । नेपाल राष्ट्र यस्तो परम्पराप्रति स्वाभिमान गर्थ्यो कुनै वेला । तर राजनीतिक गन्जागोल र जातीय, वर्गीय द्वन्द्व र विद्वेषका कारण ज्ञान र साधनाको यो भूमि विषाक्त बनिसकेपछि फेरि विस्तारै सङ्लँदै पुनः जागृत देखापर्दै गयो । भनौं भाषा, लिपि, कला, संस्कृति र ज्ञानले उन्नत-समृद्ध मिथिला भूमि लामो अन्तरालपछि स्वस्थ र सशक्त हुँदै थियो ।

यस्तै-यस्तै अनेक परम्पराका सुन्दर शिखर हुन् योगी धूर्जटी जसको सद्भावना र आशीर्वादले अब यो क्षेत्र भयमुक्त हुने स्थितिमा थियो । यसलाई उनको महान् कृपा मान्नुपर्छ । भनिन्छ, खास उद्देश्य वा प्रयोजनका लागि महापुरुषहरूको आगमन हुने गर्छ । यस्तै विश्वासको परिणाम होला कि योगी धूर्जटीको आविर्भाव !

स्व. योगेश्वर सिंह पनि विवेक र करूणाको साकार अवतार मानिन्थ्यो । विधानमा दलित र जनजाति जस्ता अप्रिय शब्दहरूको प्रयोगलाई ऊ संशोधन गर्नुपर्ने विचार अघि सार्थ्यो । वस्तुतः रक्तभेद वा छुवाछुतको भावबाट उसको परिवार माथि थियो । दलितलाई ऊ घरकै सदस्यको भावले हेर्थ्यो, आत्मीयता देखाउँथ्यो, न्यानुपन बाँड्थ्यो ।

यस्तै सद्विचार र अभेद व्यवहारको पुरस्कार स्वरूप सिंह परिवारमा शैलबालाको जन्म भएको हो भन्ने लोकविश्वास थियो । भनिन्छ, योगी-ज्ञानीहरू शैलबालामा देवीको अवतार देख्छन् त्यसैले आलोक र अभिभावकत्व प्रदान

गर्दछन् । उसको इच्छाशक्तिमा बल पुऱ्याउँछन् र शार्दूली स्वयं शैलबाला हो भन्ने जनश्रुति पनि छ ।

यद्यपि कुनै घटनामा कसैको भूमिका प्रत्यक्ष वा परोक्ष रूपमा रहेको छ भन्ने कुनै आधार छैन । कार्यका लागि कारण हुनु आवश्यक छ । फेरि पनि भीरूहरू दैवज्ञ ज्योतिषी र योगी धूर्जटीको नाम साउतीमा भन्ने गर्छन्- ओठ हल्लाएर । ग्रामीण जन शैलबालाको नाम लिने गर्छन् शार्दूली भनेर; राजनीतिक पन्थका गैर राजनीतिकहरू काम्ने गर्थे दुर्घटना देखेर !

योगीहरूको शक्ति र सीमाको, साधना र भूमिको, कार्य वा परिणामको चर्चामा पनि पत्रकारिताले विस्तार पायो । प्राचीन विद्या र गुरू परम्पराप्रति समाजलाई जागरूक गरायो । ज्ञान, सिद्धि र योगदानबारे उत्खनन गऱ्यो । पत्रकारिताको क्षेत्रबाट केही व्यक्ति उन्नत र शालीन देखिंदै गए भने केही सर्वद्रष्टा र भविष्यविद् पनि मानिंदै गए ।

हो, इतिहासलाई हेऱ्यो । गौरवको गान गऱ्यो । वीरताको प्रशस्ति गायो । सांस्कृतिक गरिमाको स्मरण गरायो । सामाजिक सद्भाव र एकतामा बल पुऱ्यायो । फलतः राजनीतिको रगत, खरानी र प्रताडनबाट जोगिएर समाजमा छोपिएका, नचिनिएका तर महत्वपूर्ण व्यक्तित्वहरूलाई चिनायो ।

मिथिलाञ्चलबाट प्रकाशित 'शार्दूली' दैनिकले आफ्नो सम्पादकीय मार्फत नारी शक्ति सर्वोपरि रहने संकेत गऱ्यो । पुरुषोत्तम सिंहको पारिवारिक पुष्पवाटिकामा हुर्केकी शैलबालालाई शार्दूलीको भावले प्रस्तुत गरेर संपादकीयले नारी समाजको गरिमाको पोषण गऱ्यो ।

शैलबालाको योजनामा आएको प्रगति र परिवर्तनले प्राचीन ज्ञान-परम्परादेखि भविष्यसम्मको मार्ग सुनिश्चित गरेको थाहा हुन्थ्यो । परन्तु प्रतिवाद र प्रतिशोधको क्षेत्र र क्रियासँग ऊ खासै परिचित थिइन । त्यसैले शीतल र स्वस्थ मार्गको अवलम्बन गरेर ऊ आफ्नो परिवेशलाई हिंडाउन सक्ने सामर्थ्य राख्तथी ।

योगी धूर्जटी, उनका सहचर, वनचर, खेचर तथा शार्दूलीको सहकार्यबाट अशोचनीय र दुष्कर कार्य सम्पन्न भएको अनुमान गरिए तापनि प्रतिफल साधु रहेको देखिन्थ्यो । त्यसैले उपशंका, प्रश्न र बयानको औचित्य ठानिएन । आकस्मिक रूपले, संयोगवश वा प्राकृतिक रूपले घटना भएको देखिएकोले प्रत्यक्षे किं प्रमाणम् भन्ने न्यायको मान्यता बलियो भएर आयो र यसमा राज्यशक्तिले विश्राम लियो ।

विचारवान्हरू योगेश्वर सिंहको घर-आँगनदेखि मिथिला क्षेत्रमा देखिएका घटना, दैवज्ञको फलादेश र प्राकृतिक प्रकोपदेखि शववाहनको दुर्घटनासम्मका दृश्य र असामाजिक तथा अवाञ्छित खेललाई क्रम मिलाएर गुन्थे- केलाउँथे । अनि राज्य शक्तिले योजनाबद्ध ढंगले व्यक्तिलाई मार्ने-फसाउने र अपराध गोपन गरे जस्तै यो पनि त्यस्तै कर्मको श्रृंखला वा अनुकरण हो कि भनेर सन्दर्भको बीट मार्ने गर्थे ।

राष्ट्रिय झण्डा कसलाई ओढाउने र कसलाई नओढाउने भन्ने विषयले नेपाली समाजमा मन्थन ल्याउन छोडेन र एकदिन स्थानीय एकाइले कुनै पनि राजनीतिक व्यक्तिलाई राष्ट्रिय झण्डा नओढाउने निर्णय लियो ।

त्यसपछि राजनीतिक प्राणी र तिनका मतियारले गरेको अपराधकर्मको सूची र तथ्यांक निर्माण गर्ने काम राज्यका हरेक एकाइबाट आरम्भ भयो भन्ने समाचार 'मधुपुरा' टेलिभिजनले फैलाउनासाथ जनताले अवीर खेलेर खुशी व्यक्त गरे र यो खुशियाली अधिराज्यभर आ-आफ्नो ढंगले मनाए ।

त्रिपुरा सिंहको घरबाट जनकपुरधामको विवाह पञ्चमीको महोत्सव हेर्न जाँदा जोडा बनेर गएको नौजवान विद्यार्थीको टोली फेरि फगुवा/होलीको छुट्टीमा गाउँ फर्केको थियो । युवतीहरू त्यस दिनको प्रतीक्षामा थिए र आफ्ना नायकहरू फर्कन्छन् भन्ने विश्वासमा थिए ।

विवाह पञ्चमीका अवसरमा उनीहरूले आफ्नो कौमार्य कायेन, वाचा, मनसा र कर्मणा आ-आफ्नो प्रियलाई आजीवन अर्पण गरेको जानकारी त्रिपुराले पाइसकेकी थिइन् । छोरीहरूले पनि निश्छल र निर्भय भएर यथार्थबोध गराइसकेका हुनाले वर-पर सोच्न र योजना बनाउन अब उनलाई कुनै द्विविधा थिएन ।

पुरुष-तत्वको स्पर्शबाट उद्भासित भएको नवयुवतीको सौन्दर्य र प्रसन्नताको कारण अब अनुमान र कल्पना नरहेर यथार्थ हो भन्ने कुरा निर्व्याज भावले छोरीहरूले नै पुष्टि गरिदिए । त्रिपुराले छोरीहरू ती युवकको फोन-इमेल सम्पर्कमा रहेको जानकारी पनि लिइन् । त्यसैले त्रिपुरालाई अग्रसर हुन कुनै वाधा थिएन । सोचिन्, कतै अनर्थ र अनुपयुक्त मानिने छैन । दृढता र आत्मविश्वासमा उनी अब्बल थिइन् ।

फागुका दिन होली उत्सव मनाउन दुवै पक्ष आमन्त्रित भए । छोरीहरूलाई त्रिपुराले बोलाइन् । रघुवरले त्रिपुरा र शैलबालाको नाम जोडेर आफ्ना युवक साथीहरूलाई आमन्त्रित गऱ्यो । छोरीहरू घरैमा सुसज्जित भए । युवकहरू

तोकिएको समयमा त्रिपुराको घरमा पुगे । सबै कुरा व्यवस्थित थियो पालको मण्डलामा ।

टेबिलमा दीयो र कलश थिए । तिनैको परिक्रमामा सप्तपदी पूरा भो । पण्डितजी विधि-पाठ गर्दै रहे । दर्शकहरू साक्षी बनेर ताली बजाउँदै रहे । फोटा, भिडियो क्यामेरा चल्दै गए । स्वयंवर सम्पन्न भयो । औंठी, मंगलसूत्र र सिन्दूरले कुमारीहरू अलंकृत भए ।

ज्ञानी, आप्तजन र आफन्तहरूले आशीर्वाद दिए । प्रशस्ति ज्ञापन (बधाई) गरे र दाम्पत्य सुखको कामना गरे । मुख मीठा पारे । प्रीतिभोज चल्यो ।

अब होली/रंगोली शुरु भो । नयाँ जोडीहरू राधा र कृष्णको प्रेमभावले लीलामा साकार भए । भावमय नृत्य र गीतको मादक अभिनय चल्दै रह्यो ।

फेरि कानूनी विवाह पूरा भयो । मठ-मन्दिरहरूको दर्शन र परिक्रमा चल्यो । भेटघाट, परिचय र मंगलकामनाको लक्ष्य राखेर भोजको भव्य आयोजना भयो । पार्टी प्यालेसको स्थानीय एकाइले भोजमा स्वादको कमी हुन दिएन । युवा पुस्ताको सहभागिता रहेको यो भोज युवतीहरूको श्रोणी-नृत्य-गीतको रमाइलोसँगै टुंगियो । स्थानीय र राष्ट्रिय तहका संचार माध्यममा यो विवाह सप्ताहभरि छाइरह्यो । नव-विवाहित जोडीहरू ११ दिनसम्म त्रिपुराको नयाँ घरमा बसेर विदा भए ।

स्थानीय जन अर्थात् मधुपुराको समाजले यस कार्यको श्रेय त्रिपुरालाई दियो, पुरुषोत्तम सिंहको आँगनलाई ।

त्रिपुराको हिम्मत र उदारता देखेर शैलबाला चकित भई । जुन स्थिति र परिवेश निम्त्याएर त्रिपुराले पूर्णता दिइन् र विधि पूरा गराएर उनले विदा गरिन् त्यो अनुपम थियो । त्यसैले पनि ऊ प्रफुल्ल थिई ।

'रघुको बाँकी रह्यो नि आमा !' शैलबालाले संकेत बोली ।

'हाम्रो एउटा नैतिक कानून छ- पहिले बहिनीको अनि दाजुको अथवा पहिले दिदीको अनि भाइको । यो रीत पनि हो ।'

बिहानको चियापानमा शैलबाला किंचित् गम्भीर देखिई । लाग्थ्यो, कुनै नौलो योजनाको चिन्तनमा ऊ डुबेकी हो - शार्दूलभावले ।

❑❑

Shardooli

2020

सुव्यवस्थित र शान्त रूपमा चलिरहेको सामाजिक जीवनमा देशीविदेशी तत्वले उत्पन्न गरेको अशान्ति, त्रास र आतङ्कलाई देखाउँदै तिनको अभीष्ट, संलग्नता र रणनीतिलाई उपन्यासकारले निर्धक्क रूपमा नङ्ग्याएका छन् । राष्ट्रप्रतिको माया उपन्यासभरि छताछुल्ल छ । तराई संस्कृतिको महिमागाथा उपन्यासकारले मुक्त कण्ठले गाएका छन् । कतै कतै रूमानी प्रेमले शिर उचाल्न खोजे पनि विचारले ठाउँ ओगटिहाल्छ । आफ्नो देशमाथि घात गर्ने नेपाली र नेपालमाथि गिद्धे दृष्टि लगाउने विदेशीप्रति आक्रोश पनि उत्तिकै छ उपन्यासमा ।

- डा. दुर्गाबहादुर घर्ती

...दोहोरो सल्लाह र स्वीकृतिको कामना रहन्थ्यो । युग र परिवेशले यस्तो प्रांगण निर्माण गरेको थियो - न भालेपन कुर्लन सक्थ्यो, न त पोथीपनले खुम्चनु पर्थ्यो । परस्पर समझदारीमा सबै कुरा सरल र सम्भव हुन सक्छन् किन्तु धेरै सीमा नाघ्नु, बिर्सनु र व्यक्तित्व दाउमा राख्नुपर्ने हुन्छ । फेरि धराप किन ? अनि धरापमा पर्नु किन ? आखिर पानी, पहिरो, आकाश र बालुवामाथिको यात्रा त होइन जहाँ पदचिन्हहरू मेटिँदै जाऊन् ! तर परस्पर प्रेम, आदर र मर्यादाको सीमालाई ननाघ्ने सोच राखेर यी दुई पात्र शान्ति, सद्भाव र विश्वासले बाँचेका थिए सर्वदा निर्भय रहेर, परस्पर दायित्वबोध र आचारसंहिता ओढेर ।

- शार्दूली

ISBN 978-9937-1-1851-4